# डिभिजन वन कार्यालय काभ्रेपलाञ्चोकको
# आवधिक योजना सहितको रणनीतिक योजना २०८२
# (आ.व. २०८२/०८३ देखि २०८६/०८७ सम्म)

**<u>पेश गरिएको निकाय</u>**

वन तथा वातावरण मन्त्रालय

हेटौंडा, मकवानपुर

**<u>तयार गर्ने</u>**

डिभिजन वन कार्यालय, काभ्रेपलाञ्चोक

धुलिखेल

२०८२

# आवधिक योजना सहितको रणनीतिक योजना स्वीकृती

योजना तयार गर्नेको नामः श्री डिभिजन वन कार्यालय

**योजना तयार गर्नेको ठेगानाः** धुलिखेल, काभ्रेपलाञ्चोक

**फोन नं.:** *०११-४९०१७५/४९०५८६*

**ईमेलः** *dfokavre1@gmail.com*

**योजना तयारी गर्नेः** श्री डिभिजन वन कार्यालय, धुलिखेल, काभ्रेपलाञ्चोकसँग भएको सम्झौताले श्री ग्रीन पिस सर्भिसेज प्रा लि, का.म.न.पा.-०९,सिनामंगल, काठमाण्डौं ।

**योजना कार्यान्वयन हुने कार्यक्षेत्रः** काभ्रेपलाञ्चोक जिल्ला अन्तर्गत पर्ने १३ वटा स्थानिय तह ।

**<u>प्रतिवेदन तयार गर्नेको तर्फबाटः</u>**

नामः सुशन शर्मा भट्टराई

पदः प्रोपाइटर

दस्तखतः

मितिः

श्री ग्रीन पिस सर्भिसेज प्रा.लि.,

का.म.न.पा. ०९, सिनामंगल, काठमाण्डौं

**<u>चेक गरी डि.व.का. मा सिफारिस गर्नेः</u>**

नामः चिमकाजी श्रेष्ठ

पदः वन अधिकृत

दस्तखतः

मितिः

डिभिजन वन कार्यालय, धुलिखेल, काभ्रेपलाञ्चोक

**<u>डिभिजन वन कार्यालयको तर्फबाट स्वीकृतिका लागि सिफारिस गर्नेः</u>**

नामः कृष्ण बहादुर थापा

पदः डिभिजनल वन अधिकृत

दस्तखतः

मितिः

डिभिजन वन कार्यालय काभ्रेपलाञ्चोक

**<u>व.नि. तर्फबाट स्वीकृतीको लागि सिफारिस गर्नेः</u>**

नामः विद्यानाथ झा

पदः वन निर्देशक

दस्तखतः

मितिः

वन निर्देशनालय, हेटौंडा, मकवानपुर

**<u>स्वीकृत गर्नेः</u>**

नामः डा. केदार बराल

पदः प्रदेश सचिव

दस्तखतः

मितिः

वन तथा वातावरण मन्त्रालय, हेटौंडा, मकवानपुर, नेपाल

## संक्षिप्त शव्दावली

| | |
|---|---|
| आ.व. | आर्थिक वर्ष |
| सा.व.उ.स. | सामुदायिक वन उपभोक्ता समुह |
| क.व. | कवुलियती वन |
| क.व.उ.स. | कवुलियती वन उपभोक्ता समुह |
| कि.मी. | किलोमिटर |
| क्यु. फि. | क्युविक फिट |
| गा.पा./न.पा. | गाउँपालीका/नगरपालीका |
| गै.स.स. | गैर सरकारी संस्था |
| गै.का.व.पै. | गैर काष्ठ वन पैदावार |
| घ. मि. | घन मिटर |
| डि.व.अ. | डिभिजनल वन अधिकृत |
| जि.व.स.स. | जिल्ला वन क्षेत्र समन्वय समिति |
| जि.स.स | जिल्ला समन्वय समिति |
| धा.व. | धार्मिक वन |
| वि.सं. | विक्रम सम्वत् |
| मि.मी. | मिली मिटर |
| मू.अ.क. | मूल्य अभिवृद्धि कर |
| मे.टन | मेट्रिक टन |
| रा.व. | राष्ट्रिय वन |
| व.अ. | वन अधिकृत |
| स.डि.व.का. | सव डिभिजन वन कार्यालय |
| सा.व. | सामुदायिक वन |
| सा.व.उ.स. | सामुदायिक वन उपभोक्ता समुह |

# विषय सूची

संक्षिप्त शव्दावली ........ iii
विषय सूची ........ iv
भाग १ ........ 1
परिचय ........ 1
१.१. जिल्लाको सामान्य ऐतिहासिक पृष्ठभूमि तथा राजनैतिक विभाजन ........ 1
१.२ डिभिजन वन कार्यालयको ऐतिहासिक पृष्ठभूमि ........ 1
१.३ अन्य प्रयोजनका लागि वन क्षेत्रको जग्गा दर्ता विवरण ........ 2
१.४ मौजुदा वन संगठन ........ 3
१.४.१ वन कार्यालयको सांगठनिक स्वरुप ........ 3
१.४.२ कार्यरत कर्मचारीहरुको विवरण ........ 4
भाग २ ........ 5
विगतका वन व्यवस्थापन योजना कार्यान्वयनको समिक्षा ........ 5
२.१ बिगत कार्य योजना अबधिमा संचालित कार्यक्रमको प्रगति समिक्षा ........ 5
२.२ बिगत कार्य योजना अबधिमा सम्पन्न भएका अन्य कार्यहरु ........ 6
२.२.१ रोजगारी र लाभान्वीत जनसंख्या ........ 6
२.२.२ वन पैदावार उत्पादन तथा बिक्री बितरण ........ 7
२.२.३ सामुदायिक वन र कबुलियति वन विकास ........ 7
२.२.४ वन मुद्धा ........ 8
२.३ वन व्यवस्थापनका समस्या, चुनौती, अवसर र हालसम्मका सिकाइ ........ 10
भाग ३ ........ 11
वन पैदावारको माग र आपूर्तिको अवस्था ........ 11
३.१ काठ, दाउराको मागको अवस्था ........ 11
३.२ आपूर्तिको अवस्था ........ 11
३.३ जडिबुटी ........ 12
३.३.१ अन्य वन पैदावारहरु ........ 12
भाग ४ ........ 13
दूरदृष्टि लक्ष्य तथा उद्देश्य र प्रक्षेपण ........ 13
४.१ अवधि ........ 13
४.२ लक्ष्य ........ 13
क. उद्देश्यहरु ........ 13
४.३ रणनीतिक योजनाका मार्गदर्शक सिद्धान्तहरु ........ 14
भाग ५ ........ 15
वन व्यवस्थापनका रणनीतिहरु ........ 15
५.१ उद्देश्य पूरा गर्ने कार्यनीति तथा रणनीतिहरु ........ 16
५.२ रणनीति तथा कार्यनीतिहरु ........ 17
भाग ६ ........ 24

वनको सिमांकन......24
६.१ वनको प्रकार (फरेष्ट टाईप)......24
६.१.१ भू-उपयोगिता तथा भू-बनोटको आधारमा वनको प्रकार......24
६.१.२ प्रजाती बाहुल्यताको आधारमा वनको किसिम......25
क. साल वन......26
ख. साल/ सल्ला मिश्रित वन......26
ग. सल्ला वन......26
घ. कटुस/चिलाउने वन......26
ङ. उच्च पहाडी मिश्रित वन......26
६.१.३ भौगोलिक बनौट र जिल्लाको अवस्थिति......27
६.१.४ स्वामित्वको आधारमा......27
६.२ जियोलोजी (खनिज, चट्टान र माटो) तथा भू-बनोट......32
६.२.१ जियोलोजी......32
६.२.२ माटो......32
६.३ जलवायु तथा वर्षा......33
क. जलवायु......33
६.४ भू-उपयोग......35
६.५ जल सम्पदा......35
क. नदी तथा खोलाहरु......35
ख. ताल तथा झरनाहरु......35
ग. सिमसार......36
भाग ७......37
वन संरक्षण तथा सुरक्षा सम्बन्धी व्यवस्था......37
७.१ अतिक्रमण तथा चोरी निकासी नियन्त्रण......37
७.२ वन डढेलो नियन्त्रण तथा व्यवस्थापन......38
७.३ चरिचरण नियन्त्रण......39
७.४ मिचाहा प्रजातीको व्यवस्थापन......40
७.५ चोरीशिकार तथा अवैध व्यापार नियन्त्रण......40
७.६ रोग तथा किराबाट नियन्त्रण......40
७.७ अन्य वन सुरक्षा सम्बन्धि व्यवस्था, चुनौती, अवसर र हालसम्मका सिकाईहरु......40
भाग ८......41
जैविक विविधता संरक्षण कार्यक्रम......41
८.१ वन्यजन्तु तथा वनस्पतिको प्रजातिय विविधता तथा वासस्थानको विश्लेषण......41
८.२ वंशाणुगत श्रोतको संरक्षण......41
८.३ वन्यजन्तुको आवतजावत तथा जैविक मार्ग व्यवस्थापन......41
८.४ लोपोन्मुख तथा दुर्लभ वन्यजन्तु र वनस्पति प्रजातीको संरक्षण र व्यवस्थापन......42
८.५ मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण तथा वन्यजन्तु उद्दार कार्यक्रम......42

८.६ वन क्षेत्र भित्र भएका ऐतिहासिक, धार्मिक, पुरातात्विक तथा पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण सम्पदाको संरक्षण........................42
भाग ९ ......................................................................................................................................................43
जलश्रोत तथा जलाधार संरक्षण.............................................................................................................43
९.१ पानीका श्रोत तथा पानीका मुहान संरक्षण तथा व्यवस्थापन..............................................................43
९.२ पानीको संरक्षण तथा संरक्षण पोखरी निर्माण..................................................................................43
९.३ भू तथा जलाधार र खोला किनार संरक्षण तथा नियन्त्रण...................................................................43
९.४ सिमसार संरक्षण तथा व्यवस्थापन...................................................................................................43
९.५ जल सम्पदा......................................................................................................................................44
९.५.१ नदी.................................................................................................................................................44
९.५.२ जलाधारीय अवस्था........................................................................................................................44
भाग १० ....................................................................................................................................................45
वातावरण संरक्षण तथा जलवायु परिवर्तन नियन्त्रण...............................................................................45
१०.१ वातावरणीय सेवा मूल प्रवाहिकरण...............................................................................................45
१०.२ वनको क्षयीकरण र प्रदुषण नियन्त्रण............................................................................................45
१०.३ जलवायु परिवर्तन नयुनीकरण र कार्वन संचिति..............................................................................46
१०.४ रेड प्लस..........................................................................................................................................46
१०.५ जलवायुजन्य जोखिम न्यूनीकरण तथा अनुकूलनका उपायहरु.........................................................47
भाग ११ ....................................................................................................................................................48
वन व्यवस्थापन पद्धती...........................................................................................................................48
११.१ सरकारद्वारा व्यवस्थित वन व्यवस्थापन कार्यक्रम.........................................................................48
११.२ सामुदायिक वन विकास कार्यक्रम...................................................................................................49
११.३ दिगो वन व्यवस्थापन तथा अन्य पद्धतीहरु...................................................................................52
११.४ गरीबिको रेखामुनीका जनताका लागि कबुलियती वन कार्यक्रम....................................................53
११.५ वन संरक्षण क्षेत्र विकास कार्यक्रम.................................................................................................53
भाग १२ ....................................................................................................................................................54
व्यावसायिक कवुलियती वन र पर्यापर्यटन.............................................................................................54
१२.१ महत्वपुर्ण क्षेत्रहरु र व्यवस्थापन.....................................................................................................54
भाग १३ ....................................................................................................................................................56
सार्वजनिक जग्गाको वन, सहरी वन तथा निजी वन...................................................................................56
१३.१ कार्यनीतिहरु...................................................................................................................................56
१३.२ शहरी वन तथा निजी वन विकास कार्यक्रम...................................................................................57
१३.३ धार्मिक वन विकास कार्यक्रम.........................................................................................................57
भाग १४ ....................................................................................................................................................58
सव डिभिजन वन कार्यालय अनुसार वनको क्षेत्रफल र वन व्यवस्थापन पद्धती........................................58
१४.१ सव डिभिजन वन कार्यालय अनुसार वनको क्षेत्रफल.......................................................................58
१४.२ वनको व्यवस्थापन पद्धती...............................................................................................................59
भाग १५ ....................................................................................................................................................60

वन श्रोत सर्भेक्षण, विश्लेषण र वन सम्बर्द्धन प्रणाली अनुसार व्यवस्थापन....60
१५.१ वन श्रोत सर्भेक्षणको तरिका र नक्शांकन र वन श्रोत सर्वेक्षणको तादाम्यता....60
१५.२ वनको संचिति र उत्पादकत्व मापन (Growing Stock and Yield Calculation)....60
१५.३ पुनरुत्पादनको अवस्था....60
क. सामुदायिक वनको ग्रोइङ्ग स्टक....61
ख. सरकारद्वारा व्यवस्थित वनको संचिती आयतन तथा वार्षिक वृद्धी....62
१५.४ वन व्यवस्थापन पद्धती अनुसार वार्षिक प्राप्ति....62
१५.५ वन वाली कटान तथा पुनरुत्पादन तरिका....63
१५.६ कार्वन मौज्दातको विश्लेषण....63
भाग १६....64
वन सम्बर्द्धन प्रणाली....64
१६.१ प्राकृतिक पुनरुत्पादन....64
१६.१.२ पुनरुत्पादन कार्यक्रम....64
१६.१.२.१ स्थायी तथा अस्थायी नर्सरी निर्माण कार्यक्रम....64
१६.१.२.२ डिभिजन स्तरीय नर्सरी....64
१६.१.२.३. सामुदायिक नर्सरी....65
१६.१.२.४ निजी नर्सरी....65
१६.१.२.५ वहुवर्षीय बिरुवा उत्पादन कार्यक्रम....65
१६.२ बिरुवा उत्पादन र वृक्षारोपण योजना....65
१६.३ वन सम्बर्द्धन प्रणाली छनोट गर्ने विधि....65
१६.४ वन सम्बर्द्धन क्रियाकलाप संचालन हुने क्षेत्र....66
१६.५ वन सम्बर्द्धन प्रणालीको सिफारिस....66
१६.६ वन सम्बर्द्धन प्रणाली अनुसार वन वाली उत्पादन तथा पुनरुत्पादन चक्र....66
क. Shelterwood System....67
ख. Selection System....67
१६.७ वन सम्बर्द्धन तालिका....67
भाग १७....69
जडिबुटी तथा अन्य वन पैदावार संरक्षण तथा व्यवस्थापन....69
१७.१ जडिवुटी तथा अन्य वन पैदावार संरक्षण....69
१७.२ गैह्र काष्ठ वन पैदावार खेती विकास तथा विस्तार कार्यक्रम....69
१७.३ वन उद्यम विकास कार्यक्रम....69
१७.४ विशेष आयमूलक कार्यक्रम....70
भाग १८....71
वृक्षारोपण गर्ने क्षेत्रको पहिचान तथा वृक्षारोपण योजना....71
१८.१ सरकारद्वारा व्यवस्थित वनमा वृक्षारोपण....71
१८.२ समुहगत र निजी वृक्षारोपण....71
१८.२.१ सामुदायिक वृक्षारोपण....71

१८.२.२ संस्थागत वृक्षारोपण ........ 71
१८.२.३ निजी वृक्षारोपण ........ 72
१८.२.४ क्षतिपुर्ति वृक्षारोपण ........ 72
१८.३ वृक्षारोपण गर्न सकिने क्षेत्रको विवरण र वृक्षारोपणको वार्षिक कार्यक्रम ........ 72
१८.४ वृक्षारोपण गोडमेल, सरसफाई, थिनिगं, प्रुनिगं कार्यक्रम ........ 72
१८.५ नदी उकास तथा वन अतिक्रमण पुन: स्थापनाको लागि वृक्षारोपण ........ 72
भाग १९ ........ 73
वन अनुसन्धान तथा बीउ बगैंचा सम्बन्धि व्यवस्था ........ 73
१९.१ वन अनुसन्धान ........ 73
१९.२ वीउ बगैंचा सम्बन्धि व्यवस्था ........ 73
भाग २० ........ 74
सामाजिक सांस्कृतिक तथा आर्थिक विश्लेषण ........ 74
२०.१ सामाजिक वातावरण(जनसंख्या, लिङ्ग र जातजाती) ........ 801
२०.२ पेशा तथा रोजगारी ........ 801
भाग २१ ........ 80
वन पैदावार उत्पादन तथा आपुर्ती ........ 80
२१.१ वन पैदावारको संकलन बिक्री वितरण ........ 80
२१.१.१ जिल्लाको वन पैदावारको माग आपूर्ति ........ 80
२१.१.२ आपूर्तिको अवस्था ........ 80
२१.१.३ सामुदायिक वनबाट उत्पादन हुने काठ, दाउरा ........ 81
२१.१.४ निजी आवादी क्षेत्रबाट बार्षिक रुपमा संकलन गर्न सकिने काठ दाउराको विवरण ........ 81
२१.२ वन पैदावारमा आधारित उद्योगलाई बिक्री बितरण ........ 81
२१.३ जडिवुटी तथा गैह्रकाष्ठ वन पैदावारको उत्पादन तथा विक्री वितरण ........ 81
२१.४ जडिबुटी तथा अन्य वन पैदावार बिक्री बितरण ........ 82
२१.५ अन्य वन पैदावार ........ 82
२१.६ वन पैदावार संकलन ओसार-पसार तथा ग्रेडिङ्ग तरीका ........ 83
२१.७ मुख्य प्रजातिहरुको दर ........ 83
२१.८ वन पैदावारको बिक्री वितरण गर्ने तरिका ........ 83
२१.९ ढुङ्गा, गिट्टी, बालुवा संकलन ........ 83
२१.१० खनिज/उत्खनन् उद्योगहरुको विवरण ........ 83
भाग २२ ........ 86
वन व्यवस्थापन सुचना प्रणाली ........ 86
२२.१ समुह र डिभिजन स्तरका सुचकहरु ........ 86
भाग २३ ........ 89
वन संरक्षण तथा व्यवस्थापनमा आधुनिक प्रविधिको प्रयोग ........ 89
२३.१ परिचय ........ 89
२३.२ आधुनिक प्रविधिको प्रयोग ........ 89

भाग २४ .....90
वन संरक्षण तथा व्यवस्थापन सम्वन्धि अन्य व्यवस्था.....90
२४.१ सहकार्य र सम्वन्य.....90
२४.२ वन तथा भू-संरक्षण विभागले खेल्नु पर्ने भूमिका.....92
२४.३ प्रदेश वन मन्त्रालय र वन निर्देशनालयले खेल्नु पर्ने भूमिका.....92
२४.४ वन तथा वातावरण मन्त्रालयले खेल्नु पर्ने भूमिका.....92
भाग २५ .....93
योजना कार्यान्वयन गर्न आवस्यक श्रोत तथा जनशक्ती.....93
२५.१ जनशक्ति व्यवस्थापन.....93
२५.२ कार्यक्रम तथा वजेट व्यवस्थापन.....93
२५.३ आय व्ययको अनुपात तथा वित्तिय विलेश्षण.....103
२५.४ लगफ्रेम (Log Frame).....103
२५.५ आवधिक योजना संशोधन.....105
भाग २६ .....106
अनुगमन, मुल्यांकन तथा प्रतिवेदन.....106
२६.१ कार्ययोजना संशोधन.....106
२६.२ कार्ययोजना अनुगमन तथा मुल्यांकन.....106
२६.३ समन्वय योजना.....107
२६.४ प्रतिवेदन जाहेरी.....108
सन्दर्भ सामग्रीहरु (References).....109
अनुसूचीहरु.....108
अनुसूची १ : जिल्लाको समग्र वस्तुस्थिति चित्रण.....1107
अनुसूची २ : काभ्रेपलाञ्चोक जिल्लाको वन क्षेत्र व्यवस्थापन सम्बन्धी विवरण.....111
अनुसूची ३ : काभ्रेपलाञ्चोक जिल्लाका प्रमुख वन्यजन्तु प्रजातिहरु.....112
अनुसूची ४ : काभ्रेपलाञ्चोक जिल्लाका उप जलाधार क्षेत्रहरु.....116
अनुसूची ५ : वन क्षेत्रको जग्गा अन्य प्रयोजनका लागि उपलब्ध गराईएको विवरण.....117
अनुसूची ६ : वन स्रोत मापन विधि र तथ्याङ्क विश्लेषण.....118
अनुसूची ७ : स्थापना कालदेखी हालसम्म डि.व.का. काभ्रेपलाञ्चोकमा कार्यरत डि.व.अ.हरुको नामावली.....121
अनुसूची ८ : वार्षिक संकलन गर्न सकिने गैह्रकाष्ठ वन पैदावारको परिमाण .....121
अनुसूची ९ : खोटो संकलन गरिने सामुदायिक वनहरुको विवरण .....121
अनुसूची १० : जिल्लाको पालिका अनुसारको सार्वजनिक जग्गाको विवरण .....121
अनुसूची ११ : सःमिल, भेनिय तथा फर्निचर उद्योगहरुको विवरण .....121
अनुसूची १२ : वन अतिक्रमण हटाउने योजना .....121
अनुसूची १३ : आगामी ५ वर्षको लागि काठ, दाउरा उत्पादन तथा सदुपयोग योजना .....121
अनुसूची १४ नक्साहरु.....128
नक्सा १ : स्थानीय तह अनुसार काभ्रेपलाञ्चोक जिल्लाको नक्सा.....133
नक्सा २ : काभ्रेपलाञ्चोक जिल्लाको भू-उपयोग नक्सा.....134

नक्सा ३ : काभ्रेपलाञ्चोक जिल्लाको स्थानीय तह तथा सव डिभिजन वन कार्यालयहरु देखाईको नक्सा........................................135
नक्सा ४ : काभ्रेपलाञ्चोक जिल्लाको वनको किसिम झल्कने नक्सा........................................136
नक्सा ५ : काभ्रेपलाञ्चोक जिल्लाको सम्भावित वन पैदावार चोरी निकासी हुने क्षेत्रको नक्सा........................................137
नक्सा ७ : NDVI बाट Vegetation छुट्टिने नक्सा........................................141
नक्सा ८ : स्थानीय तह अनुसार वन क्षेत्रको विवरण देखाइएको नक्साहरु........................................141
नक्सा ९ : काभ्रेपलाञ्चोक जिल्लाको नदी प्रणालीको नक्सा........................................148
नक्सा १० : काभ्रेपलाञ्चोक जिल्लाको सम्भावित वन डढेलो नक्सा........................................149
नक्सा ११ : काभ्रेपलाञ्चोक जिल्लाको भौगोलिक नक्सा........................................150
नक्सा १२ : गैरकाष्ठ वन पैदावारहरुको उपलब्धता देखाइएको नक्सा........................................152
नक्सा १३ : सव डिभिजन वन कार्यालय अनुसारको नक्सा........................................153
नक्सा १४: खोटो संकलन कार्य भई रहेको सामुदायिक वनको अवस्थिति देखाएको नक्सा........................................154

# भाग १

## परिचय

### १.१. जिल्लाको सामान्य ऐतिहासिक पृष्ठभूमि तथा राजनैतिक विभाजन

देशको राजधानी काठमाडौंबाट काभ्रेपलान्चोक जिल्ला प्रवेशद्धार साँगा २१ किलोमिटर पूर्वमा पर्दछ भने सदरमुकाम धुलिखेल ३० किलोमिटरको दुरीमा छ । यो जिल्ला ८५°२४' देखि ८५°४९' पूर्वी देशान्तर र २७°२१' देखि २७°८५' उत्तरी अक्षांशका बिच १४०४ वर्ग कि.मि. क्षेत्रमा फैलिएको छ। यस जिल्लाको पूर्वमा रामेछाप जिल्ला र दोलखा जिल्ला, पश्चिममा काठमाण्डौं, ललितपुर जिल्ला र भक्तपुर जिल्ला, उत्तरमा सिन्धुपाल्चोक जिल्ला, दक्षिणमा सिन्धुली जिल्ला र मकवानपुर जिल्ला पर्दछन् । पूर्वमा सुनकोशी, पश्चिममा नगरकोट डाडा एंव साँगा भन्ज्याङ्ग, उत्तर इन्द्रावती एवं सुनकोशी नदी र दक्षिण कोखाजोर र एवं खानी खोलाले वेष्टित यो जिल्ला भौगोलिक विषमता र प्राकृतिक सम्पदायुक्त जिल्ला मानिन्छ। समुद्र सतह देखि ३१८ मिटर (कोखाजोर खोला) देखि ३०१८ मीटर (बेथान्चोक नारायण डाँडा) सम्मको उचाइ रहेको यस जिल्लाको अधिकांश भाग पहाडी भू-धरातलले भरिएको छ । प्राकृतिक सुन्दरताले भरिपूर्ण काभ्रेपलाञ्चोक जिल्ला बागमती प्रदेशका १३ वटा जिल्लाहरु मध्ये एक मनोरम पहाडी जिल्ला हो । वि.सं २०१८ साल बैशाखमा नेपाल राज्यको १४ अंचल र ७५ जिल्लामा प्रशासनिक विभाजन गर्नु पुर्व, पूर्व १ नं क्षेत्रका २८ मौजा मध्ये काभ्रे र पलाञ्चोक नामका दुई ठुला मौजा भित्र यस जिल्लामा पर्दथ्यो र २८ वटा मौजाहरुको सदरमुकाम सिञ्धुपाल्चोकको चौतारामा थियो । कम्तिमा १ देखि बढिमा ५४ वटा गाउँहरु मिलाएर त्यस्ता मौजाहरु बनाईन्थयो । तिनै मौजामा रहेका विभिन्न गाउँ क्षेत्रलाई मिसाई काभ्रेपलाञ्चोक जिल्लाको स्थापना गरिएको थियो । पलाञ्चोक भगवतीको नामवाट पलाञ्चोक र काभ्रे गाँउको नामबाट काभ्रेपलाञ्चोक मौजा रहन गएको थियो । जो साविक क्रमशः साठीघर भगवती र काभ्रे नित्य चण्डेश्वरी गा.बि.स.मा पर्दछन् । यस जिल्लाको जिल्लाको सदरमुकाम धुलिखेल नगरपालिकाको धुलिखेल हो। देशको प्रशासनिक विभाजन अनुसार शुरूमा यस जिल्लालाई ९९ गा.वि.स. मा विभाजन गरिएको थियो भने वि.सं. २०३७ मार्ग १७ गते ६८ गा.वि.स. कायम गरिएको थियो । पुनः वि.सं. २०३८ मा यस जिल्लामा ९७ गाविसहरू र १ नगरपालिका कायम गरिएको थियो । पछिल्लो समय वि.सं. २०७३ फाल्गुण २७ सम्म यस जिल्लामा ५ नगरपालिकाहरू र ७५ गा.वि.स. रहेका थिए । तत् पश्चात् नयाँ संरचना अनुसार वि.सं. २०७३ फाल्गुण २७ गते नेपाल सरकारले राजपत्रमा प्रकाशित गरी यस जिल्लालाई ६ वटा नगरपालिका र ७ वटा गाउँपालिका गरी जम्मा १३ वटा स्थानीय तहमा विभाजन गरेको छ ।

### १.२ डिभिजन वन कार्यालयको ऐतिहासिक पृष्ठभूमि

संघिय गणतन्त्र नेपालको बागमती प्रदेश अन्तर्गत मध्य पहाडी क्षेत्रमा पर्ने काभ्रेपलाञ्चोक जिल्ला वन श्रोत र जैविक विविधताको दृष्टिकोणवाट धनी नै जिल्ला मानिन्छ। काभ्रेपलाञ्चोक जिल्लामा कुल भूभागको लगभग ५४ प्रतिशत क्षेत्रफल वनले ढाकेको छ। काभ्रेपलाञ्चोक जिल्लामा वन संरक्षण र व्यवस्थापनको इतिहासलाई हेर्ने हो भने विक्रम सम्वत् २०१७ साल देखि २०४० सालसम्म काभ्रे जिल्लाको वनहरुको संरक्षण तथा रेखदेखका कार्यहरु चौतारा (सिन्धु-काभ्रे) वन डिभिजन, सिन्धुपाल्चोक मार्फत गरिन्थ्यो । वि.सं. २०४० सालमा जिल्ला वन कार्यालय काभ्रेपलाञ्चोकको स्थापना भए पश्चात वनको संरक्षण, सम्बर्द्धन तथा विकास र व्यवस्थापनका कार्यहरुले नयाँ गति लिन सुरु गरेका हुन्।

साविकमा चौतारा (सिन्धु-काभ्रे) वन डिभिजन कायम रहेकै बेला देखि वा आ.व. २०३६/०३७ साल देखि नै नेपाल अष्ट्रेलियन वन परियोजना मार्फत यस जिल्लामा बृक्षारोपणको कार्य सुरु भएको देखिन्छ, भने नेपाल सरकारले वन ऐन

२०४९ र वन ऐन २०५१ लागु गरि सामुदायिक वन कार्यक्रम लागु गर्नु भन्दा अगाडी वा २०३५ साल देखि नै यस जिल्लामा वनको संरक्षण, सम्बर्धन र विकासमा स्थानिय जनताहरुलाई सहभागी गराउंदै आएको पाइन्छ । आ.ब. २०४४/०४५ मा टुकुचा-१ मा पर्ने सानो वन पाण्डेगाउँ भन्ने राष्ट्रिय वनलाई सामुदायिक वनको रुपमा स्थानिय समुदायलाई सुम्पने कामको थालनी भएपछि यस जिल्लामा वन संरक्षणमा समुदायलाई संलग्न गराउने कार्यको सुरुआत भएको हो ।

देश संघिय गणतन्त्रमा रुपान्तरण हुनु अघि वनको संरक्षण व्यवस्थापन कार्य नेपाल सरकार मातहत जिल्ला वन कार्यलयबाट हुन्थ्यो भने हाल आएर राज्यको पुनर्सरचना पश्चात राष्ट्रिय वनको व्यवस्थापन जिम्मेवारी हाल प्रदेश सरकारमा रहेको हुँदा वन संगठनको पनि सोही अनुसार पुन संरचना भई हाल प्रदेश सरकार मातहतमा डिभिजन वन कार्यलयले जिल्लाको वन संरक्षण, सम्बर्धन र विकास सहित समग्र वन व्यवस्थापनको जिम्मेवारी पाएको छ ।

यो जिल्ला नेपाल कै सामुदायिक वनको उद्गगम स्थलको रुपमा स्थापित रहेको छ । वि.स. २०३०/०३१ मा यस जिल्लाका उच्च पहाडी क्षेत्र बाहेक अधिकांश भू–भागहरु नाङगो भई सकेका र त्यस्तो अवस्थामा अष्ट्रेलियन सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा सन्चालन भएको नेपाल–अष्ट्रेलिया वन विकास परियोजनाले झण्डै ३५ वर्षसम्मको आफ्नो कार्य अवधिमा यस जिल्लाको अति दुर्गम क्षेत्रमा समेत नर्सरी स्थापना गराई विरुवा उत्पादन गरी वृक्षारोपण कार्य सुरु गरेको थियो । वि.सं. २०३२/०३३ स्थानीय जनसहभागितमा धुलिखेलको पात्लेपानी वन नर्सरीबाट विरुवा उत्पादन गरी वृक्षारोपण कार्य गरी वन विकासमा जनसहभागिताको विजारोपण भएको थियो । वन विकास गूरुयोजना २०४६ बमोजिम स्थानिय जनतालाई वनमा सहज पहुच पुऱ्याउन वन ऐन २०४९ मार्फत सामुदायिक वनलाई संस्थागत गर्ने कानूनी बाटो खुल्ला भएदेखी नै स्थानिय उपभोक्ताहरुलाई पायक पर्ने, ब्यवस्थापन गर्न सक्ने र परापुर्वकालदेखि प्रयोग गर्दै आएको प्राकृतिक वन तथा वृक्षारोपण वन क्षेत्रहरुको ब्यवस्थापन गर्न उपभोक्ता समूह गठन गरी सामुदायिक वनको रुपमा दर्ता गरी हस्तान्तरण गर्ने भन्ने सरकारको नीति अनुरुप सामुदायिक वन हस्तान्तरणको विधिवत् सुरु भएको हो । हाल यस जिल्लामा सामुदायिक वन ५८३ वटा, कवुलियती वन ४६० वटा र धार्मिक वन १ वटा दर्ता भई क्रमश ३१,११४.५३ हेक्टर, २,५४९.५१ हेक्टर र १.६७ हेक्टर वन समुदायद्धारा ब्यबस्थापन भई रहेको छ ।

### १.३ अन्य प्रयोजनका लागि वन क्षेत्रको जग्गा दर्ता विवरण

यस जिल्लामा विभिन्न प्रयोजनका लागि वन क्षेत्रका जग्गाहरु नेपाल सरकारको निर्णयअनुसार उपलब्ध गराईएको छ । हालसम्म वन क्षेत्रको जग्गा अन्य प्रयोजनको लागि जिल्लाको विभिन्न २५ स्थानमा गरी १७७४.२८ हेक्टर जग्गा उपलब्ध गराईएको छ । वन क्षेत्रको जग्गा अन्य प्रयोजनका लागि उपलब्ध गराईएको विवरण अनुसुची ५ मा दिइएको छ ।

## १.४ मौजुदा वन संगठन

### १.४.१ वन कार्यालयको सांगठनिक स्वरुप

डिभिजन वन कार्यालय काभ्रेपलाञ्चोक अन्तर्गत जिल्लामा योजना तथा अनुगमन शाखा, वन व्यवस्थापन तथा जैविक विविधता संरक्षण शाखा, वन उद्यम तथा सदुपयोग शाखा, कर्मचारी प्रशासन शाखा र आर्थिक प्रशासन शाखा गरी ५ वटा शाखाहरु र ७ वटा सव डिभिजन वन कार्यालयहरु रहेका छन् । देशको पुर्नसंरचना संगै डिभिजन वन कार्यालयको संगठन पनि पुर्नसंरचना भएकोले यस जिल्लामा हाल १ वटा डिभिजन वन कार्यालय र ७ वटा सब डिभिजन वन कार्यालयहरु रहेकोले सो कार्य क्षेत्र देखिने नक्शा **अनुसूची १४** मा राखिएको छ । हाल यस जिल्लाको सांगठनिक संरचना निम्न बमोजिम रहेको छ ।




चित्र नं. १ : डिभिजन वन कार्यालय काभ्रेपलाञ्चोकको मौजुदा सांगठनिक संरचना

### १.४.२ कार्यरत कर्मचारीहरुको विवरण

यस जिल्ला अन्तर्गत रहेका प्राकृतिक स्रोतको संरक्षण र व्यवस्थापनका लागि स्थापित डिभिजन वन कार्यालयले आफ्नो मातहत विभिन्न सव डिभिजन वन कार्यालयहरुबाट कार्य संचालन गर्ने गरी कार्यालय संगठनको विकास र सोही अनुसार कर्मचारी दरबन्दीको व्यवस्था भएको छ । जिल्लाको सदरमुकाम धुलिखेलमा डिभिजन वन कार्यालय छ भने र ७(सात) सव डिभिजन वन कार्यालयहरु मार्फत फिल्ड स्तर तथा समुदायमा वन संरक्षण, विकास, व्यवस्थापनमा सहयोग हुँदै आएको छ । यस कार्यालयको संगठन अनुसार कर्मचारी दरवन्दी ७०(ससस्त्र वन रक्षकको ११ जना समेत) रहेको छ । जसमध्ये रेञ्जर पदमा १७ जनाको दरबन्दीमा २० जनाको रहेकामा फरेष्टर पदमा ८ जनाको दरबन्दीमा २ जना मात्र पदपुर्ति भएको छ । कार्ययोजना स्वीकृत हुने समयसम्म नयाँ साँगठनिक ढाँचा स्वीकृत भै आएमा सो समेत समावेश गरिने छ । जिल्लामा दरवन्दी र पदपूर्तीको विस्तृत विवरण तालिका नं. १ मा प्रस्तुत गरिएको छ ।

तालिका नं. १ः डि.व.का. काभ्रेपलाञ्चोकमा कार्यरत कर्मचारीहरुको विवरण

| क्र.सं. | पद | तह | सेवा | समूह/ उपसमूह | कायम दरबन्दी | पदपुर्ति | रिक्त संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | डिभिजनल वन अधिकृत | अधिकृतस्तर नवौं/दशौं | वन | ज.फ. | १ | १ | ० | |
| २ | वन अधिकृत | अधिकृतस्तर सातौं/आठौं | वन | ज.फ. | १० | १० | ० | |
| ३ | लेखापाल | सहायक/अधिकृतस्तर पाचौं/छैठौं | प्रशासन | लेखा | १ | १ | ० | |
| ४ | रेञ्जर/अधिकृत | सहायक/अधिकृतस्तर पाचौं/छैठौं | वन | ज.फ. | १७ | २१ | ० | ४ जना बढि देखिएको |
| ५ | सहायक /अधिकृत | सहायक/अधिकृतस्तर पाचौं/छैठौं | प्रशासन | सा.प्र. | २ | २ | ० | |
| ६ | फरेष्ट्र | सहायक चौथो/पाचौं | वन | ज.फ. | ८ | २ | ६ | |
| ७ | वन रक्षक | तह विहिन | वन | ज.फ. | १४ | १४ | ० | |
| ८ | ह.स.चा. | तह विहिन | इन्जिनियरिङ्ग | मेकानिकल | २ | १ | १ | करारमा नियुक्ति |
| ९ | चौकिदार | तह विहिन | प्रशासन | सा.प्र. | १ | १ | ० | करारमा नियुक्ति |
| १० | कार्यालय सहयोगी | तह विहिन | प्रशासन | सा.प्र. | ३ | ३ | ० | करारमा नियुक्ति |
| ११ | ससस्त्र वन रक्षक | विविध | विविध | विविध | ११ | ० | ११ | नेपाल सरकारले पठाए अनुसार |
| | **जम्मा** | | | | **७०** | **५७** | **१७** | |

(श्रोतः विस्तृत सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण २०८०)

# भाग २

## विगतका वन व्यवस्थापन योजना कार्यान्वयनको समिक्षा

यस जिल्लाको विगतको पञ्चवर्षीय वन व्यवस्थापन कार्ययोजना (आ.व. २०७४/०७५ देखि २०७८/०७९ सम्म) समीक्षा गर्ने क्रममा डिभिजन वन कार्यालयको वार्षिक प्रगति विवरण, वार्षिक प्रगति प्रतिवेदन सहितको जिल्लाबाट प्रकाशित पुस्तिका तथा सामुदायिक वन उपभोक्ता समुहहरुले डिभिजन वन कार्यालय काभ्रेपलाञ्चोकमा पेश गरेको समुहहरुको वार्षिक प्रगति प्रतिवेदन, लेखा परीक्षण प्रतिवेदनको अध्ययन तथा वन विकास, व्यवस्थापन सम्बन्धी जिल्लामा उपलब्ध लेख, रचना एवं विभागीय प्रतिवेदनहरु समेतको अध्ययनको आधारमा गरिएको छ ।उक्त अवधिमा सम्पादन गरिएका मुख्य-मुख्य कार्यक्रमहरुको समीक्षा तालिका नं. २ मा प्रस्तुत गरिएको छ ।

### २.१ बिगत कार्य योजना अबधिमा संचालित कार्यक्रमको प्रगति समिक्षा

उक्त अबधिमा सम्पादन भएका मुख्य मुख्य कार्यक्रमहरुको लक्ष तथा उपलब्धिहरु निम्न बमोजिम छ ।

तालिका नं. २ : अघिल्लो वन व्यवस्थापन कार्ययोजना अवधिका बिकास कार्यक्रमको लक्ष्य तथा प्रगति सम्बन्धी विवरण

| क्र.सं. | कार्यक्रमको नाम | २०७४/०७५ | | | २०७५/०७६ | | |
|---|---|---|---|---|---|---|---|
| | | बजेट (लाख) | भौतिक | भारित | बजेट (लाख) | भौतिक | भारित |
| १ | राष्ट्रिय वन संरक्षण तथा व्यवस्थापन कार्यक्रम | २६.९६ | ९५.० | ७९.१८ | १७३.९ | ९१.० | १२.०४ |
| २ | सामुदायिक तथा कबुलियति वन विकास कार्यक्रम | १२०.३ | १००.० | ९३.९४ | ३८.६५ | १००.० | ९७.२ |
| ३ | जडिबुटी वन विकास कार्यक्रम | ३७.६२ | १००.० | ९६.३६ | ५३.४ | १००.० | ९७.२ |
| ४ | वृक्षसुधार, वृक्षारोपण तथा निजी वन (वन दशक कार्यक्रम समेत) | १४.३२ | ९९.० | ९१.४४ | २१.९ | १००.० | ९९.९ |
| ५ | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना | ६१.२ | ९५.० | ८७.३९ | ० | ०.० | ० |
| ६ | राष्ट्रिय पुन निर्माण प्राधिकरण | ५.८१ | १००.० | १००.०० | ० | ०.० | ० |
| ७ | वन, वन्यजन्तु संरक्षण तथा व्यवस्थापन कार्यक्रम | ० | ०.०० | ०.०० | ३२०.१ | ९५.० | ८९.९१ |
| ८ | डिभिजन वन कार्यालयहरु | ० | ०.०० | ०.०० | ० | ०.० | ० |
| ९ | उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय संघ शशर्त अनुदान | ० | ०.०० | ०.०० | ० | ०.० | ० |
| १० | पर्यटन प्रबर्द्धन तथा पूर्वाधार विकास कार्यक्रम | ० | ०.०० | ०.०० | ० | ०.० | ० |
| | **जम्मा** | **२६६.२** | **५८९.०** | **५४८.३१** | **६०७.९७** | **४८६.०** | **३९६.२५** |

| क्र.सं. | कार्यक्रमको नाम | २०७६/०७७ | | | २०७७/०७८ | | | २०७८/०७९ | | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बजेट (लाख) | भौतिक | भारित | बजेट (लाख) | भौतिक | भारित | बजेट (लाख) | वित्तिय % | |
| १ | राष्ट्रिय वन संरक्षण तथा व्यवस्थापन कार्यक्रम | १६४.८७ | ८०.०० | ७०.३० | १६७.१५ | ८१.० | ७६.० | १३३.८ | ७३ | |
| २ | सामुदायिक तथा कबुलियति वन विकास कार्यक्रम | २७.३५ | ९०.०० | ८१.७ | - | - | - | ० | ० | |
| ३ | जडिबुटी वन विकास कार्यक्रम | २५.५० | ८५.०० | ७८.२४ | - | - | - | ३० | ५९ | |
| ४ | वृक्षसुधार, वृक्षारोपण तथा निजी वन (वन दशक कार्यक्रम समेत) | ६९.२५ | ९०.०० | ६२.०२ | ७२.२५ | ७२.० | ६९.० | ८५.८ | ७५ | |

| क्र.सं. | कार्यक्रमको नाम | २०७६/०७७ | | | २०७७/०७८ | | | २०७८/०७९ | | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बजेट (लाख) | भौतिक | भारित | बजेट (लाख) | भौतिक | भारित | बजेट (लाख) | वित्तिय % | |
| ५ | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना | ० | ०.०० | ० | ० | ०.० | ०.० | ० | ० | |
| ६ | राष्ट्रिय पुन निर्माण प्राधिकरण | ० | ०.०० | ० | ० | ०.० | ०.० | ० | ० | |
| ७ | वन, वन्यजन्तु संरक्षण तथा व्यवस्थापन कार्यक्रम | ८.३० | ९०.०० | ७८.९२ | - | - | - | ३० | ४६ | |
| ८ | डिभिजन वन कार्यालयहरु | ४१६.७ | ९९.०० | ९९.४१ | ४०९.४० | ८७.० | ९५.१२ | ७५२.१ | ७२ | |
| ९ | उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय संघ शशर्त अनुदान | २४६.२५ | - | २३.०९ | १०५.७० | ६०.० | ४६.१० | ० | ० | |
| १० | पर्यटन प्रबर्द्धन तथा पूर्वाधार विकास कार्यक्रम | ०.०० | ०.०० | ०.०० | ८१.०० | ८७.० | ८२.० | ० | ० | |
| | **जम्मा** | **९५८.२२** | **५३४.०** | **४९३.७** | **८३५.५०** | **३८७.०** | **३६८.२** | **१०३१.६८** | **३२५** | |

(श्रोतः वार्षिक प्रगती प्रतिवेदनहरु, डि.व.का.,काभ्रेपलाञ्चोक)

## २.२ बिगत कार्य योजना अबधिमा सम्पन्न भएका अन्य कार्यहरु

विगतको कार्य योजना अवधिमा माथि उल्लेखित कार्यक्रमका अतिरिक्त डिभिजन वन कार्यालय काभ्रेपलाञ्चोकले संञ्चालन गरेको कार्यक्रम संकलन भएको राजश्वको विवरण तपशिलमा उल्लेख गरिएको छ ।

तालिका नं. ३ : अघिल्लो वन व्यवस्थापन कार्ययोजना अबधिमा संकलन भएको राजश्व सम्बन्धी विवरण

| क्र.सं. | आ.व. | राजश्व रु. | मू.अ.कर रु. | जम्मा रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | २०८०/०८१ | ३५५३९४४ | १२३८०२०१ | १५९३४१४५ | |
| २ | २०७९/०८० | १४५०५२१ | ६१९३७६३ | ७६४४२८४ | |
| ३ | २०७८/०७९ | २४५४९५४.६ | ३६३१७१४ | ६०८६६६९ | |
| ४ | २०७७/०७८ | १३६५२३८ | ४१६७५१८ | ५५३२७५६ | |
| ५ | २०७६/०७७ | १६१३८२७.५ | ३६८१५३४ | ५२९५३६२ | |
| | **जम्मा** | **१,०४,३८,४८५** | **३,००,५४,७३०** | **४,०४,९३,२१५** | |

(श्रोतः वार्षिक प्रगती प्रतिवेदन २०८०।०८१, डि.व.का.,काभ्रेपलाञ्चोक)

नोटः बिगतमा नेपाल सरकार, मन्त्रीपरिषदको मिति २०७७/०२/१५ को निर्णयबाट रुख कटान, संकलन तथा ओसारपसारमा रोक लगाएको कारण योजना अबधिमा काठ, दाउरा उत्पादनमा कमी आएको देखिन्छ ।

### २.२.१ रोजगारी र लाभान्वित जनसंख्या

- सामुदायिक वनबाट बिक्री बितरण गरिएको काठ, दाउरा तथा जडीबुटी संकलन, ढुवानी कार्यबाट योजना अबधिमा करीव २०,००० श्रमदिन रोजगारी तथा १०,००० घरधुरी लाभान्वित भएको देखिन्छ ।
- वन ब्यवस्थापनका क्रियाकलापहरु संचालन हुँदा करिब १५,००० श्रमदिन रोजगारी सिर्जना भएको देखिन्छ ।

### २.२.२ वन पैदावार उत्पादन तथा बिक्री बितरण

तालिका नं. ४: डि.व.का. काभ्रेपलाञ्चोबाट विगत ५ बर्षमा उत्पादन भएको भई बिक्रि वितरण भएको वनपैदावारको विवरण

| सि.नं. | आ.व. | काठ (क्यु.फिट) | | दाउरा (चट्टा) | | जडिबुटी | गोलकोईला | कै. |
|---|---|---|---|---|---|---|---|---|
| | | निजि आवादी | सा.व.उ.स. | निजि आवादी | सा.व.उ.स. | (के.जी) | (के.जी) | |
| १ | २०८०/०८१ | २४२२५० | २४५८.३४ | १५५.७४ | ० | ० | १०२००० | |
| २ | २०७९/०८० | १९१६९६ | १३९००.९ | १५५.७४ | ० | ६२७५ | ७५५०० | |
| ३ | २०७८/०७९ | २०३७३९ | १६४४.७ | ६४.५७ | ० | २८७४६ | २०००० | |
| ४ | २०७७/०७८ | २००२१० | ४६२३.११ | ४४.२५ | ० | १४४९९.२९ | ४५००० | |
| ५ | २०७६/०७७ | १०९५१९ | ० | २३.८ | ० | २००६१ | ४५००० | |
| | **जम्मा** | **९४७४१४** | **२२६२७.०५** | **४४४.१** | **०** | **६९५८१.२९** | **२८७५००** | |

(श्रोतः वार्षिक प्रगती प्रतिवेदन २०८०।०८१, डि.व.का.,काभ्रेपलाञ्चोक)

### २.२.३ सामुदायिक वन र कबुलियति वन विकास

तालिका नं. ५: डि.व.का. काभ्रेपलाञ्चोबाट विगत ५ बर्षमा उत्पादन भएको वितरण गरेको विरुवाको विवरण

| सि.नं. | आ.व. | संख्या | | कैफियत |
|---|---|---|---|---|
| | | उत्पादन | वितरण | |
| १ | २०८०/०८१ | ५७३४२ | ८५००९ | |
| २ | २०७९/०८० | ४५००० | २२२६४ | |
| ३ | २०७८/०७९ | ११६६८७ | ६६२६४ | |
| ४ | २०७७/०७८ | १०४८९६ | ६०१०० | |
| ५ | २०७६/०७७ | १३४४०४ | १००४५९ | |
| ६ | २०७५/०७६ | १३५५१२ | १०१४०६ | |
| ७ | २०७४/०७५ | १३७०१७ | १०१२३४ | |
| | जम्मा | **७३०८५८** | **५३६७३६** | |

(श्रोतः वार्षिक प्रगती प्रतिवेदन २०८०।०८१, डि.व.का.,काभ्रेपलाञ्चोक)

तालिका नं. ६: विगतका पञ्चवर्षिय अवधिमा हस्तान्तरण भएका सामुदायिक वनको विवरण

| क्र.सं. | आ.व. | सा.व. संख्या | क्षेत्रफल(हे.) | घरधुरी संख्या | जनसंख्या | | | समिति संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| १ | २०७४/०७५ | ५ | १८१.७५ | ५२१ | १३४१ | १२५१ | २५९२ | १६ | २९ | ४५ |
| २ | २०७५/०७६ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | २०७६/०७७ | १ | ३.०९ | ४५ | १०५ | ११४ | २१९ | ३ | ५ | ८ |
| ४ | २०७७/०७८ | २ | ५२९ | ३७७ | १४१२ | ११८७ | २५९९ | १४ | १० | २४ |
| ५ | २०७८/०७९ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ६ | २०७९/०८० | ३ | १५९.९४ | २८६ | ९३२ | ९२७ | १८५९ | ११ | १६ | २७ |
| ७ | २०८०/०८१ | १ | ८२.१८ | ८१ | १८५ | १८८ | ३७२ | ४ | ५ | ९ |

(श्रोतः वार्षिक प्रगती प्रतिवेदन २०८०।०८१, डि.व.का.,काभ्रेपलाञ्चोक)

तालिका नं. ७: विगतको पञ्चवर्षिय अवधिमा हस्तान्तरण भएका कबुलियती वनको विवरण

| क्र.सं. | आ.व. | क.व. संख्या | क्षेत्रफल(हे.) | घरधुरी संख्या | जनसंख्या | | लाभान्वित जनसंख्या |
|---|---|---|---|---|---|---|---|
| | | | | | महिला | पुरुष | |
| १ | २०७४/०७५ | १५ | ६०.१५ | १३१ | ३६५ | ३८४ | ७४९ |
| २ | २०७५/०७६ | ५ | २६.१५ | ४१ | ११७ | १२८ | २४५ |
| ३ | २०७६/०७७ | ० | ० | ० | ० | ० | ० |
| ४ | २०७७/०७८ | ० | ० | ० | ० | ० | ० |
| ५ | २०७८/०७९ | ० | ० | ० | ० | ० | ० |
| ६ | २०७९/०८० | ० | ० | ० | ० | ० | ० |
| ७ | २०८०/०८१ | ० | ० | ० | ० | ० | ० |

(श्रोतः वार्षिक प्रगती प्रतिवेदन २०८०।०८१,डि.व.का.,काभ्रेपलाञ्चोक)

### २.२.४ वन मुद्धा

यस अवधिमा वन पैदावार चोरी निकासी सम्बन्धी २० वटा र वन्यजन्तुको अवैध चोरी शिकार सम्बन्धी ६ वटा मुद्धा दायर भई वन अपराध नियन्त्रण गरेको देखिन्छ ।

## २.३ वन व्यवस्थापनका समस्या, चुनौती, अवसर र हाल सम्मका सिकाइ

### २.३.१ समस्या तथा चूनौति (Issues and Challenges)

क) विकासका लागि वनक्षेत्रको जग्गाको अत्यधिक माग रहनु ।

ख) वन क्षेत्र अतिक्रमणको नियन्त्रण गर्न चुनौती हुनु ।

ग) बजेट र जनशक्तिको अभावमा समयमा सामुदायिक वनको कार्ययोजना नविकरण हुन नसक्नु ।

घ) गैरकाष्ठ वन पैदावारहरुको व्यवस्थापन गरी आम्दानी लिन नसक्नु ।

ङ) सामुदायिक वन र कबुलियती वन क्षेत्र वा भाग छुट दर्ताको रुपमा निजिकरण हुनु र समूहले रोपे हुर्काएका वन पैदावार उपभोग सम्बन्धी विवाद रहनु ।

च) समूहको निर्णय प्रक्रिया र कोष परिचालनमा पारदर्शीता नहुनु ।

छ) धेरै समूहहरुले वार्षिक लेखा परीक्षण तथा प्रगति प्रतिबेदन पेश नगर्नु ।

ज) सामुदायिक वन समूहहरुमा समावेशि नेतृत्व, नियमित भेला बैठक र पारदर्शी अभिलेख नहुनु ।

झ) हैसियत बिग्रेका वन कबुलियति वनको रुपमा दिइनु ।

ञ) कबुलियति वन क्षेत्र छनौट तथा हस्तान्तरणको लागि गरिबीको रेखा माथिका घरधुरीहरुबाट सहयोग नहुने र स्थानीय अगुवाहरुले पनि गरीबहरुको पक्षमा खुलेर सहयोग गर्न नसक्नु ।

ट) पुराना समूहहरुको संस्थागत बिकास भई सक्षम भई परिचालित हुनुपर्नेमा सो नभई निरन्तर बाह्य सहयोगको अपेक्षा गर्नु ।

**यसका आलावा**

- वन उपभोक्ता समुहको संख्याको अनुपातमा प्राविधिक सेवा पुर्याउन कठिनाई
- वन क्षेत्र भएर खनिने अव्यवस्थित तथा कानुनी प्रकृया पुरा नगरी बाटो विस्तार गर्ने गरेको
- वन ढडेलोको कारण वर्षेनी धेरै जंगल तथा वन्यजन्तु जोखिममा पर्ने गरेको
- गैरकानुनी ढुंगा, गिट्टी, वालुवा संकलन तथा निकासी र उद्योग स्थापना भएको

- पुन निर्माणको लागि आवश्यक गुणस्तरीय काठको आपूर्ति
- वन व्यवस्थापनमा परम्परागत सोचाईमा परिवर्नत नहुनु
- समुहहरुको कमजोर संस्थागत अवस्था
- धेरैजसो कबुलियती वनहरु भिर पहरा क्षेत्रमा भएकोले समुहले यसबाट उचित लाभ लिन नसक्दा कबुलियती वन तर्फ उपभोक्ताहरुको मोह घट्दै गएका
- यस जिल्लाका राष्ट्रिय वन क्षेत्र मानव बस्ति देखि टाढा एवम् सहज पहुँच क्षेत्रमा नभएकोले यसको उचित व्यवस्थापन एवम् सदुपयोग गर्न कठिनाई भएको ।
- अन्य क्षेत्रको तुलनामा वन क्षेत्रमा निजी क्षेत्रको लगानी नहुनु ।

### २.३.२ अवसर (Opportunities)

- जडिवुटी खेति विस्तारको प्रचुर सम्भावना
- निजि वन विकासको सम्भावना
- वृक्षारोपण सल्ला वनको व्यवस्थापन
- पर्यापर्यटनको विकास
- वन व्यवस्थापनको माध्यमबाट गरिवि न्यूनिकारणमा योगदान
- सामुदायिक वनको अध्ययन र अनुसन्धानमा राष्ट्रिय तथा अन्तराष्ट्रिय चासो
- स्थानिय तहको पुर्नसंरचना संगै विकासमा आसा चासो बढेको
- नांगा पाखार तथा खेर गएका जग्गाहरुमा हरियाली प्रर्बद्धन तथा मुल्यवान प्रजातीहरुको वृक्षारोपणको सम्भावना
- जिल्लामा जैविक विविधता प्रचुर मात्रामा भएकोले अध्ययन अनुसन्धानको सम्भावना

### २.३.३ सिकाई (Learning)

क) वन क्षेत्रको हैसियत सुधार भई उपभोक्ताको जिवनस्तरमा सुधार भएको

ख) सामुदायिक वनका कारण वन क्षेत्रको घनत्वमा उल्लेखिय बृद्धि भएको

ग) अतिक्रमण नियन्त्रणमा जिल्ला वनको एकल प्रयासमा सम्भव नभएको

घ) वन उद्यम जस्ता कार्यक्रमहरुले जनतामा सकारात्मक भावना पैदा भएको

ङ) मौजुदा सल्ला वन प्रति उपभोक्ता वर्गको वितृष्णा जागेकोले चौडापाते वनमा रुपान्तरणको लागि पहलको आवश्यकता

च) उपभोक्ता सदस्यहरुमा वन प्रति हेर्ने दृष्टिकोणमा परिवर्तन आवश्यक रहेको

छ) जनचेतनामूलक र वनमा आधारित जीविकोपार्जन तथा आयआर्जन हुने खालका कार्यक्रमले जनतामा वन प्रतिको आकर्षण बढ्ने हुँदा त्यस्ता कार्यक्रमहरुले निरन्तरता पाउनु पर्ने,

ज) वन पैदावारमा आधारित उद्योग सञ्चालनले एकातिर वन पैदावारको दिगो व्यवस्थापन एवं उपयोगमा जनचेतना जाग्छ भने अर्कोतिर रोजगारी सिर्जना गर्दछ,

झ) जिल्लास्तरमा विभिन्न सरोकारवाला निकायसँगको समन्वयमा वृद्धि हुनाले वन संरक्षण एवं वन सम्बन्धी समस्या समाधानमा सहयोग पुगेको देखिन्छ,

ञ) सवारी साधन र कर्मचारीहरुको समुचित व्यवस्था हुन सकेमा वन क्षेत्रसँग सम्बन्धित अपराध नियन्त्रण र वन विकास कार्यक्रमको अनुगमन गर्न सहज हुने,

ट) समुहद्वारा व्यवस्थित वन क्षेत्र र निजी जग्गामा जडीबुटी खेती विस्तार गरेमा आयआर्जनको प्रशस्त सम्भावना रहने ।

### २.३.४ कमजोरी (Weakness)

- संघीय वन ऐन अनुसार डि.व.का. प्रमुखलाई खटाउने भनिएको र हालसम्म वन अपराध सम्बन्धी मुद्दा दर्ता र फैसला जिल्ला अदातलवाट मात्र हुने गरेकोले मुद्दामा डि.व.का.को उपस्थिति निकै कमजोर देखिएको,
- विगतमा भएको अतिक्रमण क्षेत्रहरु विभिन्न राजनितिक अस्थिरताका साथै सरोकारबालाहरुको समर्थन प्राप्त नहुनाले हटाउन नसकिएको,
- वन अतिक्रमण नियन्त्रण एवम् व्यवस्थापनमा श्रोत, साधनको कमि रहन गएको ।

### २. ३.५ समस्या समाधानका उपायहरु

- उत्पादनशिन वनहरु एकिन गरी वन सम्बर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन प्रभावकारी तवरले लागु गर्नुपर्ने ।
- वन पैदावरमा आधारित उद्योगहरुलाई प्रबर्द्धन गरिनुपर्ने ।
- स-साना सामुदायिक वनहरुको नियमानुसार एकिकृत(मर्ज) गरिदै लगिनु पर्ने ।
- सामुदायिक वनको कार्ययोजना समयमै सशोधन गर्नु पर्ने ।
- सामुदायिक वनमा सुशासन कायम गर्नु पर्ने ।
- वन क्षेत्रमा विपन्न, महिला, दलित, जनजाति एवं पछाडि परेका तथा पारिएका वर्गलाई वन क्षेत्रको विकासमा समाहित गरी रोजगारीका अवसरहरूको सृजना तथा न्यायोचित वितरण प्रणालीको स्थापना गरिनुपर्ने ।
- समय सापेक्ष संघिय वन ऐन २०७६ लाई संशोधनको लागि पहल गर्ने ।
- प्रदेश सरकारबाट कार्यविधी/निर्देशिका यथासक्य चाँडो जारी गर्नुपर्ने ।
- प्रस्तावित बार्षिक कार्यक्रम बमोजिम बजेट स्वीकृत हुनुपर्ने ।
- मानव वन्यजन्तु द्धन्द्धको लागि आवश्यक उपकरण तथा जनशक्तिको क्षमता अभिबृद्धि गर्नु पर्ने ।
- वन डढेलो नियन्त्रणको लागि डिभिजन स्तरिय वन डढेलो नियन्त्रण टिम स्थापना गर्नु पर्ने ।
- स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनका वातावरण ब्यबस्थापन योजनाका कार्यक्रमहरु पूर्ण रुपमा कार्यान्वियन आउनु पर्ने ।
- समुहको संस्थागत विकासमा विशेष जोड दिनु पर्ने देखिएको .
- विकास आयोजना, सरकारी कार्यालयहरु, संघ संस्था, स्थानिय तहहरुले वन क्षेत्रको जग्गा प्रयोग गर्दा प्रचलित कानून बमोजिम भोगाधिकार लिई प्रयोग गर्नेपर्ने ।
- वन अतिक्रमण र चोरीशिकारलाई पूर्ण रुपमा नियन्त्रणको लागि स्थानिय तह, जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकाय, सम्बन्धित सरोकारवालहरुसँग आबश्यक समन्वय तथा सहकार्य गरिनुपर्ने ।

# भाग ३

# वन पैदावारको माग र आपूर्तिको अवस्था

## ३.१ काठ, दाउराको मागको अवस्था

वि.सं. २०७८ सालको जनगणना अनुसार काभ्रेपलाञ्चोक जिल्लाको जनसंख्या ३,६४,०३९ र घर परिवार संख्या ९१,४२८ रहेको छ । एक व्यक्तीलाई बाचुन्जेल ०.१४ क्यु.मि. काठ चाहिन्छ (नेपालको तथ्याङ्कीय झलक २०७४) । यस अनुसार यस जिल्लामा ५०,९६५.४६ क्यु.मी. काठ माग रहेको देखिन्छ। यस जिल्लाको इन्धनको रुपमा प्रति घरधुरी वार्षिक ६० भारी वा ०.१२ चट्टा प्रयोग गर्ने गरेको पाइएको छ । सो अनुसार यस जिल्लाको ९१,४२८ घरधुरी मध्ये ४५,२७७ ले इन्धको रुपम दाउराको प्रयोग गर्ने गरेको पाइन्छ जस अनुसार इन्धनको प्रमुख स्रोतको रुपमा करिब ५,४३३ चट्टा दाउरा वार्षिक आवश्यकता पर्ने देखिन्छ । यस जिल्लामा आन्तरिक उद्योग तथा कलकारखानाको लागि दाउराको खपत नगन्य रुपमा रहेको पाइन्छ भने काठको खपत गर्न छिमेकी जिल्लाबाट समेत काठ ल्याउने गरेको पाइन्छ ।

जिल्लाका सामुदायिक वन उपभोक्ता समुहहरुको वन व्यवस्थापन कार्ययोजनाहरुको अध्ययन गरी त्यसको आधारमा वार्षिक वन पैदावार मागको अवस्था तालिका नं. ८ मा दिइएको छ ।

तालिका नं. ८ः काभ्रेपलाञ्चोक जिल्लाको वार्षिक वन पैदावार मागको अवस्था

| सि.नं. | वन पैदावारको किसिम | ईकाई | वार्षिक माग | कैफियत |
|---|---|---|---|---|
| १ | काठ | क्यु.फि. | १७९९५९० | |
| २ | दाउरा | चट्टा | ५४३३.२४ | |
| | | भारी | २७,१६,६२० | |
| ३ | भूईघाँस | भारी | ४६,४१,०१२ | |
| ४ | स्याउला/सोत्तर | भारी | ५१,६४,६६३ | |
| ५ | थाँग्रा | भारी | २०,९५६ | |

(श्रोतः राष्ट्रिय जनगणना, २०७८)

## ३.२ आपूर्तिको अवस्था

काभ्रेपलाञ्चोक जिल्लाको वार्षिक वन पैदावारको आपूर्तिको हकमा सामुदायिक वनहरुले स्वीकृत वन व्यवस्थापन कार्ययोजनालाई व्यवस्थित तवरमा गर्ने हो भने उपभोक्ताहरुलाई आन्तरिक खपत तथा बाह्य बिक्री समेत गर्न सकिन्छ । हाल सामुदायिक वनबाट आपूर्ति गर्न सक्ने काठको परिमाण १३,४८,०४६.७६ क्यु. फिट रहेको छ। सामुदायिक वनको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार आन्तरिक रुपमा काठ, दाउरा संकलन हुने गरि उपभोक्ताहरुको मागको आपूर्ति भइरहेको देखिन्छ। त्यसैगरी निजी आवादी जग्गामा भएका रुखहरुबाट समेत काठ, दाउरा उपभोक्ताहरुले प्रयोग गर्दै आईरहेको पाइन्छ । यस जिल्लामा घर तथा अन्य सार्वजनिक भवन निर्माणको लागि सालको काठ मकवानपुर, चितवन र सिन्धुलीबाट ल्याउनु पर्ने देखिएको हुँदा यस जिल्लामा जिल्ला वन पैदावार आपूर्ति समिति गठनको लागि आवश्यक प्रकृया अगाडी बढाइएको छ। जिल्लामा आवश्यक पर्ने साल प्रजातीको काठको माग पूर्ति गर्न जिल्ला वन पैदावार आपूर्ति समिति गठन गरी जिल्ला वन पैदावार आपूर्ति समितिको कार्यविधि निर्देशिका बमोजिम सञ्चालन गरिने छ ।

## ३.३ जडिबुटी

यस जिल्लामा वार्षिक रुपमा राष्ट्रिय वनबाट संकलन गर्न सकिने जडिबुटी एवं गैहृकाष्ठ वन पैदावारको परिमाण इन्भेन्ट्री गरी स्याम्पलिङ्ग विधि अनुसार अनुमान गरिएको छ । हस्तान्तरित सामुदायिक वनहरुमा जडिबुटी संकलन सम्बन्धित व्यवस्था सम्बन्धित समुहहरुको स्वीकृत कार्ययोजना अनुसार हुनेछ । सरकारद्धारा व्यवस्थित वन तथा सामुदायिक वनबाट वार्षिक रुपमा संकलन गर्न सकिने जडिबुटी तथा गैरकाष्ठ वन पैदावारहरुको परिमाण तालिका नं. ५० र अनुसुची ८ मा प्रस्तुत गरिएको छ।

## ३.३.१ अन्य वन पैदावारहरु

वन नियमावली २०७९ को अनुसूची ८ मा भएको व्यवस्था अनुरुप अन्य वन पैदावारहरुमा बाँस, निगालो, लोक्ता, अम्रिसो, अल्लो, थाकल र रुखको जरा ठुट्टा आदि पर्दछन् । तथापी काभ्रेपलाञ्चोक जिल्लाका प्रमुख गैर काष्ठ वन पैदावारहरु खोटो, खयरलाई पनि यसै अन्तर्गत राखी वर्णन गरिएको छ ।

यस जिल्लामा पाईने खोटे सल्लाको वनबाट विगत वर्ष देखि नै जिल्लामा खोटो संकलन र विक्री वितरण कार्य निरन्तर रुपमा संचालनमा रही एक प्रमुख आर्थिक गतिविधिको रुपमा रहेको पाईन्छ । खोटो संकलनको कार्य आ.व. २०८१/८२ देखि हिमाली रोजिन एण्ड टर्पेन्टाईन कम्पनी लि. ले संकलन कार्य शुरु गरेको देखिन्छ । सम्झौता अनुसार उक्त कम्पनीले जिल्लाको जनागाल सव डिभिजन वन कार्यालय, नमोबुद्ध सव डिभिजन वन कार्यालय, खोपासी सव डिभिजन वन कार्यालय, महादेवस्थान सव डिभिजन वन कार्यालय र कटुञ्जे सव डिभिजन वन कार्यालयको वनक्षेत्रहरुमा खोटो संकलनको कार्य गरिरहेको छ । हिमाली रोजिन एण्ड टर्पेन्टाइन प्रा.लि.ले वार्षिक १२६.६६ मेट्रिक टन खोटो संकलन गर्ने अनुमति पाएको छ। सरदर प्रति खोटेसल्लाको रुखबाट ४ के.जी. खोटो संकलन हुन्छ भन्ने आधारमा रहेर खोटो संकलनको प्रारम्भिक वातावरणिय प्रतिवेदन स्वीकृत गराई खोटो संकलन कार्य गरेको छ ।

विगतमा काभ्रेपलाञ्चोक जिल्लाको खोटो संकलन कार्यले पर्याप्त रोजगारीका साथै राजश्वमा वृद्धि भए तापनि अदक्ष कामदारहरुको प्रयोगले केही ठाउँहरुमा ब्लेज साइज, रिल साइज र रिल एङ्गलमा त्रुटि रहेको, केही ठाउँहरुमा ३ फिट भन्दा कम गोलाइका रुखहरुमा पनि खोटो संकलन गर्ने गरेको, प्रति हेक्टर माउ रुखहरु कम छोड्ने गरेको, अधिकांश स्थानहरुमा खोटे सल्लाको रुख वरिपरि सरसफाई नगन्य मात्रामा गर्ने गरेको देखिन्छ । त्यसका अलावा खोटो संकलन गरेको रुखहरुमा गर्मी यामको वन डढेलोले क्षती पुर्याउने गरेको, छाडा चरिचरनले सल्लाको पुनरुत्पादनमा असर पारिरहेको तथा केही ठाउँहरुमा खोटे सल्लाका रुखहरु सुकेको अवस्थामा रहेका छन् ।

खोटे सल्लामा देखिएका समस्याहरुको समाधानको लागि डिभिजन वन कार्यालय र सव डिभिजन वन कार्यालयले खोटे सल्लाको वन क्षेत्रको नियमित अनुगमन गरी सुकेका खोटे सल्लाको वन क्षेत्र र अत्यधिक खोटो संकलन गरेको वन क्षेत्रलाई केही समयावधिको लागि खोटो संकलन कार्य रोक्का गरिएको, अदक्ष कामदारहरुलाई खोटो संकलन अवधि अगावै खोटो संकलन विधि सम्बन्धि तालिमको व्यवस्था गर्न लगाएको, अव्यवस्थित चरिचरण तथा वन डढेलो नियन्त्रणका लागि जनचेतनामुलक कार्यक्रमहरु संचालन तथा अन्य वन संरक्षणका आवश्यक क्रियाकलापहरु संचालन गरी खोटो संकलन कार्यलाई व्यवस्थित गरी खोटे सल्लाको वन संरक्षण गर्न पहल गरेको पाइन्छ । आगामी पाँच वर्षमा खोटो संकलन गरिने सामुदायिक वन र खोटो संकलन गर्न सकिने सम्भावित सामुदायिक वनहरुको विवरण समेत विवरण अनुसूची ९ मा उल्लेख गरिएको छ ।

# भाग ४

# दूरदृष्टि लक्ष्य तथा उद्देश्य र प्रक्षेपण

वन श्रोत आम नागरिकको आधारभूत आवश्यकता पुरा गर्ने प्रमुख प्राकृतिक सम्पदा, जिविकोपार्जनको लागि भरपर्दो आधार, असंख्य जैविक विविधताको भण्डार, भू तथा जलाधार व्यवस्थापनको लागि मुख्य तत्व, स्वच्छ पानीको श्रोत, जलवायु परिवर्तनका नकारात्मक असरहरुको अनुकुलन र कारक तत्वहरुको न्यूनीकरण गर्नको लागि सबैभन्दा कम खर्चिलो उपायको रुपमा रहेको छ । यस वन व्यवस्थापन कार्य योजनाको पहिलो भागमा उल्लेख गरिए अनुसार जिल्लाको विद्यमान आर्थिक, सामाजिक, भौतिक तथा जैविक अवस्था र वर्तमान वन सम्वन्धी नीति नियम समेतलाई मध्यनजर गर्दै वन ऐन २०७६ को दफा ११ मा भएको प्रावधान बमोजिम आगामी ५ वर्षमा सञ्चालन गरिने विभिन्न क्रियाकलापहरुको बारेमा उल्लेख गरी काभ्रेपलाञ्चोक जिल्लाको यो आवधिक योजना सहितको रणनितीक योजना तयार गरिएको छ ।

## ४.१ अवधि

यस आवधिक योजना सहितको रणनीतिक योजनाको अवधि आ.व. २०८२/०८३ देखि २०८६/०८७ सम्म गरी ५ वर्षको हुनेछ ।

## ४.२ लक्ष्य

वन क्षेत्रमा भएको जैविक विविधताको संरक्षण संरक्षण गर्दै सहभागितामूलक दिगो वन व्यवस्थापन गरी वन पैदावारको सततः उत्पादन, आपूर्ति तथा बिक्री वितरणबाट स्थानीय स्तरमा रोजगारी र आय आर्जन वृद्धि गरी गरिबी न्युनिकरण साथै राष्ट्रिय अर्थतन्त्रमा योगदान गर्दै समृद्धिको लागि वन भन्ने नारालाई साकार गर्ने मूल लक्ष्य लिएको छ ।

### क. उद्देश्यहरु

- वन क्षेत्रको दिगो व्यवस्थापन गरी पारिस्थितिकिय प्रणालीको साथै जैविक विविधताको संरक्षणमा टेवा पुर्‍याउने।
- सक्रिय वन व्यवस्थापन मार्फत वन क्षेत्रको उत्पादन र उत्पादकत्त्व वृद्धि गरी वन पैदावारको आपूर्ति रोजगारी सिर्जना र स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रमा योगदान पुर्‍याउने ।
- स्थानिय समुदायको माग र क्षमता अनुसार ती समुदायका सबै वर्ग, लिङ्ग, जातिहरुको सहभागितामा दिगो वन व्यवस्थापन र शुसासन कायम गरी गरिवी न्यूनिकरणमा टेवा पुर्‍याउने ।
- जिल्लाका महत्वपूर्ण धार्मिक, ऐतिहासिक तथा पुरातात्विक सम्पदाहरुको संरक्षण र विकास गरी पर्यापर्यटनमा टेवा पुर्‍याउने ।
- वन क्षेत्रमा हुने अतिक्रमणलाई नियन्त्रण गर्नका लागि ठोस कदम चाल्ने ।
- वन डढेलो नियन्त्रणका लागि जनसहभागितामा आधारित ठोस कार्यक्रम कार्यान्वयन गर्ने ।
- गैह्रकाष्ठ वन पैदावारको संरक्षण, दिगो व्यवस्थापन र विस्तार गरी स्थानिय समुदायको आय आर्जनमा मद्दत पुर्‍याउनुका साथै राष्ट्रिय अर्थतन्त्रमा योगदान पुर्‍याउने ।
- भू-क्षयको दृष्टिकोणले सम्बेदनशिल क्षेत्रमा वृक्षारोपण गरी संरक्षणमा टेवा पुर्‍याउने साथै संरक्षणमुखी वन व्यवस्थापन गर्ने ।

- निजी वन तथा अन्य वनमा आय आर्जन बढाउने खालका रुख विरुवाहरु, जडिबुटी खेती बिस्तार गरी गरिबी निवारणमा टेवा पुर्‍याउने ।
- राष्ट्रिय वन (सरकारद्धारा व्यवस्थित वन, सामुदायिक वन, कबुलियती वन, धार्मिक वन, वन संरक्षण क्षेत्र) क्षेत्रको आधिकारिक नक्शा तयार गर्ने कार्यको थालनी गर्ने ।

## ४.३ रणनीतिक योजनाका मार्गदर्शक सिद्धान्तहरु

- वनको उत्पादन तथा उत्पादकत्त्वमा वृद्धि
- दिगो वन (वन सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन)
- समुदायमा आधारित सहभागितामूलक वन व्यवस्थापन
- वन उद्यम विकास एवं निजी क्षेत्रको संलग्नता
- जलवायु उत्थानशील वन व्यवस्थापन
- वातावरणीय सेवाको अभिवृद्धि
- वनक्षेत्रको बहुआयामिक उपयोग र उत्पादनको विविधिकरण
- लैङ्गिक समानता, अपांगतामैत्री तथा सामाजिक समावेशीकरण

# भाग ५

## वन व्यवस्थापनका रणनीति

डिभिजन वन कार्यालय काभ्रेपलाञ्चोक अन्तर्गतका वन संरक्षण तथा व्यवस्थापनको लागि कार्य संचालन गर्ने सोच तथा तरिकाहरुको समग्र स्वरुपलाई संक्षिप्त रुपमा यो ढांचाबाट निर्देशित गर्न खोजिएको छ । जस अनुसार मुख्य लक्ष्य हासिल गर्नको लागि विभिन्न भागहरुमा विभाजन गरी सो भागहरुको उद्देश्यहरु पुरा गर्नको लागि संगसंगै सञ्चालन गर्नुपर्ने कार्यहरुलाई सहयोगी क्षेत्रको रुपमा प्रस्तुत गरिएको छ । यसै अनुरुप योजना अवधिका लागि वन व्यवस्थापन कार्ययोजनाले डिभिजन वन कार्यालयको वार्षिक कार्यक्रम तथा कार्यनीतिलाई निर्देशित गर्दछ । यो कार्ययोजनाले डि.व.का अन्तर्गतको वन क्षेत्रको विकासको लागि सन्तुलित सोचको परिकल्पना गरेको छ । जस अनुसार विशेष गरी पारिस्थिकीय प्रणालीको सन्तुलनको लागि सबै क्षेत्रहरु वन, जैविक विविधता संरक्षण, दिगो वन व्यवस्थापन, सार्वजनिक तथा निजी वनको विकास, वन उद्यम तथा पर्यापर्यटन प्रवर्द्धन तथा जीविकोपार्जन एवं व्यवसायिक सोच समेतलाई समेट्ने कोशिस गरिएको छ । तर पनि यो वन व्यवस्थापनको मुख्य लक्ष्य हासिल गर्नको लागि वनको दीगो व्यवस्थापनलाई प्रमुख रुपमा कार्यनीति बनाइएको र सो कार्यनीतिलाई मूर्त रुप दिई कार्यान्वयनको लागि तयार गरिएको हो ।

तालिका नं. ९: वन क्षेत्रको दीगो व्यवस्थापन रणनीति तथा कार्यक्रमहरु

| वन क्षेत्रको दिगो व्यवस्थापन | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | रणनीति तथा कार्यक्रम | | | | | | | |
| सरोकारवालाहरुको सक्रिय सहभागितामा | **वनको संरक्षण, सम्बर्द्धन र विकास** | **दिगो वन व्यवस्थापन** | **वन पैदावारको सुलभ आपूर्ति, र जिवीकोपार्जनमा सुधार** | **पारिस्थितिकीय शंवेदनशिल क्षेत्रहरुको दिगो व्यवस्थापन (जैविक मार्ग, सिमसार)** | **उच्च मूल्यका वनस्पति र जडीबुटीहरुको व्यवसायिक प्रवर्द्धन** | **जलवायु परिवर्तन जोमखम न्यूनिकरणको लागि उपयुक्त निष्भावीकरण तथा अनुकूलन कार्यक्रम** | **वन क्षेत्रमा सुशासन एवं सहयोगी वातावरणको सिर्जना गर्ने** | जन चेतनामूलक सार्वजनिक प्रचारप्रसार एवं भरपर्दो संचार एवं सूचना व्यवस्थापन |
| | • वन अतिक्रमण नियन्त्रण तथा पुनस्थापना कार्यक्रम | • दिगो वन व्यवस्थापन | • पर्यापर्यटन प्रवर्द्धनको लागि व्यावसायिक कवुलियती वन विकास कार्यक्रम | • गोदावरी फुलचोकी संरक्षित वन संरक्षण क्षेत्र तथा जैविक मार्गको विशेष संरक्षण तथा वन पुर्नस्थापना कार्यक्रम | • जडीबुटी खेती विकास तथा विस्तारका लागी नर्सरी निर्माण र विरुवा उत्पादन कार्यक्रम | • वन डढेलो नियन्त्रण तथा व्यवस्थापन सहयोगी कार्यक्रम | • सुशासनमुखी व्यवस्थापन | |
| | • सिमसार संरक्षण तथा व्यवस्थापन | • वनको दिगो सदुपयोगको लागि संस्थागत सुढ्ढिकरण | • सामुदायिक वन तथा निजी वन कार्यक्रम | • सिमसार क्षेत्रको पुनःस्थापना तथा संरक्षण कार्यक्रम | • जडीबुटी प्रजातीको बास्थान संरक्षण तथा व्यवस्थापन | • समुदाय स्तरको जलवायु परिवर्तन अनुकुलन योजना तयारी | • कार्यवातावरण अनुकूलनको लागि पूर्वाधार तथा क्षमता विकास | |
| | • वन्यजन्तुको संरक्षण तथा प्रवर्द्धन | | • स्थानीय वन समुहहरुद्धारा वन | • वन संरक्षण क्षेत्रको | • जडीबुटी विकासको श्रोत | • जलवायु परिवर्तन | • उपयुक्त वातावरणको | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कार्यक्रम (विभिन्न संघ संस्थासँग समन्वय गरी क्यामेरा ट्र्यापको विधिबाट अझ विस्तृत वा सो को अध्ययनको आधारमा व्यवस्थापन योजना बनाईनेछ । | | स्रोतहरुमा पहुँच तथा वन स्रोतहरुको व्यवस्थापन | कार्ययोजना कार्यान्वयन | अभिलेखीकरण, योजना निर्माण तथा कार्यान्वयन | अनुकुलन योजना तयारी तथा कार्यान्वयनको लागी क्षमता विकास | लागि कार्यालय सामाग्री तथा कम्प्युटर प्रणाली व्यवस्थापन | |
| | ● लौठसल्ला, ओखर, कागती, कफी, अमला, सतुवा, चिराइतो, कालिकाठ, टिमुर लगायत अन्य लोपोन्मुख प्रजातिको संरक्षणको लागि पकेट क्षेत्र तोकी कार्ययोजना बनाई संरक्षण तथा व्यवस्थापन गरिने | | ● निजी क्षेत्र, स्थानीय वन समुहहरु तथा कृषकहरु वीच वनमा आधारित उद्यमहरुको लागि दीगो व्यवसाय साझेदारीको स्थापना | | ● वन उपजमा आधारित वन उद्यम कार्यक्रम | | | |
| | ● वन डढेलो नियन्त्रण कार्यको लागि नियन्त्रित डढेलो लगाउने | | ● स्थानीय वन समूहहरु तथा बहुसरोकारवाला संरचनाहरुद्धारा सुशासनको अभ्यास | | | | | |
| | संस्थावत विकास | | | | | | | |
| | ● नीति, ऐन, नियम तथा मार्गदर्शनहरु | | | | ● जिल्ला वन क्षेत्र समन्वय समिति/कार्यक्रम कार्यान्वयन समिति/कार्यदल<br>● जिल्ला वन अतिक्रमण नियन्त्रण कार्यदल | | | |

## ५.१ उद्देश्य पूरा गर्ने कार्यनीति तथा रणनीतिहरु

यस कार्ययोजना कार्यान्वयन गर्न केन्द्रीय तथा प्रदेश स्तरका नीति, निर्देशिका, मार्गदर्शन तथा कार्यनीतिहरुका साथै सम्बन्धित कार्यक्रम तथा आयोजनाका कार्यनीति तथा कार्यक्रम संचालन प्रकृयाहरुमा आधारित रही माथि उल्लेखित उद्देश्यहरु पूरा गर्न देहाय बमोजिमका विषयगत क्षेत्र (Thematic Area) र अन्तरविषयगत क्षेत्र (Cross Cutting Area), उपक्षेत्रहरु, कार्यनीति तथा रणनीतिहरु निक्यौंल गरिएको छ ।

### १. विषयगत क्षेत्र(Thematic Area)

१. वन तथा जैविक विविधता संरक्षणा
२. दिगो वन व्यवस्थापन
३. सार्वजनिक तथा निजी वनको विकास
४. वन उद्यम तथा पर्यापर्यटन प्रवर्द्धन

## २. अन्तरविषयगत क्षेत्र(Cross Cutting Area)

१. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

२. जलवायु उत्थानशीलता र प्राकृतिक प्रकोप नियन्त्रण

३. वातावरणीय सेवा तथा कार्बन सञ्चिति अभिवृद्धि

४. वनक्षेत्रको प्रशासनिक एवं सांगठनिक सुधार र सुशासन

५. वन अनुसन्धान, प्रविधि तथा सूचना प्रणालीको विकास

## ५.२ रणनीति तथा कार्यनीतिहरु

उपरोक्त बमोजिमको उद्देश्यहरु पूरा गर्न डिभिजन वन कार्यालयले आफूसंग भएको साधन र स्रोतको परिचालन गरी प्रतिफल प्राप्त गर्नको लागि निम्न बमोजिम कार्यनीतिहरु अवलम्बन गर्नेछ ।

तालिका नं. १०: उद्देश्य पुरा गर्ने रणनीतिहरु

| क्र.सं. | रणनीति | कैफियत |
|---|---|---|
| १. | पारिस्थितिकीय प्रणाली, जैविक विविधता र वन्यजन्तु संरक्षण | कार्ययोजना अवधिभरको लागि ३२५९.७० लाख कुल बजेट माग गरिएको । |
| २. | वन अतिक्रमण नियन्त्रण तथा पुनरुत्थान | |
| ३. | दिगो वन व्यवस्थापन | |
| ४. | वन डढेलो व्यवस्थापन | |
| ५. | वन्यजन्तु चोरी शिकार र वन पैदावारको अवैध संकलन ओसार पसार नियन्त्रण | |
| ६. | मानव वन्यजन्तु द्वन्द्ध व्यवस्थापन | |
| ७. | वन भित्रका धार्मिक, सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वका सम्पदाहरुको संरक्षण | |
| ८. | जडिबुटी तथा गैरकाष्ठ वन पैदावार संरक्षण, विस्तार र व्यवसायिकरण | |
| ९. | सार्वजनिक तथा निजी वनको विकास गर्ने | |
| १०. | वन उद्यम तथा पर्यापर्यटन प्रवर्द्धन गर्ने | |
| ११. | जलवायु परिवर्तन अनुकूलन कार्यक्रम सञ्चालन गर्ने | |
| १२. | वन व्यवस्थापनका संरचना र निर्णय प्रक्रियामा लैङ्गिक तथा सामाजिक समावेशीकरणलाई प्रबर्द्धन गर्ने | |
| १३. | वन प्रशासनमा सुशासन, पारदर्शिता र जवाफदेहितालाई प्रवर्द्धन गर्ने | |
| १४. | कार्यालयको आधुनिकीकरण र जनशक्तिको क्षमता अभिवृद्धि गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउने | |

### १. पारिस्थितिकीय प्रणाली, जैविक विविधता र वन्यजन्तु संरक्षण गर्ने

<u>कार्यनीतिहरु</u>

- संकटापन्न, दुर्लभ र महत्वपुर्ण प्रजातीको संरक्षणाका लागि बासस्थानको व्यवस्थापन, सम्बर्द्धन र सुधार गर्ने,
- जिल्लामा भएका महत्वपुर्ण सिमसारहरुको सर्वेक्षण र अवस्था विश्लेषणका आधारमा व्यवस्थापन कार्ययोजना तयार गरी व्यवस्थापन गर्ने,
- सिमसार क्षेत्रको पारिस्थितिक, भौगोलिक, धार्मिक, सांस्कृतिक र मौलिकतामा असर नपर्ने गरी पर्यापर्यटन प्रबर्द्धन गर्ने,

- भू-संरक्षणको दृष्टिकोणबाट संवेदनशील क्षेत्रहरुको पहिचान गर्ने,
- पर्यापर्यटनको सम्भावना रहेका क्षेत्रहरुको विकासलाई विशेष ध्यान दिईनुका साथै समुदायहरुको सहभागिताबाट पर्यापर्यटनको विकास गरिनेछ,
- धार्मिक क्षेत्रका वनहरुलाई सम्भाव्यता हेरी आवश्यक क्षेत्रहरुलाई धार्मिक वनको रुपमा व्यवस्थित गरिनेछ,
- महाभारत श्रृखला अन्तर्गतको वन क्षेत्रलाई प्रस्तावित वन संरक्षण क्षेत्रको रुपमा अगाडी बढाउने ।

२. **वन अतिक्रमण नियन्त्रण गर्ने**

<u>कार्यनीतिहरु</u>

- डिभिजन वन कार्यालय र स्थानीय तहको समन्वयमा वन अतिक्रमण भएका क्षेत्रहरूको तथ्य र तथ्याङ्क अद्यावधिक गरी कानूनी प्रक्रिया पूरा गरी वन क्षेत्रलाई पुनरुत्थान गर्ने कार्यक्रम सञ्चालन गर्ने,
- नयाँ अतिक्रमण हुन नदिन नियमित अनुगमन गस्ती गर्ने, सीमांकन गर्ने र स्थानीय समुदायमा वन अतिक्रमणको नकारात्मक प्रभावबारे सचेतना फैलाउने,
- वन क्षेत्रको सुरक्षाको लागि सुरक्षा निकाय, समुदाय र वन कर्मचारी संलग्न quick response team परिचालन गर्ने,
- वन अतिक्रमण हटाउन अतिक्रमण नियन्त्रण रणनीति, २०६८ लाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउने,
- विगतमा भएका वन अतिक्रमण हटाई वन क्षेत्र कायम गर्न आवश्यक पर्ने श्रोत साधनलाई तीन तहका सरकारले प्राथमिकता दिई उपलब्ध गराउने व्यवस्था मिलाउने,
- सरकारी निकाय (स्थानीय प्रशासन, सुरक्षा निकाय तथा अन्य सरकारी निकाय) संग समन्वय गरी भएका अतिक्रमण हटाई थप अतिक्रमण हुन नदिन आवश्यक व्यवस्था मिलाउने,

३. **वन डढेलो व्यवस्थापन गर्ने**

<u>कार्यनीतिहरु</u>

- वन डढेलो नियन्त्रणको लागि डढेलो जोखिम क्षेत्रको पहिचान गरी वन डढेलो नियन्त्रण तथा व्यवस्थापन कार्य योजना बनाउने,
- जिल्लास्तरमा वन डढेलो नियन्त्रणका लगि वन कर्मचारी, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना सम्मिलित डढेलो नियन्त्रण विशेष टोली(Special Forest Fire Fighting Team) गठन र परिचालन गर्ने,
- वन डढेलो नियन्त्रणका लागि सम्बन्धित कार्यालयहरुलाई साधन श्रोत र प्रविधिमैत्री बनाई सव डिभिजनस्तरमा समुदाय, स्थानीय तह, उपभोक्ता समूह र वन कर्मचारी संलग्न Quick Response Team तयार पार्ने,
- वन डढेलोको उच्च जोखिममा रहेका क्षेत्रहरू (जस्तैः सुख्खाग्रस्त क्षेत्र, सडक किनारका वनहरू) को पहिचान गरी नियन्त्रित आगो लगाउने (Controlled Burning), पतकर सफा गर्ने, अग्नि रेखा निर्माण गर्ने जस्ता पूर्वतयारीका कार्यहरू सञ्चालन गर्ने,
- वन कर्मचारी, सामुदायिक वन उपभोक्ता समूहका सदस्यहरू र स्थानीय समुदायलाई डढेलो नियन्त्रण सम्बन्धी तालिम प्रदान गर्ने र आवश्यक उपकरणहरू उपलब्ध गराउने,
- वन डढेलो नियन्त्रणका लागि वन क्षेत्रभित्र संरक्षण पोखरीहरु निर्माण गरी पानीको व्यवस्था गर्ने,
- डढेलो नियन्त्रण गर्न जादा आवश्यक व्यक्तिगत सुरक्षा सामाग्रीहरुको व्यवस्थापन गर्ने,

- सामुदायिक वनको वन व्यवस्थापन योजना तथा कार्ययोजनाहरुमा डढेलो व्यवस्थापन योजना समेत समावेश गरी कार्यान्वयन गर्ने ।

४. **दिगो वन व्यवस्थापन गर्ने**

कार्यनीतिहरु

- दिगो वन व्यवस्थापन कार्यविधि, २०७९ र राष्ट्रिय वनको एकीकृत रणानीतिक योजना २०८१-२१०० अनुसार वनको प्रकार, अवस्था र भिरालोपना अनुसार वन सम्बर्द्धन प्रणालीको अवलम्बन गर्ने,
- सामुदायिक वन उपभोक्ताको वन व्यवस्थापनको उद्देश्य, वनको प्रकार र अवस्था, वन क्षेत्रको भिरालोपना र उपभोक्ताको परम्परागत ज्ञान, प्रथाजनित अभ्यास, सामुदायिक सहभागिता सहितको निर्णय र सुशासनमा आधारित रही उपयुक्त वन सम्बर्द्धन प्रणालीको अवलम्बन गरिनेछ,
- उपभोक्ता समूहहरुमा अभिलेख व्यवस्थापनलाई सुदृढ गर्नको लागि आवश्यक तालिम र कार्यशाला गोष्ठीको सञ्चालन गर्ने,
- दिगो वन व्यवस्थापनको लागि संलग्न हुने कर्मचारी तथा सामुदायिक वन उपभोक्ता समूहलाई पाठ्यक्रम अनुसार प्रशिक्षण दिई दक्ष बनाउने,
- वन कार्ययोजना बमोजिम हटाउने नरम प्रकृतिका रुखहरु (छोटो समयमा नै काठको गुणस्तरमा ह्रास आउन सक्ने) खडा रुख बिक्री नै बिक्रि गर्न सकिने व्यवस्था मिलाउने,
- भौगोलिक रुपले विकट वन क्षेत्रमा हावाहुरी वा प्राकृतिक प्रकोपका कारण ठुलो संख्यामा ढलेका रुखहरु वन क्षेत्रबाटै यथा अवस्थामा नै बिक्रि वितरणको व्यवस्था मिलाउने,

५. **वन्यजन्तु चोरी शिकार र वन पैदावारको अवैध सङ्कलन र ओसारपसार नियन्त्रण गर्ने**

कार्यनीतिहरु

- वन क्षेत्रलाई सघन व्यवस्थापनमा ल्याई आयआर्जन तथा रोजगारीका अवसर सिर्जना गरी चोरी शिकार, गैरकानुनी कटान निरुत्साहित गर्ने,
- चोरी शिकार तथा गैर कानुनी कटान नियन्त्रण गर्न समुदायमा आधारित दरिलो संयन्त्र निर्माण तथा परिचालन गर्ने,
- सामुदायिक वन उपभोक्ता समूहलाई वनक्षेत्रबाट हुने चोरी शिकार नियन्त्रण गर्न समुदायमा आधारित चोरी शिकार नियन्त्रण लगायतका कार्यक्रम मार्फत जिम्मेवार बनाउने,
- डिभिजन वन कार्यालय, सम्बन्धित सव डिभिजन वन कार्यालय, सामुदायिक वन र अन्य सरोकारवालाहरु समेतको सहयोगमा नियमित गस्ती र अनुगमन गर्ने,
- स्थानीयस्तरमा वन पैदावारको चोरी निकासी तथा चोरी शिकार नियन्त्रणसम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

६.**मानव वन्यजन्तु द्वन्द्ध व्यवस्थापन गर्ने**

कार्यनीतिहरु

- मानव वन्यजन्तुबीचको द्वन्द्वलाई प्रभावकारी व्यवस्थापन गरी सहअस्तित्व कायम गर्ने,
- वन्यजन्तुको बासस्थान व्यवस्थापन गर्ने, सामुदायिक वन क्षेत्रभित्र पानी पिउने व्यवस्था (Waterhole Management), निर्माण गर्ने,

- घाइते, टुहुरा तथा समस्यामा भएका वन्यजन्तुहका लागि उद्धार केन्द्र तथा पुनस्थापना केन्द्रको स्थापना र समस्याग्रस्त वन्यजन्तुको पहिचान गरी व्यवस्थापन गर्ने,
- मानविय क्षति, कृषि बाली र भकारीमा भएको अन्नबालीको क्षतिको राहतको लागि वन्यजन्तुबाट भएको क्षतिको राहत वितरण निर्देशिका २०८० लाई कार्यान्वयन गर्ने ।

**७. वन भित्रका धार्मिक, सांस्कृतिक तथा पुरातात्विक महत्त्वका सम्पदाहरुको संरक्षण गर्ने**

**कार्यनीतिहरु**

- वन भित्रका धार्मिक, सांस्कृतिक तथा पुरातात्विक महत्त्वका सम्पदाहरुको संरक्षण गर्ने,
- सामुदायिक वनको कार्ययोजनामा वनभित्रका धार्मिक, सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वका सम्पदाहरुको संरक्षणको विषय समावेश गर्ने गराउने,
- धार्मिक, सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वका सम्पदाहरु भएको वरपरको वन क्षेत्रमा परम्परागत व्यवस्थापन (Traditional Knowledge Based Management) लाई प्रोत्साहन गर्ने,
- प्राकृतिक, धार्मिक तथा सामाजिक सम्पदाहरुको महत्त्वको बारेमा सचेतना अभिवृद्धि गर्ने र वन क्षेत्रमा न्यून असर पर्ने गरी पर्यापर्यटकीय पूर्वाधारको विकास गर्ने,
- धार्मिक, सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वका सम्पदाहरु भएको वरपरको वन क्षेत्रलाई धार्मिक वनको रुपमा हस्तान्तरण गर्ने ।

**८. जडिबुटी तथा गैरकाष्ठ वन पैदावार संरक्षण, विस्तार र व्यवसायिकरण**

**कार्यनीतिहरु**

- महत्वपुर्ण जडिबुटी तथा गैरकाष्ठ वन पैदावारको पहिचान गरी श्रोत संकलन गर्ने,
- जडिबुटी तथा गैर काष्ठ वन पैदावारको संरक्षण, व्यवस्थाप र खेती विस्तार गर्ने,
- लौठसल्ला, सतुवा, कागती, अमला, टिमुर, कालिकाठ, चिराइतो, निगालो, बाँस लगायत अन्य लोपोन्मुख प्रजातीको संरक्षणको लागि पकेट क्षेत्र तोकी कार्ययोजना बनाई संरक्षण र व्यवस्थापन गरिनेछ,
- जडिबुटी तथा गैरकाष्ठ वन पैदावार संरक्षण तथा खेती विस्तारमा संलग्न कृषकहरुलाई आवश्यक पर्ने प्रविधि, आधुनिक जडिबुटी प्रशोधन मेशिन, प्राविधिक ज्ञान र सल्लाह समेत उपलब्ध गराउने,
- स्थानीयस्तरमा जडीबुटी खेती, गैरकाष्ठ वन पैदावारको प्रशोधन र वन नर्सरी व्यवस्थापनमा नयाँ तथा उपयुक्त प्रविधिहरूको प्रयोगलाई प्रोत्साहन गर्ने र सीप हस्तान्तरण गर्ने,
- जडिबुटीको प्रवर्द्धनको लागि स्थानीय तहहरु समन्वय गरेर Ethnomedicinal Exploration चिकित्सा अन्वेषण गराउने,
- विभिन्न बहुमुल्य जडिबुटीहरुको मूल्य वृद्धि(Value Addition) सम्बन्धी कार्यहरु गर्ने गराउने,
- जैविक प्रविधि Boitechnology को प्रयोगबाट जडिबुटीमा उच्चतम खेति विस्तार, औषधि तथा खाद्यजन्य Nutraceutical and functional food को उत्पादन गर्ने ।
- कृषि वन, निजी वन र सामुदायिक वनमा उत्पादनशीलता बढाउनका लागि नयाँ प्रविधि र अनुसन्धानमा आधारित ज्ञानको प्रयोग गर्ने ।

### ९. **सार्वजनिक तथा निजी वनको विकास गर्ने**

<u>कार्यनीतिहरु</u>

- नदी उकास क्षेत्र तथा वनक्षेत्र बाहिरका सार्वजनिक जग्गाहरुमा स्थानीय तहसँगको सहकार्यमा व्यापक वृक्षारोपण, वीउ छरी वनको विकास गर्ने,
- गुणस्तरीय तथा बहु वर्षिय विरुवा उत्पादनका लागि एक उच्च प्राविधियुक्त नर्सरी सञ्चालन गरी बहुवर्षीय विरुवा उत्पादन, वितरण र वृक्षारोपण गर्ने,
- निजी वन विकासलाई प्रवर्द्धन गर्दै वन क्षेत्रमा निजी लगानीलाई प्रोत्साहन गर्ने,
- निजी जग्गामा वृक्षारोपण र निजि वनको व्यवस्थापनमा आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउने,
- स्थानीय तहसंग समन्वय र सहकार्य गर्दै निजी वन विकास गर्न चाहने जग्गाधनीलाई निजी वन दर्तामा सहजीकरण गर्ने,
- नगरपालिकासंग समन्वय शहरी वन विकासलाई प्रबर्द्धन गरी सहरी वातावरणलाई स्वच्छ र स्वस्थ बनाउने,

### १०. **वन उद्यम तथा पर्यापर्यटन प्रवर्द्धन गर्ने**

<u>कार्यनीतिहरु</u>

- वन पैदावारमा आधारित उद्योगलाई आवश्यक पर्ने कच्चा पदार्थको आपूर्तिलाई दिगो बनाई वन उद्यमलाई टेवा पुर्‍याउने,
- वन उद्यममा संलग्न सरोकारवाला र जनशक्तिको क्षमता विकासका जोड दिने,
- व्यवसायिक उत्पादनका लागि मेसिन तथा उपकरणको प्रयोगमा प्रोत्साहन गर्ने,
- वनको श्रमिकको क्षमता विकास, वन श्रमिकको उत्पादकत्व सुदृढीकरण मार्फत वनक्षेत्रमा युवाहरुको आकर्षण बढाउने,
- वन उद्यम/उद्योग स्थापना तथा सञ्चालनमा टेवा पुर्‍याउने,
- वन पैदावारबाट उत्पादित वस्तु र सामाग्रीको उपयोगलाई प्रोत्साहन दिने,
- सामुदायिक वनसँग जोडिएका पिकनिक, ट्रेल, होमस्टे, पर्यटकीय गन्तव्य विकास एवं प्रबर्द्धन गर्ने,
- नमोबुद्ध, रोशी, महाभारत, खानीखोला र बेथानचोक लगायत महाभारत पर्वत श्रृंखलामा ट्रेकिङ ट्रेलसँग जोडिएको वन पर्यटनको विकासको लागि स्थानीय निकायसंग समन्वय गर्ने,
- पर्यापर्यटनको सम्भावना रहेका क्षेत्रहरुको विकासलाई विशेष ध्यान दिईनुका साथै समुदायहरुको सहभागिताबाट पर्यापर्यटनको विकास गर्ने,
- महाभारत श्रृखला अन्तर्तगको वन क्षेत्रलाई प्रस्तावित वन संरक्षण क्षेत्रको रुपमा अगाडी बढाउने ।

### ११. **जलवायु परिवर्तन अनुकूलन कार्यक्रम सञ्चालन गर्ने**

<u>कार्यनीतिहरु</u>

- जलवायु परिवर्तनको लागि कारक क्षेत्रहरु पहिचान गर्ने र विशेष कार्यक्रमहरु संचालन गर्ने ।
- सरल, कम खर्चिलो, जनसहभागिता जुट्न सक्ने साथै स्थानीय जनता नै बढी लाभान्वित हुने कार्यपद्धति अवलम्वन गरिनेछ,
- स्थानीय तहसंग समन्वय गरेर आवश्यकता अनुसार जलवायु अनुकूलन योजना (LAPA) तयार गर्ने,
- बाढी/भू स्खलन प्रभावित क्षेत्रमा वृक्षारोपण कार्यक्रम समुदाय स्तरमा संचालन गरिने कार्यक्रमहरुमा सकेसम्म स्थानीय समुदायको सहभागिता शत प्रतिशत गराइनेछ,

- पानीमुहान, मूल, नदी, खोलाहरुको संरक्षण तथा विकास गर्ने,
- सामुदायिक वन, कबुलियती वन लगायतका सबै प्रकारका वनको कार्ययोजना निर्माण र परिमार्जन गर्दा जलवायु परिवर्तनका असर (जस्तैः सुक्खा, नयाँ रोग/कीराको प्रकोप, मौसमी परिवर्तन) र प्रभावहरूलाई विश्लेषण गरी न्यूनीकरण तथा अनुकूलनका उपायहरू (जस्तैः पानीका मुहान संरक्षण, जलाधार व्यवस्थापन, जलवायु उत्थानशील प्रजाति रोपण) योजनामा समावेश गरी कार्यान्वयन गर्ने,
- खेर गइरहेका नाङ्गा चौर, वन क्षेत्र, भू-क्षयको दृष्टिले संवेदनशील तथा नदी उकास आदि भूमिमा व्यापक रुपमा वृक्षारोपण कार्यक्रम संचालन गर्ने ।

१२. **वन व्यवस्थापनका संरचना र निर्णय प्रक्रियामा लैङ्गिक तथा सामाजिक समावेशीकरणलाई प्रबर्द्धन गर्ने**

**कार्यनीतिहरूः**

- सामुदायिक वन उपभोक्ता समूह (सा.व.उ.स.) लगायत वन क्षेत्रमा संलग्न सबै समितिका कार्यकारी समितिहरूमा कम्तीमा ५१ प्रतिशत महिलाको सहभागिता सुनिश्चित गराउन उत्प्रेरणा तथा पैरवी गर्ने,
- समितिहरूमा दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्तिहरू र अन्य पिछडिएका वर्गहरूको प्रतिनिधित्व सुनिश्चित गराउने,
- सामुदायिक वनको आम्दानीको कम्तीमा ३५ प्रतिशत रकम विपन्न वर्गको जीविकोपार्जन सुधार र सशक्तिकरणका लागि लगानी गराउनका लागि सा.व.उ.स.हरूलाई उत्प्रेरणा र प्राविधिक सहयोग गर्ने,
- वन पैदावार (काठ, दाउरा, गैरकाष्ठ वन पैदावार) को सङ्कलन, उपयोग र बिक्री वितरणमा लक्षित समुदायको समान र न्यायोचित पहुँच सुनिश्चित गर्न नीतिगत सहजीकरण र सचेतना कार्यक्रम सञ्चालन गर्ने,
- लैङ्गिक र सामाजिक समावेशीकरणसँग सम्बन्धित वन कार्यक्रमहरूका लागि स्थानीय स्तरमा आवश्यक श्रमशक्ति स्थानीय समुदायबाटै उपलब्ध गराई रोजगारीको अवसर सिर्जना गर्ने ।

१३. **वन प्रशासनमा सुशासन, पारदर्शिता र जवाफदेहितालाई प्रवर्द्धन गर्ने**

**कार्यनीतिहरूः**

- जिल्ला वन क्षेत्र समन्वय समितिलाई थप प्रभावकारी र सशक्त बनाउन नियमित बैठक र क्षमता विकासका कार्यक्रम सञ्चालन गरी वन सम्बन्धी निर्णय प्रक्रियामा अन्तर-निकाय समन्वय र सहकार्य बढाउने,
- सार्वजनिक लेखापरीक्षण पद्धतिलाई सामुदायिक वन उपभोक्ता समूहमा अनिवार्य रुपमा लागू गराउने,
- सामुदायिक वन उपभोक्ता समूह तथा डिभिजन वन कार्यालयको वन विकास कार्य, लगानी एवं खर्चहरूको विवरण नियमित रुपमा सार्वजनिक गर्ने (जस्तैः वेबसाइट, सूचनापाटी, सार्वजनिक सुनुवाइ),
- गुनासो सुन्ने संयन्त्रलाई प्रभावकारी बनाउने र प्राप्त पृष्ठपोषण तथा सुझावहरूलाई कार्यक्रम सुधारमा प्रयोग गर्ने ।

१४. **कार्यालयको आधुनिकीकरण र जनशक्तिको क्षमता अभिवृद्धि गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउने**

**कार्यनीतिहरूः**

- डिभिजन वन कार्यालय तथा मातहतका कार्यालयहरूलाई आधुनिकिकरण गरी प्रविधि मैत्री सेवा प्रवाह गर्नका लागि विद्युतीय प्रणालीमा (जस्तैः अनलाइन दर्ता, अभिलेख व्यवस्थापन प्रणाली) आवद्ध गर्ने र लेखा अभिलेख अद्यावधिक गर्ने,

- वनकर्मीहरू र सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारीहरूको क्षमता अभिवृद्धिका लागि नेतृत्व विकास, कानूनी ज्ञान, लेखा प्रणाली, वन व्यवस्थापनका आधुनिक प्रविधि र द्वन्द्व समाधान सम्बन्धी नियमित तालिम, कार्यशाला र अध्ययन भ्रमणको व्यवस्था गर्ने,
- वन क्षेत्रमा आवश्यक पर्ने आधुनिक मेसिन, औजार र उपकरणहरू (जस्तैः जी.आई.एस. संग सम्बन्धित उपकरण, ड्रोन, वन डढेलो नियन्त्रण उपकरण) को व्यवस्था गरी प्रयोगमा ल्याउने,
- राष्ट्रिय वन क्षेत्रको आधिकारिक नक्शा (Digital Map) तयार गर्ने कार्यको थालनी गर्ने र जिल्लाको वन क्षेत्रको अद्यावधिक तथ्याङ्क (जस्तैः वनको क्षेत्रफल, घनत्व, प्रजातिगत वितरण) सङ्कलन गर्ने,
- वन सम्बन्धी सूचना र तथ्याङ्कलाई सर्वसाधारणका लागि पहुँचयोग्य बनाउन वेबसाइट वा अन्य डिजिटल प्लेटफर्म विकास गर्ने,
- सेवा सञ्चालन सहज गराउनका लागि डि.व.का. तथा मातहतका कार्यालयहरूको भौतिक पूर्वाधार (कार्यालय भवन, आवास, नर्सरी) निर्माण तथा मर्मत गर्ने ।

# भाग ६

## वनको सिमांकन

समुन्द्र सतहबाट ३१८ मिटर देखी ३०१८ मिटर उचाईसम्म रहेको काभ्रेपलाञ्चोक जिल्लाको पुर्व-पश्चिमी भाग उत्तर-दक्षिणी भागको तुलनामा बढी फराकिलो रहेको छ (श्रोतः https://daokavrepalanchok.moha.gov.np) । जिल्लाको मध्य तथा उत्तरी भागमा महाभारत पर्वत श्रृंखलाहरु रहेको तथा पहाडी उपत्यका, फाँट तथा मैदानहरु उर्वर कृषि भूमिको रहेका छन् । जिल्लाको अधिकांश भू-भाग भिरालो र कडा चट्टानयुक्त रहेको छ । यस जिल्लामा साविकको जिल्लाको जम्मा क्षेत्रफल १,४०,४८६ हेक्टर सिमांकन गरेको पाइन्छ । भने वन क्षेत्र(झाडी बुट्यान समेत) ७५८७१.३ हेक्टर (५३.४३ प्रतिशत) रहेको छ (डि.एफ.आर.एस./एफ.आर.ए, डिसेम्बर, २०१५) । यस जिल्लाको वनको किसिमलाई भू-बनोट, उचाई र प्रजाती तथा व्यवस्थापनको पद्धतीका आधारमा वर्गिकरण गरिएको छ ।

तालिका नं. ११: स्थानीय तह अनुसार वनले ढाकेको क्षेत्रफल

| सि.नं. | स्थानीय तहको नाम | स्थानीय तहगत क्षेत्रफल | | | जिल्लागत क्षेत्रफल (प्रतिशत) | कैफियत |
|---|---|---|---|---|---|---|
| | | क्षेत्रफल (वर्ग कि.मि.) | वनको क्षेत्रफल (वर्ग कि.मि.) | प्रतिशत | | |
| १ | भुम्लु गाउँपालिका | ९१.१३ | ४१.३५ | ४५.३७ | ३.२३ | |
| २ | चौरीदेउराली गाउँपालिका | ९७.४६ | २९.९७ | ३०.७५ | २.१३ | |
| ३ | खानीखोला गाउँपालिका | १३१.१८ | १०२.६ | ७८.२१ | ७.३१ | |
| ४ | महाभारत गाउँपालिका | १८५.३१ | १३८.५४ | ७४.७६ | ९.८७ | |
| ५ | नमोबुद्ध नगरपालिका | १०१.९८ | ३८.६७ | ३७.९२ | २.७६ | |
| ६ | तेमाल गाउँपालिका | ८८.४९ | २५.५२ | २८.८४ | १.८२ | |
| ७ | मण्डनदेउपुर नगरपालिका | ८८.३ | २४.४५ | २७.६९ | १.७४ | |
| ८ | पाँचखल नगरपालिका | १०२.५४ | ४०.१५ | ३९.१६ | २.८६ | |
| ९ | धुलिखेल नगरपालिका | ५४.४२ | १६.६४ | ३०.५८ | १.१९ | |
| १० | बनेपा नगरपालिका | ५४.४ | २२.३ | ४०.९९ | १.५९ | |
| ११ | पनौती नगरपालिका | ११७.७५ | ७२.४३ | ६१.५१ | ५.१६ | |
| १२ | रोशी गाउँपालिका | १७५.६१ | ११३.८७ | ६४.८४ | ८.११ | |
| १३ | बेथानचोक गाउँपालिका | १००.६४ | ७८.८६ | ७८.३६ | ५.६६ | |

श्रोतः https://frtc.gov.np/Department of Forest Research and Survey

### ६.१ वनको प्रकार (फरेष्ट टाईप)

### ६.१.१ भू-उपयोगिता तथा भू-बनोटको आधारमा वनको प्रकार

बागमती प्रदेश अन्तर्गतका १३ वटा जिल्लाहरु मध्येको एक पहाडी जिल्लामा पर्ने काभ्रेपलाञ्चोक जिल्लाको कुल क्षेत्रफल १,४०,४८६ हेक्टर रहेको छ । समुन्द्र सतहबाट ३१८ मिटर (साल्मेचाकल कोखाजोर खोला आसपास सिक्रेदोभान) देखि ३,०१८ मिटर (नारायणस्थान डाँडा बेथानचोक गा.पा.) सम्मको उचाईमा यो जिल्ला अवस्थित छ । एल. आर. एम. पि., १९७८ का अनुसार ७८,८७० (५६.१०%) हेक्टर वन क्षेत्र (वन, झाडी र चरणक्षेत्र), ६१,५४(४३.८%) हेक्टर कृषि योग्य भूमि र २६८० (०.१%) अन्य क्षेत्र (बस्ती, नदीनाला र बाटो आदि) क्षेत्रले ढाकेको छ ।

### ६.१.१.१ भौगोलिक अवस्था तथा बनौट (Configuration of the Ground)

यस जिल्लाको कूल क्षेत्रफल १,४०,४८६ हेक्टर रहेको छ र सो क्षेत्रको उपयोगिताको विवरण तल उल्लेख गरिएको छ ।

तालिका नं. १२: माटो र भिरालोपनाको आधारमा जमिन

| सि.नं. | माटो | भिरालरोपना | क्षेत्रफल | वस्ती |
|---|---|---|---|---|
| १ | समथर गहिरो | १° | २.७६% | ५ % |
| २ | समथर गहिरो | २° - ५° | २.६३% | ३.५% |
| ३ | ५०-१०० से.मि. | ६° - ३०° | ४०.९९% | ६२ % |
| ४ | २० से मि | ३१° - ४०° | ५०.१७% | २९ % |
| ५ | २० से मि भन्दा कम | ४१° - ५०° | ३.०४% | १ % |
| ६ | नदिको सतह | | ०.७१ % | २.७६% |

### ६.१.२ प्रजाती बाहुल्यताको आधारमा वनको किसिम

यस जिल्लामा रहेको बस्ती नजिकका अधिकांश वनहरु सामुदायिक वनको रुपमा स्थानीय समूहलाई हस्तान्तरण गरिएको छ । स्थानीय उपभोक्ताहरुको सकृय सहभागितामा वन व्यवस्थापन कार्य भैरहेको वनको अवस्थामा विस्तारै सुधार आउदैछ र वन मौज्दात (Growing stocking) पनि सन्तोषजनक देखिएको छ । हाल आएर डिभिजन वन कार्यालयको ध्यान सा.व. तथा कबुलियति वन व्यवस्थापनमा केन्द्रित रहेको र मानविय श्रोत सिमित तथा भौगोलिक विकटता रहेकोले दुर्गम ठाँउमा रहेको सामुदायिक वन बाहेकका सरकारी वनको व्यवस्थापन कार्य प्रभावकारी हुन सकिरहेको छैन । त्यसैगरी कबुलियती वन विकास कार्यक्रम अन्तर्गत गरिवीको रेखामुनिका साना किसानलाई हैसियत विग्रेको वन क्षेत्र हस्तान्तरण गर्ने पहिलो प्राथमिकताको कार्यक्रममा समावेश गरेको छ । बागमती किनार, सुनकोशी किनार र अन्य नदि किनारको ठाउँ-ठाउँमा खयरको राम्रो पुनरुत्पादन भई लाथ्रा र पोल साइजको खयरको वन देखिन्छ । यस जिल्लामा हावापानीको विविधताको साथसाथै धरातलिय उचाई र बनौट पनि फरक रहेकोले वनको किसिम पनि फरक फरक पाईन्छ । यस जिल्लामा पाईने वनका प्रमुख किसिमहरु निम्नानुसार छन् ।

**क. साल**

खासगरी साल्मेचाकल, कटुञ्जे र महादेवस्थान सव डिभिनज वन कार्यालय क्षेत्रमा वनको प्रचुरता रहेको छ । जसमा साल (Shorea robusta), अस्ना (Terminalia tomentosa), बोटधएरो (Largerstroemia parviflora), खयर (Acacia catechu) आदी पाइन्छ ।

**ख. साल/सल्ला मिश्रित वन**

यस प्रकारको वन जिल्लाका सबै क्षेत्रमा देखिएको छ । यो वन प्राकृतिक अवस्थामा करिब १२०० मिटर सम्म पाइएको छ । साथै साल (Shorea robusta), अस्ना (Terminalia tomentosa), खोटेसल्ला (Pinus rox burghii), पाटेसल्ला (Pinus patula) आदिको वृक्षारोपण क्षेत्रमा समेत सालका नयाँ विरुवाहरु देखिन थालेका छन् ।

**ग. सल्ला वन**

तल्लो भेगमा खोटेसल्ला (Pinus roxburghii) मध्ये भागमा गोब्रेसल्ला (Pinus wallichiana), पाटेसल्ला (Pinus patula) आदि र माथिल्लो भेगमा ठिग्रे सल्ला (Tsuga dumosa), तालिसपत्र (Abies specatilis), लौठसल्ला (Taxus baccata) आदि ।

**घ. कटुस/चिलाउने वन**

यस प्रकारको वन जिल्लाको उपोष्ण क्षेत्रहरुमा १५०० मिटर सम्म देखिएको छ । जसमा कटुस (Castanopsis spp.) र चिलाउने (Schima wallichii) आदि प्रजाति पाइन्छ ।

**ङ. उच्च पहाडी मिश्रित वन**

यस प्रकारको वन उच्च पहाडी क्षेत्रमा पाइएको छ । यसमा मुख्य प्रजातीहरुमा बाँझ (Quercus incana), खस्रु (Quercus leucotricophora), गोब्रेसल्ला (Pinus wallichiana), ठिंग्रेसल्ला (Tsuga dumosa), गुराँस (Rhododendron species) आदि हुन् ।

## ६.१.३. भौगोलिक बनौट र जिल्लाको अवस्थिति

बागमती प्रदेश अन्तर्गत बागमती अञ्चलमा पर्ने यो जिल्लाको सदरमुकाम धुलिखेल काठमाण्डौं जिल्लाबाट ३० कि.मी. पूर्वमा अवस्थित छ । यो जिल्लाको सबैभन्दा होचो ठाउँ साल्मेचाकल कोखाजोर खोला आसपास समुन्द्री सतहबाट ३१८ मी. उचाई रहेको छ भने सबैभन्दा अग्लो ठाउँ बेथानचोक डाँडा (महाभारत लेक) - उचाई ३०१८ मी. रहेको छ । जिल्लाको औषत पूर्व-पश्चिम लम्बाई ४२.०५ कि.मी. छ भने औषत उत्तर-दक्षिण चौडाई ३५.४२ कि.मी. रहेको छ ।

**१. पहाडी भू-भाग**

यस जिल्लाको प्राय ८५% भाग पहाडी धरातलले भरिएको छ । महाभारत श्रृंखलाभित्र पर्ने यी क्षेत्रहरुको भौगर्भिक तथ्यलाई हेर्दा दक्षिणतर्फ स्याण्ड स्टोन र कङ्गलोमरेट (Sand stone & conglomerate) ले वनेको सिवालिक समूह, जो चाँडो क्षयिकरण हुन सक्ने खालको छ, जसमा भू-क्षय बढि प्रभावशाली हुन्छ यसैगरी फुलचोकी क्षेत्रमा काठमाण्डौं ग्रुप (Kathmandu Group) का कमजोर खालको फाईलाट्स, स्लेट, शिष्ट, शेल र चुनढुङ्गा (Phyullites, State, Schits, Shale and Limestone) ले गरिएको छ । यसैगरी कहींकही कडा खालका क्वार्डजाईट र ग्रेनाईट (Quartzite & Granites) जस्ता चट्टानहरु पाइन्छन् । यसैगरी जिल्लाको उत्तर र पूर्वि भागमा कमजोर खालका काठमाण्डौं ग्रुप (Kathmandu Group) जस्ता चट्टानहरु पाइएको छ । उत्तरमा रोशी, सुनकोशी र दक्षिणमा वागमती एवं कोखाजोर नदी क्षेत्र विचमा रहेका भु-भागमा प्राय सबै खोलाहरु दक्षिणतर्फ बगेका छन् । काभ्रेपलाञ्चोक जिल्ला समुन्द्रि सतहबाट ३१८ मि.(१०८३ फिट) देखि ३०१८ मी. (९८९९ फिट) उचाइमा रहेको भु-भाग बेथानचोक नारायणथुम्का (९८९९ फिट), गजराज थुम्का (९८७९ फिट) र चौवासको डाँडा (७५८० फिट) पर्दछन् । सेन्डाल लेक (६५८९ फिट), तिमाल डाँडा (६९१७ फिट), फुलवारी डाँडा (६००५) फिट), शारदा देवीस्थान (५८८७ फिट), काभ्रे देवीस्थान (५५३३ फिट), पलाञ्चोक डाँडा (४८८७ फिट) आदि अन्य डाँडा थुम्काहरु छन् । यस क्षेत्रमा वन क्षेत्र प्रशस्त भएको र पशुपालनको सम्भावना रहेको छ ।

### २. बेसी टार र फाँटहरुः-

बेसी टार र फाँटहरु समुन्द्री सतहदेखि करिव ३७५ मिटर उचाइदेखि १२१९ मिटर (३९९९ फिट) सम्मको उचाइमा रहेका छन् । यी वेंसीहरुले जिल्लाको २० प्रतिशत भुभाग ढाकेका छन् । जसमा पाँचखाल, बनेपा, पनौती उपत्यका, भकुण्डेवेंसी, दाप्चावेसी र मंगलटार, धाइटार, कुन्तावेंसी, हल्देटार, र जोगीटार, रानिटार, माजिमटार, सानो बल्देउ आदि पर्दछन् । यी मध्ये उत्पादन र उत्पादकत्वका दृष्टिले महादेवस्थान, बनेपा, पाँचखाल, पनौति खोपासी र नाला ज्यादै महत्वपुर्ण छन् । जिल्लाको करिव ८२.५५ प्रतिशत कृषककहरुको खेत २ हेक्टर वा सो भन्दा कम क्षेत्रफल पर्न आउँछ भने करिव १६.५५ कृषककहरुसंग ०.५ हेक्टर वा सो भन्दा कम जग्गा पर्दछ । ०.२५ कृषककहरुसंग १० हेक्टर वा सो भन्दा बढि क्षेत्र आकारका जग्गाहरु पर्दछन् । जग्गाको वितरण प्रणालीलाई हेर्ने हो भने ८५.५५ प्रतिशत घरमुलीको भागमा ५४.२५ जमिन पर्न आउँछ । त्यस्तै गरी १७.५५ घरमुलीको भागमा ४५.५८ जमीन पर्दछ । जमीन धेरै टुक्रामा विभक्त रहेको देखिन्छ भने यस जिल्लामा करिव ९६ प्रतिशत जमिन कृषकहरु आफैले कमाएका छन् र ३.१४ कृषकहरुको मिश्रित प्रणालीमा पर्दछ भने ०.४५ जमीनमा मोहियानी लागेको देखिन्छ । कृषि वालीको दृष्टिकोणले यो क्षेत्र महत्वपूर्ण रहेको छ । PDDP and DDC, Kavrepalanchok, Resource Mapping Report Kvrepalanchok District अनुसार यस जिल्लाको भौगोलिक अवस्था निम्नानुसार रहेको छ ।

तालिका नं. १३: जिल्लाको भौगोलिक अवस्था

| S/N | Land form type | Area (Sq. Km) | % Distribution |
|---|---|---|---|
| 1 | Alluvial Plains and Fans (Depositional) | 51.14 | 3.61 |
| 2 | Ancient Lake and River Terraces (Tars, Erosional) | 35.53 | 2.51 |
| 3 | Fans, Aprons and Ancient River Terraces (Tars) | 1.33 | 0.09 |
| 4 | Moderately to Steeply Sloping Hilly and Mountainous Terrain | 3.87 | 0.27 |
| 5 | Moderately to Steeply Sloping Mountainous Terrain | 579.62 | 40.95 |
| 6 | Steeply to Very Steeply Sloping Hilly and Mountainous Terrain | 32.77 | 2.31 |
| 7 | Steeply to Very Steeply Sloping Mountainous Terrain | 711.27 | 50.25 |
|  | **Total** | **1415.53** | 100.00 |

श्रोतः जि.व.का. काभ्रे, पञ्चवर्षीय वन व्यवस्थापन योजना, २०६९

## ६.२ स्वामित्वको आधारमा

वन ऐन, २०७६ ले वनलाई राष्ट्रिय वन र निजी वन गरी दुई भागमा विभाजन गरेको छ । साथै राष्ट्रिय वनलाई पुनः चक्ला वन, सरकारद्धारा व्यवस्थित वन, वन संरक्षण क्षेत्र, साझेदारी वन, सामुदायिक वन, कवुलियती वन र धार्मिक वन गरी ७ प्रकारमा बाँडेको छ । यस जिल्लामा स्वामित्वको आधारमा चक्ला वन र साझेदारी वन बाहेकका सबै खाले वनहरु रहेका छन् ।

### ६.२.१ राष्ट्रिय वन

नेपाल सरकारको स्वामित्वमा रहेको सम्पूर्ण वन क्षेत्रलाई राष्ट्रिय वनको रुपमा विभिन्न वन ब्यवस्थापन पद्धती अन्तर्गत ब्यवस्थापन गरिएको छ । यस कार्यालयमा भएको तथ्याङ्क, विवरण र स्थलगत रुपमा संकलन गरिएको तथ्याङ्क अनुसार वन व्यवस्थापनको दृष्टिकोणले यस जिल्लाको राष्ट्रिय वनलाई निम्न अनुसार ब्यवस्थापन गरिएको छ ।

### ६.२.१.१ सरकारद्धारा व्यवस्थित वन

जिल्लाको उपलब्ध तथ्याङ्क अनुसार यस जिल्लामा भएको कुल वन क्षेत्र(झाडी बुट्यान र घाँसे चौर समेत) ७५८७१.३ हेक्टर मध्ये बुट्यान र घाँसे चौर (३७५१.४५ हेक्टर) समेत सरकारद्धारा व्यवस्थित गर्नुपर्ने वन क्षेत्र ५१,२६७.६५ हेक्टर देखिन आउँछ । तर वन विभागमा प्रस्तुत हुँदा पाएको सुझावमा डि.एफ.आर.एस./एफ.आर.ए. को तथ्याङ्कलाई अधिकारिक रुपमा मान्नु पर्ने भए बमोजिम जिल्लाको १४०४ वर्ग कि.मि. (१४०४८६ हेक्टर) क्षेत्रफल मध्ये वन क्षेत्र ७३०७५.५ हे., झाडी वन क्षेत्र ७०७.३ हे., ५ देखि १० प्रतिशत रुखको छत्र घनत्व भएको वन क्षेत्र २०८८.५ हे. र अन्य भूमी ६४६१४.७ हे. रहेको छ । यसको अधिकाँस भाग महाभारत क्षेत्रमा पर्दछ ।

### ६.१.१.२ वन संरक्षण क्षेत्र

यस जिल्लामा वन ऐन २०७६ अनुसार घोषित गोदावरी फुल्चोकी वन संरक्षण क्षेत्र घोषणा गरिएको छ । काभ्रेको पनौती नगरपालिका वडा नं. १ र २ अन्तर्गत फुल्चोकी डाँडा देखि भर्याङ खोल्सी र पानीघाट खोल्सी हुँदै काभ्रेको गोदावरी फुल्चोकी वन संरक्षण क्षेत्र घोषणा भएको छ । जसमध्ये गोदावरी फुल्चोकी वन संरक्षण क्षेत्रले काभ्रेपलाञ्चोक जिल्लाको क्षेत्रफल ५०.५३ हेक्टर ओगटेको छ । जिल्ला विकास समितिको Resource Mapping Report Kabhrepalanchok District July 2002 का अनुसार यस जिल्लामा यस्तो वन संरक्षण क्षेत्र सम्भावित क्षेत्र ५०४० हेक्टर रहेको छ ।

### ६.१.१.३ सामुदायिक वन

यस जिल्लाको वन संरक्षणमा स्थानीय उपभोक्ताहरुले अपनाएका श्यामपाटी -२ को पाण्डे पाठक वनमा लगाइएको ढुंग्रेपालोको चलन, कुशादेवी-१ को बाउसे वनमा मानापाथी भरीपाले राख्ने चलन, काभ्रे- ४ को भण्डारखर्क वनमा रहेको थारो (ढुंगो) बाँध्ने चलन परंपरागत वन व्यवस्थापन प्रणाली (Indigenous Forest Management System) का केही उदाहरणहरु हुन् । जिल्लाका अधिकांश वनहरुमा यस्तै कुनै न कुनै चलन अपनाइएबाट प्रभावित चौतारा वन डिभिजनले फूलवारी - ८ को बाँसखर्क वन लगायतका केही वनका उपभोक्ताहरुलाई २०३८ सालमा नै वन संरक्षण अनुमति पत्र प्रदान गरेदेखि नै सामुदायिक वनको शुरुआत भएको पाईन्छ । वि.सं ०४५/०४६ मा वन विकास गुरु योजना (२५ वर्षे) तयार भई सामुदायिक वन विकास कार्यलाई प्राथमिकताको कार्यक्रममा राखी कार्यक्रमहरु शुरु भएपछि सामुदायिक वन हस्तान्तरण गर्ने कार्यमा तिब्रता आयो ।

S.M. Tamrakar / De Von Nelson, १९९१ का अनुसार यस जिल्लामा २६९१२.१५ हे. वन क्षेत्र सम्भावित सामुदायिक र कवुलियति वनको रुपमा देखाईएपनि आ.व. २०८०/०८१ सम्म ५८३ वटा सामुदायिक वन उपभोक्ता समूहहरुलाई ३१११४.२४ हे.(सामुदायिक वनको नविकरण गर्दा थप भएको क्षेत्रफल समेत गरी) वन क्षेत्र हस्तान्तरण गरिसकिएको छ । S.M. Tamrakar / De Von Nelson, १९९१ ले तयार गरेको आँकडा अनुसार सरकारद्धारा व्यवस्थापन गरिएको वन क्षेत्र मध्येबाट सामुदायिक वनको रुपमा हस्तान्तरण गर्न बाँकी रहेको नदेखिएता पनि खाली पर्ति जग्गामा वृक्षारोपण गरी सामुदायिक वनको रुपमा हस्तान्तरण गर्दै आएको हुंदा त्यस्तो खाली, पर्ति बाँझो जग्गा समेत गरी ३१६८०.१५ हेक्टर जग्गा सामुदायिक वनको रुपमा हस्तान्तरण गर्न सकिने देखिन्छ । यो तथ्यांक अनुसार यस जिल्लामा ५६६ हेक्टर वन क्षेत्र सामुदायिक वनको रुपमा हस्तान्तरण हुन बाँकी रहेको देखिन्छ र ३६२.१४ हे. कवुलियति वनको रुपमा अझै हस्तान्तरण गर्न सकिने सम्भावना रहेको छ।

तालिका नं. १४: स्थानिय तह अनुसार सामुदायिक वन हस्तान्तरणको अवस्था

| क्र.सं. | स्थानीय तहको नाम | हस्तान्तरित सा.व. | | | हस्तान्तरीत सा. व. मा आवद्ध | | | | पालिका अनुसार लाभान्वित घरधुरी | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | हस्तान्तरण हुँदाको क्षेत्रफल (हे.) | नविकरण पछी कायम भएको क्षेत्रफल (हे.) | घरधुरी | महिला | पुरुष | जम्मा | | |
| १ | धुलिखेल | ३७ | ८७०.०७ | ८११.३४ | ३१८३ | ८९७४ | ९५५७ | १८५३१ | ३७.१४ | |
| २ | बनेपा | ४७ | १५६२.५६ | १३६०.६५ | ६०२९ | १७८२७ | १६८६२ | ३४६८९ | ३६.११ | |
| ३ | पाँचखाल | ५५ | २७६७.५४ | २९३३.०८ | ७९०६ | २१८५० | २२४१२ | ४४२६२ | ८६.५७ | |
| ४ | मन्डनदेउपुर | ५४ | १५९३.०१ | १६१६.७२ | ५६५३ | १६७४४ | १६८४५ | ३३५८९ | ७१.३४ | |
| ५ | नमोबुद्ध | ७० | २०९५.४ | २२४८.६३ | ६३७८ | १८२७४ | १८५६२ | ३६८३६ | ८९.२३ | |
| ६ | पनौती | ६५ | १६९४.४३ | १८७३.०८ | ८६२४ | २१५६४ | २१८२५ | ४३३८९ | ६७.३४ | |
| ७ | बेथानचोक | ३३ | ३२८६.८३ | ४७७९.८४ | ४६३६ | १२७५२ | १२२४५ | २४९९७ | १२०.०७ | |
| ८ | खानीखोला | २७ | २०७३.९३ | २१२०.०८ | १४९९ | ५२८३ | ५४३५ | १०७१८ | ६२.५१ | |
| ९ | रोशी | ४७ | २५३७.५२ | २५२९.८८ | ३३०९ | ९७९६ | १०२५४ | २००५० | ५४.४७ | |
| १० | तिमाल | २६ | ५०३.३८ | ५६२.६८ | २३१४ | ८५५७ | ८१४० | १६६९७ | ४७.५३ | |
| ११ | महाभारत | ६१ | ५९७२.०५ | ६६९०.६३ | ४२३२ | १४०४१ | १४५०३ | २८५४४ | १३३.३३ | |
| १२ | भुम्लु | ३९ | १८७४.२ | २०१७.७२ | ४०१७ | १०४९५ | १०२९३ | २०७८८ | ८८.९१ | |
| १३ | चौरीदेउराली | २२ | ११६५.५५ | १५८३.२ | २०७४ | ६९९४ | ७३८० | १४३७४ | ४९.९० | |
| **जम्मा** | | **५८३** | **२७९९६.४७** | **३११२७.५३** | **५९८५३** | **१७३१५१** | **१७४३१३** | **३४७४६४** | **६५.५३** | |

## ६.१.१.४ कवुलियति वन

यस जिल्लामा गरिबीका रेखामुनिका स्थानीय बासिन्दालाई समूह बनाएर वन क्षेत्र हस्तान्तरण गर्ने कवुलियती वन विकास कार्यक्रम लागु भइरहेको छ । राजधानीबाट नजिक, शिक्षा, स्वास्थ्य, यातायात लगायतका भौतिक पूर्वाधारहरुमा अपेक्षाकृत विकास भएको देखिएको भएता पनि यस जिल्लाका खासगरी डाँडापारी (मिल्चे, गोकुले, साल्मे, साल्धारा, फलामेटार, घर्तिछाप, डाँडागाउँ, बुढाखानी), कुशादेवी, रयाले, अनैकोट, महादेवस्थान, खरेलथोक, चलाल गणेशस्थान, मेथिनकोट, कटुञ्जे, बुढाखानी, देविटार, नाल्दुम, रविओपी, उग्रचण्डी नाला, बालुवापाटी लगायत जिल्लाको आधा भन्दा बढी क्षेत्रहरुमा उत्पादनमूलक कृषि भूमिको कमी तथा वैकल्पिक रोजगारी एवं जिविकोपार्जनका पर्यास श्रोत नभएको हुँदा गरिबी विद्यमान छ । तसर्थ यो जिल्ला कबुलियती वन तथा पशु विकास कार्यक्रम संचालनका लागि उपयुक्त जिल्ला मध्ये एक हो भन्न सकिन्छ।

## ६.१.१.५ गरिवका लागि हस्तान्तरित कबुलियति वन क्षेत्र

काभ्रेपलान्चोक जिल्लामा कबुलियती वन विकास कार्यक्रम पहाडी कबुलियती वन तथा चरण विकास आयोजनाको प्रथम चरण आ.व. ०४९।०५० देखि नै सञ्चालन भएको हो । आ.व.०४९।०५० मा रविओपी गा.वि.स. वडा नं. ३ को भष्मेपाखा कबुलिती वन र अल्छेचौर कबुलिती वन स्थानीय किसानलाई सुम्पिएको नेपालकै पहिलो कबुलियती वनहरु हुन् । गरिव समुदायलाई कबुलियती वन हस्तान्तरण गर्ने काम आ.व. ०६७।०७८ सम्म मात्र भएको र शुरु देखि तवसम्म ४१५ वटा कबुलिती वन समूहका ४२६६ घरधुरीहरुलाई २५४४.५ हेक्टर वन क्षेत्र हस्तान्तरण गरिसकिएको छ । पुनः आ.व. २०७१।०७२ देखि

नयाँ समूह गठन गरी गरिवका लागि कबुलियती वन हस्तान्तरण गर्ने कार्य भएकाले आ.व.२०७३।०७४ सम्ममा थपिएको २५ वटा समूह समेत गरी ४४० वटा कबुलिती वन समूहका ४५९७ घरधुरीका २९०५७ जनसंख्याहरुलाई २६८१.८० हेक्टर वन क्षेत्र हस्तान्तरण गरिएको छ । स्थानीय तह अनुसार हस्तान्तरित कबुलियती वन समूहको विस्तृत विवरण तालिका १८ मा दिइएको छ भने शारांस तलको तालिकामा दिईएको छ ।

**उद्देश्यहरु**

- घरायसी आवश्यकता पूर्ति एवं वातावरण संरक्षणको लागी कवुलियती वनको व्यवस्थापन गर्ने ।
- घरायसी खाद्यान्न र आवश्यकता पूर्ति गर्न र आय आर्जन गर्न पशुपालन मार्फत योगदान बढाउने ।
- कवुलियती वन समूहमा आवद्ध किसानहरुलाई दिगो रुपमा वित्तिय सेवा दिनसक्ने संस्थाहरुको रुपमा कवुलियती वन समूह र ग्रामिण वित्तिय संघहरुको स्थापना गर्ने ।
- कवुलियती वन विकास कार्यक्रमलाई गरिवी न्यूनिकरण गर्ने कार्यक्रमको रुपमा लैङ्गिक संवेदनशिल ढङ्गले कार्यान्वयन गर्न सरकारी विकास गर्ने रहेका छन् ।

तालिका नं. १५: हालसम्म हस्तान्तरण भएका कबुलियती वनहरु

| क्र.सं. | स्थानीय तहको नाम | हस्तान्तरित क.व. | | हस्तान्तरित क.व. मा आवद्ध | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | हाल क्षेत्रफल(हे.) | घरधुरी | महिला | पुरुष | जम्मा | |
| १ | धुलिखेल | २१ | ६२.४८ | २२९ | ६१८ | ६२६ | १२४४ | |
| २ | बनेपा | ३३ | १५१.३५ | ४१२ | १०८५ | ११९३ | २२७८ | |
| ३ | पाँचखाल | ३६ | १७८.७८ | २७४ | ७६० | ७५५ | १५१५ | |
| ४ | मन्डनदेउपुर | १० | ४३.६४ | १०४ | २९३ | २८८ | ५८१ | |
| ५ | नमोबुद्ध | ३४ | १४९.३८ | ३८० | १०६७ | १०८९ | २१५६ | |
| ६ | पनौती | ५१ | ३७७.३१ | ५३६ | १६६० | १६३६ | ३२९६ | |
| ७ | बेथानचोक | ५ | ३०.०० | ३१ | १०७ | १०० | २०७ | |
| ८ | खानीखोला | १५५ | ८९०.४ | १४८० | ४५५८ | ४७९२ | ९३३८ | |
| ९ | रोशी | ३७ | २२८.८ | ४९८ | १५४० | १५३८ | ३०७८ | |
| १० | तिमाल | ० | ०.०० | ० | ० | ० | ० | |
| ११ | महाभारत | ७८ | ४३७.४४ | ८४७ | २७९६ | ३०४५ | ५८४१ | |
| १२ | भुम्लु | ० | ०.० | ० | ० | ० | ० | |
| १३ | चौरीदेउराली | ० | ०.० | ० | ० | ० | ० | |
| **जम्मा** | | **४६०** | **२५४९.५८** | **४७९१** | **१४४८४** | **१५०६२** | **२९५३४** | |

(श्रोतः वार्षिक प्रगती प्रतिवेदन २०८०।०८१, डि.व.का.,काभ्रेपलाञ्चोक)

## ६.१.१.६ धार्मिक वन

यस जिल्लामा हालसम्म एउटा मात्र वन धार्मिक समुदायलाई हस्तान्तरण भएको छ । त्यो धार्मिक वन मुक्तिश्वर महादेवको नामले साविक ढुंखर्क ६ मा १.६७२ क्षेत्रफल ओगट्ने गरी बनेको छ । तर विभिन्न ठाउँमा वन क्षेत्रमा मठ मन्दिरहरु रहेको छ । कतिपय ठाउँमा मन्दिर रहेको वन क्षेत्र सामुदायिक वनको रुपमा हस्तान्तरण भएको र सो वनको नाम मन्दिरको नाउँमा नै राख्ने गरेको छ । सामुदायिक वनको रुपमा हस्तान्तरण भएतापनि मन्दिर

वरिपरीको रुख विरुवा नकाट्ने, संरक्षण गर्ने र धार्मिक कार्य बाहेक अन्य काममा उपभोग गर्न नहुने स्थानिय बासिन्दाको भनाइ रहेको छ ।

### ६.१.१.७ साझेदारी वन

यस जिल्लामा गाउँ बस्ती छेउँ छाउको पहुँच पुगेको वन क्षेत्र सामुदायिक वन तथा कवुलियती वनको रुपमा हस्तान्तरण कार्य भइरहेको र साझेदारी वनको नीति अनुरुपको वन व्यवस्थापन गर्न यस जिल्लामा तराईमा जस्तो घना चक्ला (Dense/intact and block) वन क्षेत्र नभएकाले साझेदारी वनको सम्भावना देखिदैन ।

### ६.१.१.८ सार्वजनिक जग्गा

यस जिल्लामा गा.पा./न.पा. गाउँबस्ती तथा बाटोघाटो, खोलानाला आदि छेउछाउमा स-सना सार्वजनिक क्षेत्रहरु रहेका छन् । गाउँलेहरुले विभिन्न प्रयोजनमा उपभोग गरेका ति स्थानमा वन क्षेत्र विस्तार गर्न सकिने भएपनि स्थानीय तह(गाउँपालिका र नगरपालिका) को ध्यान नपुगेकाले यस जिल्लामा सार्वजनिक वनको विकास भएको छैन । काभ्रेपलाञ्चोक जिल्लाको १३ वटै स्थानीय तहमा भएको सार्वजनिक जग्गाको विवरण अनुसुची १० मा दिएको छ । अनुसुची १० मा उल्लेख गरिएको तथ्याङ्क मालपोत कार्यालय काभ्रेपलाञ्चोकबाट प्राप्त तथ्याङ्कलाई एकत्रित गरी साराशं क्षेत्रफल प्रस्तुत गरिएको हो । यस विवरणमा अन्यथा भएमा मालपोत कार्यालय काभ्रेपलाचोकको तथ्याङ्कलाई आधिकारीक मानिने छ । यसको विस्तृत विवरण ठेगाना, कित्ता नं., क्षेत्रफल इत्यादी सहितको एक प्रति छाँयाप्रती फाईल डिभिजन वन कार्यालयमा सुरक्षित राखिएको छ । सार्वजनिक वनको विकास, संरक्षण, सम्बर्द्धन र सदुपयोग गर्ने अधिकार स्थानीय तहलाई रहेको छ ।

## ६.१.२ निजी वन

यस जिल्लामा निजी आवादीमा सल्ला, उत्तिस, मलेदो, चिलाउने, कटुस, लप्सी, सिमल आदि प्रजातिका रुखहरु प्राकृतिक रुपमा नै आई प्रशस्त मात्रामा हुर्के बढेको पाइन्छ भने अष्ट्रेलियन सरकारको सहयोगमा संचालित सामुदायिक वन विकास कार्यक्रम अन्तर्गत जिल्लाभरि नै विभिन्न ठाउँमा संचालित नर्सरीहरुबाट विरुवा लगी वृक्षारोपण गरी हुर्काइ बढाएका सल्लाका निजी वन छन् । निजी वन क्षेत्रबाट आफूलाई आवश्यक पर्ने काठ, दाउरा, घाँसपातको आपूर्ति गर्नुका साथै धुलिखेल, बनेपा, पनौती, पाँचखाल जस्ता शहरी क्षेत्रमा स्थापना भएका फर्निचर उद्योग, प्लाइउड, स:मिलहरुलाई काठ दाउरा आपूर्ति गरी आयआर्जन र रोजगारी सिर्जना भएको छ । यसको साथै राजधानी काठमाण्डौं, ललितपुर, भक्तपुर लगायतका अन्य जिल्लाहरुमा समेत यस जिल्लाबाट केही काठ दाउरा आपूर्ति हुने गरेको छ । त्यस्तै केही कृषकहरुले लौंठसल्ला, बोधिचित्त, कुरिलो आदि जडीबुटी तथा गैह्र काष्ठ वन पैदावार पनि निजी आवादीमा लगाएर आयआर्जन गरिरहेका छन् ।

यस जिल्लामा वन ऐन २०७६ तथा वन नियमावली २०७९ अनुसार हाल सम्म ३८ वटा निजी वनमा ३६.६१ हे. क्षेत्रफल दर्ता भएको देखिन्छ । तर फाटफुट रुपमा आवादी क्षेत्र र छेउछाउका खोल्साखोल्सीमा प्रशस्त निजी वनहरु रहेको छ । निजी वनका रुखहरुबाट आफ्नो आवश्यकता आपूर्तिको साथै विक्री वितरणबाट आयआर्जनको साथै उद्योग धन्दालाई धेरै मात्रामा आपूर्ति भएको छ ।

## ६.२ जियोलोजी (खनिज,चट्टान र माटो) तथा भू-बनोट

यस जिल्लाको अधिकांश भू-भाग महाभारत पहाडी श्रृंखलामा पर्ने भिरालो डाँडा-पाखाले भरिएको छ । केही ठाउँहरु पहाडको चोटी र खोंचहरुमा समथर, मैदानी टार, बेसी, फाँटको रुपमा रहेको छ । यस जिल्लाको ९७.१% भू-भाग मध्य पहाडी क्षेत्रमा पर्दछ भने २.९% सिवालिक क्षेत्रमा पर्दछ । भौगोलिक स्वरुपको आधारमा यस जिल्लालाई दुई भागमा बाड्न सकिन्छ । जिल्लाको जियोलोजी तथा माटोको विवरण निम्न अनुसार उल्लेख गरिएको छ :

### ६.२.१ जियोलोजी

यस जिल्लामा ८०% भन्दा बढि भू-भाग पहाडी महाभारत श्रृंखलामा पर्दछ । भौगोलिक दृष्टिकोणले हेर्दा जिल्लाको दक्षिणी सिवालिक भागमा Sandstone र Conglomerate भएको थोरै क्षेत्र पर्दछ भने महाभारतको पहाडी क्षेत्रमा ठूला-ठूला चट्टान भएको क्षेत्र रहेको छ जसमा Slate, Phyllites, Schits, Shale, Limestone र केही ठाउँमा कडा Quartzite र Granites जस्ता चट्टानहरु रहेको छ (श्रोतः जिल्ला स्तरिय प्रोफाइल, जिल्ला पशु सेवा कार्यालय, काभ्रे-२०६८/०६९) ।

तालिका नं. १६: जिल्लाको विभिन्न क्षेत्रमा पाइने खनिज पदार्थको विवरण

| क्र.सं. | खनिज पदार्थको नाम | पाइने स्थान | कै. |
|---|---|---|---|
| १ | कोइला | कोखाजोर खोला (वन खुचौर), महादेवस्थान खोला, बेलडाँडा खोला (साल्धारा) | |
| २ | मट्टितेल | रतन खोला (च्याम्राङ्वेशी) | |
| ३ | तामा | पाकथली (नाग्रे गगर्चे), पँधेरो, डाँडाटोल (मिल्चे), खारखोला (कलाती भुमिडाँडा), फलामेटार, सानो बाङथली, मझुवा (शिखर अम्बोटे), कोक्का (पोखरी नारायणस्थान) | |
| ४ | चुनढुङ्गा | कुकेली टोल र कामदेउटार (खनालथोक), भोग्टेनी पाखा (साल्धारा), कालखोल्सा, पातखोरिया (कुशादेवी), गुरूङ गाउँ, खारखोल्सा (कलाति भुमिडाँडा), सिलिङ्गे, बागमारे (र्याले), खहरेपाँगु, पनौती र रोशी क्षेत्र, लडकु खोला | |
| ५ | स्लेट ढुँङ्गा | स्वार्ते पाखा (साल्मे चाकल) | |
| ६ | ढुँगा | वन खुचौर, च्याम्राङ्वेशी, ढुँखर्क, रोशी खोला, पात्लेखेत, चलाल गणेशस्थान, कलाति भुमिडाँडा, उग्रतारा जनागाल, जेशिथोक, गैह«ी विसौना, इन्द्रावति | |
| ७ | नुन | रतन खोला (च्याम्राङ्वेशी), घ्याङलेक (भिमखोरी) | |
| ८ | शिशा | भकमिला घारी (च्यामाङ्वेशी), मिल्चे, च्यासिङ्खर्क, शिखर अम्बोटे | |
| ९ | जस्ता | मिल्चे, च्यासिङ्खर्क, शिखर अम्बोटे, | |
| १० | सेरामिक माटो | पनौती र पाँचखाल | |

स्रोतः खानी तथा भू-गर्भ विभागको वार्षिक प्रतिबेदन, २०७०

### ६.२.२ माटो

यस जिल्लाको विविध भू-धरातलिय विविधताले गर्दा विभिन्न प्रकारको माटो पाइन्छ । सामान्यतया बेसी टार र समथर उपत्यकामा रातो माटो पाइन्छ भने मध्य पहाडी क्षेत्रमा चिम्टाइलो माटोको बाहुल्यता रहेको छ । जिल्लाको दक्षिणी चुरे क्षेत्रमा थोरै भाग बोल्डर (Boulder) र बलौटे माटो रहेको छ । त्यसै गरी नदि किनारा क्षेत्रमा पांगो र दोमट माटो रहेको छ (श्रोतः वार्षिक कृषि विकास कार्यक्रम तथा तथ्याङ्क पुस्तिका, जिल्ला कृषि विकास कार्यालय काभ्रे २०६९)।

जिल्लाको मुख्य माटो (Dominant soil) मा Lithic subgroup og 11 and Ustorthents र Typic, Rhodic, Udic, Anthropic, Udic, Anthropic subgroups of Ustrochrepts Dystrocgrepts Haplumbrepts रहेको छ ।

**Soil Texture**

तालिका नं. १७: माटोको खस्रोपना (Soil Texture) को विवरण

| S.N. | Dominant texture Type | Area(Sq. km) | % Distribution |
|---|---|---|---|
| 1 | Frjg mental Sandy | 15.51 | 1.10 |
| 2 | Frangmental Sandy to loam | 5.63 | 0.40 |
| 3 | Loamy | 32.86 | 2.34 |
| 4 | Loamy Skeletal | 1321.45 | 94.09 |
| 5 | Loamy/Bouldery | 29.03 | 2.07 |
| Total | | **1404.48** | **100.0** |

(श्रोत:PDDP and DCC, Kavrepalanchok, Resource Mapping Report Kavrepalanchok District)

## ६.३ जलवायु तथा वर्षा

## क. जलवायु

### हावापानी

हावापानीको दृष्टिकोणवाट जिल्लालाई ३ क्षेत्रमा विभाजन गर्न सकिन्छ जसलाई निम्नअनुसार उल्लेख गरिएको छ ।

तालिका नं.१८: काभ्रेपलाञ्चोक जिल्लाको हावापानीको किसिम

| हावापानी | समुन्द्री सतहबाट उचाई(मि.) | मुख्य क्षेत्रहरु | तापक्रम डिग्री सेल्सियत |
|---|---|---|---|
| अर्ध उष्ण हावापानी(Sub tropical) | १००० भन्दा कम | टारक्षेत्र र पहाडको खोंच बेसी क्षेत्रहरुमा पाइन्छ । जस्तै:-पांचखाल, सुनकोशी नदी किनार, रोशी, उपत्यकाको पूर्वी भाग, सिवालिक क्षेत्र । कृषि तथा पशुपालन व्यवसायको हिसावले महत्वपुर्ण | १४-२८ |
| न्यानो समशितोष्ण(Mild temperate) | १०००-२००० | जिल्लाको धेरै जसो भाग जस्तै:- बनेपा, पनौती उपत्यका, दाप्चा, ढुँखर्क आदि । | १३-२० |
| ठण्डा समशितोष्ण(Cool temperate) | २००० भन्दा बढी | माथिल्लो भाग जस्तै:- चौवास, च्याम्राङवेसी, नगरकोट, पोखरी नारायणस्थान, फूल्चोकी र महाभारत श्रृंखलाका अधिकांश क्षेत्रहरु । चरन क्षेत्र पनि भएको हुनाले पशु व्यवसायमा बख्रापालनको लागि उपयुक्त स्थान मानिन्छ । | ९-२० |

### क) वर्षा र तापक्रम

यस जिल्लामा सवभन्दा वढी पानी जेष्ठ देखि भाद्र महिनासम्म पर्दछ । यस समयमा कूल वार्षिक वर्षाको ८० प्रतिशत वर्षा हुने गर्दछ । बगमती जलाधार क्षेत्रवाट उत्तर तर्फ रोशी जलाधार क्षेत्र हुदै मौसमी वायु बहने हुँदा सबभन्दा बढी वर्षा वागमती जलाधार क्षेत्रमा र रोशी जलाधार क्षेत्र महाभारत श्रृखलाको वृष्टिछायामा पर्दछ । सबैभन्दा कम बर्षा जिल्लाको उत्तर पूर्वि क्षेत्रमा ठूलो पहाडको उत्तरी भाग (Rain shadow zone) जस्तै- भकुण्डेवेशि,

धुलिखेल मुनी आदि क्षेत्रमा हुने गर्दछ । वर्षाको आधारमा हेर्दा सुनकोशी क्षेत्रमा १३०० मि.मि. भन्दा कम, रोशी क्षेत्रमा १३००-२००० मि.मि. र बागमती जलाधार क्षेत्रमा २००० मि.मि. भन्दा बढी वर्षा हुने गरेको छ भने कोखाजोर खोलामा सबैभन्दा बढी वर्षा २६८७ मि.मि. हुने गर्दछ । सुनकोशी देखि पूर्वी भाग पश्चिम भागको तुलनामा सुख्खा देखिन्छ । यसरी दक्षिणी क्षेत्रमा वर्षा र भू-क्षय बढी देखिन्छ ।

तालिका नं.१९: जिल्लाको सरदर तापक्रम र वर्षाको विवरण

| महिना | धुलिखेल बजार (पहाडी क्षेत्र) | | | | तामाघाट, पाँचखाल (बेशी फाँट बजार) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सरदर तापक्रम | | | वर्षा | सरदर तापक्रम | | | वर्षा |
| | बढीमा | घटीमा | दैनिक | | बढीमा | घटीमा | दैनिक | |
| जनवरी | २०.४ | २.४ | १०.३ | ७.३ | २५.८ | ०.८ | १०.८ | १०.६ |
| फेब्रुअरी | २५.० | ४.३ | १४.७ | ०.० | ३१.६ | ३.६ | १५.७ | १.० |
| मार्च | २७.५ | ८.० | १७.१ | ०.० | ३३.५ | ५.१ | ८.३ | ०.२ |
| अप्रिल | ३४.२ | ९.१ | २१.८ | ५.५ | ३८.६ | ९.२ | २४.५ | ३.२ |
| मे | ३१.६ | १२.० | २०.० | १३०.९ | ३५.८ | १४.५ | २५.० | ७१.८ |
| जुन | ३२.३ | १२.० | २०.६ | ५१७.२ | ३७.० | १५.२ | २५.७ | ३५६.६ |
| जुलाई | २८.२ | १६.६ | २०.२ | ४६२.६ | ३३.९ | २१.५ | २५.७ | |
| अगष्ट | | | | ३५१.४ | ३४.३ | २०.८ | २५.३ | ४१६.६ |
| सेप्टेम्बर | | | | १७५.९ | ३३.१ | १९.८ | २४.८ | १७३.४१ |
| अक्टोवर | २५.२ | | | २७०.१ | ३१.२ | ११.७ | २०.८ | १८४.८ |
| नोभेम्बर | २५.२ | १२.५ | | १.६ | २९.० | ८.१ | १६.४ | ४.२ |
| डिसेम्बर | २३.६ | ८.१ | | ६.४ | २५.१ | ४.३ | १२.९ | ०.० |

तालिका नं.२०: हावापानी र वर्षाको विवरण

| क्र.सं. | केन्द्र | उचाई (मि.) | वर्षा मि.मि. | | वर्षा भएको दिन | |
|---|---|---|---|---|---|---|
| | | | सरदर | Range | सरदर | Range |
| १ | धुलिखेल | १५५२ | १५८१ | १३२-१८५७ | ११४ | ९७-१३४ |
| २ | नगरकोट | २१५० | १८६२ | १०४५-३७४३ | १०९ | ८०-१४२ |
| ३ | खोपासी | १५१७ | १४२२ | ९५१-१८८४ | ११० | ९३-१२५ |
| ४ | पाँचखाल | ८६५ | ११७६ | ५२३-१७४३ | ९२ | ६४-१२४ |
| ५ | दोलालघाट | ७१० | १२७२ | ९२७-१७०० | १०० | ८४-१२१ |
| ६ | पचुवारघाट | ६३३ | ९८५ | ७१६-१२९८ | ८८ | ५८-१०५ |
| ७ | मादन कुडारी | १३६५ | १०९१ | ८५२ | ८९ | ७३-१०२ |
| ८ | कोखाजोर खोला नजिक हरिहरपुर (सिन्धुली) | ८८० | २५८७ | १६६२-३८६८ | १०५ | ८८-१६१ |

(श्रोतः सिंचाई तथा जलवाय विज्ञान विभाग हावापानी रेकर्ड जलश्रोत मन्त्रालय काभ्रे जिल्लाको पार्श्व चित्र)

**ख) तुषारो**

यस जिल्लामा मुख्यतया बनेपा, जनागाल, धुलिखेल, पनौती, तथा आसपासका क्षेत्रहरुमा मार्ग देखि माघसम्म तुषारो परी वृक्षारोषण क्षेत्र साथै नर्सरीका विरुवाहरुलाई नपिन असर पारेको देखिन्छ ।

**ग) हिमश्रृंखला**

यस जिल्लामा स्थाई हिमश्रृंखला नभएको । पुष-माघको जाडो मौसममा नगरकोट, फूल्चोकी तथा महाभारतका उच्च क्षेत्रमा हिउँ पर्ने र त्यसबाट सल्ला प्रजातीका पोल साइज रुख विरुवाको टुप्पो भाँचिने गरेको देखिन्छ।

## ६.४ भू-उपयोग

DFRS/FRA, डिसेम्बर, २०१५ को आधारमा काभ्रेपलाञ्चोक जिल्लाको भू-उपयोगलाई हेर्दा वन जंगलले ढाकेको क्षेत्र, अन्य खेती योग्य जमिन, रुखले ढाकेको (५ देखि १०% क्षेत्र र झाडीले ढाकेको क्षेत्र) आदिमा विभाजन गर्न सकिन्छ ।

तालिका नं. २१: काभ्रेपलाञ्चोक जिल्लाको भू-उपयोग विवरण

| क्र.सं. | भू उपयोग | क्षेत्रफल ( हे.) | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | वन | ७३०७५.५ | ५२.०२ | |
| २ | रुखले ढाकेको (५ देखि १० %) | २०८८.५ | १.४९ | |
| ३ | झाडी/बुट्यान | ७०७.३ | ०.५ | |
| ४ | अन्य क्षेत्र | ६४६१४.७ | ४५.९९ | |
| **जम्मा** | | **१४०४८६.०** | **१००.०** | |

**(स्रोत : DFRS/FRA, २०१५)**

## ६.५ जल सम्पदा

काभ्रेपलाञ्चोक जिल्ला मध्य पहाडी भाग र चुरे क्षेत्रमा फैलिएकाले यहाँ हिमनदीहरुबाट नदीहरु तथा महाभारत एवं चुरे पर्वतबाट निस्केका खहरे खोलाहरु पनि प्रशस्तै रहेका छन् । तिनीहरु मध्ये केहीको विवरण निम्न अनुसार रहेको छ :

### क. नदी तथा खोलाहरु

यस जिल्लामा साना ठूला गरी ४९२ वटा नदि, खोला तथा झरना रहेका छन् र जिल्ला भित्र यिनको कुल लम्बाई १,५७३ कि.मी. रहेको छ । मुख्य नदी र खोलाहरुमा इन्द्रावती नदी, बाग्मती नदी, सुनकोशी नदी, रोशी खोला, कोखाजोर खोला, खानी खोला रहेको छन् । सुनकोशी र इन्द्रावतीको मुहान हिमाली क्षेत्र रहेकोले यी सदैव अटुट रुपमा पूर्ण जल प्रवाह साथ बग्दछन् भने रोशी खोला, कोखाजोर खोला, बागमती खोला, खानी खोलाको मुहान महाभारत श्रृंखला पर्ने भएकोले हिउँदमा यस नदीमा पानीको मात्रा घट्दछ तर सुक्दैन । माथी उल्लेखित खोला तथा नदीहरुको जलाधार क्षेत्रफल अनुसुची ४ रहेको छ ।

**ख. ताल तथा झरनाहरु**

यस जिल्लामा ठूला तालहरु नभएको र मुख्य ताल पोखरीहरुमा ताराखसे पोखरी (शिखर आम्बोटे), नारायण पोखरी (तिमाल), देउपोखरी (चौरी डुमखर्क) र महादेव पोखरी (नगरकोट) र छहराहरुमा तिनधाई खालाको छहरा (पागु क्षेत्रका शिखर आम्बोटे) र शशीपानीको छहरा नै प्रमुख छन् ।

**ग. सिमसार**

यस जिल्लामा उल्लेखनिय सिमसार क्षेत्र नभएको तर केही ठाउँमा साना-साना सिम ढाप रहेका छन् ।

तालिका नं. २२: जिल्लामा रहेका सिमसार क्षेत्रहरु

| सि.नं. | सिमसार क्षेत्रको नाम | सिमसार क्षेत्रको ठेगाना | अनुमानित क्षेत्रफल | अवस्था | व्यवस्थापनको जिम्मा |
|---|---|---|---|---|---|
| १ | हिलेजलजले | बनेपा २ | ७ हे. | घट्दै गएको | हिलेजलजले सामुदायिक वन क र ख |
| २ | ईन्द्रेश्वर थल्पु | पनौती | १ हे. | घट्दै गएको | ईन्द्रेश्वर थल्पु घ सा.व. |
| ३ | ताराखसे लेक | रोशी गा.पा. ३ | १ रोपनी | घट्दै गएको | रोशी गा.पा. |
| ४ | बेथानचोक | बेथानचोक ३, ढुङ्गखर्क | ३० पोखरी | यथावत | बेथानचोक नारायणस्थान सा.व. |
| ५ | नारायणस्थान पोखरी | तिमाल गा.पा. ५ | ५ पोखरी | घट्दै गएको | गा.वि.स. |
| ६ | ठुलो पोखरी सानोपोखरी | तिमाल गा.पा. ७, चापाखोरी | २ रोपनी | यथावत | ठुलो पोखरी सानोपोखरी नारायणस्थान सा.व. |
| ७ | लुकुवापाखा | पनौती न.पा. ११, बल्थली | ३० रोपणी | यथावत | लुकुवापाखा सामुदायिक वन |
| ८ | मुरली खोला | पनौती न.पा. १, रर्याले | १ हे. | घट्दै गएको | मुरली खोला सामुदायिक वन |
| ९ | नौविसे | महादेवस्थान | ३ हे. | घट्दै गएको | निजी |
| १० | पाटीचौर | पनौती न.पा. | १ हे. | यथावत | पाटीचौर सामुदायिक वन |
| ११ | पालेको वन | धुलिखेल न.पा.१, देविटार | १ हे. | यथावत | पालेको वन सामुदायिक वन |

श्रोतः डिभिजन वन कार्यालयको प्रतिवेदन २०८०/८१

# भाग ७

## वन संरक्षण तथा सुरक्षा सम्बन्धी व्यवस्था

जिल्लाको वनक्षेत्रको प्रभावकारी संरक्षण तथा व्यवस्थापनको लागि वन सम्बन्धी कसुर अपराधलाई नियन्त्रण गर्न नियमित एवं आकस्मिक टुर गस्ती कार्यलाई प्राथमिकताका साथ निरन्तरता दिदै वन अतिक्रमण तथा चोरी निकासी नियन्त्रण र व्यवस्थापन कार्यहरु सञ्चालन गर्ने कार्य गर्नु पर्दछ। जिल्लामा रहेको वन, वनस्पती, जैविक विविधता तथा वातावरणीय सम्पदाको संरक्षण र विकासको जिम्मेवारी बोकेको डिभिजन वन कार्यालयको प्रमुख कार्यहरु निम्नानुसार रहेका छन् ।

### ७.१ अतिक्रमण तथा चोरी निकासी नियन्त्रण

यस जिल्लाको भू-बनौट पहाडी रहे पनि मोटर बाटोको सुविधा धेरै ठाउँमा पुगेको, प्रायजसो मोटरबाटो वन क्षेत्रवाट बनाइने कारणले गर्दा मोटरबाटोको आसपासमा बस्ती बस्न वन क्षेत्रको अतिक्रमण बढ्दै गएको पाईन्छ । यस्ता क्षेत्रहरुमा साधारण पसल संचालनार्थ शुरुमा कटेराहरु निर्माण गर्ने र पछि पक्की घरहरु निमार्ण गर्ने र त्यस्ता बस्तीहरु हटाउन समस्या हुने गरेको छ । मोटर बाटोको आसपासका जग्गाको मूल्य बढी हुने हुनाले पनि व्यक्तिगत जग्गासंग जोडिएका वन क्षेत्र विस्तारै अतिक्रमण गर्दै जाने प्रवृत्ति निकै बृद्धि भएको पाईन्छ । यस जिल्लाका नाल्दुम, रविओपी, देविटार र मेथिनकोट, होक्से गा.वि.स.मा धेरै अतिक्रमण भएको क्षेत्र पर्दछ । छरिएर रहेको वन क्षेत्र हुँदा यकिन तथ्याङ्क नभएको ।

गत आवधिक वन व्यवस्थपन योजना निर्माण गर्ने क्रममा डि.व.का बाट गरिएको सर्भेक्षणमा यस जिल्लामा २५७.७८ हेक्टर वन क्षेत्र ३८५ घरटहरा सहित ६२९ जनाले अतिक्रमण गरेका छन् । अतिक्रमणको विवरण तालिका नं. २३ मा उल्लेख गरिएको छ । वन अतिक्रमण हटाउने रणनीतिक योजना अनुसुची १२ मा उल्लेख गरिएको छ ।

तालिका नं. २३: सव डिभिजन वन कार्यालय अनुसार अतिक्रमण

| स.डि.व.का. | पुरानो अतिक्रमण बसोबास | | | व्यापारिक एवंम् नाफामुलक उद्धेश्यले भएको (होटल, अन्य) | | | धार्मिक,सामाजिक, साँस्कृतिक उद्धेश्यले भएको (मन्दिर, गुम्बा, पाटी) | | | सेवा मुलक, सार्वजनिक हितको उद्धेश्यले भएको(स्कुल, कार्यालय, सा.भवन) | | | कुल जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | क्षेत्रफल (हे.) | घर टहरा संख्या | अतिक्रमण गर्नेको संख्या | क्षेत्रफल(हे.) | घर टहरा संख्या | अतिक्रमण गर्नेको संख्या | क्षेत्रफल (हे.) | घर टहरा संख्या | अतिक्रमण गर्नेको संख्या | क्षेत्रफल (हे.) | घर टहरा संख्या | अतिक्रमण गर्नेको संख्या | क्षेत्रफल (हे.) | घर टहरा संख्या | अतिक्रमण गर्नेको संख्या |
| साल्मेचाकल | १०.६५ | १० | ९ | ०.० | ० | ० | ०.० | ० | ० | ०.० | ० | ० | १०.६५ | १० | ९ |
| खोपासी | ३६.५८ | ४ | ३६ | ०.७५ | १ | १ | १.७ | ५ | ५ | ४.० | ९ | ७ | ४३.०३ | १९ | ४९ |
| नमोबुद्ध | ६२.५५ | ११८ | २०७ | ०.४५ | १७ | १७ | १.४५ | ३ | २ | ५२.७६ | १३ | ११ | ११७.२ | १५१ | २३७ |
| कटुञ्जे | १.२६ | ११ | ११ | ०.१५ | ७ | ७ | २.० | २ | १ | ०.२ | २ | २ | ३.६१ | २२ | २१ |
| महादेवस्थान | ३७.२३ | ४४ | १४८ | ०.१३ | ९ | ९ | ०.० | ० | ० | १५.३ | २८ | ३ | ५२.६६ | ८१ | १६० |
| जनागाल | २४.७ | १६ | ७० | ५.२७ | ७९ | ७६ | ०.० | ० | ० | ०.५ | १ | १ | ३०.४७ | ९६ | १४७ |
| चौबास | ०.१५ | ६ | ६ | ०.० | ० | ० | ०.० | ० | ० | ० | ० | ० | ०.१५ | ६ | ६ |
| **जम्मा** | **१७३.१२** | **२०९** | **४८७** | **६.७५** | **११३** | **११०** | **५.१५** | **१०** | **८** | **७२.७६** | **५३** | **२४** | **२५७.७८** | **३८५** | **६२९** |

**श्रोतः डिभिजन वन कार्यालयबाट प्रकाशित वार्षिक प्रगती प्रतिवेदन**

## ७.२ वन डढेलो नियन्त्रण तथा व्यवस्थापन

यस जिल्लामा रहेको वन क्षेत्रमा हरेक वर्ष वन डढेलो लाग्न गई ठूलो परिमाणमा वन विनाश हुने गरेको भए तापनि वन डढेलो नियन्त्रणको लागि हरेक वर्ष छुट्टै Action Plan बनाई कार्यान्वयन गरिएकोमा विगत भन्दा पछिल्लो आ.व.हरुमा वन डढेलोको प्रकोप न्यून हुँदै गएको छ । डिभिजन वन कार्यालयले वन डढेलो नियन्त्रण समन्वय सञ्जाल गठन गरी वर्षेनी डढेलो बिरुद्धको अभियान संचालन गर्ने, सुख्खाको समयमा डढेलो बिरुद्धका सन्देशमुलक कार्यक्रमहरु स्थानीय पत्रपत्रिका तथा एफ.एम. रेडियोबाट प्रकाशन तथा प्रसारण गर्ने तथा जनचेतनामूलक गोष्ठीहरु सञ्चालन गर्ने कार्यहरु गरिरहेको छ भने सामुदायिक वन उपभोक्ता समुहहरुले वन डढेलो नियन्त्रण सम्बन्धि विभिन्न (अग्निरेखा निर्माण, नियन्त्रित आगलागी, वन डढेलोको समयमा Fire Watcher को व्यवस्था लगायतका) क्रियाकलापहरु सञ्चालन गर्दै आई रहेका छन् । वन डढेलोका हिसाबले सम्बेदनशिल वन क्षेत्रहरु देखाईएको नक्शा अनुसूचीमा दिईएको छ । सुख्खा मौषम तथा गर्मीको समयमा वर्षेनी लाग्ने वन डढेलोबाट वन, वन्यजन्तु, घरगोठ तथा मानवीय क्षतिका घटनाहरु घट्ने गरेकोले वन डढेलो नियन्त्रण तथा व्यवस्थापनका लागि यस कार्ययोजनामा उल्लेखित विभिन्न किसिमका कार्यक्रमहरु संचालन गरिनेछ साथै स्थानीय वन उपभोक्ता समुह परिचालन गरी अग्निरेखा निर्माण र मर्मत, ज्वलनशील पदार्थहरुको व्यवस्थापन, सो सम्बन्धी रेडियो र एफ.एम, पोष्टर, पर्चा, पम्प्लेट, पत्रपत्रिकाहरुको माध्यमबाट सन्देशमूलक सुचना प्रशारण तथा गोष्ठी र अन्तरक्रिया लगायतका कार्यहरु प्रभावकारी रूपमा संचालन गरिनेछ । वन डढेलो नियन्त्रण सम्बन्धमा योजना अवधिभर सञ्चालन गरिने कार्यक्रमहरुको Action Plan तालिका नं. २४ मा प्रस्ताव गरिएको छ ।

तालिका नं. २४: वन डढेलो नियन्त्रण सम्बन्धमा योजना अवधिभर सञ्चालन गरिने कार्यक्रमहरुको Action Plan

| आर्थिक वर्ष | डिभिजन वन कार्यालय मार्फत सञ्चालन गरिने कार्यक्रम | सा.व.उ.स. मार्फत सञ्चालन गरिने कार्यक्रम |
|---|---|---|
| २०८२/८३ | • रेडियो, एफ.एम. र पत्र पत्रिकाबाट सचेतना प्रशारण,<br>• डढेलो सचेतना माईकिङ्ग<br>• सचेतना गोष्ठी र अन्तरक्रिया,<br>• विद्यालय, आमा समुह, लक्षित समुह शिक्षा र कोचिंङ्ग<br>• प्रचारप्रसार सामग्री प्रकाशन तथा वितरण<br>• वन डढेलो नियन्त्रण दस्ता परिचालन<br>• वन डढेलो व्यवस्थापन सामाग्री खरिद तथा वितरण<br>• वन डढेलो नियन्त्रण दस्ता निर्माण | • सचेतना गोष्ठी<br>• वन डढेलो नियन्त्रण संजाल निमार्ण तथा परिचालन<br>• रेडियो र पत्र पत्रिकाबाट सचेतना सन्देश<br>• अग्नीरेखा निर्माण<br>• वन डढेलो व्यवस्थापन सामाग्री खरिद, तालिम र उपयोग<br>• अग्निरेखा सरसफाई तथा ज्वलनशील पदार्थको व्यवस्थापन |
| २०८३/८४ | • रेडियो, एफ.एम. र पत्र पत्रिकाबाट सचेतना प्रशारण,<br>• डढेलो सचेतना माईकिङ्ग<br>• सचेतना गोष्ठी र अन्तरक्रिया,<br>• विद्यालय, आमा समुह, लक्षित समुह शिक्षा र कोचिंङ्ग<br>• प्रचारप्रसार सामग्री प्रकाशन तथा वितरण<br>• वन डढेलो नियन्त्रण दस्ता परिचालन<br>• वन डढेलो व्यवस्थापन सामाग्री खरिद तथा वितरण<br>• वन डढेलो नियन्त्रण दस्ता निर्माण | • सचेतना गोष्ठी<br>• रेडियो र पत्र पत्रिकाबाट सचेतना सन्देश<br>• वन डढेलो लगाउने अपरानीलाई दण्ड सजाय<br>• सूचनादातालाई पुरस्कार<br>• अग्निरेखा निर्माण<br>• अग्निरेखा सरसफाई तथा ज्वलनशील पदार्थको व्यवस्थापन |
| २०८४/८५ | • रेडियो, एफ.एम. र पत्र पत्रिकाबाट सचेतना प्रशारण,<br>• डढेलो सचेतना माईकिङ्ग<br>• सचेतना गोष्ठी र अन्तरक्रिया,<br>• विद्यालय, आमा समुह, लक्षित समुह शिक्षा र कोचिंङ्ग<br>• प्रचारप्रसार सामग्री प्रकाशन तथा वितरण<br>• वन डढेलो नियन्त्रण दस्ता परिचालन | • सचेतना गोष्ठी<br>• रेडियो र पत्र पत्रिकाबाट सचेतना सन्देश<br>• अग्निरेखा निर्माण<br>• अग्निरेखा सरसफाई तथा ज्वलनशील पदार्थको व्यवस्थापन |

| आर्थिक वर्ष | डिभिजन वन कार्यालय मार्फत सञ्चालन गरिने कार्यक्रम | सा.व.उ.स. मार्फत सञ्चालन गरिने कार्यक्रम |
|---|---|---|
| | • वन डढेलो व्यवस्थापन सामाग्री खरिद तथा वितरण<br>• वन डढेलो नियन्त्रण दस्ता निर्माण | |
| २०८५/८६ | • रेडियो, एफ.एम. र पत्र पत्रिकाबाट सचेतना प्रशारण,<br>• डढेलो सचेतना माईकिङ्ग<br>• सचेतना गोष्ठी र अन्तरक्रिया,<br>• विद्यालय, आमा समुह, लक्षित समुह शिक्षा र कोचिंङ्ग<br>• प्रचारप्रसार सामग्री प्रकाशन तथा वितरण<br>• वन डढेलो नियन्त्रण दस्ता परिचालन<br>• वन डढेलो व्यवस्थापन सामाग्री खरिद तथा वितरण<br>• वन डढेलो नियन्त्रण दस्ता निर्माण | • सचेतना गोष्ठी<br>• रेडियो र पत्र पत्रिकाबाट सचेतना सन्देश<br>• अग्निरेखा निर्माण<br>• अग्निरेखा सरसफाई तथा ज्वलनशील पदार्थको व्यवस्थापन आदि । |
| २०८६/८७ | • रेडियो, एफ.एम. र पत्र पत्रिकाबाट सचेतना प्रशारण,<br>• डढेलो सचेतना माईकिङ्ग<br>• सचेतना गोष्ठी र अन्तरक्रिया,<br>• विद्यालय, आमा समुह, लक्षित समुह शिक्षा र कोचिंङ्ग<br>• प्रचारप्रसार सामग्री प्रकाशन तथा वितरण<br>• वन डढेलो नियन्त्रण दस्ता परिचालन<br>• वन डढेलो व्यवस्थापन सामाग्री खरिद तथा वितरण<br>• वन डढेलो नियन्त्रण दस्ता निर्माण | • अग्निरेखा निर्माण<br>• अग्निरेखा सरसफाई तथा ज्वलनशील पदार्थको व्यवस्थापन<br>• स्थानीय तथा केन्द्रीय रेडियो र पत्र पत्रिकाबाट सचेतना सन्देश आदि । |

वनमा हुने डढेलो नियन्त्रणको लागि निम्न कार्यहरु गरिनेछ :

**क) वनपथ**

पहाडी क्षेत्रमा भौगोलिक बनावट तथा विकटताका कारण सम्पूर्ण वन क्षेत्रमा वनपथ निर्माण गर्ने कार्य हालसम्म नभएकोले वन डढेलो नियन्त्रणमा कठिनाई भएको देखिन्छ । केही ठाउँहरुमा वनक्षेत्र भएर जाने बाटोले गर्दा वन डढेलो नियन्त्रणमा मद्दत पुगेको र ती बाटोहरुले नै वनपथको पनि काम गरिहेका छन् ।

**ख) अग्नि संरक्षण रेखा**

वन डढेलो रोकथाम तथा नियन्त्रण कार्यमा अग्नि संरक्षण रेखाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यस डि.व.का. अन्तर्गत अधिकांश सल्लाको वन क्षेत्र रहेकोले त्यस्ता वन क्षेत्र वन डढेलोका लागि सम्बेदनशील रहेको देखिन्छ । त्यस हिसाबले पनि अग्नि संरक्षण रेखा निर्माण गर्नु नितान्त आवश्यक रहेको छ । तर भौगोलिक बनावट तथा विकटताका हिसाबले सबै वन क्षेत्रमा अग्नि रेखा निर्माण गर्न सम्भव नरहेको देखिन्छ । सा.व. क्षेत्रहरुमा रहेको खोल्सी, बाटो, डाँडा आदिलाई आधार मानि त्यस ठाउँ वरिपरिको ज्वलनशील वस्तुहरुलाई अन्यत्र हटाउने गरेको पाईन्छ जसबाट केही हदसम्म डढेलो नियन्त्रण भएको पाईन्छ । यसका लागि डि.व.का. काभ्रेपलाञ्चोकले समय-समयमा सव डि.व.का. अन्तर्गतका सामुदायिक वन उपभोक्ता समुहहरुलाई तालिम प्रदान गर्दै आएका छन् र यसलाई निरन्तरता दिइनेछ । यसका साथै वनपथ र अग्नि नियन्त्रण रेखालाई वन डढेलो सुरु हुनु एक महिना अगावै सरसफाई गरिनेछ ।

## ७.३ चरिचरण नियन्त्रण

वन क्षेत्रमा सकेसम्म खुला चरिचरन नगराउनको लागि वन समुह र डि.व.का. मार्फत चेतनामूलक तथा प्रचारप्रसार कार्यक्रम संचालन गरिनेछ । गाई वस्तुको आहाराको लागि उपभोक्ताहरु परिचालन गरी प्रत्येक उपभोक्ताहरुलाई

आ-आफ्नो खाली पर्ति जग्गा, डाँडा, कान्ला र खेतबारीमा डालेघाँसको बिरुवा लगाउने काममा प्रोत्साहन गर्नुको साथै सोको लागि आवश्यक वातावरण समेत तयार गरिनेछ । वन क्षेत्र र पशुहरुको अवस्था हेरी घुम्ती चरिचरन प्रणाली लागु गर्ने व्यवस्था गरिनेछ ।

## ७.४ मिचाहा प्रजातीको व्यवस्थापन

कुनै स्थानमा स्थापित भएका केही प्रजातिहरूले नयाँ स्थानमा आफ्नो घनत्व र फैलावट बढाई स्थानीय वातावरण र प्रजातिलाई अतिक्रमण गर्दछन् । यसरी आफ्नो प्राकृतिक भौगोलिक क्षेत्रबाट नयाँ स्थानमा पुगी स्थानीय वातावरण र प्रजातीलाई अतिक्रमण गरी त्यहाँ रहेका स्थानीय वा रैथाने प्रजाति एवं पर्यावरणीय चक्रलाई असर पार्ने प्राणी तथा वनस्पतिका प्रजातिहरूलाई मिचाहा प्रजाति भनिन्छ । नेपालमा बाहिरी देशबाट आएका २०० बढी प्रजातिका वनस्पतिहरू प्राकृतिक रुपमा पाईएता पनि मात्र २६ वटालाई बाह्य मिचाहा वनस्पति मानिन्छ । यस्ता प्रजातिहरू ठूलो क्षेत्रमा फैलिएर स्थानीय / रैथाने प्रजातिहरूलाई विस्थापित गरी स्थानीय पारिस्थितिकीय प्रणालीमा नै सोझै असर पार्दछन् । यिनीहरूको उच्च फैलावट र तिव्र पुनरुत्पादनको कारणले नियन्त्रण गर्न त्यति सहज भने छैन । हामीलाई एकातिर यहाँ आइसकेका मिचाहा प्रजातिहरू नियन्त्रण गर्नुपर्ने छ भने अर्का तर्फ हाम्रो वातावरणलाई नयाँ मिचाहा प्रजातिको संक्रमणबाट पनि जोगाउनु पर्नेछ । मिचाहा प्रजाति नियन्त्रणको लागि नीतिगत ब्यवस्था गर्दै विभिन्न भौगोलिक तहमा सरोकारवालाहरुको सहकार्यमा नियन्त्रण गरिनेछ ।

## ७.५ चोरीशिकार तथा अवैध व्यापार नियन्त्रण

वन पैदावारको चोरी निकासी, अबैध कटानी नियन्त्रण गर्न तथा वन्यजन्तुको शिकार गर्ने ब्यक्तिहरुको पहिचान गरी कारबाही गर्न गोप्य रुपमा सुरक्षा निकाय र स्थानीय निकायसंग समन्वय गर्नुपर्नेछ। जिल्लामा पाइने महत्वपूर्ण वन्यजन्तुको चोरी शिकार गर्ने व्यक्तिलाई पक्राउ गर्न डिभिजन वन कार्यालयले सव डिभिजन वन कार्यालय, सुरक्षा निकाय र स्थानीय निकायसंगको समन्वयमा नियमित गस्ती परिचालन गर्नुपर्ने देखिन्छ । घाईते, टुहुरा तथा मृत वन्यजन्तुको व्यवस्थापन गर्नुको साथै वन्यन्तुबाट हुने क्षति वापत राहतको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

## ७.६ रोग तथा किराबाट नियन्त्रण

यस जिल्लाको उपोष्ण वनमा कहिले काँही Wood borer, Fungai हरुको प्रकोप देखिने गरेको पाइन्छ । हालसम्म यस्ता रोग किराको नियन्त्रण प्राकृतिक रुपमा नै भइरहेको छ भने आगामी दिनमा सो सम्बन्धी विषेशज्ञहरुको सुझाब सल्लाह अनुसार रोग किरा नियन्त्रणका कार्यक्रमहरु संचालन गरिनेछ ।

## ७.७ अन्य वन सुरक्षा सम्बन्धि व्यवस्था, चुनौती, अवसर र हालसम्मका सिकाईहरु

यस जिल्लामा ०.२२ हेक्टर देखि ५७० हेक्टर क्षेत्रफल भएका जम्मा ५८३ वटा सा.व.हरुमा रहेका छन् । जसमध्ये ३० हेक्टरसम्म क्षेत्रफल भएका सामुदायिक वनहरुको संख्या ३२७ वटा ३१ देखि ९९.९ हेक्टर क्षेत्रफल भएका सा.व.को संख्या १६७ वटा र १०० हेक्टर भन्दा माथि क्षेत्रफल भएका ८९ वटा सामुदायिक वनहरु रहेका छ । यस जिल्लामा भएका सामुदायिक वनहरु मध्ये १०० हेक्टर क्षेत्रफल भन्दा माथि रहेका ८९ सामुदायिक वनहरु मध्ये ४५ वटा सामुदायिक वनको दिगो वन व्यवस्थापन कार्ययोजना तयार गरि सक्रिय व्यवस्थापनमा जान सकिने छ । यस्तै बाँकी सामुदायिक वनहरुलाई सम्भावनाको आधारमा धार्मिक, सांस्कृतिक, एवं पर्यापर्यटकिय हिसाबले महत्वको आधारमा पर्यापर्यटनको कार्यक्रम सञ्चालन गर्न सकिने सम्भावना रहेको छ ।

# भाग ८

## जैविक विविधता संरक्षण कार्यक्रम

वन पैदावारको चोरी निकासी लगायत वन्यजन्तुको अवैध चोरी शिकारी रोकथाम तथा नियन्त्रणको लागि आवश्यक प्रचारप्रसार सामग्री वितरण गरी सोको संरक्षण कार्यमा स्थानीय जनतालाई सक्रिय सहभागी गराईनेछ । विद्यालयहरुमा इको क्लबहरु गठन तथा परिचालन गरी वन, वातावरण तथा वन्यजन्तु संरक्षण सम्बन्धी जनचेतानामूलक कार्यक्रमहरु संचालन गरिनेछ । यहाँका वन क्षेत्रमा पाईने विशेष तथा लोपोन्मुख प्रजाति (वन्यजन्तु तथा वनस्पति) को पहिचान गरी सोको संरक्षणको लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।

### ८.१ वन्यजन्तु तथा वनस्पतिको प्रजातिय विविधता तथा वासस्थानको विश्लेषण

यस क्षेत्रमा नेपाल सरकारले संरक्षित सूचीमा राखेका तथा CITES & IUCN-Red List मा परेका विभिन्न स्तनधारी, सरिसृप र उभयचर प्रजातिका साथसाथै थुप्रै अन्य वन्यजन्तु प्रजातिहरु पाईन्छन् । त्यस्ता संरक्षणका निम्ति कार्ययोजना अवधिभर संरक्षणका कार्यहरु संचालन गरिनेछ ।

### ८.२ वंशाणुगत श्रोतको संरक्षण

जैविक विविधता भन्नाले पृथ्वीमा रहेका सबै प्रकारका जीवजन्तु तथा वनस्पतिका आणुवंशिक, प्रजातिगत र पारिस्थितिक प्रणाली विविधता भनेर बुझिन्छ । जैविक विविधताबाट मानिसले प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा अनेकौं वस्तु तथा सेवाहरू जस्तै : खाना, ऊर्जा, औषधि, अक्सीजन आदि निरन्तर पाइरहेका छन् । जैविक विविधताको अत्यधिक उपयोग हुँदै जाँदा जैविक विविधतामा ह्रास आउनुका साथै प्राकृतिक प्रक्रिया असन्तुलित भई मानव जीवनको अस्तित्व नै खतरामा पर्ने कुरा मनन गरी सन् १९९२ मा आयोजित पृथ्वी शिखर सम्मेलनले जैविक विविधता महासन्धि पारित गरेपछि सन् १९९३ देखि जैविक विविधता महासन्धि कार्यान्वयन हुँदै आएको छ । जैविक विविधताको संरक्षण र दिगो उपयोग, गरिबी उन्मुलन तथा वातावरणीय दिगोपना लगायत सहस्राब्दी विकास लक्ष्य प्राप्त गर्न पहुँच तथा लाभको बाँडफाँडले मुख्य भूमिका खेल्दै योगदान पुर्याउने कुरालाई स्वीकार गरेर आनुवंशिक स्रोतहरुमा पहुँच तथा ती स्रोतहरुको उपयोगबाट प्राप्त हुने लाभको पारदर्शी र समन्यायिक बाँडफाँड बिचको सम्बन्ध (Linkage) स्वीकार गरेर आनुवंशिक स्रोतहरुमा पहुँच तथा तिनको उपयोगबाट प्राप्त हुने लाभको पारदर्शी र समन्यायिक बाँडफाँडका बारेमा महत्वपूर्ण कानुनी निश्चितता प्रदान गरेको स्वीकार गरेर, आनुवंशिक स्रोतहरुका प्रदायक र उपभोक्ता (उपयोगकर्ता) बिच आपसी वार्तामा सहमति भए बमोजिम समन्यायिक (Equity) र पारदर्शीताको महत्व अनुरूप प्रबर्द्धन गर्ने बारेमा थप दृढ भएर कार्यक्रमहरु गरीने छन् ।

### ८.३ वन्यजन्तुको आवतजावत तथा जैविक मार्ग व्यवस्थापन

वन्यजन्तुका लागि चुरे तथा पहाडी क्षेत्र अत्यन्तै महत्वपूर्ण मानिन्छ । यस जिल्लाको महाभारत पर्वत श्रृखलामा फैलिएर रहेको वन क्षेत्र र गोदावरी फुलचोकी वन संरक्षण क्षेत्र वन्यजन्तु र जैविक विविधताको लागि अत्यन्त महत्वपूर्ण स्थलका रुपमा रहेका छन् । यस बाहेक यस जिल्लामा वन्यजन्तुको लागि जैविक मार्ग उल्लेख्य मात्रामा नभएको हुँदा सामुदायिक वन क्षेत्रमा वन्यजन्तुको आवतजावतलाई असर नपर्ने गरी वन व्यवस्थापन गर्नु पर्ने देखिन्छ । सामुदायिक वन क्षेत्रहरुमा वन्यजन्तुहरु विशेष गरी चितुवा, बँदेल, रतुवा, कालो भालु जस्ता वन्यजन्तुहरुको महत्वपूर्ण बासस्थानको रुपमा रहेको छ । विभिन्न सामुदायिक वनहरुमा पनि वन्यजन्तु संरक्षणका विविध कार्यक्रमहरु सञ्चालनमा आएका छन् ।

## ८.४ लोपोन्मुख तथा दुर्लभ वन्यजन्तु र वनस्पति प्रजातीको संरक्षण र व्यवस्थापन

काभ्रेपलाञ्चोक जिल्लामा पाईने लोपोन्मुख र संरक्षण सूचीमा परेका सालक, सुनगोहोरो, हुचिल आदि जस्ता वन्यजन्तु र सतुवा, सुनाखरी, लौठसल्ला, ओखर, चिराइतो, कालिकाठ जस्ता विशेष वनस्पति प्रजातिहरुको विकास तथा संरक्षणका लागि सम्बन्धित क्षेत्रका विशेषज्ञहरुको सहयोग लिई तिनीहरुको बासस्थानको पहिचान गरी त्यस्ता क्षेत्रहरुलाई संरक्षण क्षेत्रको रुपमा व्यवस्थापन गरिने छ । साथै त्यस्ता क्षेत्रहरुमा पाईने वन पैदावार प्रजातिहरुको संकलन तथा विक्री वितरण कार्यलाई व्यवस्थित गरिनेछ ।

## ८.५ मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण तथा वन्यजन्तु उद्दार कार्यक्रम

राष्ट्रिय वनलाई सामुदायिक वन, कवुलियती वन तथा धार्मिक वनको रुपमा व्यवस्थापन, संरक्षण र विकास गर्न स्थानीय उपभोक्तालाई हस्तान्तरण गर्नाले स्थानीय समुदायको जीवनस्तर उकास्नमा टेवा पुग्नुका साथै वनको हैसियतमा सुधार र वन्यजन्तुको संख्यामा उल्लेखनीय वृद्धि भएको पाईन्छ । वन्यजन्तुले कृषि बाली नोक्सानी तथा घरपालुवा जनावरलाई समेत क्षति पुर्‍याउने गरेकोले कहिले काँही मानव र वन्यजन्तु बीच द्वन्द्व भएको पाईन्छ । त्यसरी हुने मानवीय क्षति, पशुधनको क्षति तथा अन्नबालीको नोक्सानी लगायतका क्षतिको राहत वापतको रकम **"वन्यजन्तुबाट हुने क्षतिको राहत वितरण निर्देशिका २०८०"** अनुसार उपलब्ध गराइनेछ । यस कार्यमा स्थानिय तहसँग समन्वय गरिनेछ ।

## ८.६ वन क्षेत्र भित्र भएका ऐतिहासिक, धार्मिक, पुरातात्विक तथा पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण सम्पदाको संरक्षण

यस जिल्लाको चण्डेश्वरी, पलाञ्चोक भगवती, नाला उग्रचण्डी, नारायणस्थान, विकटेश्वर महादेव, धनेश्वर, बुडोल गोसाइस्थान, नगरकोट महादेवस्थान, भुमेस्थान (रोशी) मन्दिर आदि धार्मिक तथा पर्या पर्यटकिय क्षेत्रहरुको स्थानिय स्तरमा संरक्षण तथा सम्बर्द्धन हुँदै आईरहेको छ । यस्ता क्षेत्रहरुलाई धार्मिक तथा पर्यटकीय रुपमा विकास गर्न सकेमा यसको संरक्षणको साथसाथै पर्यापर्यटन (Ecotourism) को माध्यमबाट स्थानीय समुदाय समेत लाभान्वित हुने देखिन्छ । जिल्लामा रहेका धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक दृष्टिकोणले महत्वपूर्ण रहेका वन क्षेत्रहरुको समेत पहिचान गरी वातावरण मैत्री पर्यटनको अवधारणा अनुसार सम्बन्धित निकायसँग समन्वय गरी छुट्टै कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ । पर्यटकीय तथा धार्मिक क्षेत्रको संरक्षण एवं विकासको लागि उक्त क्षेत्रहरुको ऐतिहासिक महत्वलाई विचार गरी प्राकृतिक सौन्दर्य बढाउने जस्ता कार्यक्रमहरुलाई प्राथमिकता दिई कार्यक्रम सञ्चालन गरिनेछ ।

# भाग ९

## जलश्रोत तथा जलाधार संरक्षण

यस क्षेत्रमा भू-संरक्षण सम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ । जुनसुकै विकास निर्माणका काम गर्दा भू-संरक्षण तर्फ बिशेष ध्यान दिईनेछ । साथै भू-संरक्षणको दृष्टिले अति संवेदनशील क्षेत्रलाई हट स्पट क्षेत्रको रुपमा कार्यक्रमहरु संचालन गरिनेछ । सामुदायिक वनको कार्ययोजनामा उल्लेख भएको भू-संरक्षण सम्बन्धी कार्यलाई निरन्तरता दिईनुको साथै भू तथा जलाधारको दृष्टिकोणले सम्बेदनशील स्थानहरुको संरक्षण गरिनेछ । त्यस्ता स्थानहरुमा वन पैदावारको सदुपयोगका गतिबिधिहरु कम गर्न अभिप्रेरित गरिनेछ । भू-क्षयको दृष्टिकोणले सम्बेदनशील क्षेत्रहरुमा स्थानीय उपभोक्ताहरुद्वारा वृक्षारोपण, बायोईन्जियरिङ्ग तरिका तथा तटबन्ध जस्ता कार्यहरु गर्न अभिप्रेरित गरिनेछ। यस कार्यको लागि सकभर स्थानीय स्तरमा पाईने सामग्रीहरु प्रयोग गर्न प्रोत्साहन गरिनेछ । भू-संरक्षणको समस्या भएको स्थानहरुमा वृक्षारोपण कार्यक्रमलाई प्राथमिकता दिईनेछ । नेपिएर, भेटिभिएर, अम्रिसो, खर घाँस, मोलासिस, बाँस, उत्तिस जस्ता प्रजातिका वनस्पती रोपण गरिनेछ । वन विकास सम्बन्धी कार्यक्रम संचालन गर्दा भौगोलिक सम्बेदनशीलतालाई मध्यनजर गर्दै उपभोक्ता समुहहरु, स्थानीय तह तथा भू तथा जलाधार व्यवस्थापन कार्यालयको समन्वय तथा सहकार्यमा भू-संरक्षणका क्रियाकलापहरु संचालन गरिने छन् ।

### ९.१ पानीका श्रोत तथा पानीका मुहान संरक्षण तथा व्यवस्थापन

यस क्षेत्रमा रहेका पानीका मुहान, खोला तथा सिमसार क्षेत्रहरुको संरक्षणका लागि प्राथमिकता दिइनुका साथै जैविक विविधताका दृष्टिकोणले महत्वपूर्ण क्षेत्रहरुको पहिचान गरी संरक्षण र व्यवस्थापन कार्यमा जोड दिईनेछ ।

### ९.२ पानीको संरक्षण तथा संरक्षण पोखरी निर्माण

यस जिल्लाको पहाडी क्षेत्रमा भएका सामुदायिक वन, सार्वजनिक क्षेत्रमा वन्यजन्तुको लागि संरक्षण पोखरी निर्माण गर्नुका साथै यहाँ रहेका पानीका मुहान, खोला, नदी तथा सिमसार क्षेत्रहरुको संरक्षणका लागि प्राथमिकता दिई जैविक विविधताका दृष्टिकोणले महत्वपूर्ण सिमसार क्षेत्रहरुको पहिचान गरी संरक्षण र व्यवस्थापन कार्यमा जोड दिईनेछ ।

### ९.३ भू तथा जलाधार र खोला किनार संरक्षण तथा नियन्त्रण

यस क्षेत्रमा विभिन्न उप-जलाधार क्षेत्रको उचित व्यवस्थापन गर्ने कार्यको लागि व्यवस्थापन योजना बनाई भू तथा जलाधार व्यवस्थापन कार्यालय तथा अन्य सरोकारवाला संस्थाहरुसँग समन्वय गरी एकीकृत स्रोत व्यवस्थाको अवधारणालाई अवलम्बन गरी व्यवस्थापन गरिनेछ । यस जिल्लाका भू संरक्षणको दृष्टिकोणले सम्बेदनशील क्षेत्रहरूको पहिचान सकेसम्म Bio-Engineering का विभिन्न प्रविधि अपनाई कार्यक्रम कार्यान्वयन गरिनेछ । सामुदायिक वनहरूको सन्दर्भमा कार्ययोजनामै भू-क्षय नियन्त्रण तथा रोकथामका बिभिन्न कार्यक्रमहरू समेटी कार्यान्वयन गरिने छ । भू-क्षयको समस्या भएका स्थानहरुमा वृक्षारोपण, जैविक बार, तार जाली, स्पर निर्माण जस्ता भू-संरक्षणमा टेवा पुर्‍याउने कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

### ९.४ सिमसार संरक्षण तथा व्यवस्थापन

यस जिल्लामा ठूला तालहरु तथा सिमसार नभएको र जिल्लामा भएका पोखरीहरुमा ताराखसे पोखरी (शिखर आम्बोटे), नारायण पोखरी (तिमाल), देउपोखरी (चौरी डुमखर्क) र महादेव पोखरी (नगरकोट) र छहराहरुमा तिनधारे खालाको छहरा (पाँगु क्षेत्रका शिखर आम्बोटे) र शशी पानीको छहरा नै प्रमुख छन् । ती तर यी ताल तलैयाहरुको

संरक्षणको अभावमा विस्तारै अतिक्रमण हुदै कृषि जमीनमा परिवर्तन हुदै गैरहेको छ । सिमसार क्षेत्र (Wetlands) को खासै संरक्षण र व्यवस्थापन हुन सकेको छैन, नत सिमसार व्यवस्थापन सम्बन्धी विस्तृत अध्ययन नै हुन सकेको छ । यस जिल्लामा रहेका सम्पूर्ण सिमसार क्षेत्रहरुको पहिचान तथा विस्तृत अध्ययन गरी प्रभावकारी व्यवस्थापन गर्नु पर्ने देखिन्छ । यस क्षेत्रमा रहेका सिमसार क्षेत्रहरुको संरक्षणका लागि प्राथमिकता दिईनुका साथै जैविक विविधताका दृष्टिकोणले महत्वपूर्ण अन्य सिमसार क्षेत्रहरुको पहिचान गरी संरक्षण र व्यवस्थापन कार्यमा जोड दिईनेछ ।

## ९.५ जल सम्पदा

### ९.५.१ नदी

यस जिल्लामा साना ठूला गरी ४९२ वटा नदि, खोला तथा झरना रहेका छन् र जिल्ला भित्र यिनको कुल लम्बाई १,५७३ कि.मी. रहेको छ । मुख्य नदी र खोलाहरुमा इन्द्रावती नदी, बाग्मती नदी, सुनकोशी नदी, रोशी खोला, कोखाजोर खोला, खानी खोला रहेको छन् । सुनकोशी र इन्द्रावतीको मुहान हिमाली क्षेत्र रहेकोले यी सदैव अटुट रुपमा पूर्ण जल प्रवाह साथ बग्दछन् भने रोशी, कोखाजोर खोला, बाग्मती, खानी खोलाको मुहान महाभारत श्रृंखला पर्ने भएकोले हिउँदमा यस नदीमा पानीको मात्रा घट्दछ तर सुक्दैन । माथि उल्लेखित खोला तथा नदीहरुको जलाधार क्षेत्रफल अनुसुची ४ मा दिइएको छ ।

### ९.५.२ जलाधारीय अवस्था

वन विकास गुरुयोजना, २०४६ ले जलाधारीय अवस्थाका आधारमा देशका सम्पूर्ण जिल्लाहरुलाई Good, Fairly Good, Marginal, Poor/Very poor गरी ५ वर्गमा विभाजन गरेकोमा काभ्रेपलाञ्चोकलाई उत्तम Good वर्गमा समावेश गरेको छ । भू तथा जलाधार व्यवस्थापन कार्यालय काभ्रेपलाञ्चोकले भू-क्षयको अवस्था, लाभान्वित जनसंख्या एवं बढी समस्याग्रस्त क्षेत्रको प्राथमिकता क्रम निर्धारण गरी पानी ढलोको हिसाबले त्यस्ता क्षेत्रहरुलाई ५९ गोटा उप-जलाधार क्षेत्रहरुमा विभाजन गरी कार्यक्रमहरु कार्यान्वयन गर्ने गरेको छ ।

# भाग १०

## वातावरण संरक्षण तथा जलवायु परिवर्तन नियन्त्रण

यस डिभिजन वन कार्यालय अन्तर्गतका क्षेत्रहरु जलवायु परिवर्तनको जोखिममा पर्ने क्षेत्रहरुमध्ये एक पर्छ । तसर्थ जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्ने विभिन्न कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने आवश्यकता देखिन्छ । स्थानीय स्तरमा जलवायु परिवर्तन अनुकूलनका लागि स्थानीय स्तर अनुकूलन योजना, समुदाय स्तरका लागि समुदाय अनुकूलन योजना जस्ता क्रियाकलापहरु कार्यान्वयन गराउने तथा जनस्तरमा विभिन्न कार्यक्रमहरु जस्तैः तालिम, गोष्ठी, रेडियो कार्यक्रम आदि संचालन गरी जनचेतना जगाउने कृयाकलाप संचालन गरिनेछन् । यस सम्बन्धमा वन तथा वातावरण मन्त्रालय अन्तर्गतको रेड कार्यान्वयन केन्द्र एवं अन्य निकायसँग समन्वय गरी जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्ने तथा अनुकूलन सम्बन्धी कृयाकलाप, कार्वन व्यापार, कार्वन मापन तथा रेड सम्बन्धी कार्यक्रमहरू वार्षिक योजनामा समावेश गरी प्राप्त भए बमोजिम सञ्चालन गरिनेछ । यो विषय क्षेत्रसँग सम्बन्धित सरकारी तथा गैर सरकारी र सामुदायिक संस्थाहरुसँग समेत समन्वय र सहकार्य गरी यस सम्बन्धी अध्ययन कार्यलाई समेत अघि बढाइनेछ ।

### १०.१ वातावरणीय सेवा मूलप्रवाहिकरण

विशेष गरी प्रकृतिबाट प्राप्त वातावरणीय सेवा तथा वस्तुलाई प्रकृतिको निःशुल्क उपहारका रूपमा लिने मानवीय सोचका कारण प्राकृतिक स्रोतको अत्यधिक दोहन भई समग्र पारिस्थितिकीय प्रणालीमा पर्न गएको नकारात्मक असर न्यूनीकरण गर्न वातावरणीय सेवा भुक्तानीको अवधारणालाई विश्वव्यापीरूपमा अगाडि ल्याइएको पाइन्छ। सन् १९७२ मा संयुक्त राष्ट्र संघीय मानव तथा वातावरण महासम्मेलनबाट मानव तथा वातावरणको अन्तर सम्बन्धलाई प्रमुख रूपमा लिए पश्चात वातावरण तथा पारिस्थितिकीय प्रणाली संरक्षणका प्रयासलाई विश्व समुदायले प्रमुख रूपमा लिँदै आएका छन् । विशेष गरी १९९२ को पृथ्वी सम्मेलनमा जैविक विविधता महासन्धी पारित भएको थियो । सरल रूपमा बुझ्दा उपलब्ध वातावरणीय सेवा तथा वस्तुलाई जसले उपभोग गर्छ, त्यसले त्यो सेवा उपलब्ध गराउने व्यक्ति अथवा समुहलाई उपभोग गरेको परिमाणका आधारमा भुक्तानी गर्छ । पूर्ण बजारको सिद्धान्तमा आधारित यो प्रक्रिया त्यति सहज भने छैन । के कति परिणाममा त्यस्तो सेवा उपभोग गर्यो, कुन दरमा त्यसको भुक्तानी कसलाई गर्ने भन्ने मूलभूत कुरा मुख्य चुनौतीका रूपमा छन् ।

### १०.२ वनको क्षयीकरण र प्रदुषण नियन्त्रण

वन विनास तथा क्षयिकरणका मुख्य-मुख्य कारक तत्वहरु पत्ता लगाउने सोलाई कम गर्न सम्भावित उपायहरु अबलम्वन गर्ने र मापन, अनुगमन, प्रतिवेदन र प्रमाणीकरणको शुरुवात गर्दा हुन सक्ने सम्भावित जोखिमहरु, चुनौती तथा आवश्यकताहरु पत्ता लगाउने जस्ता कार्यहरु प्रस्ताव गरिएको छ । वायुमण्डलमा सबै ग्याँसको मात्रा निश्चित छ । प्रकृतिमा सन्तुलन रहँदा ती ग्याँसको मात्रामा कुनै विशेष परिवर्तन आउँदैन । तर कुनै कारणवश यदि ग्याँसको मात्रामा परिवर्तन भयो भने वायु प्रदुषण हुन्छ । अन्य खाले प्रदूषणको तुलनामा वायु प्रदुषणको प्रभाव तत्काल देखापर्छ । वायुमा यदि विषालु ग्याँस मिसिएको भए त्यसले तुरुन्तै आफ्नो प्रभाव देखाउँछ र वरिपरिका जीवजन्तु तथा जनसमुदायको ज्यान लिन सक्छ । त्यसैले प्रदुषण नियन्त्रण गर्न विभिन्न कार्यक्रमहरु प्रस्ताव गरिएको छ ।

## १०.३ जलवायू परिवर्तन र कार्बन व्यापार सम्बन्धी

जलवायु परिवर्तन भन्नाले पृथ्वीको समग्र जलवायु प्रणालीमा भइरहेको दीर्घकालीन र ठूलो परिवर्तनलाई बुझिन्छ। यसमा मुख्यतया पृथ्वीको वायुमण्डलको तापक्रम बृद्धि (ग्लोबल वार्मिङ), वर्षाको ढाँचामा परिवर्तन, समुद्री सतहको वृद्धि, चरम मौसमी घटनाहरू (जस्तै, आँधी, खडेरी, बाढी) को बढ्दो आवृत्ति र तीव्रता जस्ता असरहरु पर्दछन् । जलवायू परिवर्तन मानविय गतिविधिहरु औद्योगिक उत्पादन मार्फत वायुमण्डलमा कार्बन डाइअक्साइड($CO_2$), मिथेन ($CH_4$), नाइट्रस अक्साइड($N_2O$) जस्ता हरितगृह ग्याँसहरुको उत्सर्जनले ह्वातै बढाएको छ । प्राकृतिक कारणहरु ज्वालामुखी विष्फोट, सौर्य विकिरणमा परिवर्तन पृथ्वीको कक्षमा हुने परिवर्तन आदिले पनि केहि हदसम्म जलवायू परिवर्तन हुने गरेको छ । जलवायू परिवर्तनले वन तथा वातावरण क्षेत्रमा जैविक विविधतामा ह्रास, पानीको अभाव जस्ता प्रत्यक्ष असरहरु देखिन थालेको छ ।

कार्बन व्यापार एक बजार आधारित संयन्त्र हो जसले हरितगृह ग्याँस उत्सर्जन घटाउन प्रोत्साहन गर्छ । यो प्रदुषणको अधिकारलाई किनबेच गर्न मिल्ने वस्तुको रुपमा हेर्छ । यसको मुख्य उद्देश्य कम लागतमा कार्बन वनको दिगो व्यवस्थापन मार्फत कार्बन उत्सर्जन घटाउनु हो ।

## १०.४ जलवायु परिवर्तन न्युनीकरण सम्बन्धी

जलवायु परिवर्तनको लागि काभ्रेपलाञ्चोक जिल्ला एक्लैले ठुलो प्रयत्न गर्न सक्दैन् । तर काभ्रेपलाञ्चोक जिल्लाभित्र रहेको सामुदायिक वन, निजी वन, सार्वजनिक क्षेत्र, पर्ति जग्गामा वृक्षारोपण र शहरी वन विकास कार्य गरेर केही हदसम्म जलवायु परिवर्तन न्यूनिकरणमा योगदान दिन सक्नेछ । त्यस्तै वन क्षेत्रको दिगो व्यवस्थापन गरेर बुढा, रोगी रुखहरु हटाई नयाँ विरुवाहरु पुनःरोत्पादन मार्फत समेत कार्बन उत्सर्जन कम गर्न भूमिका खेल्न सक्नेछ ।

## १०.५ रेड प्लस

रेड सम्बन्धी रणनीतिलाई सहयोग पुग्ने खालका कार्यक्रमहरुका लागि निजी जग्गा तथा राष्ट्रिय वन क्षेत्रमा व्यापक रुपमा वृक्षारोपण कार्य संचालन गर्नुका साथै वैकल्पिक उर्जा विकास कार्यक्रममा जोड दिइनेछ । सामुदायिक वन कार्ययोजना तयार गर्दा जलवायु परिवर्तन अनुकूलन योजना समेत समावेश गरी कार्यान्वयनलाई जोड दिईनेछ ।

- वन सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन
- भू-क्षय तथा गल्छी पहिरो नियन्त्रण कार्यहरु
- गैरकाष्ठ वन पैदावारमा आधारित उद्यम विकास
- परम्परागत खेती प्रविधीको अवलम्बन
- जैविक मलको प्रयोग
- जैविक ईन्धन, सोतर तथा सुधारिएको चुलोको प्रयोग
- संरक्षण पोखरी तथा सिंचाई कुलो संरक्षण
- पदयात्रा तथा पर्यापर्यटनमा आधारित आयआर्जन
- वर्षातको पानी उपयोग तथा भण्डारण
- डालेघाँस तथा उन्नत भुँइ घाँसको खेती
- बँधुवा पशुपालन र घुम्ती चरिचरनका उपायहरु
- समुदायमा जनचेतना विस्तार तथा जनचेतना अभिवृद्धि आदि ।

## १०.६ जल वायुजन्य जोखिम न्यूनीकरण तथा अनुकूलनका उपायहरु

जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलनका लागि वन विनाश र वन क्षयीकरण नियन्त्रण, वन पैदावार संचिति मौज्दातमा बृद्धि र वनको दिगो व्यवस्थापन प्रमुख कार्यक्रमहरु हुन् । यस क्षेत्रमा जलवायु परिवर्तनको समस्यालाई न्यूनीकरण गर्नका लागि देहाय बमोजिमका क्रियाकलापहरु संचालन गरिनेछ :

- खाली, सार्वजनिक जग्गा, निजी वन, सामुदायिक वन, सरकारद्वारा व्यवस्थित वन, नदी, खोला कटान क्षेत्र, शहर र सडकका पेटी लगायतका क्षेत्रहरुमा सरोकारवालासँग सहकार्य र समन्वय गरी वृक्षारोपण गरिने छ ।
- प्राकृतिक पुनरुत्पादन संरक्षण तथा विस्तारका लागि चरिचरन नियन्त्रण र व्यवस्थापन गरिनेछ ।
- वृक्षारोपण, वन संरक्षण र विकासका लागि विभिन्न मिडियाहरुको सहयोग र सहकार्यमा व्यापक प्रचारप्रसार गर्ने।

उर्जाको रुपमा प्रयोग हुँदै आएको प्रजातीको दाउराको खपतमा कमी ल्याई बैकल्पिक उर्जाका स्रोतहरु जस्तैः बायोग्याँस, ब्रिकेट आदिको उपयोगमा बढावा दिन सम्बन्धित निकायहरुसँग समन्वय र सहकार्य गरिनेछ ।

अनुकूलनका लागि परिवर्तित अर्थात नयाँ रुपमा सृजना भएको वातावरणमा विभिन्न उपायहरु निकालेर जीवनयापनका तरिकाहरु अवलम्बन गर्नुपर्नेछ । जलवायु परिवर्तन अनुकूलनका लागि निम्न बमोजिमका क्रियाकलापहरु संचालन गरिनेछ । तपसिलमा उल्लेखित कार्यक्रमहरु सामुदायिक वन उपभोक्ता समुहको कार्ययोजना निर्माण गर्दा क्रमश: समावेश गर्दै लगिने छ ।

- सामुदायिक वन कार्ययोजना तयार गर्दा जलवायु परिवर्तन अनुकूलन योजना (CAPA) समेत समावेश गरी कार्यान्वयनलाई जोड दिईनेछ ।
- जलवायु परिवर्तन अनुकूलनका लागि Indigenous Knowledge को संरक्षण र विकासको अवधारणा अवलम्बन गरिनेछ ।
- उन्नत चुलो लगायतका नयाँ प्रविधिको पहिचान गरी सोको उपयोग गर्न प्रचारप्रसार र प्रोत्साहन गरिनेछ ।
- जलवायु परिवर्तन अनुकूलनका लागि सीप, शिक्षा तथा जनचेतनामूलक तालिम गोष्ठीको आयोजना गरिनेछ ।

# भाग ११

## वन व्यवस्थापन पद्धती

वन व्यवस्थापन कार्ययोजना तयार गर्नको लागि काभ्रेपलाञ्चोकमा रहेका सामुदायिक वन, धार्मिक वनको संख्या र क्षेत्रफलको प्रमुख भूमिका हुन्छ । यहाँ सरकारद्वारा व्यवस्थित वनको क्षेत्रफल पनि उल्लेख्य मात्रामा रहेको छ । यी वन क्षेत्रहरु गाउँ बस्ती भन्दा टाढा र दुर्गम क्षेत्रमा पनि रहेका छन् । यी वन क्षेत्रहरुको केही भाग अझैपनि सामुदायिक वनको रुपमा समुदायलाई हस्तान्तरण गर्नुपर्ने हुन्छ ।

### ११.१ सरकारद्वारा व्यवस्थित वन व्यवस्थापन

सरकारद्धारा व्यवस्थित वनको संरक्षण, विकास र सदुपयोग सम्बन्धी कार्यहरु योजना अवधिभर संचालन गरिनेछ । वन क्षेत्रमा हुने चोरी निकासी नियन्त्रण गर्ने, अतिक्रमण नियन्त्रण गर्ने, आगलागी तथा वन डढेलो नियन्त्रण सम्बन्धी कार्यहरु गर्ने कार्य यस कार्यक्रम अन्तर्गत गरिदै आएको छ ।

जिल्लामा विद्यमान कुल वन क्षेत्र मध्ये सरकारद्वारा व्यवस्थित वनको क्षेत्रफल ४२,१५७.६१ हेक्टर (जिल्लाको कुल वन क्षेत्रबाट हस्तान्तरण भएको सामुदायिक वन, कबलियती वन र धार्मिक वन क्षेत्र घटाएर बाँकी) रहेको छ । सामुदायिक वन, कबुलियति वन, धार्मिक वन बनाई बाँकी रहेको वन क्षेत्र भएकाले यस वन क्षेत्रको प्रायजसो भू-भाग मानव बस्ती देखी टाढा रहेको वन क्षेत्र, झाडी तथा बुट्यानले ढाकेको क्षेत्र, भिरालो भू-भाग पर्दछ । अधिकाँस राष्ट्रिय वनको भाग रोशी, महाभारत, खानीखोला, बेथानचोक गाउँपालिका अन्तर्गत महाभारत पर्वत श्रृंखलामा पर्दछ । डिभिजन वन कार्यालय र मातहतका सव डि.व.का.को नियमित अनुगमनको अभावमा तथा सरकारद्धारा व्यवस्थित वन क्षेत्रमा जनताको अपनत्वको अभावको कारण दिनानुदिन वन डढेलो, अनियन्त्रित चरिचरण, वन्यजन्तुको अवैध शिकार जस्ता समस्याहरु सरकारद्धारा व्यवस्थित वनमा रहेका छन् । सरकारद्धारा व्यवस्थित वनको व्यवस्थापनमा विविध खाले समस्याहरु देखिएता पनि डिभिजन वन कार्यालय तथा सव डिभिजन वन कार्यालयबाट वन क्षेत्रको नियमित गस्ती, आवधिक योजना सहितको रणनितीक योजनाको परिधी भित्र रहेर सुखढ, ढलापढा काठ एवं जडीबुटी संकलन तथा सदुपयोग, वन डढेलो नियन्त्रण जस्ता कार्यहरु गरिने छ ।

आविधक योजनाको अवधिमा वनको संरक्षण, वन सम्बन्धी विभिन्न चेतनामूलक कार्यक्रम, सरकारद्वारा व्यवस्थित वन क्षेत्रको जडिबुटीको मौज्दात अनुमान तथा व्यवस्थित बिक्री वितरण, वन पैदावार चोरी निकासी नियन्त्रण, आगलागी तथा अतिक्रमण नियन्त्रण, वन क्षेत्रमा हुने गरेको अधिक चरिचरनको व्यवस्थापन आदि कार्यलाई प्रभावकारी रुपमा संचालन गरिनेछ । यो आविधक योजनाको अधिनमा रहि जडिबुटी तथा गैह्र काष्ठ वन पैदावारको दिगो व्यवस्थापन तथा संकलन गरिने छ ।

**उद्देश्य**

- दिगो र सक्रिय व्यवस्थापनको माध्यमबाट वन क्षेत्रको उत्पादकत्व वृद्धि गर्नु ।
- दिगो वन व्यवस्थापनको आधारमा वन पैदावारको बिक्री वितरण गरी स्थानीय अर्थतन्त्रमा बृद्धि गर्नु ।

**अपेक्षित उपलब्धि**

- वनको अवस्था अनुसार यसको सक्रिय व्यवस्थापनबाट वनको अवस्था र उत्पादकत्वमा सुधार भई वनको दिगो व्यवस्थापन हुनेछ ।
- वनको उत्पादकत्व तथा उत्पादनमा बृद्धि भई वन पैदावारको सततः आपूर्ति भएको हुनेछ ।

- सक्रिय वन व्यवस्थापनबाट उत्पादन भएका वन पैदावारहरुको बिक्रीबाट राजस्वमा बृद्धि हुनेछ।
- हैसियत बिग्रिएको वन क्षेत्रमा सुधार आउनेछ ।
- जैविक विविधताको संरक्षण तथा पारिस्थितिकीय प्रणालीमा सन्तुलन कायम हुनेछ ।

## ११.२ सामुदायिक वन विकास कार्यक्रम

यस जिल्लाको वन संरक्षणमा स्थानीय उपभोक्ताहरुले अपनाएका प्रचलन जस्तैः- श्यामपाटी-२ को पाण्डे-पाठक वनमा लगाइएको ढुंग्रेपालोको चलन, कुशादेवी-१ को बाउसे वनमा मानापाथी भरी पाले राख्ने चलन, काभ्रे-४ को भण्डारखर्क वनमा रहेको थारो (ढुंगो) बाँध्ने चलन परम्परागत बन व्यवस्थापन प्रणाली(Indigenous Forest Management System) का केही उदाहरणहरु हुन् । जिल्लाका अधिकांश वनहरुमा यस्तै कुनै न कुनै चलन अपनाइएबाट प्रभावित चौतारा वन डिभिजनले फूलवारी-८ को बाँसखर्क वन लगायतका केही वनका उपभोक्ताहरुलाई वि.सं. २०३८ सालमा नै वन संरक्षण अनुमति पत्र प्रदान गरे देखि नै सामुदायिक वनको शुरुवात भएको पाईन्छ । सामुदायिक वन विकासको प्रारम्भ २०३६/०३७ (ईं.सं. १९७९/८०) मा नेपाल-अष्ट्रेलिया वन परियोजना लागू भए पश्चात बृहत रुपमा वृक्षारोपण भई त्यसको सहभागितात्मक संरक्षणको अवधारणा सगँसगै भएको पाईन्छ । वन विभागको सांगठनिक विकास संगै वि.स. २०४० सालमा जिल्ला वन कार्यालय काभ्रेको स्थापना पश्चात वन विकासका कार्यहरु निरन्तर रुपमा अगाडी बढी रहेको छ । नेपाल-अष्ट्रेलिया वन परियोजना लागु भए पश्चात नर्सरी स्थापना, विरुवा उत्पादन तथा नांगा पाखाहरुमा वृक्षारोपणको कार्यक्रमले ब्यापकता पायो । बृहत रुपमा गरिएको वृक्षारोपणको संरक्षण कार्य सरकारी जनशक्तिवाट मात्र सम्भव थिएन । वि.सं. २०४५/०४६ मा वन विकास गुरु योजना (२५ वर्षे) तयार भई सामुदायिक वन विकास कार्यक्रलाई प्राथमिकताको पहिलो सुचिमा राखी खाली स्थानमा उपभोक्ता समूह मार्फत नै वृक्षारोपण गराउने, संरक्षण गर्ने र समूह मार्फत नै व्यवस्थापन गर्न सामुदायिक वन हस्तान्तरण गर्ने कार्यमा तिब्रता आयो ।

योजना अवधिमा सामुदायिक वनमा वन सम्बर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन योजनाको कार्यान्वय गरी वनको उत्पादकत्व र वन पैदावारको उत्पादनमा वृद्धि गर्दै लगिने छ । दिगो वन व्यवस्थापनका लागि थप सामुदायिक वनहरू पहिचान गरी संघीय नम्स तथा प्रदेश मापदण्ड तथा कार्यविधि निर्देशिका बमोजिम कार्ययोजना तयार तथा स्वीकृत प्राप्त गरी कार्यान्वयन गरिनेछ । सामुदायिक वन क्षेत्र भित्र सम्भाव्य पर्यापर्यटन क्षेत्र पहिचान गरी वातावरण मैत्री पर्यापर्यटन सेवा सञ्चालन गर्ने विषय कार्ययोजना मै समावेश गरी कार्यानवयन गरिने छ । समूहका विपन्न तथा अन्य लक्षित वर्गका लागि सामुदायिक वन क्षेत्र भित्रका खाली ठाउँ उपलब्ध गराई आयआर्जनका क्रियाकलापहरू सञ्चालन गरिने छ । सामुदायिक वनमा हुने छाडा चरिचरनलाई व्यवस्थापन सम्बन्धित उपभोक्ता समूह मार्फत नियमन गरिने छ । सामुदायिक वनमा लाग्ने डढेलोलाई प्रतिरोधात्मक र नियन्त्रणात्मक उपायहरू अवलम्बन गरी प्रभावकारी रुपमा नियन्त्रण गरिने छ । सामुदायिक वन कार्ययोजनामा नै व्यवस्थित गरी व्यवसायिकरण हुन सक्ने जडिवुटी एवं गैरकाष्ठ वन पैदावार खेतीको प्रविधि विकास तथा गरी सामुदायिक वन क्षेत्र भित्र र उपभोक्ता समूहको निजी जग्गामा समेत विस्तार गरिने छ । यस कार्ययोजनाको अवधिमा म्याद नाघेका सबै कार्ययोजनाहरूको नविकरण गरी सकृय तुल्याइने छ । सामुदायिक वनवाट प्राप्त काठ, दाउरा लगायत प्राप्त वातावरणीय सेवावाट प्राप्त लाभमा आदिबासी जनजाति, दलित, महिला लगायतका लक्षित वर्गको समन्यायिक पहुंच सुनिश्चित गरिनेछ । सामुदायिक वनवाट उत्पादित वन काठ दाउरा लगायतका वन पैदावारको परिमाण, समूह भित्र आन्तरिक खपत तथा वाह्य विक्री वितरणवाट प्राप्त आम्दानी र वन व्यवस्थापन, गरिवी न्यूनीकरणका कार्यक्रम र सामुदायिक विकास लगायतका विषयहरूमा गरिएको खर्चको अभिलेख पारदर्शी रुपमा राखी सामुदायिक वन उपभोक्ता

समूहमा सुशासन कायम सुनिश्चित गरिनेछ । सामुदायिक वन उपभोक्ता समूहहरूलाई दिगो वन व्यवस्थापन सिप विकास, आयमूलक कार्यक्रम, अभिलेख व्यवस्थापन जस्ता क्षमता अभिवृद्धि तालिम तथा गोष्ठी सञ्चालन गरिने छ । यस क्षेत्रमा रहेका ७ वटै सव डिभिजन वन कार्यालय अन्तर्गत गठन भएका सा.व.उ.स.को संख्या, घरधुरी र हस्तान्तरण भएको क्षेत्रफलको विवरण अनुसूची १० मा उल्लेख गरिएको छ ।

**कार्यक्रमको उद्देश्य**

- सक्रिय वन व्यवस्थापनबाट सामुदायिक वन उपभोक्ता समुह सक्रियतामा संस्थागत क्षमतालाई विकास गरी वनको दिगो व्यवस्थापन गर्ने र वन क्षेत्रको उत्पादकत्वलाई वृद्धि गर्ने ।
- वन क्षेत्रवाट प्राप्त हुने लाभांशको न्यायोचित वितरणको सुनिश्चितता गरी स्थानीय जनताको जीविकोपार्जनमा सुधार ल्याउनुका साथै वातावरणमा समेत सुधार ल्याउने ।
- वन व्यवस्थापन तथा उद्यम विकासको माध्यमवाट ग्रामीण क्षेत्रमा गरीवी न्यूनीकरण गर्ने ।

**अपेक्षित उपलब्धि**

- स्थानीय समुदायको आवश्यकता र वनको अवस्था अनुसार यसको सक्रिय व्यवस्थापनबाट वनको अवस्था र उत्पादकत्वमा सुधार भई वनको दिगो व्यवस्थापन हुने ।
- सामुदायिक वन उपभोक्ता समुहहरुको संस्थागत तथा मानव स्रोतको विकासबाट सामुदायिक वनको प्रभावकारी सञ्चालन र व्यवस्थापन हुने ।
- वन क्षेत्रको विकासको माध्यमबाट विपन्न, महिला, दलित, जनजाति एवं पछाडि परेका तथा पारिएका वर्गलाई रोजगारीका अवसरहरुको सिर्जना तथा आय बृद्धि गरी वैकल्पिक जीविकोपार्जनका अवसरहरुबाट मानवीय तथा आर्थिक गरिबी न्यूनीकरण गर्न सहयोग पुग्ने ।
- न्यायोचित वितरण पद्दतिद्वारा सामुदायिक वन उपभोक्ता समुह भित्रका गरीब, बिपन्न तथा सिमान्तकृत समुदायको समतामूलक पहुँच तथा अवसरको सिर्जना हुने ।
- सामुदायिक वन व्यवस्थापन कार्यक्रममा तपसिल बमोजिमको कार्यहरु संचालन गरिनेछ । प्रस्तावित गरिएको कार्यहरुमा निम्न बमोजिमको क्रियाकलापहरु नीतिगत मार्गदर्शनको आधारमा कार्यक्रम संचालन गरिनेछ ।

**क. सामाजिक परिचालन कार्यक्रम**

यो कार्यक्रम अन्तर्गत सामुदायिक वन उपभोक्ता समूह र कबुलियती वन समूहहरुको क्षमता अभिवृद्धि गर्न समुहहरु भित्रैबाट स्वयंसेवक तयार गरी सा.व. सम्बन्धी अनुशिक्षण, कार्ययोजना नवीकरण र समुहहरुको स्रोत परिचालन गरी समुहमा सुशासन कायम गर्न सामाजिक परिचालन कार्यक्रम संचालन गरिनेछ ।

सामुदायिक वन समुहबाट कार्ययोजना निर्माण भई कार्यान्वयन भएपछि समयानुकुल परिमार्जन गराउनु पर्ने आवश्यक छ । साथै कतिपय सामुदायिक वनको कार्ययोजनाको एवं त्यसमा उल्लेखित कार्यक्रमहरु वनको अवस्था र उपभोक्ताहरुको चाहना अनुसार वास्तवमै संचालन गर्नुपर्ने देखिएमा तुरुन्तै संशोधन गर्नुपर्ने हुन्छ । हस्तान्तरण भएका सामुदायिक वनहरुको कार्ययोजनाहरु मध्ये आगामी ५ वर्षमा तालिका नं. २५ मा देखाइएको संख्यामा वन कार्ययोजनाहरुको नविकरण गर्नु पर्ने देखिन्छ । यो कार्यको लागि सामाजिक परिचालन कार्यक्रमबाट आवश्यक मद्दत मिल्ने छ ।

तालिका नं. २५: आगामी ५ वर्षमा नविकरण गर्नुपर्ने वन कार्ययोजनाहरुको विवरण

| आ.व. | | | ०८२/८३ | | ०८३/८४ | | ०८४/८५ | | ०८५/०८६ | | ०८६/०८७ | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क.सं. | कार्यक्रम | परिमाण | संख्या | बजेट (लाख) | संख्या | बजेट (लाख) | संख्या | बजेट (लाख) | संख्या | बजेट (लाख) | संख्या | बजेट (लाख) |
| १ | सामुदायिक वन उपभोक्ता समुह गठन, दर्ता, कार्ययोजना तयारी तथा वन हस्तान्तरण | वटा | १ | ०.३ | १ | ०.३ | १ | ०.३ | १ | ०.३ | १ | ०.३ |
| २ | सामुदायिक वन उपभोक्ता समुहको कार्ययोजना नवीकरणमा सहयोग | वटा | २५० | १५ | ५० | १६.५ | ५५ | १६.५ | ५५ | १६.५ | ६० | १८ |

**ख. वन सम्बर्द्धन**

प्राकृतिक तथा वृक्षारोपण गरिएका वन क्षेत्रहरुमा वन सम्बर्द्धनका कार्यहरु संचालन गरिनेछ । उपभोक्ताहरुको आवश्यक्ता र चाहनाको आधारमा प्राकृतिक पुनरुत्पादन भई बल्लाबल्लीको उमेरको वन स्थापित भएका क्षेत्रहरुमा गोडमेलको कार्य प्राथमिकताका साथ संचालन गरिनेछ । गोडमेल गर्दा प्रजातिय विविधता कायम गरिनेछ । साथै प्रत्येक सव डिभिजन वन कार्यालयहरुमा कम्तीमा ६ वटा वनको दरले उपरोक्त किसिमको वन सम्बर्द्धन प्रणाली झल्कने किसिमको वन सम्बर्द्धन वन सम्बर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन कार्यक्रम लक्षित गरिनेछ । जसको सम्पूर्ण क्रियाकलाप र तथ्याङ्कको अभिलेख राखी त्यसको व्यवस्थापन र उपयोग गरिनेछ भने अन्य क्षेत्रको लागि अवलोकन क्षेत्रको रुपमा विकसित गरिनेछ ।

दिगो वन व्यवस्थापनको सफल कडीको रूपमा सामुदायिक वन विकास कार्यक्रमलाई लिइएको छ । जनसहभागितामा आधारित यस कार्यक्रमले सम्पूर्ण समुदायहरूको मन जित्न सफल भई प्राकृतिक वन स्रोत माथिको पहुँच र अधिकारलाई समेत सुनिश्चितता प्रदान गरेको छ । नेपाल सरकारको वन नीति अनुसार नै पायक पर्ने सम्भावित वन क्षेत्र र समुह आफैले व्यवस्थापन गर्न सक्ने वन क्षेत्रलाई आगामी पाँच वर्षसम्ममा पनि सामुदायिक वनको रूपमा हस्तान्तरण गर्दै लगिनेछ । सामुदायिक वन हस्तान्तरण गरी लिने माग यस क्षेत्रमा हाल पनि कायमै रहेको छ । अतः नयाँ बन्ने सामुदायिक वनहरुमा कुनै पनि समुहमा आबद्ध नभएका उपभोक्ता र समुदायहरूको मागलाई प्राथमिकता दिइनेछ । चोरी निकासी र अतिक्रमणको सम्भावना भएका वन क्षेत्रलाई सम्बेदनशील क्षेत्र मानी त्यस्ता वन क्षेत्रलाई सामुदायिक वनको रूपमा हस्तान्तरण गरी वन व्यवस्थापन गर्ने रणनीति अपनाइएको छ ।

त्यसैगरी सामुदायिक वनको कार्ययोजना निर्माण गर्दा ३०° भन्दा बढी भिरालो भएको वन क्षेत्रलाई खोल्सा-खोल्सी तथा नदीहरूको दायाँवायाँ १५-१५ मिटर क्षेत्रलाई पूर्ण रूपमा संरक्षित क्षेत्र छुट्याई संरक्षण कार्यहरू गरिनेछन् । यसमा खास गरेर बायो इन्जिनियरिङ्गको कार्यक्रमलाई प्राथमिकता दिइनेछ । दिगो तरिकाको अबलम्बन गरी वनलाई खण्डहरूमा बिभाजन गरी खण्ड अनुसारको प्रजाति मौज्दात, वार्षिक स्वीकार्य कटान परिमाण निर्धारण गरिनेछन् भने वार्षिक संकलन परिमाणमा समेटिने गरी बिभिन्न वन सम्बर्द्धन प्रणाली तथा सम्बर्द्धन कार्यहरू सिफारिश गरिने छन् । यसको साथै भू-बनोट, स्थानीय वातावरण तथा तत्वहरूलाई समेत विचार गरेर ढलापडा, सुखड खडा, 5D अवस्थाका (मरेको, मर्न लागेको, रोगी, रूप विग्रेको र मक्किएको) तथा अति परिपक्क अवस्थामा रहेका रूखहरू मात्र प्राथमिकतामा राखी संकलन तथा सदुपयोग गर्न सिफारिस गरिने छ ।साथै जैविक विविधतालाई बढावा दिन ढलापडा तथा सुखड

खडा रुखहरुमध्ये १०% सम्म रूखहरू पर्यावरणीय दृष्टिकोणले एवं जनावर, चराचुरूङ्गी, सरिसृप एवं कीटपतङ्ग आदिको संरक्षणको लागि छाडिने छ ।

सामुदायिक वन हस्तान्तरण भैसकेका समुहको वन कार्ययोजनामा उल्लेखित वन स्रोत सर्वेक्षणको आधारमा वनको उत्पादकत्वलाई कायमै राखी समुहको स्वीकृत विधान र कार्ययोजना अनुसार वार्षिक स्वीकार्य कटानको परिधि भित्र रही सामुदायिक वनक्षेत्र भित्र रहेका ढलापडा, सुखड खडा, ५ डी अवस्थाका (मरेको, मर्न लागेको, रोगी, रूप विग्रेको र मक्किएको) तथा अति परिपक्क अवस्थामा रहेका रूखहरू र वन सम्बर्द्धन कार्यबाट प्राप्त वन पैदावारहरु तथा गैरकाष्ठ वन पैदावारहरु नियम अनुसार प्रकृया पुरा गरी विक्री वितरण गरिनेछ ।

- समुहमा कार्ययोजनामा तोकिए बमोजिमका वार्षिक कार्यक्रम बनाई कार्य गर्न प्रेरित गरिनेछ ।
- सव डिभिजन वन कार्यालय र डिभिजन वन कार्यलयको अनुगमन निरिक्षणलाई नियमित र प्रभावकारी गरिनेछ ।
- समुहबाट बाहिर वन पैदावार बिक्री गर्दा उपभोक्ता बाहेक अन्य उपभोक्तहरुको माग पुरा हुने व्यवस्था मिलाए पश्चात पूर्ण प्रतिस्पर्धा गराई अधिकतम मूल्यमा बिक्री गर्न आवश्यक सहजीकरण गरिनेछ ।
- समुहको कोषको कम्तीमा २५% अनिवार्य रुपमा वन विकास कार्यमा खर्च गर्ने, ३७.५ प्रतिशत विपन्न परिवारको आयआर्जन हुने गरिब केन्द्रित कार्यक्रम, महिला सशक्तीकरण र उद्यम विकासमा तथा बाँकी रकम समुहको हितमा खर्च गर्न आवश्यक सहजिकरण गरिनेछ ।
- समुहमा भएको आम्दानी तथा आय-व्यय पारदर्शी गर्न सामुदायिक वनहरुलाई अनिवार्य रुपमा सार्बजनिक लेखापरीक्षण र नियमित बार्षिक प्रगति प्रतिवेदन पेश गर्न लगाईनेछ र सामुदायिक वनको कोष संचालन कार्यविधि समुहबाट पारित गरी कार्यान्वयन गर्न सहजीकरण गरिनेछ ।
- सामुदायिक वन उपभोक्ता समुहको निर्णय प्रक्रियामा महिला तथा विपन्न र दलित वर्गको सहभागिता बढाउन आवश्यक पहल गरिनेछ ।
- जैविक विविधताको अभिलेखिकरण समुहको सहयोगमा गरिनेछ ।
- CFUG/MIS लाई प्रभावकारी बनाइनेछ ।

सामुदायिक वन विकासका लागि आगामी पाँच वर्षसम्म संचालन गरिने प्रस्तावित विभिन्न कार्यक्रमहरू र सोको लागि चाहिने अनुमानित बजेट यस कार्य योजनामा उल्लेख भए बमोजिम हुनेछ । यसमा समय र परिस्थिति अनुसार कार्यक्रमहरूको पहिचान भएमा थपघट हुन सक्ने प्रावधान राखिएको छ ।

## ११.३ दिगो वन व्यवस्थापन पद्धतीहरु

यस जिल्लामा हाल दिगो वन व्यवस्थापन कार्यविधि २०७९ र नेपालमा पाटे र खोटे सल्ला वृक्षारोपण वन पत्ल्याउने सम्बन्धी मार्गदर्शन २०६४ अनुसार ३ वटा सामुदायिक वनहरुको दिगो वन व्यवस्थापन कार्ययोजना स्वीकृत भई कार्यान्वयनमा आएको छ । आवश्यकताको आधारमा सामुदायिक वनहरुको पहिचान गरी दिगो वन व्यवस्थापन कार्यविधि २०७९ बमोजिम उचित किसिमको सामुदायिक वनहरुको वन सम्बर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन कार्ययोजना तयारी गरी कार्यान्वयन गरिने छ । यो योजनाको अन्त्य सम्ममा काभ्रेपलाञ्चोक जिल्लामा रहेको ५८३ सामुदायिक वनहरु मध्ये सम्भावित तथा इच्छुक सम्भव भएसम्म प्रत्येक सव डिभिजन वन कार्यालयबाट कम्तिमा ६ वटा गरी जम्मा करिब ४५ वटासम्म सामुदायिक वनहरुको वन सम्बर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन गरिनेछ । दिगो वन व्यवस्थापन २०७९ को अनुसूची १ मा उल्लेखित वन

सम्बर्द्धन प्रणाली अनुसारको प्रजाती र भूगोल अनुसारको उपयुक्त वन सम्बर्द्धन प्रणाली छनौट गरी दिगो वन व्यवस्थापन कार्ययोजना तयारी गरिनेछ ।

तालिका नं. २६: दिगो वन व्यवस्थापन भई कार्यान्वयनमा रहेको सामुदायिक वनहरुको विवरण

| क्र.सं. | वन र समूह दर्ता नं. | सा.व.उ.स. को नाम | ठेगाना | क्षेत्रफल हे. | कैफियत |
|---|---|---|---|---|---|
| १ | १७०/२१६ | खस्रेपाखा | मण्डनदेउपुर-३ | ७१.९७ | |
| २ | १६२/१९७ | साँगास्वाती लौरे देउपोखरी | चौरी देउराली-१ | ३६७.८० | |
| ३ | ५६३/५५३ | चिनिम्राङ्ग आहालडाँडा | चौरी देउराली-१ | १४४.६६ | |

## ११.४ गरिबिको रेखामुनीका जनताका लागि कबुलियती वन कार्यक्रम

डि.व.का. काभ्रेपलाञ्चोक अन्तर्गत हालसम्म ४६० वटा गरिबीको रेखामुनिका जनताका लागि कवुलियती वन समुह गठन भई २५४९.५८ हेक्टर वन क्षेत्र २४९१ घरधुरीलाई हस्तान्तरण गरी कार्यक्रम संचालन भएको छ । खाली, नांगा भू-भागहरुलाई गरिव तथा बिपन्न बर्गका जनताहरुको जीवनस्तर माथि उकास्नका साथै वनको हैसियतमा समेत सुधार ल्याई वातावरण संरक्षण गर्ने उद्देश्य राखी गरिबमुखी कवुलियति वन कार्यक्रम संचालन गर्दै आएको छ । गरिबिको रेखामुनीका समुदायलाई प्रदान गरिने कबुलियती वन प्रदान गर्दा कुनै दस्तुर लाग्ने छैन् । कबुलियती वनमा छिट्टै आय आर्जन दिने खालका वन जन्य वनस्पती, फलफुल र गैह्र काष्ठ वन पैदावार रोपण गरि आम्दानी दिने व्यवस्था मिलाइने छ । कबुलियती वन समूहलाई नियमित बचत गर्न लगाइने छ । नियमित बचतबाट समूहको कोष वृद्धि भई सहुलियतीपुर्ण कर्जा मार्फत आय आर्जनका कृयाकलाप सञ्चालन गरिने छ ।

## ११.५ वन संरक्षण क्षेत्र विकास कार्यक्रम

नेपाल सरकारले ललितपुर र काभ्रेपलाञ्चोक जिल्ला स्थित जैविक विविधता, प्राकृतिक सौन्दर्य, भौगोलिक र भौगर्भिक अवस्था, पारिस्थिकीय प्रणाली, एवं सङ्कटापन्न जीवजन्तु वनस्पती र ऐतिहासिक धार्मिक सांस्कृतिक महत्वका सम्पदा समेतको संरक्षण गर्ने हेतुले गोदावरी-फुलचोकी वन क्षेत्रलाई संरक्षित वन क्षेत्रको रुपमा घोषणा गरेको छ । नेपाल सरकारले मिति २०७९।०३।०२ मा ललितपुर जिल्ला तर्फ २०७८.३५ हेक्टर र काभ्रेपलाञ्चोक जिल्ला तर्फ ५०.५३ हेक्टर वनक्षेत्र समेटेर गोदावरी-फुलचोकीको जम्मा २१२८.८८ हेक्टर वन संरक्षण क्षेत्र घोषणा भएको गरेको थियो । काभ्रेको ५०.५३ हेक्टर राष्ट्रिय वन क्षेत्र पर्ने गरी काभ्रेपलाञ्चोकको पनौती नगरपालिका वडा नं. १ र २ अन्तर्गत फुल्चोकी डाँडा देखि भर्याङ खोल्सी र पानीघाट खोल्सी हुँदै कार्भे र ललितपुर जिल्लाको सिमानाको राष्ट्रिय वनको भाग तथा भूपरिधीय क्षेत्र कायम गरिएको छ । त्यस्तै स्थानीय जनताको दैनिक गुजाराको पहुँचभन्दा बाहिरको जैविक विविधताले धनी महाभारतको माथिल्लो भेग फूलचोकि ताराखसे वन संरक्षण क्षेत्रलाई वन संरक्षण क्षेत्र बनाउन सकिन्छ । यो वनले साविकको ढुङ्गखर्क, च्यासिङ्गखर्क, भुग्देउ, खहरेपाँगु, शिखरआम्बोटे, शिसाखानी, बुढाखानी, बनखु, फोक्सिङ्गटार, गोकुले, डाँडागाउँ, फलामेटार र साल्धारा गा.वि.स. को समुन्द्र सतहबाट १५०० मिटर देखि ३०१८ मिटर उचाईसम्मको धरातललाई समेट्दछ । जिल्ला विकास समितिको Resource Mapping Report Kavrepalanchok District, July 2002 का अनुसार यस जिल्लामा यस्तो सम्भावित वन संरक्षण क्षेत्र ५०४० हेक्टर रहेको छ । वन संरक्षण क्षेत्रमा गरिने विभिन्न कृयाकलापहरु वन तथा भू संरक्षण विभागले डिभिजन वन कार्यालयलाई दिए बमोजिमको कार्यक्रम संचालन गरिने छ ।

# भाग १२
## व्यावसायिक कबुलियती वन र पर्यापर्यटन
### १२.१ महत्वपुर्ण क्षेत्रहरु र व्यवस्थापन
काभ्रेपलाञ्चोक जिल्लामा अवस्थित ऐतिहासिक एवं धार्मिक स्थलहरु, ताल पोखरीहरु, रमणीय मनमोहक दृश्य तथा सुन्दर बस्तीहरु नै यहाँका पर्यटकीय स्थलहरुको रुपमा परिचित छन् । यस क्षेत्रमा पहिचान भएका महत्वपूर्ण ऐतिहासिक, धार्मिक तथा पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण क्षेत्रको संरक्षण एवं विकास गर्ने कार्य अन्य विभिन्न सरोकारवाला सरकारी तथा गैरसरकारी संघसंस्थासँग समन्वय गरी अगाडि बढाइनेछ । यहाँ अवस्थित विभिन्न ऐतिहासिक, धार्मिक महत्वका स्थानहरुको सूची तयार गरी प्राथमिकताको आधारमा त्यस्ता क्षेत्रहरुको प्रबर्द्धनका लागि विशेष खालको कार्यक्रमहरुको तय गरिनेछ । त्यस्तो क्षेत्रको वरिपरि सौन्दर्य बढाउनको साथै भू-क्षय नियन्त्रण गर्ने खालका प्रजातिहरुको वृक्षारोपणको कार्यक्रम संचालन गरिनेछ । यस्ता कार्यक्रमहरुमा खास गरी मन्दिर क्षेत्रमा रहेका वन क्षेत्रलाई धार्मिक वनको रुपमा व्यवस्थापन गरिनेछ । यस क्षेत्रमा रहेको मठ, मन्दिर, पोखरी, ताल एवं पर्यटकलाई आकर्षित तुल्याउने ठाउँहरूको संरक्षण गर्नको लागि स्थानीय तह लगायत विभिन्न संघ संस्थाहरूसँग समन्वय गरी उनीहरूको सहयोगमा कार्यक्रम संचालन गरिने छन् । स्थानीय स्तरमा संचालन गरिने यस्ता कार्यक्रमहरू स्थानीय तहहरुको सहकार्य र स्थानीय जनताको प्रत्यक्ष सहभागितामा संरक्षणको कार्य गरिनेछ ।

महत्वपूर्ण क्षेत्रहरु आन्तरिक तथा वाह्य पर्यटक भित्र्याउनको लागि त्यस्ता क्षेत्रको व्यापक प्रचार-प्रसार गरी स्थानीय तह लगायतका सरोकारवालाहरुको सहयोगमा पर्यटकीय पूर्वाधारहरुको व्यवस्था गरी पर्यापर्यटन (Eco-tourism) को विकास गर्न डिभिजन वन कार्यालयले उत्प्रेरकको भूमिका निर्वाह गर्ने छ । पदमार्ग लगायत अन्य सम्भावित स्थानहरु पहिचान गरी पर्यटकीय पूर्वाधार निर्माण गरिने छ । वनमा आधारित उद्यम प्रवर्द्धन गर्न तथा पर्यटन प्रवर्द्धन गरी रोजगारी सृजना र आयआर्जन गर्न वन ऐन २०७६ को दफा २६ ले कुनै संगठित संस्थालाई कवुलियती वन दिन सक्ने व्यवस्था गरेको छ । यस कार्यक्रम अन्तर्गत व्यापारिक र औद्योगिक, पर्यापर्यटन विकास जस्ता उद्देश्यका लागि दिइने क्षेत्रको पहिचान गरी माग भै आएमा वन क्षेत्र एकिन गरी प्रक्रिया शुरु गरिनेछ । उपयुक्त क्षेत्रहरुको पहिचान गरी व्यवसायिक कवुलियती वनको रुपमा माग भै आएमा व्यवसायिक कवुलियती वन तोकिएको कार्यविधि अवलम्वन गरी त्यस्तो क्षेत्र यो कार्ययोजनाको अंगको रुपमा समावेश गरी कवुलियती वन प्रवर्द्धनको लागि कार्यक्रम संचालन गरिनेछ । डि.व.का. काभ्रेपलाञ्चोकको कार्यक्षेत्र भित्र पर्ने जैविक विविधतायुक्त पहाडी वन क्षेत्र भौगोलिक बनावट प्रमुख पर्यटकीय गन्तव्य हो । वन क्षेत्र बहुसंख्यक जनताको आयआर्जन र जीविकोपार्जनको प्रमुख स्रोत हो । यसको दिगो व्यवस्थापनको लागि वन सम्बर्द्धन प्रणालीलाई कार्यान्वयन गरिनु पर्दछ । यसको लागि पौराणिक एवं ऐतिहासिक महत्व भएका तालतलैया पोखरी जस्ता सिमसार क्षेत्र जैविक विविधताले महत्वपूर्ण क्षेत्रहरु संरक्षण गर्दै पर्या-पर्यटनमा निजी क्षेत्रलाई सहभागी गर्ने उदेश्यले यस क्षेत्र भित्र रहेका पर्यटकीय स्थलहरुको पहिचान गरी पर्यापर्यटन तर्फ इच्छुक व्यवसायहरुबाट सम्भाव्यताको अध्ययन गर्ने, गराउने र व्यवसायिक कवुलियती वनको माध्यमबाट पर्या-पर्यटनलाई प्रबर्द्धन गरी हरित रोजगारी सिर्जना गरी समृद्धिमा टेवा पुर्याउने उद्देश्यले प्रचलित ऐन नियमअनुसार राष्ट्रिय वनको केही भागहरु व्यवसायिक कवुलियती वनको रुपमा उपलब्ध गरिने छ । यसका लागि विभिन्न स्थलहरु सम्भावनाका क्षेत्रहरु हुन सक्ने प्रारम्भिक अनुमान गरिएको छ । साथै पर्यापर्यटन सम्बन्धी उद्यम विकास, जलविद्युत विकास आदिका लागि कुनै निजी व्यक्ती वा संस्थाबाट माग भई आएमा प्रचलित व्यवस्था अनुसार वन क्षेत्र उपलब्ध गराउन सकिनेछ । काभ्रेपलाञ्चोक जिल्लामा अवस्थित प्रमुख पर्यटकिय स्थलहरुको सुची तालिका नं. २७ मा उल्लेख गरिएको छ ।

तालिका नं. २७: प्रमुख पर्यटकिय स्थलहरु

| क्र.सं. | प्रमुख स्थलहरु | गा.पा./न.पा. | के का लागि प्रख्यात | सदरमुका देखिको दुरी(कि.मी.) |
|---|---|---|---|---|
| १ | नगरकोट | मण्डनदेउपुर २ | हिमाली श्रृंखला | २६ |
| २ | द्धारपाल/ठुलोचौर | मण्डनदेउपुर २ | हिमाली श्रृंखला | २२ |
| ३ | देविस्थान/कोट | धुलिखेल | मन्दिर/हिमाली श्रृंखला | ३ |
| ४ | बेलडाँडा सुनकोशी र ईन्द्रावती | भुम्लु | नौका बिहार | २७ |
| ५ | सुनकोशी नदी | भुम्लु / तिमाल | जलयात्रा | ३० |
| ६ | नौलोचौर, आधाबाट | तिमाल | हिमाली श्रृंखला | १८ |
| ७ | पनौती-ललितपुर पदयात्रा | पनौती | पदयात्रा मार्ग | ११ |
| ८ | महादेव पोखरी | बनेपा | रमणीय स्थल | २६ |
| ९ | सुलीकोट मानेडाँडा | मन्डनदेउपुर | सुर्योदय दृश्य | २१ |
| १० | सरस्वती डाँडा | भुम्लु | सगरमाथा/गौरीशंकर दृश्य | ४२ |
| ११ | थुम्कीडाँडा/कमलादेवि माईको मन्दिर | पनौती | प्राय ऐतिहासिक/ धार्मिक स्थल | ११ |
| १२ | बेथानचोक नारायणस्थान | बेथानचोक | धार्मिक/पर्यटकिय मनोरञ्जन | २१ |
| १३ | नाला-काशी भञ्याङ | बनेपा | पदयात्रा | ५ |
| १४ | पलाञ्चोक मन्दिर | पाँचखाल | ऐतिहासिक भगवती मन्दिर | २६ |
| १५ | गोरखनाथ | पनौती | धार्मिकस्थल | ११ |
| १६ | नमोबुद्ध | नमोबुद्ध | धार्मिकस्थल | ११ |
| १७ | रिञ्चन धोर्जे दरवार क्षेत्र | तिमाल | धार्मिकस्थल | ३३ |

श्रोतः जिल्ला बस्तुगत विवरण २०६२

# भाग १३

## सार्वजनिक जग्गाको वन, सहरी वन तथा निजी वन

### १३.१ कार्यनीतिहरु

जनसंख्या वृद्धि, बसाई सराई र बढ्दो शहरीकरणले गर्दा वन पैदावार (काष्ठ र गैर काष्ठ) को माग क्रमशः बढ्दै गइरहेको छ । यस अवस्थामा वन पैदावारको मागलाई सहज रुपमा परिपूर्ति गर्न निजी वनहरुलाई प्रबर्द्धन गरी राष्ट्रिय वनमा पर्न जाने चापलाई न्यूनीकरण गर्न सकिन्छ । त्यसैले निजी तथा आवादी जग्गामा लगाई हुर्काइएको वनलाई बढावा दिनुपर्ने जरुरी देखिन्छ । यसवाट निजी वनको विकास तथा विस्तारमा गरी वनजन्य उद्योगको प्रबर्द्धन एवं हरित रोजगारी सिर्जना गर्ने अवसरहरु प्राप्त हुनेछ । यसका लागि निम्नानुसारको कार्यनीतिहरु अबलम्बन गरिनेछ ।

- स्थानीय तहको समन्वय र सहकार्यमा निजी वन दर्ताको लागि प्रेरित गरिने छ ।
- निजी जग्गामा वन सम्वर्द्धन, विकास तथा सदुपयोगको लागि आवश्यक प्राविधिक सहयोग उपलब्ध गराईनेछ ।
- निजी वनबाट उत्पादन हुने वन पैदावारको सदुपयोग तथा ओसारपसार प्रक्रियामा सहजीकरण गरिनेछ ।
- निजी वनबाट उत्पादित वन पैदावारमा आधारित उद्यम तथा व्यवसायिक नर्सरी प्रवर्द्धन गर्न आवश्यक प्रविधिको लागि सहयोग तथा सहजीकरण गरिनेछ ।
- जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको प्रशोधन कार्यको लागि निजी वन धनीहरु लाई प्रोत्साहन गरिनेछ ।
- जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको खेती विस्तार तथा प्रर्वद्धनमा निजी क्षेत्रलाई प्रोत्साहन गर्न अध्ययन अनुसन्धान तथा प्रविधिको विकास गरी हस्तान्तरण गरिनेछ ।
- निजी वनहरुको मूल्याङ्कन गर्दै उत्कृष्ट निजी वन धनी, संघ संस्था तथा उद्योगलाई पुरस्कृत गरिनेछ।
- निजी वन धनी र उद्यमीहरुको सञ्जाल विस्तार तथा विकासमा सहजीकरण गरिनेछ ।

डिभिजन वन कार्यालय काभ्रेपलाञ्चोकबाट उत्पादन तथा खरिद गरी निःशुल्क रुपमा वितरण गरेका बिरुवाहरु विभिन्न समुह, संस्था एवं निजी जग्गा धनीले रोपण गर्दै आएका छन् । आफ्नो निजी जग्गामा वृक्षारोपण गर्ने प्रचलनमा बृद्धि भएको छ । निजी नर्सरी स्थापना गरी संचालन गर्न चाहने व्यक्तिलाई आवश्यक प्राविधिक तथा आर्थिक सहयोग उपलब्ध गराउन सकिन्छ । निजी जग्गामा लगाई हुर्काइएका रुख बिरुवाहरु जग्गाधनीले निजी वनको रुपमा दर्ता गराउन चाहेमा नियम अनुसार दर्ता गरी सम्बन्धित निकायले दर्ताको प्रमाण पत्र दिनेछ र यसरी निजी वन दर्ता भएका जग्गा धनीहरुलाई संगठित गरी समुह बनाउन र समुहहरु मिलाएर संजाल गठन गर्न सहजीकरण गरिनेछ । निजी वन व्यवस्थापनको लागि तपसिलमा उल्लेखित कृयाकलापका लागि प्राविधिक सहयोग समेत उपलब्ध गराईनेछ ।

१. बीउ विजन, बिरुवाको पहिचान, संकलन तथा प्रजातिको पहिचान
२. नर्सरी व्यवस्थापन
३. निजी वन स्थापना गर्ने क्षेत्र सर्भेक्षण तथा प्रजातिको पहिचान
४. निजी वृक्षारोपण, पुनःरोपण, गोडमेल तथा संवर्द्धन
५. निजी वनको रुख कटान तथा अन्य वन पैदावारको सदुपयोग
६. निजी वनको स्रोत सर्भेक्षण तथा मूल्यांकन
७. वन पैदावारको बजार पहिचान, व्यवस्थापन तथा मूल्यांकन
८. अन्य प्राविधिक सहयोग ।

## १३.२ शहरी वन तथा निजी वन विकास कार्यक्रम

सरोकारवाला निकायहरुसँग समन्वय गरी शहरी क्षेत्रमा हरियाली विकास कार्यक्रम संचालन गरिनेछ । साथै सडक किनार, खालीचौर तथा शहरी वृक्षारोपणको कार्यक्रमलाई बढावा दिई हरियाली प्रर्बद्धन गरिनेछ । जसका लागि डिभिजन वन कार्यालय मार्फत सदावहार तथा सौन्दर्य प्रजातिका बहुवर्षीय तथा गुणस्तरीय बिरुवा उत्पादनमा जोड दिइनेछ ।

हालसम्म यस जिल्लामा ३८ वटा निजी वन दर्ता हुन सकेको अवस्थामा यस कार्य योजनाको अवधीमा निजी वन दर्ताको लागि प्रचार–प्रसार, दर्ता प्रक्रियामा आवश्यक प्राविधिक सहयोग, वनको संरक्षण तथा विकासमा उल्लेखनिय सहयोग पुऱ्याउने निजी वन धनी तथा संस्थालाई प्रोत्साहन गर्ने तर्फ कार्यक्रम अगाडि बढाइनेछ । जिल्ला भित्र निजी वन विकास तथा विस्तारका लागि विभिन्न सरोकारवाला निकायहरुसँग समन्वय गर्ने, चेतनामुलक कार्यक्रम संचालन गर्ने, स्थानीय माग बमोजिमका बिउ एवं विरुवाहरु उत्पादन गरी वितरण गर्ने, निजी वन विकासमा देखा परेका समस्याहरु पहिचान गरी समस्या समाधानका लागि पहल गर्नुका साथै निजी वनमा रहेका वन पैदावारहरुको ओसारपसार प्रक्रियालाई सहज पार्न पहल गरिनेछ । निजी वन धनीहरुलाई राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण सम्बन्धी कानुन बमोजिम सम्भाव्य वन्यजन्तु पालन गर्नको लागि प्रोत्साहित गरिनेछ ।

सामुदायिक वन उपभोक्ता समुहहरुको आम्दानी मध्ये केही रकम समुहमा लगानी गरी सामुदायिक वन नर्सरी स्थापना गर्न प्रोत्साहित गरिनेछ । यस्ता नर्सरीहरुमा स्थानिय उपभोक्ताहरुले रुचाएको डालेघाँस तथा बहुउपयोगी प्रजातीका विरुवा उत्पादन तथा सहुलियत दरमा वितरण गर्ने व्यवस्थाका लागि समुहहरुलाई अभिप्रेरित गरिनेछ । निजी जग्गामा वृक्षारोपण गर्दा छिटो लाभ दिने, बहु उपयोगी प्रजातीको छनौटमा जोड दिईनेछ ।

## १३.३ धार्मिक वन विकास कार्यक्रम

यस जिल्लामा हालसम्म एउटा मात्र वन धार्मिक समुदायलाई हस्तान्तरण भएको छ । त्यो धार्मिक वन मुक्तिश्वर महादेवको नामले साविक ढुंखर्क ६ मा १.६७२ क्षेत्रफल ओगट्ने गरी बनेको छ । तर विभिन्न ठाउँमा वन क्षेत्रमा मठ मन्दिरहरु रहेको छ । कतिपय ठाउँमा मन्दिर रहेको वन क्षेत्र सामुदायिक वनको रुपमा हस्तान्तरण भएको र सो वनको नाम मन्दिरको नाउँमा नै राख्ने गरेको छ । सामुदायिक वनको रुपमा हस्तान्तरण भएतापनि मन्दिर वरिपरीको रुख विरुवा नकाट्ने, संरक्षण गर्ने र धार्मिक कार्य बाहेक अन्य काममा उपभोग गर्न नहुने स्थानिय बासिन्दाको भनाइ रहेको छ ।

# भाग १४

## सव डिभिजन वन कार्यालय अनुसार वनको क्षेत्रफल र वन व्यवस्थापन पद्धती

सव डिभिजन वन कार्यालय अनुसार वनको क्षेत्रफल र वन व्यवस्थापन पद्दती निम्न अनुसार रहेको छ :

### १४.१ सव डिभिजन वन कार्यालय अनुसार वनको क्षेत्रफल

यस जिल्लामा तपसिल बमोजिमका ७ वटा सव डिभिजन वन कार्यालयहरु छुट्याई वन संरक्षण र व्यवस्थापन कार्य हुँदै आईरहेको छ । साविक वन अनुसन्धान तथा सर्वेक्षण विभागले तयार गरेको नक्शा तथा क्षेत्रफलको आधारमा सव डि.व.का.को वनहरुको क्षेत्रफल एकिन गरी तालिका नं. २८ मा प्रस्तुत गरीएको छ । नक्साहरु अनुसूची १४ (नक्सा ३ र नक्सा ८) मा संलग्न गरीएको छ ।

तालिका नं. २८ः सव डिभिजन वन कार्यालय अनुसार वनको क्षेत्रफल

| सि.नं. | स्थानीय तह | समावेश भएका साविकका गा.वि.स./न.पा. | क्षेत्रफल (वर्ग कि.मि.) | वनको क्षेत्रफल (वर्ग कि.मि.) | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | भुम्लु गाउँपालिका | सापिङ, सिम्थली, बेखसिम्ले, चौबास, सल्लेभुम्लु, कोलाती भुम्लु, फलाटे, भुम्लुटार, ज्याम्दीमण्डन, दोलालघाट | ९१.१३ | ४१.३५ | ४५.३७ | चौवास सडिवका |
| २ | चौरीदेउराली गाउँपालिका | सानोवाङथाली, नाग्रेगगर्चे, माझिफेदा, धुसेनीशिवालय, गोठपानि, पोखरीचौरी र धुसेनी शिवालय, कार्तिके देउराली, मादनकुडारी, वितदिउराली | ९७.४६ | २९.९७ | ३०.७५ | |
| ३ | खानीखोला गाउँपालिका | फलामेटार, डाडागाउँ साल्मेचाकल (तालढुंगा), साल्धारा, मिल्चे | १३१.१८ | १०२.६ | ७८.२१ | साल्मेचाकल सडिवका |
| ४ | माहाभारत गाउँपालिका | गोकुले, फोक्सिंगटार, बुढाखानी, बन्खुचौर, घर्तिछाप | १८५.३१ | १३८.५४ | ७४.७६ | साल्मेचाकल र कटुञ्जे सडिवका |
| ५ | नमोबुद्ध नगरपालिका | काशीखण्ड र श्यामपाटी सिमलचौर, काशीखण्ड, कानपुर कालापानी, काशीखण्ड, सिमलचौर र श्यामपाटी | १०१.९८ | ३८.६७ | ३७.९२ | नमोबुद्ध सडिवका |
| ६ | तेमाल गाउँपालिका | सर्स्यु खर्क, सरमथली, बोल्देफेदिचे, पोखरी नारायण स्थान, ठुलोपर्सेल, कुरिवास चापाखोरी, मेच्छेगाउँ | ८८.४९ | २५.५२ | २८.८४ | |
| ७ | मण्डनदेउपुर नगरपालिका | बालुवापाटि देउपुर, नयाँगाउँ देउपुर, गैरीविसौना देउपुर महादेवस्थान, चण्डेनी मण्डन, जैसीथोक मण्डन, ज्याम्दीमण्डन | ८८.३ | २४.४५ | २७.६९ | महादेवस्थान सडिवका |
| ८ | पाँचखल नगरपालिका | पाँचखाल न.पा., कोशीदेखा र खरेल थोक गा.वि.स. | १०२.५४ | ४०.१५ | ३९.१६ | |
| ९ | धुलिखेल नगरपालिका | धुलिखेल न.पा., पात्लेखेत, शंखुपाटिचौर, शारदा बतासे, रवीओपी र देविटार | ५४.४२ | १६.६४ | ३०.५८ | जनागाल सडिवका |
| १० | बनेपा नगरपालिका | बनेपा न.पा., टुकुचानाला, उग्रचण्डी नाला, रवीओपी, देवीटार, नासिकास्थान साँगा, उग्रतारा जनागाल र महेन्द्रज्योति | ५४.४ | २२.३ | ४०.९९ | |
| ११ | पनौती नगरपालिका | पनौती न.पा., कुशादेवी, रयाले, विहावार, कलाती भुमिडाडा, बल्थली, शारदा बतासे र शंखुपाटिचौर | ११७.७५ | ७२.४३ | ६१.५१ | खोपासी सडिवका |
| १२ | बेथानचोक गाउँपालिका | च्याम्रांगवेशी, ढुंगखर्क, चलाल गणेशस्थान, च्यासिंगखर्क र महाकालचौर | १००.६४ | ७८.८६ | ७८.३६ | |
| १३ | रोशी गाउँपालिका | खहरेपागु, शिखरअम्बोटे, महादेवटार, सिसाखानी, सिपाली चिलाउने, कटुन्जेबेशी, खार्पाचोक, मंगलटार, वाल्टिंग, भीमखोरी | १७५.६१ | ११३.८७ | ६४.८४ | कटुञ्जे सडिवका |

श्रोतः डि.एफ.आर.एस,, २०१५

## १४.२ वनको व्यवस्थापन पद्धती

काभ्रेपलाञ्चोक जिल्लामा दर्ता भएका ५८३ वटा सामुदायिक वन उपभोक्ता समुहरु दर्ता भई सामुदायिक वनको कार्ययोजना कार्यान्वयनमा आएका छन् । जसमध्ये क्षेत्रफल ०.२२ हे देखि ५७० हे. सम्मको सामुदायिक वन क्षेत्रहरु रहेका छन् । क्षेत्रफल १०० हे. बढि रहेको सामुदायिक वनहरु ८९ वटा रहेका छन् । भने १०० हे. भन्दा कम क्षेत्रफल रहेको सामुदायिक वनको संख्या ४९४ वटा रहेको छ । दिगो वन व्यवस्थापन कार्यविधि २०७९ अनुसार वन सम्बर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन कार्ययोजना तयारी गर्न सकिने सम्भावित सामुदायिक वनको संख्या ८९ वटा देखिन्छ । जसमध्ये यो रणनीतिक योजनाको अन्त्यसम्ममा २५ वटा वन समूहहरुलाई वन सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन योजना तयारी गर्ने लक्ष्य लिएका छौ । काभ्रेपलाञ्चोक जिल्लामा भएका ५८३ वटा सामुदायिक वनलाई उपभोक्ता समूहहरुले परम्परागत (संरक्षण, सदुपयोग र सम्बर्द्धन) प्रक्रियाद्धारा व्यवस्थापन गर्दै आएका छन् ।

यस जिल्लामा हाल दिगो वन व्यवस्थापन कार्यविधि २०७९ र नेपालमा पाटे र खोटे सल्ला वृक्षारोपण वन पत्ल्याउने सम्बन्धी मार्गदर्शन २०६४ अनुसार ३ वटा सामुदायिक वनहरुको दिगो वन व्यवस्थापन कार्ययोजना स्वीकृत भई कार्यान्वयनमा आएको छ । आवश्यकताको आधारमा सामुदायिक वनहरुको पहिचान गरी दिगो वन व्यवस्थापन कार्यविधि २०७९ बमोजिम उचित किसिमको सामुदायिक वनहरुको वन सम्बर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन कार्ययोजना तयारी गरी कार्यान्वयन गरिने छ । यो योजनाको अन्त्य सम्ममा काभ्रेपलाञ्चोक जिल्लामा रहेको ५८३ सामुदायिक वनहरु मध्ये सम्भावित र सम्भावित करिब २५ वटा सामुदायिक वनहरुको वन सम्बर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन गरिनेछ । दिगो वन व्यवस्थापन २०७९ को अनुसूची १ मा उल्लेखित वन सम्बर्द्धन प्रणाली अनुसारको प्रजाती, प्रजातीको बाहुल्यता र भूगोल अनुसारको उपयुक्त वन सम्बर्द्धन प्रणाली छनौट गरी दिगो वन व्यस्थापन कार्ययोजना तयारी गरिनेछ ।

# भाग १५

## वन श्रोत सर्भेक्षण, विश्लेषण र वन सम्बर्द्धन प्रणाली अनुसार व्यवस्थापन

### १५.१ वन श्रोत सर्भेक्षणको तरिका र नक्शांकन र वन श्रोत सर्वेक्षणको तादाम्यता

सामुदायिक वनहरुको श्रोत सर्वेक्षण गर्दा वन श्रोत सर्वेक्षण मार्गदर्शन, २०६१ को अनुसार तथ्याङ्क संकलन र विश्लेषणको आधारमा अनुमान गरीएको छ । त्यसको आधारमा संकलन गरिएको तथ्याङ्कलाई जिल्लामा हस्तान्तरण गरिएको सामुदायिक वनको नविकरण वन कार्ययोजनाहरुबाट तथ्याङ्कसंग रुजु गरिएको छ । त्यस्तै सरकारद्वारा व्यवस्थित वनको हकमा वन अनुसन्धान तथा सर्वेक्षण विभागले सन् २०१४, सन् २०१५ र सन् २०२०/०२१ मा गरेको सर्वेक्षणको आधारमा जानकारी लिई विश्लेषण गरिएको छ । यसरी प्राप्त तथ्यांकलाई वनको अवस्था अनुसार साल, सिसौ-खयर र मिश्रित चौडापाते लगायत सम्पुर्ण वनका लागि ३% बार्षिक बृद्धिदर कायम गरी कुल मौज्दातको ५०% मात्र बार्षिक संकलन गर्न सकिने परिमाण कायम गरिएको छ । प्रत्येक सव डिभिजन वन कार्यालयको स्वीकृत १०/१० वटा सामुदायिक वनको वन श्रोत सर्वेक्षण गरि तथ्याङ्क संकलन गरि प्रति हे. मौज्दात र वार्षिक वृद्धिको परिमाणलाई आधार मानेर वार्षिक निकाल्न सकिने परिमाण सिफारिस गरिएको छ । यस जिल्लामा चुरेको समतल भू-भाग देखि पहाडी भाग सम्मको भौगोलिक विविधता पाईने भएकोले यस क्षेत्रमा बिभिन्न प्रकारको वनस्पति एवं जडिबुटी प्रजातिहरु पाईन्छन् । जडिबुटी पाईने क्षेत्र, फैलावट, मौजुदा अवस्था तथा बार्षिक रुपमा उत्पादन हुने परिमाणको बारेमा वन श्रोतको सर्वेक्षण गर्दाका बखत तथ्यांक संकलन गरिएको थियो । त्यसै गरी डिभिजन वन कार्यालयको अभिलेख, स्थानीय बासिन्दाहरु, जडीबुटी व्यवसायीहरुसँग अन्तरक्रिया, सामुदायिक वन उपभोक्ता समुहहरुसँग छलफल, अन्तरक्रिया मार्फत थप जानकारी संकलन गरिएको थियो । जडिबुटी तथा गैह्र काष्ठ वन पैदावारलाई परिपक्क हुन लाग्ने समय तथा उत्पादन संचितीको माध्यमबाट बार्षिक बृद्धिदर पत्ता लगाई कुल बार्षिक बृद्धिको प्रजाति हेरी ८० प्रतिशतसम्म परिमाण निकाल्न सकिने सिफारिश गरिएको छ । त्यसैगरी जडिबुटी संकलन एवं बिक्री व्यवसायमा संलग्न व्यक्ति एवं उद्यमीहरुबाट छलफल गरी परिमाणको आँकलन गरिएको छ । हालसम्म दर्ता भएका निजी वनबाट तथा निजी आवादी क्षेत्रमा हुर्काइएका रुख बिरुवाबाट विगतका आ.व.हरुमा उत्पादन भएका काठ, दाउराको परिमाणको आधारमा बार्षिक रुपमा संकलन गर्न सकिने वन पैदावारको परिमाणको अनुमान गरिएको हो ।

### १५.२ वनको संचिति र उत्पादकत्व मापन (Growing Stock and Yield Calculation)

वनमा औसत मौज्दात (Growing Stock) को प्रतिशतका दरले वृद्धि हुन्छ भनिएको आधारमा नै सामुदायिक वनको वन स्रोत सर्वेक्षण मार्गदर्शन, २०६१ अनुसार साल मिश्रित वन तथा अन्य किसिम वनको वर्तमान अवस्था र हैसियत हेरी वार्षिक वृद्धिदर ३ कायम गरी यसै अनुरुप वन व्यवस्थापन कार्ययोजनामा सिफारिस गरिएको छ । यसबाट वार्षिक रुपमा उत्पादन गर्न सकिने काठ, दाउराको वार्षिक स्वीकार्य कटान परिमाण (AAC) सोही मार्गदर्शनको आधारमा औषत वार्षिक बृद्धिदर (MAI) अनुसार कुल मौज्दातको ५०% अनुमान गरिएको छ ।

### १५.३ पुनरुत्पादनको अवस्था

यस जिल्लामा भएका सामुदायिक वनहरुको सरदर संचिती १३६.४८ घ.मी./हे., बिरुवा ४२९५ /हे., लाथ्रा १,९००.४/हे. पाईएको छ भने सरकारद्धारा व्यवस्थित वनमा सरदर संचिती २२.९१ घ.मि./हे., लाथ्रा संख्या ४३४ वटा/हे. र विरुवा संख्या १३३० वटा/हे. रहेको पाइएको छ । यसरी समग्रमा जिल्लाको वनको संचिती ७९.६९ घ.मी. प्रति हेक्टर रहेको देखिन्छ । मुख्य प्रजातीमा खोटे सल्लो, खर्सु, बाँझ, काफल, उत्तिस र साल रहेका छन् ।

बिरुवा भन्नाले १ मी. उचाई सम्मको, लाथ्रा भन्नाले १ मी. भन्दा माथी उचाई भएको ३१ से.मी. सम्म गोलाई भएको, पोल भन्नाले ३२ देखि ९४ से.मी. गोलाईको र रुख साईज भन्नाले ९५ से.मी. भन्दा माथिको गोलाई भएको रुखलाई जनाइएको छ ।

## क. सामुदायिक वनको ग्रोइङ्ग स्टक

आ.व. २०८०/८१ सम्ममा हस्तान्तरण भई ब्यवस्थापन हुँदै आएका ५८३ वटा सामुदायिक वन मध्येको प्रत्येक सव डिभिजन वन कार्यालयको स्वीकृत १०/१० वटा सामुदायिक वनको वन श्रोत सर्वेक्षण गरी कुल मौज्दात निकालिएको छ । यस जिल्लाको विभिन्न किसिमका वनको अवस्था तथा प्रति हेक्टर संचिति तालिका नं. २९ मा दिएको छ ।

तालिका नं. २९: सामुदायिक वनको ग्रोईङ्ग स्टक

| सव डिभिजन वन कार्यालय | मुख्य प्रजाती | बिरुवा संख्या प्रति हे. | लाथ्रा संख्या प्रति हे. | पोल प्रति हेक्टर | | रुख प्रति हेक्टर | | जम्मा रुख र पोल प्रति हे. | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | संख्या | आयनत (घ.मि.) | संख्या | आयनत (घ.मि.) | संख्या | आयनत (घ.मि.) | |
| नमोबुद्ध | चौडापाते रुख | ३७६६ | १८९० | ११८ | २९.५८ | १९ | १८.९५ | १३७ | ४८.५३ | |
| | कोणधारी रुख | | | १२२ | २७.५२ | २७ | २७.२९ | १४९ | ५४.८१ | |
| | | **३७६६** | **१८९०** | **२४०.७** | **५७.१** | **४५.३** | **४६.२** | **२८६.०** | **१०३.३** | |
| खोपासी | चौडापाते रुख | **१५२५** | **२१४३** | **२३०.३** | **४९.१** | **४५.७** | **४३.१** | **२७६.०** | **९२.२** | |
| | कोणधारी रुख | | | **१२१.७** | **३०.५** | **३६.०** | **३२.१** | **१५७.७** | **६२.६** | |
| | | **१५२५** | **२१४३** | **३५२.०** | **७९.६** | **८१.७** | **७५.२** | **४३३.७** | **१५४.८** | |
| महादेवस्थान | चौडापाते रुख | **४५६८** | **१२९१** | **२६२.७** | **६९.०** | **११.०** | **५.७** | **२७३.७** | **७४.७** | |
| | कोणधारी रुख | | | **२०८.७** | **४४.३** | **१०.३** | **५.४** | **२१९.०** | **४९.७** | |
| | | **४५६८** | **१२९१** | **४७१.३** | **११३.३** | **२१.३** | **११.१** | **४९२.७** | **१२४.४** | |
| साल्मेचाकल | चौडापाते रुख | **४७८७** | **२३११** | **२४३.३** | **३५.८** | **२५.७** | **४१.०** | **२६९.०** | **७६.९** | |
| | कोणधारी रुख | | | **६७.३** | **२४.०** | **६.०** | **८.७** | **७३.३** | **३२.७** | |
| | | **४७८७** | **२३११** | **३१०.७** | **५९.८** | **३१.७** | **४९.८** | **३४२.३** | **१०९.६** | |
| कटुञ्जे | चौडापाते रुख | **७२३३** | **२४७७** | **२०४.३** | **८८.९** | **४६.०** | **५१.६** | **२५०.३** | **१४०.६** | |
| | कोणधारी रुख | | | **०.०** | **०.०** | **२२.३** | **२५.९** | **२२.३** | **२५.९** | |
| | | **७२३३** | **२४७७** | **२०४.३** | **८८.९** | **४६.०** | **५१.६** | **२७२.७** | **१६६.४** | |
| चौवास | चौडापाते रुख | **६२४१** | **२३८५** | **१८४.७** | **४५.१** | **५४.७** | **५४.१** | **२३९.३** | **९९.२** | |
| | कोणधारी रुख | | | **१२४.०** | **२७.८** | **४५.३** | **४२.३** | **१६९.३** | **७०.१** | |
| | | **६२४१** | **२३८५** | **१८४.७** | **४५.१** | **५४.७** | **५४.१** | **४०८.७** | **१६९.३** | |
| जनागाल | चौडापाते रुख | **१९४६** | **८०६** | **२४९.०** | **३९.९** | **२८.०** | **१३.७** | **२७७.०** | **५३.६** | |
| | कोणधारी रुख | | | **१६५.७** | **३८.५** | **५६.३** | **३५.३** | **२२२.०** | **७३.८** | |
| | | **१९४६** | **८०६** | **४१४.७** | **७८.४** | **८४.३** | **४९.०** | **४९९.०** | **१२७.४** | |
| समग्र | चौडापाते रुख | **४२९५** | **१९००** | **२१३.२** | **५१.१** | **३२.८** | **३२.६** | **२४६.०** | **८३.७** | |
| | कोणधारी रुख | | | **११५.७** | **२७.५** | **२९.०** | **२५.३** | **१४४.७** | **५२.८** | |
| औसत | | **४२९५** | **१९००** | **३२८.९** | **७८.६** | **६१.८** | **५७.८८** | **३९०.७** | **१३६.४८** | |

(श्रोतः सा.व.को वन श्रोत सर्वेक्षण, २०८१)

### ख. सरकारद्वारा व्यवस्थित वनको संचिती आयतन तथा वार्षिक बृद्धि

डिभिजन वन कार्यालयको कार्य क्षेत्र भित्रका राष्ट्रिय वन क्षेत्रहरुको वर्तमान अवस्था पत्ता लगाउने क्रममा सरकारद्वारा व्यवस्थित वन क्षेत्रको विभिन्न ठाउँमा उद्देश्यमूलक स्याम्पल प्लट तयार गरी स्रोत सर्भेक्षण (Inventory) गरी संचित कुल आयतन (Growing Stock) पत्ता लगाई तालिका नं. ३० मा प्रस्तुत गरीएको छ ।

तालिका नं. ३०: सब डिभिजन अनुसार सरकारद्धारा व्यवस्थित वनको ग्रोईङ्ग स्टक (GS in Government Managed Forest)

| क्र.सं. | स.डि.व.का. | विरुवा संख्या | लाथ्रा संख्या | पोल | | रुख | | जम्मा मौज्दात प्रति हेक्टर पोल र रुख | | वार्षिक वृद्धिदर | प्रति हेक्टर पोल र रुख संकलन गर्न सकिने परिमाण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | संख्या | आयतन (घ.मी.) | संख्या | आयतन (घ.मी.) | संख्या | आयतन (घ.मी.) | | |
| १ | खोपासी | १४०१ | ६५९ | ७८ | २१.०८ | ३ | २.३७ | ८१ | २३.४५ | ३ | ०.१४ |
| २ | साल्मेचाकल | १५९८ | २१३ | ६८ | १९.३२ | २ | १.३२ | ७० | २०.६४ | ३ | ०.१२ |
| ३ | कटुञ्जे | ९९२ | ४३० | ७५ | २३.१८ | २ | १.४८ | ७७ | २४.६६ | ३ | ०.१५ |
| | औसत प्र.हे. | **१३३०** | **४३४** | **७४** | **२१.१९** | **२** | **१.७२** | **७६** | **२२.९२** | | **०.४१** |

(श्रोतः वन श्रोत सर्वेक्षण, २०८१)

## १५.४ वन व्यवस्थापन पद्धती अनुसार वार्षिक प्राप्ति

प्राकृतिक र वृक्षारोपण वनको वर्तमान अवस्था र हैसियत हेरी वार्षिक वृद्धिदर ३ प्रतिशत अनुमान गरिएको छ र यसै अनुरुप वन व्यवस्थापनको कार्ययोजनामा सिफारिस गरिएको छ । यसबाट वार्षिक रुपमा उत्पादन गर्न सकिने काठ, दाउराको परिमाण (AAH), वार्षिक बृद्धिदर (MAI) को ५०% अनुमान गरी वार्षिक संकलन गर्न सकिने काठ/दाउराको परिमाण आँकलन गरिएको छ ।

काभ्रेपलाञ्चोक जिल्लामा भएका ५८३ वटा सामुदायिक वनहरुबाट वार्षिक रुपमा ३८१७७.४८ घ.मि. र २०३४.५७ चट्टा दाउरा संकलन गर्न सकिने छ ।

काभ्रेपलाञ्चोक जिल्लाको सरकारद्धारा व्यवस्थित वनहरुबाट वार्षिक रुपमा १५५२.८२ घ.मि. काठ र १६४.४९ चट्टा दाउरा संकलन गर्न सकिने भए तापनि सरकारी वन क्षेत्र विकट एवं अधिकांश महाभारत पर्वत श्रृंखला क्षेत्रमा पर्ने भएको हुँदा वार्षिक रुपमा संकलन गर्न सकिने गर्न सकिने सम्भावना कम रहेको छ ।

तालिका नं. ३१ सामुदायिक वनबाट प्राप्त हुने सक्ने वन पैदावार

| क्र.सं. | स.डि.व.का. | रुख तथा पोल प्रति हेक्टर | | औषत वार्षिक वृद्धिदर | वार्षिक वृद्धिदर घ.मि. | वार्षिक संकलन (घ.मि.) प्रति हेक्टर | वार्षिक संकलन गर्न सकिने काठको परिमाण(घ.मि.) | वार्षिक संकलन गर्न सकिने दाउराको परिमाण(चट्टा) |
|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | आयतन (घ.मि.) | | | | | |
| १ | नमोबुद्ध | २८६ | १०३.३४ | ३ | ३.१० | १.५५ | ३२२७.३९ | १४६.५२ |
| २ | खोपासी | ४३४ | १५४.८३ | ३ | ४.६४ | २.३२ | ७७२५.५४ | ४९१.०२ |
| ३ | महादेवस्थान | ४९३ | १२४.४२ | ३ | ३.७३ | १.८७ | ५४३४.३३ | २६५.६९ |
| ४ | साल्मेचाकल | ३४२ | १०९.६० | ३ | ३.२९ | १.६४ | ६३९६.६१ | ३३८.८० |
| ५ | कटुञ्जे | २७३ | १६६.४४ | ३ | ४.९९ | २.५० | ६६८८.७४ | ३८६.४८ |
| ६ | चौवास | ४०९ | १६९.३३ | ३ | ५.०८ | २.५४ | ५५९३.३७ | २५३.९३ |
| ७ | जनागाल | ४९९ | १२७.३९ | ३ | ३.८२ | १.९१ | ३१११.५१ | १५२.१३ |
| **जम्मा** | | **३९१** | **१३६.४८** | | **२८.६६** | **१७.२०** | **३८१७७.४८** | **२०३४.५७** |

## १५.५ वन वाली कटान तथा पुनरुत्पादन तरिका

वन वाली कटान तथा पुनरुत्पादनको तरिका यसै कार्ययोजनाको भाग १६ मा उल्लेख भए बमोजिम हुनेछ ।

## १५.६ कार्वन मौज्दातको विश्लेषण

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, बबरमहल, काठमाडौंले सन् २०१४, २०१५, २०२० र सन् २०२१ मा यस जिल्लाको वनश्रोत सर्वेक्षणको तथ्यांकको आधारमा बायोमास र कार्वनको तथ्यांक तालिका नं. ३१ मा प्रस्तुत गरिएको छ (Abebe et.al, 2021)।

तालिका नं. ३१: कार्वन मौज्दातको विवरण

| | Species | NO | Volume (m३) | Stem Biomass ( kg/ ha) | Branch Biomass ( kg/ ha) | Leaf Biomass | Above Ground Carbon | Ton/ ha |
|---|---|---|---|---|---|---|---|---|
| १ | अन्य प्रजाती | २७९ | ५०२१.६४ | ४८२०७७४.४० | २१६९३४८.४८ | ५३०२८५.१८ | ३५३४५९१.७९ | ३५३४.५९ |
| २ | सल्लो | २४६ | ७८६१.४४ | ७०७५२९६.०० | ३१८३८८३.२० | ७७८२८२.५६ | ५१८७६०७.०३ | ५१८७.६१ |

(Source : Abebe et.al, 2021)

# भाग १६

## वन सम्बर्द्धन प्रणाली

### १६.१ प्राकृतिक पुनरुत्पादन

यस कार्यालयले वन व्यवस्थापनको लागि समुदायमा आधारित वन व्यवस्थापन समुह (सामुदायिक वन, धार्मिक वन) हरुलाई परिचालन गर्ने गरेको छ । यद्यपि अधिकांश वन क्षेत्रमा प्राविधिक रुपले उपयुक्त वन सम्बर्द्धन क्रियाकलापहरु लागु गरेको पाइएको छैन। केही सामुदायिक वनहरुमा हाँगा काँटछाँट, पत्ल्याउने, झाडी सफाई जस्ता क्रियाकलापहरु हुँदै आएको छ । यसका अलावा खाली चौरहरुमा वृक्षारोपण, पुनःरोपण र गोडमेल आदि भएको पाईन्छ । यस प्रकारका कार्यक्रमलाई यस योजनामा पनि निरन्तरता दिदै प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले सिफारिस गरे बमोजिम उत्पादनशील वनहरुमा वन सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्यक्रम संचालन गरिनेछ । प्रस्तावित कार्यक्रमहरु निम्न बमोजिम रहेका छन्।

### १६.१.२ पुनरुत्पादन कार्यक्रम

#### १६.१.२.१ स्थायी तथा अस्थायी नर्सरी निर्माण कार्यक्रम

यस डिभिजन वन कार्यालयको स्थापनाकाल देखि नै वन नर्सरी स्थापना गरी बिरुवा उत्पादन र वितरण हुँदै आएको छ । नर्सरी व्यवस्थापनको लागि प्रत्येक वर्ष नर्सरी व्यवस्थापन तालिम तथा सो तालिमको फलोअप समेत हुँदै आईरहेको छ भने सामुदायिक वन नर्सरीको लागि आवश्यक सामग्री र अनुदान डिभिजन वन कार्यालयले उपलब्ध गराउँदै आएको छ । आगामी ५ वर्षको अवधिमा सामुदायिक, कवुलियती वन नर्सरी तथा डिभिजन वन नर्सरीबाट उत्पादन गरिने बिरुवाको विवरण तालिका नं. ३२ मा रहेको छ ।

तालिका नं. ३२: स्थायी तथा अस्थायी नर्सरी निर्माण कार्यक्रमको विवरण

| आ.व. | उत्पादन गरिने बिरुवा | | |
|---|---|---|---|
| | सामुदायिक तथा निजी नर्सरी | डि.व.का. तथा मातहतका सव डि.व.का. नर्सरी | जम्मा |
| २०८२/८३ | १००,००० | ६०,००० | १,६०,००० |
| २०८३/८४ | १००,००० | ६०,००० | १,६०,००० |
| २०८४/८५ | १००,००० | ६०,००० | १,६०,००० |
| २०८५/८६ | १००,००० | ६०,००० | १,६०,००० |
| २०८६/८७ | १००,००० | ६०,००० | १,६०,००० |
| **जम्मा** | **५,००,०००** | **३००,०००** | **८,००,०००** |

(नोट : आवश्यकता अनुसार क्षतिपुर्ति वृक्षारोपणको लागि थप बिरुवा उत्पादन गर्न सकिनेछ)

#### १६.१.२.२ डिभिजन स्तरीय नर्सरी

डिभिजन वन कार्यालय काभ्रेपलाञ्चोक अन्तर्गत डि.व.का नर्सरी तथा सव डि.व.का. नर्सरी लगायतका विभिन्न नर्सरीहरु सञ्चालनमा रहेका छन् जसको वार्षिक ६०,००० बिरुवा उत्पादन गर्ने क्षमता रहेको छ । डि.व.का. मातहत रहेका यी स्थायी नर्सरीबाट स्थानीय जनताको माग बमोजिम विभिन्न वनजन्य प्रजातिको बिरुवा उत्पादन गरी वृक्षारोपणको लागि निःशुल्क वितरण गरिनेछ । डिभिजन वन कार्यालयले वार्षिक रुपमा फलफुल, जडिबुटी तथा गैह्र काष्ठ वन पैदावार प्रजातीका विरुवा खरिद गरि निःशुल्क वितरण गरिनेछ ।

### १६.१.२.३. सामुदायिक नर्सरी

काभ्रेपलाञ्चोक जिल्लामा सामुदायिक नर्सरी नरहेको हुँदा यस योजनामा सामुदायिक वन तथा कबुलियती वन समूहहरुला नर्सरी स्थापना, बिरुवा उत्पादनलाई प्रोत्साहन गरिनेछ ।

### १६.१.२.४ निजी नर्सरी

यस जिल्लामा निजी तवरमा बिरुवाहरु उत्पादन गरी उत्पादित बिरुवाहरु मध्येका केही बिरुवाहरु विभिन्न संघ संस्था तथा व्यक्तिहरुलाई बिक्री गर्ने गरेका छन् । काभ्रेपलाञ्चोक उल्लेख्य मात्रामा निजी नर्सरीहरु सञ्चालन भई यस किसिमको नर्सरीहरुमा वनजन्य बिरुवाहरुको उत्पादनको साथै फलफूल, पुष्प तथा तरकारीको बेर्ना प्रायः उत्पादन हुने गरेका छन् । यस किसिमका नर्सरीहरुले स्थानीय जनतालाई सेवा दिनुको साथै एक व्यवसायको रुपमा नर्सरीलाई सञ्चालन गर्ने गरेका छन् । यस क्षेत्रमा गुणस्तरीय बहुमूल्य प्रजातिका बिरुवाहरु व्यवसायिक रुपले उत्पादन गर्न यस कार्यालयबाट समेत प्रोत्साहित गरिनेछ ।

### १६.१.२.५ बहुवर्षीय बिरुवा उत्पादन कार्यक्रम

वृक्षारोपण सफल तथा प्रभावकारी बनाउन एक वर्षे बिरुवा भन्दा पनि बहुवर्षिय विरुवाहरु रोपण गर्न आवश्यक देखिन्छ । त्यसैले यस कार्यालयमा रहेको नर्सरीमा बहुवर्षीय बिरुवा उत्पादन कार्य गरिदै आएका छौं ।

## १६.२ बिरुवा उत्पादन र वृक्षारोपण योजना

- जिल्ला स्थित रोशी गाउँपालिका, महाभारत गाउँपालिका र खानीखोला गाउँपालिकामा वन क्षेत्र र वन क्षेत्रबाहिर रहेको खाली तथा नाङ्गा चौरहरुमा वृक्षारोपण, पुनःरोपण र गोडमेलका कार्यक्रम व्यापक रुपमा संचालन गर्ने ।
- जिल्ला स्थित भएको नदि उकास क्षेत्र र सडक किनारामा वृक्षारोपण गरिनेछ ।
- जिल्लामा भएका सामुदायिक वन र राष्ट्रिय वनहरुको अध्ययन गरी लोपोन्मुख तथा बहुमूल्य प्रजातिहरुको संरक्षणका लागि विशेष कार्यक्रम संचालन गर्ने ।
- अतिक्रमित वन क्षेत्रको तथ्यांक अद्यावधिक गरी अतिक्रमण नियन्त्रण गरी हटाई पुनःस्थापना गर्ने ।
- वन, वनस्पति र वन्यजन्तुको चोरी शिकारी नियन्त्रणका लागि गस्ती परिचालन, जनचेतना अभिबृद्धी र सरोकारवाला निकायहरुसँग समन्वय गर्ने ।
- सिमसार एवं जैविक विविधताका दृष्टिकोणले महत्वपूर्ण क्षेत्रको संरक्षण तथा व्यवस्थापन गर्ने ।
- स्थानीय तहहरु, विकास आयोजना तथा सरकारी निकायहरुको आर्थिक सहयोग तथा समन्वयमा बिरुवा उत्पादन तथा वृक्षारोपणका कार्यहरु संचालन गर्न सकिनेछ ।

## १६.३ वन सम्बर्द्धन प्रणाली छनोट गर्ने विधि

वन सम्बर्द्धन प्रणालीको लागि उपयुक्त वन क्षेत्र विशेष गरी पहुँच भएको सामुदायिक वनमा हस्तान्तरण भइसकेको वनमा वन सम्बर्द्धन प्रणाली अपनाउन सकिने यथार्थ परिस्थिति रहेको छ । यस्तो खालको वनलाई दीगो रुपले व्यवस्थापन गर्न जनसहभागितामूलक वन व्यवस्थापन पद्धति, संरक्षित वन तथा सरकारद्वारा ब्यवस्थित वनको व्यवस्थापन कार्य यसै कार्ययोजनाको परिधि भित्र रहेर वन सम्बर्द्धनमा आधारित वन व्यवस्थापनका कार्यक्रमहरु सञ्चालन गरिनेछन् । सामुदायिक वनहरुमा वन कार्ययोजना नवीकरण गर्ने बेलामा नै साधन र श्रोतले भ्याएसम्म वन सम्बर्द्धनको लागि दिगो वन व्यवस्थापन कार्यविधि २०७९ को अनुसुची १, राष्ट्रिय वनको एकीकृत रणनीतिक योजना

२०८१-२१०० तथा नेपालमा पाटे र खोटे सल्ला वृक्षारोपण वन पत्ल्याउने सम्बन्धी मार्गदर्शन २०६४ बमोजिमको उपयुक्त वन सम्बर्द्धन प्रणाली छनोट गरिनेछ ।

## १६.४ वन सम्बर्द्धन क्रियाकलाप संचालन हुने क्षेत्र

यस क्षेत्रमा सरकारद्वारा व्यवस्थित वनहरुमा खासगरी बाँस, निगालो लगायत गैरकाष्ठ वन पैदावारलाई लक्षित गरी व्यवस्थापन योजना तयार गरिनेछ । सामुदायिक वनहरूमा वन कार्ययोजनामा उल्लेख गरे अनुरूप झाडी सफाई, एकल्याउने, छटनी गर्ने जस्ता वन सम्बर्द्धनका क्रियाकलापहरू गर्ने गराउने तर्फ आवश्यक पहल भएतापनि सबै सामुदायिक वनहरूमा यी कार्यहरु सुचारु हुन सकिरहेका छैनन् । त्यसतर्फ उपभोक्ता वर्गमा आत्मविश्वासको कमी भएको महसुस हुन्छ । काभ्रेपलाञ्चोक जिल्लामा अष्ट्रेलियन वन विकास परियोजना मार्फत भएको वृक्षारोपणको वन क्षेत्रहरुका पोल तथा रुखहरु बुढा भईसकेकोले तत्काल नेपालमा पाटे र खोटे सल्ला वृक्षारोपण वन पत्ल्याउने सम्बन्धी मार्गदर्शन २०६४ तथा दिगो वन व्यवस्थापन कार्यविधि २०७९ बमोजिम सम्बर्द्धन प्रणाली अबलम्वन गर्न हतार भई सकेको छ । विगतका वर्षहरुमा भएका र चालु आवधिक योजना अनुसार सञ्चालन हुने सरकारी वृक्षारोपण क्षेत्रहरुमा लगातार दुई वर्षसम्म पुनःरोपण, गोडमेल, सरसफाई गरिनेछ ।

## १६.५ वन सम्बर्द्धन प्रणालीको सिफारिस

यस कार्य योजनाको मुख्य उद्देश्य र कार्यक्रम सरकारद्वारा व्यवस्थित वनमा सुखडखडा र ढलापढा रुखहरु सङ्कलन गरी स्थानीय तथा जिल्ला बाहिरका जनताहरुको काठ, दाउराको आवश्यकता पूरा गर्नमा सघाउ पुऱ्याउने भएको हुँदा यस अबधिमा काठ र दाउराको सङ्कलन गर्दा पुनरुत्पादनमा प्रतिकूल असर नपर्ने गरी कार्ययोजनामा उल्लेख भएको वन व्यवस्थापन पद्धति अनुसारका Silvicultural System का कार्यहरु गर्नु परेमा साधारणतया यस कार्ययोजनामा उल्लेखित परिमाणको परिधि भित्र रही उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयसँगको समन्वयको आधारमा गरिनेछ ।

यसभन्दा अघिको पञ्चवर्षिय वन व्यवस्थापन योजना अवधिमा वन व्यवस्थापन गर्न केही सामुदायिक वनहरुमा मात्र वन सम्वर्द्धन प्रणाली अपनाइएको थियो । अन्य बाँकी सामुदायिक वनहरुमा भने वनको Growing Stock र MAI को आधारमा वन कार्ययोजनाहरूमा AAC निर्धारण गरिएको र त्यसै अनुरूप सुख्खड खडा, ढलापडा, मक्किएका, पुराना रूखहरू र बाक्लो गरी हुर्किएका स्थानहरूबाट रूख विरूवाहरू छटनीद्वारा संकलन गरी बिक्री वितरण गर्रिदै आएको देखिन्छ । यस योजनाको अवधिमा वनहरूमा वनको प्रकार तथा अवस्था हेरी दिगो वन व्यवस्थापन कार्यविधि २०७९ को अनुसुची १ र राष्ट्रिय वनको एकीकृत रणनीतिक योजना २०८१-२१०० बमोजिमको वन सम्बर्द्धन प्रणालीहरू अपनाउने निधो गरिएको छ । यद्यपि यो प्रणालीलाई कार्य योजना तयार गर्ने अवस्थामा आवश्यकता अनुसार परिमार्जन गरिनेछ ।

## १६.६ वन सम्बर्द्धन प्रणाली अनुसार वन वाली उत्पादन तथा पुनरुत्पादन चक्र

बागमती प्रदेश राष्ट्रिय वन ऐन २०७६ बमोजिमको कार्ययोजना तयार गर्दा उपयुक्त वन सम्बर्द्धन प्रणाली (सिल्भिकल्चर सिस्टम) अवलम्बन गरी दिगो वन व्यवस्थापनको सिद्धान्त र मापदण्डको पालना गर्नु पर्नेछ र दिगो वन व्यवस्थापनको सिद्धान्त र मापदण्ड बागमती प्रदेश राष्ट्रिय वन ऐन २०७६ र दिगो वन व्यवस्थापन कार्यविधि २०७९ को अनुसुची १ र राष्ट्रिय वनको एकीकृत रणनीतिक योजना २०८१-२१०० बमोजिम वन बाली चक्र र पुनरुत्पादन तरीका एकिन गरि सोही अनुसारको वन सम्बर्द्धन प्रणाली अवलम्बन गरिने छ ।

### क. छत्र प्रणाली (Shelterwood System)

वन क्षेत्रमा रहेको वनको किसिम तथा संरचना अनुसार यो प्रणालीलाई पनि विभाजन गरिएको छ । जसमध्ये Regular Shelterwood System र Irregular Shelterwood System लाई स्थानीय आवश्यकता अनुसार लागु गर्दै लगिनेछ । यसरी समान उमेरको वनमा गरिने वन सम्बर्द्धको क्रियाकलाप तथा प्रकृयालाई Regular Shelterwood System अर्थात् Uniform System पनि भनिन्छ ।

- जहाँ समान उमेर र समान साइजका रूखहरू छन् त्यस्ता वनहरूमा उपभोक्ताहरूको वन पैदावारको उद्देश्य अनुरूप बिस्तारै छत्र (Canopy) खुल्ने हिसाबले बिभिन्न चरणमा Thinning कार्यहरू थालिने छन् ।
- त्यस अतिरिक्त कुनै कुनै साल वन जहाँ समान उमेरका रूख विरूवाहरू छैनन् त्यहाँ Irregular Shelterwood System अपनाई रूखको छत्रलाई Irregular तरिकाले प्रत्येक वर्ष अथवा केही वर्ष बिराएर खोल्दै लगिने गरिन्छ ।

### ख. छनौट प्रणाली (Selection System)

कम उचाइ भएको क्षेत्रमा खोटे सल्ला तथा अन्य चौडापाते मिश्रित उत्पादनशील वनहरू पनि धेरैजसो सामुदायिक वनमा हस्तान्तरण भैसकेका छन् । महाभारत पर्वत श्रृंखलाको कतिपय भाग भिरालो र कमजोर परिस्थितिको भएको कारण भू-क्षयको दृष्टिकोणले सम्बेदनशील रहेको जल संचय अर्थात् जल भण्डारण हुने क्षेत्रले गर्दा यहाँको जमिन हर हमेसा वृक्षले ढाकेको हुनुपर्ने साथै उक्त क्षेत्रमा जैविक विविधतालाई कायम राख्नुपर्ने हुँदा यो वन सम्बर्द्धन प्रणालीलाई प्रस्ताव गरिएको हो । तर यसलाई लागू गर्ने क्रममा निम्न सावधानीका उपायहरू अवलम्वन गरिने छन्:

- सल्ला प्रजाती Light Demander Species भएको हुँदा उक्त प्रजाति पुनरूत्पादन हुने क्षेत्रमा विशेष सतर्कता अपनाई Crown Thinning गरिनेछ ।
- Logging हुने समयमा प्रायः कलिला विरूवाहरू नोक्सानी हुनसक्ने बढी सम्भावना हुँदा सतर्कता अपनाउने ।
- चरिचरन तथा आगलागीबाट नयाँ पुनरूत्पादित विरूवाहरूलाई जोगाउने ।
- प्रजाति छनौटको कार्यमा निम्न बमोजिम आधारहरु तय गरिएको छ ।
  - वन निर्देशनालयवाट प्राप्त निर्देशनलाइ मुख्य आधार लिइनेछ ।
  - भिरालो तथा संवेदनशील क्षेत्रमा रुखहरु कटान गरिने छैन ।
- वन सम्बर्द्धन प्रणालीको अवलम्बन गर्नुपर्ने तरिकाहरु जस्तै : रोग लागेको, ढलेको, मरेको, कुहिन थालेको आदि रुखहरुलाई मात्र कार्ययोजना अनुसार आँकलन गरेर मात्र निकाल्न सकिने ।

## १६.७ वन सम्बर्द्धन तालिका

आ.व. २०८२/०८३ देखि २०८६/०८७ सम्म गरिने विभिन्न वन सम्बर्द्धनका कार्यहरुको विवरण तालिका नं. ३३ मा उल्लेख गरिएको छ । तालिकामा उल्लेखित कार्यहरु तोकिए बमोजिम आर्थिक वर्षहरुमा मात्र सञ्चालन गरिनेछ।

तालिका नं. ३३ः वन सम्बर्द्धन कार्यतालिका

| आर्थिक वर्ष | कार्य विवरण | क्षेत्र | समय |
|---|---|---|---|
| २०८२/०८३ | संरक्षण कार्य गर्ने | कार्य क्षेत्र पुरै | बाह्रै महिना |
| | झाडी सफाई | सा.व. | मंसिर-माघ |
| | एक्ल्याउने, पत्ल्याउने | सा.व. | पौष-माघ |
| | भुईघाँस निकासी | सा.व. | कार्तिक-चैत्र |

| | | | |
|---|---|---|---|
| | आगलागी नियन्त्रण | कार्य क्षेत्र पुरै | फाल्गुन-जेष्ठ |
| | चोरी निकासी नियन्त्रण | कार्य क्षेत्र पुरै | बाहै महिना |
| | 4-D काठ दाउरा, संकलन | रा.व., सा.व. | असोज-जेष्ठ |
| | वृक्षारोपण | रा.व., सा.व., निजी वन आवादी | आषाढ, श्रावण |
| | पुनरुत्पादन व्यवस्थापन | रा.व., सा.व. | बाहै महिना |
| २०८३/२०८४ | संरक्षण कार्य गर्ने | कार्य क्षेत्र पुरै | बाहै महिना |
| | झाडी सफाई | सा.व. | मंसिर-माघ |
| | एक्ल्याउने, पत्ल्याउने | सा.व. | पौष-माघ |
| | भुईघाँस निकासी | सा.व. | कार्तिक-चैत्र |
| | आगलागी नियन्त्रण | कार्य क्षेत्र पुरै | फाल्गुन-जेष्ठ |
| | चोरी निकासी नियन्त्रण | कार्य क्षेत्र पुरै | बाहै महिना |
| | 4-D काठ दाउरा, संकलन | रा.व., सा.व. | असोज-जेष्ठ |
| | वृक्षारोपण | रा.व., सा.व., निजी वन आवादी | आषाढ, श्रावण |
| | पुनरुत्पादन व्यवस्थापन | रा.व., सा.व. | बाहै महिना |
| २०८४/०८५ | संरक्षण कार्य गर्ने | कार्य क्षेत्र पुरै | बाहै महिना |
| | झाडी सफाई | सा.व. | मंसिर-माघ |
| | एक्ल्याउने, पत्ल्याउने | सा.व. | पौष-माघ |
| | भुईघाँस निकासी | सा.व. | कार्तिक-चैत्र |
| | आगलागी नियन्त्रण | कार्य क्षेत्र पुरै | फाल्गुन-जेष्ठ |
| | चोरी निकासी नियन्त्रण | कार्य क्षेत्र पुरै | बाहै महिना |
| | 4-D काठ दाउरा, संकलन | रा.व., सा.व. | असोज-जेष्ठ |
| | वृक्षारोपण | रा.व., सा.व., निजी वन आवादी | आषाढ, श्रावण |
| | पुनरुत्पादन व्यवस्थापन | रा.व., सा.व. | बाहै महिना |
| | गोडमेल | कार्य क्षेत्र पुरै | मंसिर-माघ |
| २०८५/०८६ | संरक्षण कार्य गर्ने | कार्य क्षेत्र पुरै | बाहै महिना |
| | झाडी सफाई | सा.व. | मंसिर-माघ |
| | एक्ल्याउने, पत्ल्याउने | सा.व. | पौष-माघ |
| | भुईघाँस निकासी | सा.व. | कार्तिक-चैत्र |
| | आगलागी नियन्त्रण | कार्य क्षेत्र पुरै | फाल्गुन-जेष्ठ |
| | चोरी निकासी नियन्त्रण | कार्य क्षेत्र पुरै | बाहै महिना |
| | 4-D काठ दाउरा, संकलन | रा.व., सा.व. | असोज-जेष्ठ |
| | वृक्षारोपण | रा.व., सा.व., निजी वन आवादी | आषाढ, श्रावण |
| | पुनरुत्पादन व्यवस्थापन | रा.व., सा.व. | बाहै महिना |
| | गोडमेल | कार्य क्षेत्र पुरै | मंसिर-माघ |
| २०८६/०८७ | संरक्षण कार्य गर्ने | कार्य क्षेत्र पुरै | बाहै महिना |
| | झाडी सफाई | सा.व. | मंसिर-माघ |
| | एक्ल्याउने, पत्ल्याउने | सा.व. | पौष-माघ |
| | भुईघाँस निकासी | सा.व. | कार्तिक-चैत्र |
| | आगलागी नियन्त्रण | कार्य क्षेत्र पुरै | फाल्गुन-जेष्ठ |
| | चोरी निकासी नियन्त्रण | कार्य क्षेत्र पुरै | बाहै महिना |
| | 4-D काठ दाउरा, संकलन | रा.व., सा.व. | असोज-जेष्ठ |
| | वृक्षारोपण | रा.व., सा.व., निजी वन आवादी | आषाढ, श्रावण |
| | पुनरुत्पादन व्यवस्थापन | रा.व., सा.व. | बाहै महिना |
| | गोडमेल | कार्य क्षेत्र पुरै | मंसिर-माघ |
| | संरक्षण कार्य गर्ने | कार्य क्षेत्र पुरै | बाहै महिना |

# भाग १७

# जडिबुटी तथा अन्य वन पैदावार संरक्षण तथा व्यवस्थापन

## १७.१ जडिबुटी तथा अन्य वन पैदावार संरक्षण

वनस्पतिहरुको जर्गेनाका लागि जडीबुटी पहिचान, दिगो संरक्षण, खेती प्रविधि, नर्सरी व्यवस्थापनको ज्ञान हस्तान्तरण गरी जनचेतना जगाउन तथा व्यवसायिक तर्फ लम्कन आवश्यक देखिन्छ । जडीबुटी संरक्षण, सम्बर्द्धन तथा खेती सम्बन्धी तालिम कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ । विभिन्न सा.व., क.व. कृषक, जडीबुटी व्यापारीहरुलाई पत्राचार गरी सैद्वान्तिक तथा प्रयोगात्मक विधिबाट तालिम संचालन गर्नुपर्ने देखिन्छ ।

नेपाल जैविक विविधतामा धनी भएको एउटा सानो भू-परिवेष्ठीत मुलुक हो । यहाँ रहेका लगभग ६,५०० प्रजातीका फूलफुल्ने वनस्पतिहरु मध्ये ७०० भन्दा बढी प्रजातीहरु जडीबुटीको रुपमा पहिचान भएका र २३८ प्रजातीको जडिबुटीको रसायनिक परीक्षण समेत भई सकेका छन् । काभ्रेपलाञ्चोक जिल्ला प्राकृतिक श्रोत सम्पदामा अत्यन्त धनी छ । यहाँ विभिन्न महत्वपूर्ण तथा मूल्यवान जडिबुटीहरु पाइन्छन् । जडिबुटीसँग प्रत्यक्ष रुपमै सरोकार राख्ने जनसमुदायहरुलाई स्थलगत रुपमै सैद्धान्तिक ज्ञानलाई भन्दा व्यवहारिक प्रयोगात्मक ज्ञानलाई प्राथमिकता दिई जडिबुटीको परिचय, महत्व, आवश्यकता, चुनौती, संकलन, भण्डारण व्यवस्थापन तथा खेती प्रविधि र खेतीको प्रबर्द्धनमा अभिप्रेरित गर्न आवश्यक रहेको छ ।

## १७.२ गैह्र काष्ठ वन पैदावार खेती विकास तथा विस्तार कार्यक्रम

जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको विशेष महत्व बोकेको यस डिभिजन वन कार्यालयले विगत वर्षहरुमा निजी क्षेत्रमा सतुवा, कालिकाठ, चिराइतो, लौठसल्ला, टिमुर, तेजपात, रिठ्ठा, अमला, कफि र बोधिचित्त जस्ता गैरकाष्ठ वन पैदावारहरुको खेती प्रबर्द्धनको लागि तोकिएको पकेट क्षेत्रमा वृक्षारोपण गर्नुका साथै स्थानीय वन समुह तथा कृषकहरुलाई बिरुवा उपलब्ध गरी सहयोग गरेको छ । उक्त कार्यक्रमलाई अझ प्रचार-प्रसारका साथ सम्भावित क्षेत्रहरुको पहिचान गरी व्यवसायीकरण गर्न सकिने र व्यवसायिक महत्व बोकेका गैरकाष्ठ वन पैदावारको खेतीमा व्यापकताका साथ निरन्तरता दिईनेछ । रोशी गाउँपालिका, महभारता गाउँपालिका, बेथानचोक गाउँपालिका र खानीखोला गाउँपालिकाको महाभारत पर्वत श्रृंखलामा व्यापक जडीबुटी प्रबर्द्धन, खेती, बिस्तार र उत्पादन गर्न सकिने सम्भावना रहेको छ । त्यस क्षेत्रमा जडीबुटी खेतिको लागि बिशेष कार्यक्रम गरिनेछ ।

## १७.३ वन उद्यम विकास कार्यक्रम

स्थानीय स्तरमा वन पैदावारमा आधारित उद्यमहरुको सम्भाव्यता परिचान गरी उपयुक्त स्थानमा सकेसम्म विपन्न, दलित र पछाडी परेका समुदायहरु, अपांगता भएका व्यक्तिहरु र असहाय परिवारहरु लाभान्वित हुने, दिगो रुपमा उद्यमका लागि कच्चा पदार्थ प्राप्त हुने र बजारको सम्भाव्यतालाई अध्ययन गरी प्राथमिकता दिइ उपयुक्त उद्यमको स्थापना तथा संचालनमा सहयोग गरिनेछ । स्थानीय जनताको उद्यम विकासका लागि निजी जग्गा तथा स्थानीय वन समुहमा छिटो आम्दानी दिने प्रजातिहरु जस्तै: कफी, कुरीलो, तेजपात, रिठ्ठा, टिमुर, निगालो, अमृसो आदि प्रजातिको उत्पादनमा बढावा दिने किसिमको कार्यक्रमहरु संचालन गरिनेछ ।

## १७.४ विशेष आयमूलक कार्यक्रम

विपन्न, दलित र पछाडी परेका समुदायहरु, अपांगता भएका व्यक्तिहरु र असहाय परिवारहरुको जडिबुटी व्यवस्थापनमा सहभागिता सुनिश्चित गर्दै वन व्यवस्थापन मार्फत उनीहरुको आयआर्जन तथा जीविकोपार्जनमा टेवा पुर्याउनको लागि विभिन्न कार्यक्रमहरु प्रस्ताव गरिएका छन् । विपन्न तथा गरीब पिछडिएका परिवारहरुको रोजगारीका अवसर सिर्जना गरी तथा आयआर्जन वृद्धिका लागि सामुदायिक वनमा उपसमुह मार्फत विभिन्न आयमूलक कार्यक्रमहरु सञ्चालन गरिने छन् । यस्ता कार्यक्रमहरुमा कफी, सालको पातको टपरी बनाउने तेजपात, रिठा, अम्रिसो खेती, निगालो तथा वनमा आधारित हस्तकलाका सामग्री उत्पादनका लागि सीप तथा क्षमता विकासका कार्यक्रम सञ्चालन गरिने छन् । यस्ता कार्यक्रमहरु सामुदायिक वनमा गरिब मुखी कबुलियती वनको अवधारणाको कार्यान्वयन एवं महिला समुहहरुको परिचालन आदि प्रस्ताव गरिएको छ ।

यस योजना अवधिमा यस डि.व.का. को कार्यक्षेत्र भित्र वातावरणीय दृष्टिकोणले उपर्युक्त, सामाजिक तवरले स्वीकार्य हुने र आर्थिक दृष्टिकोणले सम्भव भएका विभिन्न आयमूलक कार्यक्रमहरू पहिचान गरी कार्यान्वयनमा ल्याइने छन् । योजना तर्जुमा गर्दा गरिव तथा सीमान्त परिवारका व्यक्तिहरू खासगरी दलित, महिला र सामाजिक रूपमा पछाडी पारिएका समुहहरूलाई लक्षित गरिनेछ । कार्यक्रम छनौट गर्दा छोटो समयमा प्रतिफल दिने मापदण्डलाई अंगिकार गरिनेछ भने Off-Farm Activities लाई विशेष महत्व दिइनेछ । यसरी संचालन हुने कार्यक्रमहरू डिभिजन वन कार्यालयले सोझै सम्झौता गरी वा विभिन्न संघ, संस्था तथा Line Agencies सँग मिलेर संयुक्त रूपमा पनि संचालन गर्न सक्नेछन् । त्यसमा पनि सामुदायिक वन उपभोक्ता समुह मार्फत समुदायका गरिब तथा सीमान्त महिला, दलित वर्गको जीविकोपार्जनलाई सर्वोत्तम हितमा राखी कार्यक्रमलाई केन्द्रीकृत गरिनेछ । सम्भावित विशेष कार्यक्रमहरू निम्न अनुसार रहेका छन्:

- सामुदायिक वनभित्रको खाली क्षेत्र पहिचान गरी विपन्न तथा गरीवहरूको उपसमुह गठन गरी बिभिन्न आयमूलक कार्यक्रम संचालन गर्ने । जस्तै: अम्रिसो, सुगन्धित वनस्पति तथा जडीबुटीहरुको उत्पादन, संरक्षण, सम्बर्द्धन र भण्डारण सम्बन्धी प्रविधि हस्तान्तरण गर्ने ।
- विपन्न तथा गरीव समुहको पहिचान अथवा छुट्टै पहिचान भएका समुहहरूलाई लक्षित गरी कार्यक्रम गर्ने ।

# भाग १८

## वृक्षारोपण गर्ने क्षेत्रको पहिचान तथा वृक्षारोपण योजना

काभ्रेपलाञ्चोक जिल्लाको अधिकांश प्राकृतिक वन क्षेत्रको पुनरुत्पादनको क्षमता राम्रो अवस्थामा रहेको छ । त्यस्ता वन क्षेत्रमा झाडी सफाई गरी डढेलो र चरिचरन नियन्त्रण गर्दा पुनरुत्पादन राम्रो हुन्छ। यद्यपि केही स्थानमा खाली तथा नदी उकास क्षेत्र तथा भू-क्षयको दृष्टिकोणबाट जोखिम हुने वन क्षेत्रमा वृक्षारोपण गरी ती स्थानको पुनरुत्पादन गर्न आवश्यक हुन्छ । अधिकांश वन क्षेत्रहरु सामुदायिक वनको रुपमा हस्तान्तरण भई सकेकोले त्यस्ता खाली स्थानहरुमा समुह मार्फत नै वृक्षारोपण गराउँदै आएको छ । यहाँका अधिकांश प्राकृतिक वन क्षेत्रको पुनरुत्पादनको क्षमता राम्रो छ । त्यस्ता वन क्षेत्रमा झाडी सफाई गरी डढेलो र चरिचरन नियन्त्रण गर्दा वृक्षारोपणको आवश्यकता पर्दैन । यद्यपि केही खाली स्थान तथा नदी उकास क्षेत्र तथा भू-क्षयको दृष्टिकोणबाट जोखिम वन क्षेत्रमा वृक्षारोपण गरी ती स्थानको पुनरुत्थान गर्न आवश्यक देखिएको छ ।

### १८.१ सरकारद्वारा व्यवस्थित वनमा वृक्षारोपण

नेपाल सरकारको कार्यक्रम अनुसार विगतमा सरकारी वृक्षारोपण हुने गरेको थियो । सामुदायिक वनको सुरुवात भएपछि बिस्तारै सरकारी वृक्षारोपण घट्दै गई हाल यो कार्यक्रम सिमित रुपमा हुने गरेको पाइन्छ । विगतमा गरिएको सरकारी वृक्षारोपण वनहरु सामुदायिक वनहरुमा हस्तान्तरण गरिएको र सोको अवस्था पनि राम्रो देखिएको छ । आवश्यकता अनुसार सरकारद्वारा व्यवस्थित वनमा बृक्षारोपणका कार्यक्रम सञ्चालन गरिनेछ ।

### १८.२ समुहगत र निजी वृक्षारोपण

#### १८.२.१ सामुदायिक वृक्षारोपण

हस्तान्तरण गरिएका विभिन्न सामुदायिक वन एवंम् कबुलियती वनहरुमा सम्बन्धित समुहहरुले डि.व.का.को आर्थिक र प्राविधिक सहयोगमा सामुदायिक वनमा वृक्षारोपण कार्य गर्दै आईरहेका छन् ।

#### १८.२.२ संस्थागत वृक्षारोपण

सामुदायिक वन विकासको प्रारम्भ २०३६/०३७ (ई.सं. १९७९/८०) मा नेपाल-अष्ट्रेलिया वन परियोजना लागू भए पश्चात बृहत रुपमा वृक्षारोपण भई त्यसको सहभागितात्मक संरक्षणको अवधारणा सगँसगै भएको पाईन्छ । वन विभागको सांगठनिक विकाससंगै वि.सं. २०४० सालमा जिल्ला वन कार्यालय काभ्रेको स्थापना पश्चात वन विकासका कार्यहरु निरन्तर रुपमा अगाडी बढी रहेको छ । नेपाल-अष्ट्रेलिया वन परियोजना लागु भए पश्चात नर्सरी स्थापना, विरुवा उत्पादन तथा नांगा पाखाहरुमा वृक्षारोपणको कार्यक्रमले ब्यापकता पायो । वृहत रुपमा गरिएको वृक्षारोपणको संरक्षण कार्य सरकारी जनशक्तिबाट मात्र सम्भव थिएन् । वि.सं. २०४५/०४६ मा वन विकास गुरु योजना (२५ वर्षे) तयार भई सामुदायिक वन विकास कार्यक्रलाई प्राथमिकताको पहिलो सुचिमा राखी खाली स्थानमा उपभोक्ता समूह मार्फत नै वृक्षारोपण गराउने, संरक्षण गर्ने र समूह मार्फत नै व्यवस्थापन गर्न सामुदायिक वन हस्तान्तरण गर्ने कार्यमा तिब्रता आयो । डिभिजन वन कार्यालयको हालसम्मको तथ्याङ्क अनुसार आ.व. २०८०/०८१ सम्ममा काभ्रे जिल्लामा ३,३४,२४५ हेक्टर क्षेत्रफलमा वृक्षारोपण भएको छ भने उक्त वृक्षारोपण क्षेत्र तथा भईरहेका प्राकृतिक वनलाई नै क्रमिक रुपमा सामुदायिक वनको रुपमा हस्तान्तरण हुदै आईरहेको छ ।(वार्षिक प्रगती प्रतिवेन २०८०/०८१) ।

### १८.२.३ निजी वृक्षारोपण

यस डिभिजन वन कार्यालयबाट उत्पादन र खरिद गरी निःशुल्क रुपमा वितरण गरेका बिरुवाहरु स्थानीय जनताहरुले आफ्नो निजी जग्गामा लगाउने प्रचलनमा वृद्धि भएको छ ।

### १८.२.४ क्षतिपुर्ति वृक्षारोपण

वन क्षेत्रको जग्गा प्रयोग गर्ने संघ संस्थाहरुबाट क्षतिपूर्ति वृक्षारोपण डिभिजन वन कार्यालय मार्फत गर्दै आईरहेका छन् ।

## १८.३ वृक्षारोपण गर्न सकिने क्षेत्रको विवरण र वृक्षारोपणको वार्षिक कार्यक्रम

कार्ययोजना कार्यान्वयन अवधिमा सामुदायिक वन, कबुलियती वन, सार्वजनिक जग्गा र निजी जग्गा समेत गरी करिब ३० हेक्टर वन क्षेत्रमा वृक्षारोपण कार्यक्रम राखी कार्यक्रम अगाडि बढाईनेछ ।

तालिका नं. ३४ : वृक्षारोपणको वार्षिक कार्यक्रम

| क्र.सं. | आ.व. | वृक्षारोपण गरिने क्षेत्रफल (हे.) | वृक्षारोपण |
|---|---|---|---|
| १ | २०८२/०८३ | ६ | सामुदायिक वन र कबुलियती वनमा समूहको सहभागिता र चाहना अनुसार स्थान एकिन गरी डिभिजन वन कार्यालय र सव डिभिजन वन कार्यालयको प्राविधिक सहयोगमा वृक्षारोपण गरिने । |
| २ | २०८३/०८४ | ६ | |
| ३ | २०८४/०८५ | ६ | |
| ४ | २०८५/०८६ | ६ | |
| ५ | २०८६/०८७ | ६ | |
| जम्मा | | ३० | |

वृक्षारोपण गर्दा खास गरी बहुउपयोगी प्रजातिहरु जस्तैः सतुवा, चिराइतो, लौठसल्ला, मेकाडामिया, पिकानट, टिम्मुर, एभोकाडो, कागती, बाँस आदिलाई मुख्य प्राथमिकता दिईनेछ । यस डि.व.का. बाट उत्पादित विरुवाहरु निजी किसानहरुलाई व्यक्तिगत, समुहगत तथा व्यवसायिक वृक्षारोपण प्रयोजनका लागि वितरण हुने बिरुवाहरु रोपणको सुनिश्चितताका लागि वितरणको समयमा नै आवश्यक रेर्कड राख्ने, अनुशिक्षण दिने तथा फिल्ड स्तरीय व्यवहारिक कोचिङ्ग समेत गराउने गरी वृक्षारोपण स्थापनाको सुनिश्चितता गरिनेछ । यसो गर्दा औसतमा १६०० विरुवा खपत बराबर एक हेक्टर वृक्षारोपण भएको मानिने गरी रेकर्ड राखिनेछ ।

## १४ वृक्षारोपण गोडमेल, सरसफाई, थिनिङ्ग, प्रुनिङ्ग कार्यक्रम

वृक्षारोपण गरिएका क्षेत्रहरुमा नियमित रुपमा गोडमेल, सरसफाई, थिनिङ्ग, प्रुनिङ्ग कार्यक्रम संचालन गरी वृक्षारोपण गरिएका बिरुवाहरुको बृद्धी र विकास हुने कार्यलाई प्राथमिकता दिईनेछ ।

## १८.५ नदी उकास तथा वन अतिक्रमण पुनः स्थापनाको लागि वृक्षारोपण

नदी किनारमा रहेका नदी उकास क्षेत्रहरुमा बहुउपयोगी एवं छिटो बढ्ने प्रजातिका बिरुवा रोपण गर्ने कार्य गरिनेछ । त्यसैगरी अतिक्रमणलाई निरुत्साहित गरी अतिक्रमण हटाइएका ठाउँहरुमा वृक्षारोपण गरी पुन वन क्षेत्र कायम गरिनेछ ।

# भाग १९

## वन अनुसन्धान तथा बीउ बगैंचा सम्बन्धि व्यवस्था

### १९.१ वन अनुसन्धान

नेपालको कुल भू-भागको ४५ प्रतिशत क्षेत्रफल वन क्षेत्रले ढाकेको छ । वन आर्थिक समृद्धिको आधार हो र रोजगारीको माध्यम पनि हो । वनबाट नै मुलुकको आर्थिक समृद्धिको सम्भव छ । वन क्षेत्रको विकासको लागि उत्पादनमुखी वन व्यवस्थापनको खाँचो रहेको छ । यसका लागि प्रभावकारी अनुसन्धानको पनि खाँचो छ । साथै कर्मचारीको क्षमता अभिवृद्धि पनि उत्तिकै आवश्यक छ । जसका लागि कर्मचारीहरूलाई बेलाबेलामा प्रशिक्षण आवश्यक पर्छ । यसको लागि समयानुकूल वन विज्ञानका विषयवस्तुमा अध्ययन तथा अनुसन्धानको कार्य सम्बन्धित निकाय मार्फत अगाडि बढाइने छ ।

तालिका नं. ३५ : अनुसन्धानका क्षेत्रहरु

| क्र.सं. | अनुसन्धानका क्षेत्रहरु | संलग्न हुने निकाय |
|---|---|---|
| १. | वन, वन्यजन्तु, जैविक विविधताको आधार रेखा तयारी | प्रदेश मन्त्रालय, वन तथा भू संरक्षण विभाग, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र। |
| २. | विभिन्न प्रजातीको पुनरुत्पादन अध्ययन | |
| ३. | वनमा लाग्ने रोग किरा अध्ययन | |
| ४. | मौज्दात वृद्धिदर तथा कार्वन संचिति | |
| ५. | वनको अन्य आर्थिक, सामाजिक, भौतिक, जैविक अध्ययन | |
| ६. | वन क्षेत्रमा भएको कार्बन सञ्चितिको अध्ययन | |
| ७. | सियोपाते वनलाई चौडापाते वनमा रुपमान्तरण | |

### १९.२ वीउ बगैंचा सम्बन्धि व्यवस्था

काभ्रेपलाञ्चोक जिल्लामा पाईने महत्पूर्ण अवस्थामा रहेका लौठसल्ला, ओखर, बोधीचित्त र सतुवा जस्ता विशेष वनस्पति प्रजातिहरुको विकास तथा संरक्षणका लागि सम्बन्धित क्षेत्रका विशेषज्ञहरुको सहयोग लिई तिनीहरुको बासस्थानको पहिचान गरी त्यस्ता क्षेत्रहरुलाई व्यवस्थापन र वनस्पतिहरुको बीउ बगैंचाको रुपमा व्यवस्थापन गरिनेछ । साथै त्यस्ता क्षेत्रहरुमा पाईने वन पैदावार प्रजातिहरुको संकलन तथा विक्री वितरण कार्यलाई पूर्ण रुपमा व्यवस्थित गरिने छ । वन विउ प्रयोगशाला तथा भण्डारण केन्द्रले काभ्रेपलाञ्चोक जिल्लामा स्थापना गरेको वन विउ बगैंचाहरुको विवरण तालिका नं. ३६ मा रहेको छ ।

तालिका नं. ३६ : काभ्रेपलाञ्चोक जिल्लामा हालसम्म स्थापना भएको वन बिउ बगैंचाको विवरण

| क्र.सं. | स्थान (साविक) | प्रजाती | क्षेत्रफल(हे.) | स्थापना गरिएको आ.व. | कैफियत |
|---|---|---|---|---|---|
| १ | चौवास, काभ्रे | पाटेसल्ला | ७.५ | NARMSAP/DANIDA | |
| २ | मिथिनकोट, काभ्रे | खोटेसल्ला | ६.० | NARMSAP/DANIDA | |
| ३ | मानेडाडा सा व, विकसिम्ले - ८, र ९, काभ्रे | ओखर | १.० | २०६९/७० | |
| ४ | होक्से १ र २, काभ्रे | खोटेसल्ला | ३.० | २०६९/७० | |
| ५ | पाँचखाल २, काभ्रे | खोटेसल्ला | छरिएको | NARMSAP/DANIDA | |
| ६ | बेलाखोलेपाखा सा.व., नमोबुद्ध-२, काभ्रे | बोधीचित्त | ०.९ | २०७९ | |

# भाग २०

## सामाजिक सांस्कृतिक तथा आर्थिक विश्लेषण

### २०.१ सामाजिक वातावरण (जनसंख्या, लिङ्ग र जातजाति)

### २०.१.१ जनसंख्या तथा शैक्षिक अवस्था

आर्थिक, सामाजिक तथा भौगोलिक हिसावले बनेपा, धुलिखेल, पनौती, पाँचखाल, भकुण्डेबेशी जस्ता शहरहरु यस डिभिजनको क्षेत्रमा रहेको कारण यस क्षेत्रमा बसाई सराई गरी आउने जनसंख्या दिनानुदिन बृद्धि भएको देखिन्छ। राष्ट्रिय जनगणना २०७८ अनुसार काभ्रेपलाञ्चोक जिल्लाको कूल जनसंख्या ३,६४,०३९ (पुरुष १,७८,९०९ र महिला १,८५,१३०) र कुल घरधुरी ९१,४२८ रहेका छन् । त्यसैगरी काभ्रेपलाञ्चोक जिल्लाको बार्षिक जनसंख्या बृद्धिदर -०.४६% रहेको छ ।

तालिका नं. ३७ : स्थानीय तह अनुसार घरपरिवार संख्या, लिङ्ग अनुसार जनसंख्या, औषत परिवार संख्या, लैङ्गिक अनुपात र साक्षरता दर

| क्र. सं. | स्थानीय तह | घरधुरी संख्या | कूल जनसंख्या | पुरुष | महिला | औषत परिवार संख्या | लैङ्गिक अनुपात | साक्षरता जम्मा | पुरुष | महिला |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | **काभ्रेपलाञ्चोक** | **९१४२८** | **३,६४,०३९** | **१,७८,९०९** | **१,८५,१३०** | **३.९८** | **९६.४६** | **७५.६८** | **८४.१४** | **६७.६०** |
| १ | चौरीदेउराली गा.पा. | ४१५६ | १४०७६ | ६६६१ | ७४१५ | ३.३९ | ८९.८३ | ५७.७५ | ६८.५२ | ४८.२२ |
| २ | भुम्लु गा.पा. | ४५१८ | १५६७८ | ७५९६ | ८०८२ | ३.४७ | ९३.९९ | ६७.०५ | ७६.५३ | ५८.२६ |
| ३ | मण्डनदेउपुर न.पा. | ७९२४ | ३०३८१ | १४८५३ | १५५२८ | ३.८३ | ९५.६५ | ७२.६४ | ८१.७१ | ६४.०५ |
| ४ | बनेपा न.पा. | १६६९८ | ६७६९० | ३३१७२ | ३४५१८ | ४.०५ | ९६.१ | ८४.८१ | ९१.७८ | ७८.२० |
| ५ | धुलिखेल न.पा. | ८५७० | ३३७२६ | १६४६२ | १७२६४ | ३.९४ | ९५.३५ | ८०.१३ | ८८.४२ | ७२.३४ |
| ६ | पाँचखाल न.पा. | ९१३३ | ३५५२१ | १७२१२ | १८३०९ | ३.८९ | ९४.०१ | ७५.१५ | ८४.४६ | ६६.४९ |
| ७ | तेमाल गा.पा. | ४८६९ | १६९५७ | ८२२० | ८७३७ | ३.४८ | ९४.०८ | ६१.२४ | ७०.२२ | ५२.९० |
| ८ | नमोबुद्ध न.पा. | ७१४८ | २६१६० | १२४९६ | १३६६४ | ३.६६ | ९१.४५ | ७१.०३ | ८०.३६ | ६२.६५ |
| ९ | पनौती न.पा. | १२८०६ | ५१५०४ | २५०१५ | २६४८९ | ४.०२ | ९४.४४ | ८१.०५ | ८९.९४ | ७२.८० |
| १० | बेचानचोक गा.पा. | ३८६१ | १४९५९ | ७१५० | ७८०९ | ३.८७ | ९१.५६ | ७१.६६ | ७९.२४ | ६४.७८ |
| ११ | रोशी गा.पा. | ६०७५ | २३७९० | ११४८६ | १२३०४ | ३.९२ | ९३.३५ | ६९.३५ | ७७.३९ | ६२.२३ |
| १२ | महाभारत गा.पा. | ३१७४ | १६०७९ | ७८८० | ८१९९ | ५.०७ | ९६.११ | ७०.२९ | ७६.७२ | ६४.१५ |
| १३ | खानीखोला गा.पा. | २३९८ | १२२०१ | ६०४९ | ६१५२ | ५.०९ | ९८.३३ | ७५.१८ | ८१.९१ | ६८.५५ |
| १४ | संस्थागत | ९८ | ५३१७ | ४६५७ | ६६० | - | - | - | - | - |

(स्रोत : राष्ट्रिय जनगणना, २०७८)

### २०.१.२ जातजाति

राष्ट्रिय जनगणना २०७८ अनुसार काभ्रेपलाञ्चोक जिल्ला भित्र जम्मा ५८ वटा जातजातीहरु रहेका छन् । जस अनुसार सबैभन्दा बढी तामाङ्ग ३३.७६८ प्रतिशत रहेको छन् । ब्राह्मण-पहाड र क्षेत्री क्रमशः २०.१४८ र १३.५७४ प्रतिशत रहेका छन् । सबैभन्दा कम जनसंख्या क्रमशः (थोरै देखि धेरै) याक्खा, बराई, मल्लाह, तल्मा

तट्टवा, केवट, बिन र हलुवाई जातजातीहरु रहेका छन् । प्रमुख १० जातजातीहरुको संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ३८ : काभ्रेपलाञ्चोक जिल्लाको प्रमुख दश जातजातीहरुको जनसंख्याको विवरण

| क्र.सं. | जातजाती | पुरुष | महिला | जम्मा जनसंख्या | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | संख्या | प्रतिशत | |
| १ | तामाङ्ग | ५९५१५ | ६३४१५ | १२२९३० | ३३.७६८ | |
| २ | ब्राह्मण | ३५८९७ | ३७४४८ | ७३३४५ | २०.१४८ | |
| ३ | क्षेत्री | २४८०९ | २४६०६ | ४९४१५ | १३.५७४ | |
| ४ | नेवार | २३९६९ | २४८५८ | ४८८२७ | १३.४१३ | |
| ५ | मगर | ७२०० | ७३५६ | १४५५६ | ३.९९८ | |
| ६ | विश्वकर्मा | ४५२० | ४८८२ | ९४०२ | २.५८३ | |
| ७ | मिजार | ३६११ | ३९८८ | ७५९९ | २.०८७ | |
| ८ | दनुवार | ३०३५ | ३२५५ | ६२९० | १.७२८ | |
| ९ | परियार | २८१६ | ३०९४ | ५९१० | १.६२३ | |
| १० | ठकुरी | १९९१ | १८६३ | ३८५४ | १.०५९ | |
| ११ | अन्य | ११५४६ | १०३६५ | २१९११ | ६.०२ | |
| | **जम्मा** | **१७८९०९** | **१८५१३०** | **३६४०३९** | **१००.०** | |

(स्रोत : राष्ट्रिय जनगणना, २०७८)

## २०.१.३ भाषाभाषी

राष्ट्रिय जनगणना २०७८ अनुसार यस जिल्लामा रहेका जातजाती अनुसार फरक-फरक भाषा बोल्ने गरेको भएतापनि नेपाली, तामाङ्ग र नेवारी भाषाको बाहुल्यता रहेको छ । यस जिल्लामा बोलिने मुख्य-मुख्य भाषा अनुसारको जनसंख्या तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ३९ : काभ्रेपलाञ्चोक जिल्लामा बोलिने भाषाहरुको विवरण

| क्र.सं. | मातृभाषा | पुरुष | महिला | जम्मा जनसंख्या | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | संख्या | प्रतिशत | |
| १ | नेपाली | ९०१७२ | ९३२६३ | १८३४३५ | ५०.३८९ | |
| २ | तामाङ्ग | ५८३२८ | ६२३३७ | १२०६६५ | ३३.१४६ | |
| ३ | नेपालभाषा(नेवारी) | १९५०८ | २०२२२ | ३९७३० | १०.९१४ | |
| ४ | मगर ढुट | ३०३४ | २८५० | ५८८४ | १.६१६ | |
| ५ | दनुवार | २४७६ | २६११ | ५०८७ | १.३९७ | |
| ६ | अन्य | ५३९१ | ३८४७ | ९२३८ | २.५३८ | |
| **जम्मा** | | **१७८९०९** | **१८५१३०** | **३६४०३९** | **१००.००** | |

(स्रोत : राष्ट्रिय जनगणना, २०७८)

## २०.१.४ धर्म सँस्कृती

राष्ट्रिय जनगणना २०७८ अनुसार काभ्रेपलाञ्चोक जिल्ला भित्र जम्मा ८ वटा धर्म मान्ने मानिसहरु रहेका छन् । जस अनुसार सबैभन्दा बढी हिन्दु धर्म मान्ने व्यक्तिहरु ६३.३०६ प्रतिशत रहेका छन् । बौद्ध र क्रिश्चियन धर्म मान्ने

व्यक्तिहरु क्रमशः ३३.८९० र २.१०५ प्रतिशत रहेका छन् । अन्य विभिन्न धर्म मान्नेको संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ४०: काभ्रेपलाञ्चोक जिल्लाको धर्म अनुसारको जनसंख्याको विवरण

| क्र.सं. | धर्म | पुरुष | महिला | जम्मा जनसंख्या | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | संख्या | प्रतिशत | |
| १ | हिन्दु | ११४०१७ | ११६४४३ | २३०४६० | ६३.३०६ | |
| २ | बौद्ध | ५९८६६ | ६३५०५ | १२३३७१ | ३३.८९० | |
| ३ | क्रिश्चियन | ३४९९ | ४१६५ | ७६६४ | २.१०५ | |
| ४ | प्रकृत्ति | ६२८ | ६२८ | १२५६ | ०.३४५ | |
| ५ | इस्लाम | ५१९ | १६२ | ६८१ | ०.१८७ | |
| ६ | किरात | ३७३ | २२१ | ५९४ | ०.१६३ | |
| ७ | बोन | ५ | ६ | ११ | ०.००३ | |
| ८ | सिख | २ | ० | २ | ०.००१ | |
| **जम्मा** | | **१७८९०९** | **१८५१३०** | **३६४०३९** | **१००.०००** | |

(स्रोत : राष्ट्रिय जनगणना, २०७८)

यहाँका बासिन्दाहरुले बैशाख पूर्णिमा, रक्षाबन्धन, तिज, ऋषिपञ्चमी, दशैं, तिहार, छठ, माघे संक्रान्ति, वसन्त पञ्चमी, फागु पूर्णिमा, शिवरात्री, रामनवमी, ल्होसार, बुद्धजयन्ती जस्ता चाडपर्वहरु प्रमुख पर्वको रुपमा मनाउने गर्दछन् ।

## २०.२ पेशा तथा रोजगारी

### २०.२.१ पेशा तथा रोजगारीको अवस्था

जनसंख्याको संरचनागत रुपमा हेर्दा १५ वर्षमूनीको आश्रित जनसंख्या कुल जनसंख्याको २२.५१ प्रतिशत र ६० वर्षभन्दा माथिका आश्रित जनसंख्या ३५.१९ प्रतिशत रहेको छ । यसरी हेर्दा कुल जनसंख्या रहेको छ भने क्रियाशील श्रमशक्ति अर्थात् १५ देखि ५९ वर्ष उमेर समूहका व्यक्तिहरु ६४.८१ प्रतिशत छन् ।

तालिका नं. ४१: आश्रित र सकृय जनसंख्याको अवस्था

| आश्रित र सकृय जनसंख्या | उमेर समूह(वर्षमा) | जनसंख्या | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | जम्मा | प्रतिशत | पुरुष | प्रतिशत | महिला | प्रतिशत |
| आश्रित जनसंख्या | ०-१४ | ८१९४८ | २२.५१ | ४२५६३ | २३.७९ | ३९३८५ | २१.२७ |
| | ६०+ | ४६१६५ | १२.६८ | २१७१२ | १२.१४ | २४४५३ | १३.२१ |
| | जम्मा | १२८११३ | ३५.१९ | ६४२७५ | ३५.९३ | ६३८३८ | ३४.४८ |
| सकृय जनसंख्या | १५-५९ | २३५९२६ | ६४.८१ | ११४६३४ | ६४.०७ | १२१२९२ | ६५.५२ |
| सबै उमेर समूहको जम्मा | | ३६४०३९ | १०० | १७८९०९ | १०० | १८५१३० | १०० |

श्रोतः राष्ट्रिय जनगणना, २०७८

अक्सर आर्थिक रुपले सक्रिय जनसंख्यालाई अक्सर रोजगार र अक्सर बेरोजगार गरी दुई समूहमा विभाजन गर्न सकिन्छ । सन्दर्भ अवधिमा काम गरेको समय काम नगरेको समयभन्दा बढि भएमा अक्सर रोजगार र कामगरेको समय काम नगरेको समय भन्दा कम भएमा अक्सर बेरोजगार मानिन्छ । यसरी हेर्दा काभ्रेपलाञ्चोक जिल्लामा १० वर्ष वा सो भन्दा माथिका १,७९,८४८ जना अक्सर आर्थिक रुपले सक्रिय व्यक्तिहरु मध्ये १,७३,५८९ (९६.५ प्रतिशत) अक्सर रोजगार र ३,४०९ (३.५ प्रतिशत) अक्सर बेरोजगार देखिन्छ ।

तालिका नं. ४२: आर्थिक क्रियाकलापमा संलग्नता अनुसारको जनसंख्या (१० वर्ष वा सो भन्दा माथि बढि उमेरका)

| क. सं. | स्थानीय तह | | १० वर्ष वा सो भन्दा माथिका जनसंख्या | | आर्थिक क्रियाकलापमा संलग्नता | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आर्थिक रुपले सक्रिय | | | | | | आर्थिक रुपले निस्क्रिय | |
| | | | | | सक्रिय | | | | निस्क्रिय | | | |
| | | | | | रोजगार | | बेरोजगार | | | | | |
| | | | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला |
| १ | चौरीदेउराली गा.पा. | संख्या | ५८२६ | ६६२१ | ३०१९ | २९०५ | २४१ | १२२ | ११३५ | १६७७ | १४२६ | १९१५ |
| | | प्रतिशत | ४६.८१ | ५३.१९ | ९२.६१ | ९५.९७ | ७.३९ | ४.०३ | २५.८२ | ३५.६५ | २४.४८ | २८.९२ |
| २ | भुम्लु गा.पा. | संख्या | ६५४४ | ७११० | ३९११ | ३६८७ | १२५ | ७६ | ९९७ | १३४१ | १५०७ | २००० |
| | | प्रतिशत | ४७.९३ | ५२.०७ | ९६.९० | ९७.९८ | ३.१ | २.०२ | १९.८१ | २६.२७ | २३.०३ | २८.१३ |
| ३ | मण्डनदेउपुर न.पा. | संख्या | १२६०८ | १३४९९ | ७९४५ | ७१७९ | ३११ | २२५ | १७७० | २६९६ | २५७४ | ३३८८ |
| | | प्रतिशत | ४८.२९ | ५१.७१ | ९६.२३ | ९६.९६ | ३.७७ | ३.०४ | १७.६५ | २६.६९ | २०.४२ | २५.१९ |
| ४ | बनेपा न.पा. | संख्या | २७८७६ | ३००३६ | १६६६२ | १२४०९ | ६९२ | ७११ | २८७२ | ५००८ | ७६१७ | ११८८० |
| | | प्रतिशत | ४८.१४ | ५१.८६ | ९६.०१ | ९४.५८ | ३.९९ | ५.४२ | १४.२ | २७.६३ | २७.३२ | ३९.५५ |
| ५ | धुलिखेल न.पा. | संख्या | १३८८१ | १५०२३ | ८३३६ | ७३१७ | ३५८ | ३१८ | १८४६ | २९७५ | ३३३१ | ४४०० |
| | | प्रतिशत | ४८.०२ | ५१.९८ | ९५.८८ | ९५.८३ | ४.१२ | ४.१७ | १७.५१ | २८.०४ | २४ | २९.२९ |
| ६ | पाँचखाल न.पा. | संख्या | १४६०८ | १६००० | ९०७७ | ८०२५ | २९१ | ३३२ | १९५७ | २९७० | ३२७१ | ४६६८ |
| | | प्रतिशत | ४७.७३ | ५२.२७ | ९६.८९ | ९६.०३ | ३.११ | ३.९७ | १७.२८ | २६.२२ | २२.३९ | २९.१८ |
| ७ | तेमाल गा.पा. | संख्या | ७०७५ | ७७०३ | ३९८७ | ४०४९ | १३६ | ८७ | १२७६ | १६१७ | १६७५ | १९४८ |
| | | प्रतिशत | ४७.८८ | ५२.१२ | ९६.७० | ९७.९० | ३.३ | २.१ | २३.६३ | २८.११ | २३.६७ | २५.२९ |
| ८ | नमोबुद्ध न.पा. | संख्या | १०५४३ | ११८९२ | ७०१६ | ६९२५ | २१९ | २०७ | ९२३ | १४३४ | २३७१ | ३३२० |
| | | प्रतिशत | ४६.९९ | ५३.०१ | ९६.९७ | ९७.१ | ३.०३ | २.९ | ११.३१ | १६.७४ | २२.४९ | २७.९२ |
| ९ | पनौती न.पा. | संख्या | २११०६ | २३१९८ | १२४८७ | १११५९ | ५३२ | ४८२ | २६२४ | ३९६४ | ५४५३ | ७५८७ |
| | | प्रतिशत | ४७.६४ | ५२.३६ | ९५.९१ | ९५.८६ | ४.०९ | ४.१४ | १६.७७ | २५.४ | २५.८४ | ३२.७१ |
| १० | बेचानचोक न.पा. | संख्या | ५९२७ | ६६३९ | ४०८० | ४५२६ | ४५ | ३३ | ४९७ | ६३६ | १३०३ | १४४३ |
| | | प्रतिशत | ४७.१७ | ५२.८३ | ९८.९१ | ९९.२८ | १.०९ | ०.७२ | ११.५४ | १०.४५ | २१.९८ | २१.७४ |
| ११ | रोशी गा.पा. | संख्या | ९७६१ | १०५८८ | ६२६१ | ६२९३ | १८८ | १५६ | १६०० | २०५२ | १७०४ | २०८४ |
| | | प्रतिशत | ४७.९७ | ५२.०३ | ९७.०८ | ९७.५८ | २.९२ | २.४२ | १९.८८ | २४.१४ | १८.६२ | १७.४६ |
| १२ | महाभारत गा.पा. | संख्या | ६३९३ | ६६९३ | ३७५९ | ३७४९ | ८७ | ५९ | १०३० | ११४५ | १५११ | १७३६ |
| | | प्रतिशत | ४८.८५ | ५१.१५ | ९७.७४ | ९८.४५ | २.२६ | १.५५ | २१.१२ | २३.१२ | २४.८१ | २३.६४ |
| १३ | खानीखोला गा.पा. | संख्या | ४८६७ | ४९५० | २३५१ | २३२३ | १८० | ४१ | १३९३ | १५८३ | ९४३ | १००३ |
| | | प्रतिशत | ४९.५८ | ५०.४२ | ९२.८९ | ९८.२७ | ७.११ | १.७४ | ३५.५ | ४०.११ | १९.८२ | १९.३८ |
| १४ | संस्थागत | संख्या | ४५८२ | ६१२ | ३८५६ | २९६ | ४ | १ | १२२ | ५३ | ६०० | २६२ |
| | | प्रतिशत | ८८.२२ | ११.७८ | ९९.६६ | ०.१२ | ०.१ | ०.३४ | ३.०६ | १५.१४ | १६.०६ | १३.०९ |
| कूल जम्मा (जिल्ला) | | संख्या | १५१५९७ | १६०५६४ | ९२७४७ | ८०८४२ | ३४०९ | २८५० | २००४२ | २९१५१ | ३५२८६ | ४७६३४ |
| | | प्रतिशत | ४८.६ | ५१.४ | ९६.६ | ३.५ | ३.४ | २१.५ | १७.२ | २५.८ | २३.३ | २९.७ |

(स्रोत : राष्ट्रिय जनगणना, २०७८)

त्यस्तै जनगणनाको नतिजा अनुसार काभ्रेपलाञ्चोक जिल्लामा १० वर्ष वा सो भन्दा बढी उमेरका व्यक्तिले गरेको आर्थिक कामलाई नेपाल स्तरीय औद्योगिक क्षेत्र अनुसार वर्गीकरण गरी प्रस्तुत गरिएको छ । आर्थिक काममा संलग्न २,२३,३५६ मध्ये सबैभन्दा धेरै कृषि वन र माछापालन क्षेत्रमा ६५.०२ प्रतिशत रहेका छन् । यसपछि क्रमशः थोक एवं खुद्रा व्यापार, मोटरगाडी तथा मोटरसाइकल मर्मतका कार्यहरुमा ९.९४ प्रतिशत, निर्माणमा ४.८१ प्रतिशत, औद्योगिक उत्पादनमा ३.१८ प्रतिशत, शिक्षामा २.९४ प्रतिशत जनसंख्या संलग्न रहेका छन् । १० वर्ष वा सो भन्दा वढी उमेरका कुनै न कुनै रुपले आर्थिक काम गरेका कुल पुरुष संख्या १,१३,४३९ मध्ये सबैभन्दा धेरै कृषि वन र माछापालन क्षेत्रमा ५७.१४ प्रतिशत रहेका छन् । यसपछि क्रमशः थोक एवं खुद्रा व्यापार, मोटरगाडी तथा मोटरसाइकल मर्मतका कार्यहरुमा १०.५६ प्रतिशत, निर्माणमा ६.५६ प्रतिशत, सार्वजनिक प्रशासन तथा सुरक्षासम्बन्धी क्रियाकलापहरुमा ४.६८ प्रतिशत, यातायात तथा भण्डारणमा ४.६३ प्रतिशत, औद्योगिक उत्पादनमा ३.९२ प्रतिशत संलग्न रहेका छन् भने १० वर्ष वा सो भन्दा वढी उमेरका कुनै न कुनै रुपले आर्थिक काम गरेका कुल महिला संख्या १,०९,९१७ मध्ये कृषि वन र माछापालन क्षेत्रमा ७३.१४ प्रतिशत रहेका छन् । यसपछि क्रमशः थोक एवं खुद्रा व्यापार, मोटरगाडी तथा मोटरसाइकल मर्मतका कार्यहरुमा ९.०३ प्रतिशत, शिक्षामा ३ प्रतिशत, निर्माणमा २.९९ प्रतिशत, अन्य सेवा प्रदान गर्ने क्रियाकलापहरुमा २.५६ प्रतिशत संलग्न रहेका छन् ।

तालिका नं. ४३ः औद्योगिक क्षेत्र अनुसार आर्थिक क्रियाकलापमा आबद्ध जनसंख्या प्रतिशत

| आर्थिक कामको क्षेत्र वा औद्योगिक क्षेत्र | जम्मा | प्रतिशत | पुरुष | प्रतिशत | महिला | प्रतिशत |
|---|---|---|---|---|---|---|
| जम्मा | २२३३५६ | १०० | ११३४३९ | १०० | १०९९१७ | १०० |
| कृषि, वन र माछापालन | १४५२१६ | ६५.०२ | ६४८२२ | ५७.१४ | ८०३९४ | ७३.१४ |
| खानी तथा उत्खनन् | २५७ | ०.१२ | २०० | ०.१८ | ५७ | ०.०५ |
| औद्योगिक उत्पादन | ७११२ | ३.१८ | ४४४९ | ३.९२ | २६६३ | २.४२ |
| विद्युत, ग्याँस, वाफ तथा वातानुकूलित सेवा | ४५१ | ०.२ | ३७७ | ०.३३ | ७४ | ०.०७ |
| पानीको आपूर्ति, ढल निकास, फोहर व्यवस्थापन र शुद्धिकरणका क्रियाकलपाहरु | ४३९ | ०.२ | ३२९ | ०.२९ | ११० | ०.१ |
| निर्माण | १०७३४ | ४.८१ | ७४४५ | ६.५६ | ३२८९ | २.९९ |
| थोक एवं खुद्रा व्यापार, मोटरगाडी तथा मोटरसाइकल मर्मतका कार्यहरु | २२२०१ | ९.९४ | ११९८३ | १०.५६ | १०२१८ | ९.३ |
| यातायात तथा भण्डारण | ५४२९ | २.४३ | ५२५५ | ४.६३ | १७४ | ०.१६ |
| आवास तथा भोजन सम्बन्धी क्रियाकलापहरु | ४६१८ | २.०७ | २८०० | २.४७ | १८१८ | १६५ |
| सूचना तथा संचार | ६४८ | ०.२९ | ४५७ | ०.४ | १९१ | ०.१७ |
| वित्तिय तथा बिमा सम्बन्धी क्रियाकलापहरु | ३१५२ | १.४१ | १४८१ | १.३१ | १६७१ | १.५२ |
| घरजग्गा कारोवारका व्यवसायिक क्रियाकलपाहरु | ४५६ | ०.२ | ४२३ | ०.३७ | ३३ | ०.०३ |
| पेशागत वैज्ञानिक तथा प्राविधिक क्रियाकलापहरु | ८८६ | ०.४ | ७०२ | ०.६२ | १८४ | ०.१७ |
| प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलापहरु | ५०० | ०.२२ | ३३१ | ०.२९ | १६९ | ०.१५ |
| सार्वजनिक प्रशासन तथा सुरक्षासम्बन्धी क्रियाकलापहरु | ६०२१ | २.७ | ५३०६ | ४.६८ | ७१५ | ०.६५ |
| शिक्षा | ६५७५ | २.९४ | ३२७३ | २.८९ | ३३०२ | ३ |
| मानव स्वास्थ्य तथा सामाजिक कार्यका क्रियाकलापहरु | २३७१ | १.०६ | ९१५ | ०.८१ | १४५६ | १.३२ |
| कला, मनोरञ्जन तथा मनोविनोद | ६३८ | ०.२९ | ५३१ | ०.४७ | १०७ | ०.१ |

| आर्थिक कामको क्षेत्र वा औद्योगिक क्षेत्र | जम्मा | प्रतिशत | पुरुष | प्रतिशत | महिला | प्रतिशत |
|---|---|---|---|---|---|---|
| अन्य सेवा प्रदान गर्ने क्रियाकलापहरु | ४८५१ | २.१७ | २०३३ | १.७९ | २८१८ | ०.३४ |
| घरपरिवारका घरायसी क्रियाकलापहरु | ५६९ | ०.२५ | १९० | ०.१७ | ३७९ | ०.३४ |
| बाह्य संघसंस्था एवं यसका अङ्गहरुमा क्रियाकलापहरु | ११४ | ०.०५ | ६८ | ०.०६ | ४६ | ०.०४ |
| उल्लेख नभएका | ११८ | ०.०५ | ६९ | ०.०६ | ४९ | ०.०४ |

(स्रोत : राष्ट्रिय जनगणना, २०७८)

### २०.२.२ खाना पकाउने ईन्धनको प्रयोग अनुसार घरधुरी अवस्था

राष्ट्रिय जनगणना २०७८ अनुसार काभ्रेपलाञ्चोकजिल्लाको अधिकांश व्यक्तिगत घरपरिवारले (९६.३३ प्रतिशत) आफुले बसोवास गरेको घर/आवासिय एकाइमा बत्ती बाल्नका लागि अक्सर बिजुली प्रयोग गर्ने गरेको देखिएको छ । गत २०६८ को जनगणनामा बिजुली प्रयोग गर्ने परिवार ९२.२ प्रतिशत रहेकोमा हाल सो अंशमा उल्लेख्य वृद्धि भएको देखिन्छ । बत्ति बाल्नका लागि अक्सर सोलार/सौर्य उर्जा, मट्टितेल, वायोग्याँस र अन्य इन्धन प्रयोग गर्ने परिवार क्रमशः ३.४४, ०.११, ०.०१, ०.१० प्रतिशत रहेको देखिन्छ ।

तालिका नं. ४४: काभ्रेपलाञ्चोक जिल्लामा प्रयोग हुने इन्धनको विवरण

| क्र.सं. | पालिका | जम्मा व्यक्तिगत घर परिवार संख्या | इन्धनको प्रयोग | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | काठ/ दाउरा | एल.पि. ग्याँस | बिजुली | गुईठा/ गोराहा | गोबर ग्याँस | मट्टितेल | अन्य |
| १ | चौरीदेउराली गा.पा. | ४१५६ | ३८०५ | ३३६ | ६ | ० | ५ | ३ | १ |
| २ | भुम्लु गा.पा. | ४५१८ | ३७९६ | ७०७ | २ | ० | ३ | १० | ० |
| ३ | मण्डनदेउपुर न.पा. | ७९२४ | ४२४८ | ३३९७ | १० | १ | २५६ | ११ | १ |
| ४ | बनेपा न.पा. | १६६९८ | २००६ | १४५९१ | ४३ | १ | १९ | ३४ | ४ |
| ५ | धुलिखेल न.पा. | ८५७० | १९३० | ६५०७ | १९ | १ | १०० | ११ | २ |
| ६ | पाँचखाल न.पा. | ९१३३ | ३७७७ | ५११५ | २३ | ३ | २०७ | ४ | ४ |
| ७ | तेमाल गा.पा. | ४८६९ | ३८७० | ८८७ | १७ | ० | ९१ | ३ | १ |
| ८ | नमोबुद्ध न.पा. | ७१४८ | ४४८१ | २५२८ | ९ | ० | ११४ | १३ | ३ |
| ९ | पनौती न.पा. | १२८०६ | ४०९५ | ८६४५ | २८ | २ | २४ | ८ | ४ |
| १० | बेचानचोक गा.पा. | ३८६१ | ३०९४ | ७४२ | ५ | १ | १८ | ० | १ |
| ११ | रोशी गा.पा. | ६०७५ | ४८५८ | ११४९ | ११ | ० | ५४ | २ | १ |
| १२ | महाभारत गा.पा. | ३१७४ | ३१०२ | ६६ | ० | ० | ४ | २ | ० |
| १३ | खानीखोला गा.पा. | २३९८ | २२३७ | १५९ | ० | ० | ० | १ | १ |
| | काभ्रेपलाञ्चोक | **९१३३०** | **४५२९९** | **४४८२९** | **१७३** | **९** | **८९५** | **१०२** | **२३** |

(स्रोतः राष्ट्रिय जनगणना, २०७८)

# भाग २१

## वन पैदावार उत्पादन तथा आपुर्ती

### २१.१ वन पैदावारको संकलन बिक्री वितरण

### २१.१.१ जिल्लाको वन पैदावारको माग आपूर्ति

काभ्रेपलाञ्चोक जिल्लाको वि.सं. २०७८ सालको जनगणना अनुसार जिल्लाको जनसंख्या ३,६४,०३९ र घर परिवार संख्या ९१,४२८ रहेको छ । एउटा मानिसलाई उसको जीवनमा प्रति व्यक्ती ०.१४ क्यु.मि. काठ चाहिन्छ(श्रोतःनेपालको तथ्याङ्कीय झलक २०७४) । यस अनुसार यस जिल्लामा ५०,९६५.४६ क्यु.मी. काठ माग आवश्यक रहेको देखिन्छ । त्यस्तै राष्ट्रिय रेकर्ड अनुसार प्रति घरधुरीले वार्षिक ६० भारी वा ०.१२ चट्टा प्रयोग गर्ने गरेको पाइएको छ । सो अनुसार यस जिल्लाको ९१,४२८ घरधुरी मध्ये ४५,२९९ घरधुरीले मात्र इन्धनको प्रमुख स्रोतको रुपमा काठदाउरा प्रयोग गरेको राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कबाट देखिन्छ । जस अनुसार करिब ५,४३३.२४ चट्टा (२७,१६,६२० भारी) दाउरा वार्षिक आवश्यकता पर्ने देखिन्छ । यस जिल्लामा आन्तरिक उद्योग तथा कलकारखानाको लागि काठ दाउराको खपत उल्लेख्य रुपमा भएको पाइन्छ ।

जिल्लाका सामुदायिक वन उपभोक्ता समुहहरुको वन व्यवस्थापन कार्ययोजनाहरुको अध्ययन गरी त्यसको आधारमा वार्षिक वन पैदावार मागको अवस्था तालिका नं. ४५ मा दिइएको छ ।

तालिका नं. ४५: काभ्रेपलाञ्चोक जिल्लाको वार्षिक वन पैदावार मागको अवस्था

| सि.नं. | वन पैदावारको किसिम | ईकाई | वार्षिक माग | आपूर्तिको व्यवस्था प्रतिशतमा | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | निजी | सा.व. | सरकारी | अन्य श्रोत | |
| १ | काठ | क्यु.फि. | १७९९५९० | २५% | २% | ३% | २०% | |
| २ | दाउरा | चट्टा | ५४३३.२४ | २८% | ३७% | ३% | ३२% | |
| | | भारी | २७,१६,६२० | ३०% | ५०% | ३% | १७% | |
| ३ | भूईघाँस | भारी | ४६,४१,०१२ | ६२% | ३४% | ४% | ०% | |
| ४ | स्याउला/सोत्तर | भारी | ५१,६४,६६३ | ४१% | ५२% | ७% | ०% | |
| ५ | थाँग्रा | भारी | २०,९५६ | ४२% | ५७% | १% | ०% | |

(स्रोत: वन श्रोत सर्वेक्षण तथ्याङ्क ,२०८१)

### २१.१.२ आपूर्तिको अवस्था

काभ्रेपलाञ्चोक जिल्लाको वार्षिक वन पैदावारको आपूर्तिको हकमा सामुदायिक वनहरुले स्वीकृत कार्ययोजना कार्यान्वयन गरे भने उपभोक्ताहरुलाई आन्तरिक खपत तथा बाह्य बिक्री समेतका लागि आपूर्ति गर्न सक्ने काठ ३८,१७७.४८ घन मि. (१३,४८,०४६.७६ घ.फिट) र २०३४.५७ चट्टा दाउरा रहेको छ । सामुदायिक वनको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार आन्तरिक रुपमा काठ, दाउरा संकलन हुने गरेको तर आधिकारीक रेकर्ड प्राप्त नभए तापनि उपभोक्ताहरुको मागको आपूर्ति भने भइरहेको देखिन्छ। त्यसैगरी निजी आवादी जग्गामा भएका रुखहरुबाट समेत काठ, दाउरा उपभोक्ताहरुले प्रयोग गर्दै आईरहेको पाइन्छ । यस जिल्लामा घर तथा अन्य सार्वजनिक भवन निर्माणको लागि सालको काठ सिन्धुली, मकवानपुर लयायत तराईका जिल्लाबाट ल्याउनु पर्ने देखिएको हुँदा यस जिल्लामा जिल्ला वन पैदावार आपूर्ति समिति गठनको लागि आवश्यक प्रकृया अगाडी बढाईनेछ ।

### २१.१.३ सामुदायिक वनबाट उत्पादन हुने काठ, दाउरा

आगामी पाँच वर्षमा सामुदायिक वनबाट वन पैदावारहरु संकलन तथा निकासी गर्दा सम्बन्धित सामुदायिक वनहरुको स्विकृत वन व्यवस्थापन कार्ययोजनामा उल्लेख भएको परिमाण तथा वन व्यवस्थापनबाट निस्कने वन पैदावारहरु मात्र संकलन गरिनेछ । यस जिल्लाका धेरैजसो सामुदायिक वनहरुका कार्ययोजना पुनरावलोकन गर्नुपर्ने तथा जिल्लाका विभिन्न क्षेत्रका सामुदायिक वनहरुका कार्ययोजनाहरु संरक्षण तथा उत्पादनमुखि बनाउन मात्र भएकोले सामुदायिक वनहरुको वन व्यवस्थापन कार्ययोजना नविकरण गरि वन व्यवस्थापन कार्ययोजनामा उल्लेख भएको परिमाण बमोजिमका वन पैदावाहरु मात्र संकलन गरिनेछ ।

तालिका नं. ४६: आगामी योजना अवधिमा सामुदायिक वनबाट उत्पादन हुन सक्ने काठ, दाउराको विवरण

| क.सं. | वनको प्रकार | वन पैदावारको विवरण | इकाई | २०८२ /०८३ | २०८३ /०८४ | २०८४ /०८५ | २०८५ /०८६ | २०८६ /०८७ |
|---|---|---|---|---|---|---|---|---|
| १. | सामुदायिक वन | काठ | घन फिट | वार्षिक रुपमा ३८,१७७.४८ क्यु. मि. घन मि. (१३,४८,०४६.७६ घ.फिट) र २०३४.५७ चट्टा दाउरा स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार संकलन गरिनेछ । | | | | |
| | | दाउरा | चट्टा | | | | | |

### २१.१.४ निजी आवादी क्षेत्रबाट बार्षिक रुपमा संकलन गर्न सकिने काठ दाउराको विवरण

हालसम्म दर्ता भएका निजी वनबाट तथा निजी आवादी क्षेत्रमा हुर्काइएका रुख बिरुवाबाट विगतका आ.व.हरुमा उत्पादन भएका काठ दाउराको आधारमा बार्षिक रुपमा औषत ४,५०,००० क्यु.फिट काठ तथा १५०० चट्टा दाउरा संकलन गरिने अनुमान गरिएको छ । यसमा प्रचलित कानुन बमोजिम निजी आवादीको काठ, दाउरा संकलन परिमाण थपघट हुन सक्नेछ।

## २१.२ वन पैदावारमा आधारित उद्योगलाई बिक्री बितरण

सामुदायिक वनको वन व्यवस्थापन कार्ययोजना अनुसार उत्पादन हुने वन पैदावार सामुदायिक वन उपभोक्ता समुहमा आन्तरिक खपत, जिल्ला वन पैदावार आपूर्ती समिति (गठन पश्चात) वा दैवी प्रकोपमा परेका जनतालाई उपलव्ध गराई बाँकी रहेको काठ, दाउरा सामुदायिक वनको काठ/दाउरा सङ्कलन तथा बिक्री वितरण निर्देशिका, २०७१ बमोजिम सा.व.उ.स.हरुले डिभिजन वन कार्यालयको सहमतिबाट लिलाम बढाबढ प्रकृयाबाट बिक्री वितरण गरिने छ ।

## २१.३ जडिवुटी तथा गैह्रकाष्ठ वन पैदावारको उत्पादन तथा विक्री वितरण

यस जिल्लाबाट २० भन्दा बढी प्रजातीका जडीबुटीहरु व्यावसायिक रुपमा संकलन भई निकासी हुने गरेको पाईएको छ । निजी आवादी, निजी वन तथा केही सामुदायिक वनहरुमा लौठसल्ला, टिमुर, सतुवा, चिराइतो र तेजपात आदी प्रजातीको खेती विस्तार गरिएको छ तर उक्त प्रजातिहरुको बिक्रीवितरण भने उल्लेख्य मात्रामा हुनसकेको छैन । सामुदायिक वनहरु र राष्ट्रिय वनबाट जडीबुटीको बार्षिक रुपमा संकलन गर्न सकिने परिमाण तालिका नं. ४८ मा प्रस्तुत गरिएको छ ।

## २१.४ जडिबुटी तथा अन्य वन पैदावार बिक्री बितरण

जिल्लाका वन क्षेत्रमा पाईने काठ, दाउरा बाहेकका गैरकाष्ठ वन पैदावारहरुको संकलन तथा बिक्री वितरण स्वीकृत आवधिक योजना सहितको रणानीतिक योजना र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा भएको व्यवस्था अनुसार प्रचलित ऐन नियमको अधिनमा रही गर्न सकिनेछ । विगतको वर्षहरुमा यस डि.व.का. अन्तर्गतको वन क्षेत्रबाट सबै किसिमको जडिबुटी संकलन तथा छोडपुर्जी नभए तापनि यस जिल्लाको राष्ट्रिय वन, सामुदायिक वन र निजी आवादीमा ५३ प्रजातीका जडिबुटीहरुको व्यावसायिक रुपमा संकलन तथा बिक्री वितरण गर्न सकिने देखिन्छ । संकलन गरिने जडीबुटीको परिमाणको आँकलन गैह्र काष्ठ वन पैदावारको स्रोत सर्भेक्षण मार्गदर्शन २०६८ बमोजिम अनुसूची ७ मा उल्लेखित स्याम्पल प्लटमा जडीबुटीको लागि नमुना प्लट तयार पारी जडीवुटीको परिमाण आँकलन गरिएको थियो । संकलन गर्न सकिने जडिबुटी तथा गैह्र काष्ठ वन पैदावारको विस्तृत विवरण तालिका नं. ४७ मा दिईएको छ ।

तालिका नं. ४७: रुपमा संकलन गर्न सकिने जडिबुटी तथा गैरकाष्ठ वन पैदावारहरुको परिमाण

| क्र.सं. | संकलन गरिने भाग | संकल गर्न सकिने परिमाण के.जी. | कैफियत |
|---|---|---|---|
| १ | जरा तथा गानो | ४८४५० | |
| २ | पात र डाठ | १४२३०० | |
| ३ | फल र वीज | १०३३७० | |
| ४ | फुल | ८४००० | |
| ५ | बोक्रा | ७१८५० | |
| ६ | पुरै भाग | १३३७०० | |
| ८ | सल्लाको सिम्टा | ४९२०० | |
| | **जम्मा** | **६३२८७०** | |

श्रोतः फिल्ड सर्वेक्षण तथा वार्षिक प्रगति प्रतिवेदन डि.व.का. काभ्रेपलाञ्चोक, २०८१

**<u>नोटः</u>** काभ्रेपलाञ्चोक जिल्लामा पाइने कुनै गै.का.व.पै. प्रजातीहरुको बजारमा माग भएमा स्रोतको उपलब्धताको आधारमा डिभिजन वन कार्यालयको सिफारिसमा जरा र गानो प्रयोग हुने प्रजातीको हकमा १००० के.जी. सम्म तथा पात, फल, फूल, बीउ तथा अन्य बिरुवालाई कम हानी हुने भाग संकलन गर्न २,००० के.जी. सम्म संकलन सहमति दिन सकिनेछ । नेपाल सरकारद्धारा प्रतिबन्धित जडिबुटी तथा गैह्रकाष्ठ वन पैदावार संकलन एवम् बिक्री वितरण कार्य गरिने छैन। CITES मा सूचिकृत प्रजातीको हकमा संकटापन्न वन्यजन्तु तथा वनस्पतीको अन्तर्राष्ट्रिय व्यापार ऐन, २०७३ र वन नियमावली, २०७९ को अनुसूचि ७ मा नपरेका र पहिचान हुन नसकेका प्रजातीको हकमा सोही नियमावली बमोजिम गर्नुपर्नेछ।

## २१.५ अन्य वन पैदावारहरु

यस जिल्लामा हिमाली रोजिन एण्ड टर्पेन्टाइन उद्योग, इटहरी – १७, सुनसरीद्वारा तयार गरिएको स्वीकृत वातावरणिय परिक्षण प्रतिवेदन अनुसार वार्षिक रुपमा संकलन गर्न सकिने खोटोको परिमाण अनुसुची ९ मा दिएको छ। खोटो संकलन गर्न सकिने सबै जसो क्षेत्र सामुदायिक वनको रुपमा हस्तान्तरण भइसकेको छ । रुख कटान गरी जमिनमा बाँकी रहेको रुखको ठुट्टा र जरा समेत आवश्यकता अनुसार उपयुक्त स्थानबाट संकलन गर्न सकिने छ । विगतको ट्रेन्डलाई विश्लेषण गरि हेर्दा गोल/कोइला वार्षिक रुपमा १०५ मेट्रिक टन संकलन तथा निकासी हुने अनुमान गरिएको छ ।

## २१.६ वन पैदावार संकलन ओसार-पसार तथा ग्रेडिङ्ग तरीका

यस जिल्लामा सरकारद्वारा व्यवस्थित वन तथा संरक्षित वनको ढलापडा, सुखडखडा, क्षती ग्रस्त रुखहरु, वेवारिसे तथा नहटाई नहुने काठ, दाउरा डि.व.का. काभ्रेपलाञ्चोकले ठेक्का प्रथाबाट लिलाम विक्री गर्ने गरेको छ भने सामुदायिक वनका काठ, दाउरा संकलनको काम सा.व.उ.स.ले उपभोक्ता परिचालन गरी गर्ने गरेका छन् । जिल्लाको प्रचलित दररेट तथा स्वीकृत नर्मस् अनुसार यस जिल्लाको काठ, दाउरा संकलनको लागत खर्च अनुमान गरीनेछ ।साथै काठको ग्रेडिङ्ग वन नियमावली २०७९ को अनुसूची ९(६) बमोजिम गरिनेछ ।

## २१.७ मुख्य प्रजातिहरुको दर

यस जिल्लामा उत्पादन भई डि.व.का. काभ्रेपलाञ्चोकबाट विक्री वितरण हुने काठ, दाउरा लगायतका प्रजातिका वन पैदावारहरु वन नियमावली २०७९ को अनुसूची ६ बमोजिमको दर रेटलाई नै आधार बनाई विक्री वितरण गरिनेछ भने जिल्लाका सामुदायिक वन उपभोक्ता समुहहरुले उपभोक्ताभित्र वन पैदावार बिक्री वितरण गर्दा कार्ययोजनामा तोकिए बमोजिमको दर लिई विक्री वितरण गर्ने गरेको पाईन्छ ।

## २१.८ वन पैदावारको बिक्री वितरण गर्ने तरिका

जिल्ला भित्रका विभिन्न वन क्षेत्र सरकारद्धारा व्यवस्थित वन र सामुदायिक वनबाट संकलन भएका वन पैदावारहरु विशेष गरी काठ, दाउराको विक्री वितरण प्रकृया वन ऐन २०७९, वन नियमावली २०७९, वन पैदावार बिक्रि वितरण निर्देशिका २०७३ र सामुदायिक वन वन पैदावार सङ्कलन तथा बिक्रि वितरण निर्देशिका २०७१ बमोजिम गरिने छ ।

## २१.९ ढुङ्गा, गिट्टी, बालुवा संकलन

काभ्रेपलाञ्चोक जिल्लामा वन क्षेत्र भएर बग्ने खोलाहरुवाट व्यवसायिक रुपमा ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन, निकासी भएको छैन । वस्ती छेउको नदी किनारबाट जि.स.स.ले केही परिमाणमा ठेक्का प्रक्रियाबाट ढुङ्गा, गिट्टी, बालुवा संकलन गराएको पाइन्छ भने हाल यो अधिकार स्थानीय तहमा गएकोले उनीहरुले IEE स्वीकृत गराएर संकलन योजना अगाडी बढाउन सक्नेछन् । यस जिल्लाको रोशी, इन्दावती, कोखाजोर, सुनकोशी नदी मुख्य नदीहरु हुन् भने सहायक नदीहरुमा घ्याम्पे खोला, नार्के खोला, खानी खोला, इन्द्रावती खोला, कोखाजोर खोला, बनखु खोला आदि स-साना खोलाहरु तथा जंगलको सतही भागमा रहेका ढुङ्गाहरु नै ढुङ्गा, गिट्टी, बालुवाका स्रोतहरु हुन् । यी खोलाहरुमा रहेको पुलको दायाँ-वायाँ ५० मिटर क्षेत्रमा ढुङ्गा संकलन नगर्ने, विद्यालय, चौकी, हस्पिटल, नजिक रहेका खोलाहरुको कम्तिमा १ कि.मी. भन्दा नजिक ढुङ्गा, गिट्टी, बालुवा संकलन नगर्ने, खहरे खोलाहरुको सतहको ढुङ्गा तथा गिट्टी मात्र संकलन गर्ने, खानी सञ्चालनको लागि वातावरणिय प्रभाव मुल्यांकन गरेर मात्र खानी संचालनमा ल्याउने, मसानघाट क्षेत्रमा ढुङ्गा तथा बालुवा संकलनमा प्रतिबन्ध लगाइनेछ ।

## २१.१० खनिज/उत्खनन् उद्योगहरुको विवरण

यस जिल्लामा खानी तथा भू-गर्भ विभागको वार्षिक प्रतिवेदन, २०७० अनुसार मुख्य गरि कोइला, मट्टितेल, तामा, चुनढुङ्गा, स्लेटढुङ्गा, साधारण ढुङ्गा, नुन, शिशा, खरिढुङ्गा, जस्ता, सेरामिक माटो रहेको अनुमान गरिएको छ । खानी तथा भूगर्भ विभागका अनुसार नाग्रे गगर्चेमा तामा, कोवाल्ट तथा निकेल धातुहरूको खानी रहेको र सुनकोशी नदीमा सुन रहेको उल्लेख छ ।

हाल यस जिल्लामा जिल्ला विकास समितिको कार्यालयमा दर्ता भई सञ्चालनमा आएका क्रसर उद्योगहरु २१ र घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता भएका खानीहरु १८ वटा रहेका छन् । उक्त खानीहरुमा मुख्यगरी ढुँगा, गिट्टी, वालुवा रहेका छन् । जिल्लामा दर्ता भई सञ्चालनमा आएका खानीहरु त्था क्रसर उद्योगको विवरण तलको तालिकामा दिइएको छ ।

तालिका नं. ४८: जिल्लामा सञ्चालित क्रसर उद्योगहरुको विवरण

| क्र.सं. | अनुमतिबाहक उद्योगको नाम | दर्ता नं. | हालको ठेगाना | संचालकको नाम |
|---|---|---|---|---|
| १ | चण्डेश्वरी रोडा ढुंगा उद्योग | १०३४-०५०/५१ | बेथानचोक -४ | श्याम सुन्दर श्रेष्ठ |
| २ | धनेश्वर रोडा ढुंगा उद्योग | १३-०५२/५३ | पनौती न.पा. | शेषनारायण सुवाल |
| ३ | इन्द्रावती रोडा ढुंगा उद्योग प्रा.लि. | १२-०५२/५३ | मण्डन देउपुर न.पा. ६ | बिष्णु प्रसाद घोरासैनी समेत |
| ४ | पशुपति रोडा ढुंगा उद्योग प्रा.लि. | २८९/४/०६०/६१ | नमोबुद्ध न.पा. | रेखा दाहाल समेत ४ जना |
| ५ | गोरखा एग्रिगेट प्रा.लि. | ६०/७/०६०/६१ | रोशी गाउँपालिका ११ | विजय मल्ल समेत ३ जना |
| ६ | मनकामना रोडा ढुंगा उद्योग | ३०३/६/०६१/६२ | भुम्लु गाउँपालिका १० | तिल बहादुर पौडेल ३ जना |
| ७ | रोशी ढुंगा उद्योग प्रा.लि. | ५८/५/०६०/६१ | नमोबुद्ध न.पा. | यज्ञ प्रसाद पन्त समेत ३ |
| ८ | मनकामना एग्रीगेट, कानपुर कालापानी | ३९४५/०६६/६७ | नमोबुद्ध न.पा. ५ | मिन प्रसाद ढुंगाना समेत ४ |
| ९ | माँ चण्डेश्वरी एग्रिगेट स्टोन प्रा.लि. | ३११०/०६३/६४ | रोशी गाउँपालिका ११ | राजभक्त प्रधान |
| १० | क्यापिटल एग्रिगेट प्रा.लि. | ३१२६/०६३/६४ | नमोबुद्ध न.पा. ५ | भूमिनन्द ढकाल समेत ४ |
| ११ | श्री ओम सत्यसाई स्टोन क्रसर उद्योग | ३४१८/०६४/६५ | रोशी गाउँपालिका ७ | राजेन्द्र प्रताप अर्याल |
| १२ | गौरीशंकर रोडा ढुंगा उद्योग | ३४१७/०६४/६५ | रोशी गाउँपालिका ८ | गेल्जे लामा समेत ५ जना |
| १३ | त्रिवेणी क्रसर उद्योग | ३५६६/०६५/६६ | भुम्लु गाउँपालिका ९ | मणिराम तिमल्सिना समेत |
| १४ | डाइमण्ड स्टोन एण्ड माइनिङ्ग ईण्डष्ट्रिज | ३७६२/०६५/६६ | पनौती न.पा. ३ | दिपक भण्डारी समेत २ |
| १५ | मोक्तान क्रसर उद्योग | ३८०४/०६५/६६ | नमोबुद्ध न.पा. ५ | मानध्वज लामा समेत ४ |
| १६ | ब्लु साईन रोडा ढुंगा उद्योग प्रा.लि. | ३८५१/०६५/६६ | नमोबुद्ध न.पा. | बालमुकुन्द अधिकारी |
| १७ | उडुवादेवी रोडा ढुंगा उद्योग प्रा.लि. | ३८३०/०६५/६६ | पनौती न.पा. १२ | राजेश डंगोल समेत |
| १८ | नाङ्गसाल रोडा ढुंगा उद्योग प्रा.लि. | ३९२६/०६६/०६७ | रोशी गाउँपालिका ८ | ज्ञानबहादुर तामाङ्ग समेत ५ |
| १९ | मेलम्ची एण्ड इनद्रावती स्टोन प्रा.लि. | १४१८/५४/०५८/५९ | मण्डन देउपुर न.पा. ६ | राजभक्त प्रधान समेत २ |
| २० | हेन्जेन दोर्जे कम्पनी प्रा.लि. | १५०६/२५/०६९/७० | तेमाल गाउँपालिका १ | ज्ञानध्वज तामाङ्ग समेत ३ |
| २१ | धौलागिरी स्टोन प्रा.लि. | | भुम्लु गाउँपालिका | अशोक कुमार तोडी |

श्रोतः घरेलु तथा साना उद्योग कार्यालय काभ्रेपलाञ्चोक, २०७८

तालिका नं. ४९: जिल्ला विकास समितिमा दर्ता भई सञ्चालनमा आएका खानीहरुको विवरण

| क्र. सं. | अनुमतीपत्र बाहकको नाम | हालको ठेगाना | क्षेत्रफल (वर्ग कि.मी.) | स्तर | अवधी | दैनिक उत्पादन क्षमता (घ.मि.) |
|---|---|---|---|---|---|---|
| १ | भगवती माइन एण्ड मिनरल्स स्टोन प्रा. लि. | मण्डनदेउपुर न.पा. ११ | ०.२५ | सानास्तर | १५ वर्ष | ५७ |
| २ | पशुपती रोडा ढुंगा ग्रावेल खानी प्रा.ली. | नमोबद्ध न.पा. ५ | ०.२५ | सानास्तर | १५ वर्ष | ४५ |
| ३ | शिवरात्री रोडा ढुंगा उद्योग प्रा.ली. | पनौती न.पा. १ | ०.२५ | सानास्तर | १५ वर्ष | ७४ |
| ४ | हेन्जेन दोर्जो कम्पनी प्रा.ली. | तेमाल गा.पा. १ | ०.२५ | सानास्तर | १५ वर्ष | ४० |
| ५ | दाप्चा रोडा ढुंगा उद्योग | नमोबद्ध न.पा. ७ | ०.२५ | सानास्तर | १५ वर्ष | १४० |
| ६ | नागशाल ढुंगा रोडा उद्योग प्रा.ली. | रोशी गा.पा. ८ | ०.२५ | सानास्तर | १५ वर्ष | ८४ |

| क्र. सं. | अनुमतीपत्र बाहकको नाम | हालको ठेगाना | क्षेत्रफल (वर्ग कि.मी.) | स्तर | अवधी | दैनिक उत्पादन क्षमता (घ.मि.) |
|---|---|---|---|---|---|---|
| ७ | कोहिनुर रोडा ढुंगा उद्योग प्रा.ली. | पनौती न.पा. २ | ०.२५ | सानास्तर | १५ वर्ष | ११२ |
| ८ | काठमाण्डौं रोडा ढुंगा उद्योग प्रा.ली. | पनौती न.पा. २ | ०.२५ | सानास्तर | १५ वर्ष | ११४ |
| ९ | प्रदिप रोडा ढुंगा उद्योग प्रा.ली. | पनौती न.पा. १२ | ०.२५ | सानास्तर | १५ वर्ष | ७४ |
| १० | डाईमण्ड स्टोन प्रा.ली. | पनौती न.पा. २ | ०.२५ | सानास्तर | १३ वर्ष | ७४ |
| ११ | भालेश्वर रोडा ढुंगा उद्योग प्रा.ली. | पनौती न.पा. १२ | ०.२५ | सानास्तर | १० वर्ष | ५६ |
| १२ | उडुवादेवी रोडा ढुंगा उद्योग प्रा.ली. | पनौती न.पा. १२ | ०.२५ | सानास्तर | १५ वर्ष | १०० |
| १३ | आशापुरी रोडा ढुंगा सप्लायार्स प्रा.ली. | वनेपा न.पा. १४ | ०.२५ | सानास्तर | १५ वर्ष | ८४ |
| १४ | चलाल गणेशस्थान खनिज उद्योग प्रा.ली. | बेथान गा.पा. ४ | ०.२५ | सानास्तर | १५ वर्ष | १०० |
| १५ | रोशी खोला रोडा ढुंगा उद्योग प्रा.ली. | पनौती न.पा. २ | ०.२५ | मझौला स्तर | २० वर्ष | २०० |
| १६ | पनौती रोडा ढुंगा उद्योग प्रा.ली. | पनौती न.पा. २ | ०.२५ | मझौला स्तर | २० वर्ष | १५४ |
| १७ | चलाल गणेशस्थान रोडा ढुंगा उद्योग प्रा.ली. | बेथान गउँपालिका ४ | ०.२५ | मझौला स्तर | २० वर्ष | २२४ |
| १८ | श्री रुसीखोला ढुंगा रोडा उद्योग प्रा.ली. | पनौती न.पा. १२ | ०.२५ | सानास्तर | १५ वर्ष | १४० |

श्रोत : जिल्ला समन्वय समितिको कार्यालय, २०७४/२०७४, काभ्रेपलाञ्चोक

# भाग २२

## वन व्यवस्थापन सुचना प्रणाली

### २२.१ समुह र डिभिजन स्तरका सुचकहरु

वन विकास तथा वृक्षारोपण, वन पैदावार उत्पादन, विक्री वितरण, ओसार-पसार, उद्योग रोजगारी, जैविक विविधता संरक्षण, जलश्रोत जलाधार संरक्षण, वातावरण संरक्षण, लैगिक सामाजिक समावेशीकरण सम्वन्धि Log Frame मा प्रस्तुत गरीका सुचकहरुको सुचना प्रणाली देहायको तालिकामा प्रस्तुत गरे वमोजिम कायम गरीनेछ ।

तालिका नं. ५० : संचार तथा प्रतिवेदन योजना

| क.सं. | संचार तथा प्रतिवेदन पेश गर्नु पर्ने कार्यहरु | पेश गर्ने निकाय तथा प्रस्तुत गर्ने वर्ग (Audience) | संचार प्रतिवेदनको तरिका तथा रुप (Method and forms) | जिम्मेवार व्यक्ति | | समय सिमा (Due Date) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | तयार गर्ने | पेश गर्ने | | |
| १ | **प्रगति विवरण** | | | | | | |
| १.१ | **स्वीकृत वार्षिक कार्यक्रम अनुसारको प्रगती** | | | | | | |
| | मासिक | वन तथा वातावरण मन्त्रालय, वन निर्देशनालय, को.ले.नि.का | प्रतिवेदन, इमेल, मौखिक । | योजना तथा व्यवस्थापन शाखा, कर्मचारी प्रशासन शाखा, आर्थिक प्रशासन शाखा | डिभिजनल वन अधिकृत | प्रत्येक महिनाको ७ गते भित्र | |
| | चौमासिक | वन तथा वातावरण मन्त्रालय, वन निर्देशनालय, को.ले.नि.का | प्रतिवेदन, इमेल, गोष्ठि बैठकमा मौखिक प्रस्तुति । | योजना तथा व्यवस्थापन शाखा, कर्मचारी प्रशासन शाखा, आर्थिक प्रशासन शाखा | डिभिजनल वन अधिकृत | मार्ग ७, चैत्र ७, श्रावण ७ गते भित्र | |
| | वार्षिक | वन तथा वातावरण मन्त्रालय, वन निर्देशनालय, को.ले.नि.का | प्रतिवेदन | योजना तथा व्यवस्थापन शाखा, कर्मचारी प्रशासन शाखा, आर्थिक प्रशासन शाखा | डिभिजनल वन अधिकृत | श्रावण ७ गते | |
| १.२ | **वन पैदावार विक्रि वितरण (निजी वन, वन संरक्षण क्षेत्र, सामुदायिक वन, सरकारद्धारा व्यवस्थित वन, जि.व.पै.आ.स.)** | | | | | | |
| | मासिक | वन निर्देशनालय | प्रतिवेदन | योजना तथा व्यवस्थापन शाखा, कर्मचारी प्रशासन शाखा, आर्थिक प्रशासन शाखा | डिभिजनल वन अधिकृत | प्रत्येक महिनाको ७ गते भित्र | |
| | चौमासिक | वन निर्देशनालय | प्रतिवेदन वार्षिक प्रगती प्रतिवेदन पुस्तिका इमेल | योजना तथा व्यवस्थापन शाखा, कर्मचारी प्रशासन शाखा, आर्थिक प्रशासन शाखा | डिभिजनल वन अधिकृत | मार्ग ७, चैत्र ७, श्रावण ७ गते भित्र | |
| १.३ | वन पैदावार | वन तथा वातावरण मन्त्रालय, | प्रतिवेदन, इमेल, | मुद्धा शाखा | डिभिजनल वन | प्रत्येक महिनाको ७ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | चोरी निकासी तथा वन्यजन्तुको अबैध शिकार सम्बन्धी विवरण र प्रतिवेदन | वन निर्देशनालय, को.ले.नि.का | गोष्ठि बैठकमा मौखिक प्रस्तुति । | | अधिकृत | गते भित्र | |
| १.४ | वन्यजन्तुबाट भएको जनधनको क्षतिको विवरण | वन तथा वातावरण मन्त्रालय, वन निर्देशनालय, को.ले.नि.का | प्रतिवेदन, इमेल | मुद्धा शाखा | डिभिजनल वन अधिकृत | प्रत्येक महिनाको ७ गते भित्र | |
| १.५ | वन अतिक्रमण भएको र हटाइएको विवरण | वन तथा वातावरण मन्त्रालय, वन निर्देशनालय, को.ले.नि.का र जिल्ला प्रशासन कार्यालय | प्रतिवेदन, इमेल | वन अधिकृत डिवका | डिभिजनल वन अधिकृत | प्रत्येक महिनाको ७ गते भित्र | |
| १.६ | वन डढेलो लागेको र नियन्त्रण गरेको विवरण | वन तथा वातावरण मन्त्रालय, वन निर्देशनालय, को.ले.नि.का | प्रतिवेदन, इमेल | योजना शाखा | डिभिजनल वन अधिकृत | घटना पश्चात तत्काल | |
| १.७ | वन मुद्धा सम्बन्धी विवरण (मासिक तथा वार्षिक) | वन तथा वातावरण मन्त्रालय, वन निर्देशनालय, को.ले.नि.का | प्रतिवेदन | मुद्धा शाखा | डिभिजनल वन अधिकृत | प्रत्येक महिनाको ७ गते भित्र | |
| १.८ | उजुरी सम्बन्धी भएको छानविनको प्रतिवेदन | वन तथा वातावरण मन्त्रालय, वन निर्देशनालय, को.ले.नि.का | प्रतिवेदन र प्रमाणहरु | जाँचबुझ गर्न तोकिएको कर्मचारी | डिभिजनल वन अधिकृत | जाँचबुझ समाप्त भएको ३ दिन भित्र | |
| १.९ | अन्य | तोकिए बमोजिम तथ आवश्यकता अनुसार | | | डिभिजनल वन अधिकृत | | |
| २ | **योजना तर्जुमा तथा समिक्षा** | | | | | | |
| २.१ | डिवका तथा सडिवकाको योजना तर्जुमा गोष्ठी | डिभिजन वन कार्यालय | प्रतिवेदन मौखिक छलफल | तोकिएका कर्मचारी | डिभिजनल वन अधिकृत | माघ मसान्त भित्र | |
| २.२ | डिभिजन स्तरीय योजना तर्जुमा गोष्ठि | डिवका, जिल्ला समन्वय समिति | प्रतिवेदन मौखिक छलफल | वन अधिकृत डिवका | डिभिजनल वन अधिकृत | माघ देखि फाल्गुन मसान्त भित्र | |
| २.३ | जिल्ला स्तरिय प्रगती समिक्षा गोष्ठि | प्रदेश वन निर्देशनालय जिल्ला समन्वय समिति र जिल्ला प्रशासन कार्यालय | प्रतिवेदन मौखिक छलफल प्रस्तुति | वन अधिकृत डिभिजन वन कार्यालय | डिभिजनल वन अधिकृत | श्रावण देखि भाद्र वा त्रैमासिक रुपमा | |
| ३ | **जिल्ला वन क्षेत्र समन्वय समिति बैठक तथा अन्य विवरणहरु** | | | | | | |
| ३.१ | वार्षिक प्रस्तावित योजना तर्जुमा | जिल्ला परिषद | मौखिक प्रस्तुति तथा लिखित प्रस्तुति एवं | वन अधिकृत डिवका | डिभिजनल वन अधिकृत | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रतिवेदन | | | | |
| ३.२ | वार्षिक समिक्षा | जिल्ला वन क्षेत्र समन्य समिति, डिभिजन वन कार्यालय, प्रदेश वन निर्देशनालय | मौखिक प्रस्तुति तथा लिखित प्रस्तुति एवं प्रतिवेदन, बेभ साइट अपलोड | वन अधिकृत डिवका | डिभिजनल वन अधिकृत | | आवश्यकता अनुसार |
| ३.३ | अनुगमन प्रतिवेदन प्रस्तुत | वन तथा वातावरण मन्त्रलाय, प्रदेश वन निर्देशनालय, जिल्ला वन क्षेत्र समन्वय समिति | मौखिक प्रस्तुति तथा लिखित प्रस्तुति एवं प्रतिवेदन | वन अधिकृत डिवका | डिभिजनल वन अधिकृत | | |
| ३.४ | वन क्षेत्र अनुगमनको पाक्षिक प्रतिवेदन (१५ रोजा) | डिभिजन वन कार्यालय | लिखित प्रस्तुति | सडिवका कर्मचारी | सव डिभिजन प्रमुख | प्रत्येक महिनाको १ गते | |
| ४ | **सूचना सामाग्रीहरु प्रसारण** | | | | | | |
| ४.१ | सन्देशमुलक सामाग्रीहरु प्रशारण | सरोकारवालहरु | एफ.एम.रेडियो, टि.भि.बाट जिंगल, डकुमेन्ट्रि. सूचना तथा कार्यक्रमहरु छलफल आदि | वन अधिकृत डिभिजन वन कार्यालय | वन अधिकृत डिभिजन वन कार्यालय | | आवश्यकता अनुसार |
| ४.२ | सुशासन मुलक सामाग्रीहरु प्रशारण | सरोकारवालहरु | एफ.एम.रेडियो, टि.भि.बाट जिंगल, डकुमेन्ट्रि. सूचना तथा कार्यक्रमहरु छलफल आदि | वन अधिकृत डिभिजन वन कार्यालय | वन अधिकृत डिभिजन वन कार्यालय | | |

# भाग २३

## वन संरक्षण तथा व्यवस्थापनमा आधुनिक प्रविधिको प्रयोग

### २३.१ परिचय

वन व्यवस्थापनका लागि प्रभावकारी तौर तरीकाबाट स्रोत आँकलन गर्न आधुनिक प्रविधीको प्रयोग अति नै आवश्यक रहेको छ । स्रोत आँकलनमा भौगोलिक अवस्था अनुसार स्रोतको वितरण तथा उपलब्धता, प्रजातिय संरचना, प्रति एकाई क्षेत्रफलमा पाइने स्रोतको परिणाम आदिको तथ्याङ्क सङ्कलन तथा विश्लेषण गरिन्छ । यी विभिन्न किसिमका जानकारीहरु सङ्कलन गर्नका लागि भू-सूचना प्रणालीको प्रयोग तथा फिल्ड सर्वेक्षणका अन्य तरिकाहरु प्रयोग गर्न सकिन्छ । भू-सूचना प्रणाली भनेको भौगोलिक जानकारीहरुको कम्प्यूटर प्रणाली अनुसार सूचना सङ्कलन गर्ने, राख्ने, सम्पादन तथा विश्लेषण गर्ने र त्यसका परिणामहरु नक्सा, तालिका आदिका रुपमा तयार गरी प्रवाह गर्ने एक एकीकृत प्रणाली हो । भू-सूचना प्रणालीले प्रमुख रुपमा वन स्रोतको भौगोलिक अवस्थाको विश्लेषण गर्दछ । यसलाई खासगरी वन व्यवस्थापनको योजना तर्जुमा गर्ने निर्णय प्रणालीको सहयोगी साधनको रुपमा लिने गरिन्छ । हाल आएर स्रोत व्यवस्थापनको फाँटमा भू-सूचना प्रणाली भित्रै निर्णय सहयोगी प्रणालीको निर्माणमा जोड दिन थालिएको छ । सूचनाको सङ्कलन विस्तृत फिल्ड भ्रमणबाट कहाँ, के र कति मात्रामा सूचना पाइन्छ भन्ने जानकारी लिन सकिन्छ । भू-सूचना प्रणालीका विभिन्न सूचना स्रोतहरु जि.पि.एस. प्रणाली, रिमोट सेन्सीङ प्रविधि अथवा फिल्ड सर्वेक्षण मार्फत सूचना सङ्कलन गर्न सकिन्छ । प्राविधिक रुपमा रिमोट सेन्सिङ प्रविधिबाट प्राप्त तथ्याङ्कको उपयोग गर्नु सरल, भरपर्दो र आधुनिक विधि मानिन्छ । उक्त प्रविधिको प्रयोग तथ्याङ्कको उपलब्धता, त्यसमाथिको पहुँच र त्यसमा लगानी गर्नुपर्ने आर्थिक भारका साथै यसका लागि आवश्यक पर्ने दक्षता र क्षमतावान जनशक्तिको उपलब्धतामा भर पर्दछ ।

### २३.२ आधुनिक प्रविधिको प्रयोग

फिल्डमा स्थानीय जनताको सहभागितामा विभिन्न जानकारी लिएर यस प्रविधिको प्रयोगको प्रभावकारिता अझै बढाउन सकिन्छ । स्रोतको नक्साङ्कनका लागि फिल्ड सर्वेक्षणमा जि.पि.एस. यन्त्र प्रयोग गरी भौगोलिक तथ्यांक (अक्षांश, देशान्तर, उचाई आदि) सङ्कलन गरिन्छ र सो तथ्याङ्कलाई भू-सूचना प्रविधिसँग समायोजन गरी सम्पादन र विश्लेषण गरेर परिणाम तयार पारिन्छ । सूचना विश्लेषण विभिन्न प्रविधि प्रयोग गरी सङ्कलित स्रोत सूचना तथा भू-सूचनाहरुलाई वातावरणिय एवं सामाजिक तत्वहरुसँग समायोजन गर्दै विश्लेषणात्मक अध्ययन गरिन्छ । खासगरी गै.का.व.पै.को व्यवस्थापनका लागि बजारको समेत विश्लेषण गर्नु पर्दछ । उल्लेखित विभिन्न तत्वहरुसँगको तुलनात्मक अध्ययन गर्ने प्रणाली नै जि.आइ.एस. हो । सूचना विश्लेषण गर्न स्रोत व्यवस्थापनका साथै भू-सूचना प्रणाली तथा रिमोट सेन्सिङ प्रविधिमा राम्रो ज्ञान भएको जनशक्ति आवश्यक हुन्छ । प्रयोगका हिसाबले भू-सूचना तयार गर्नुका साथै स्रोत व्यवस्थापनलाई केन्द्रमा राखेर अध्ययन र विश्लेषण गरी सुझाव तयार गर्नु बढी महत्वपूर्ण हुन्छ । यस कार्ययोजनाको तयारीको सिलसिलामा पनि उपरोक्त प्रविधिहरुको प्रयोग गरिएको छ र भविष्यमा पनि प्रयोग गरिने छ । यस डि.व.का. अन्तर्गत ७ वटा सव डिभिजन वन कार्यालयहरु रहेका छन् । कार्यायोजना अवधिभर डिभिजन वन कार्यालय तथा मातहतका सव डि.का.का सम्पूर्ण कार्यालय तथा आवास भवनहरुको निर्माण गर्नु पर्ने ठाँउमा नयाँ निर्माण र स्तरोन्नती गर्नु पर्ने ठाउँमा स्तरोन्नती गरिनेछ ।

पाँच वर्षे कार्ययोजनाको सफलतापूर्वक कार्यान्वयन गर्न नयाँ सवारी साधन, जि.पि.एस, कम्प्युटर, भर्टेक्स, रेन्ज फाइन्डर, स्पाइक क्यामरा, अग्नि नियन्त्रण उपकरण लगायतका औजारहरुको व्यवस्था गरिनेछ ।

# भाग २४

## वन संरक्षण तथा व्यवस्थापन सम्वन्धि अन्य व्यवस्था

### २४.१ सहकार्य र सम्वन्य

यो कार्य योजनामा समावेश गरिएका वन संरक्षण र विकास सम्वन्धी कार्यक्रम सञ्चालन गर्नको लागि यस डिभिजन वन कार्यालयलाई भौतिक, वित्तिय तथा मानविय श्रोत साधन समेतको आवश्यक देखिएको छ । यी श्रोत साधनहरु जुटाउन सम्बद्ध सरकारी निकाय, सरोकारवालाहरु तथा वन क्षेत्र संरक्षण विकाससँग सम्बन्धित आयोजना/परियोजनाहरुसँग समेत समन्वय गरिनेछ । त्यसै गरी वन कार्यालयले स्थानीय तह (समुह, वडा, गाउँपालिका, नगरपालिका), सव डिभिजन तथा जिल्लास्तरमा समन्वय गरिनेछ । वन पैदावार चोरी निकासी, वन्यजन्तुको चोरी शिकार तथा वन अतिक्रमण जस्ता संवेदनशिल अपराधहरुलाई नियन्त्रण गर्न वडा, गाउंपालिका, नगरपालिका कार्यालयहरु, स्थानीयस्तरमा उपलब्ध संघ/संस्था, सामुदायिक समुहहरु, जिल्ला वन क्षेत्र समन्वय समिति (DFSCC), फेकोफन, जिल्ला समन्वय समिति र सुरक्षा निकायबाट लिईने सहयोगका सम्बन्धमा प्रमुख जिल्ला अधिकारी मार्फत समन्वय गरी सहयोग लिईनेछ । अन्तर क्षेत्र र सहयोगी आयोजना/परियोजनाहरुबाट लिनु पर्ने सहयोगको लागि वन निर्देशनालयबाट समन्वय गरी सहयोग लिईनेछ । अन्तर विभाग, मन्त्रालय तथा सहयोगी आयोजना/परियोजनाहरुबाट लिनु पर्ने सहयोगको लागि वन तथा भू-संरक्षण विभागसँग समन्वय गरी वन तथा वातावरण मन्त्रालयबाट लिईनेछ । समन्वय तथा सम्पर्कको लागि नियमित रुपमा भेटघाट, छलफल, अन्तरक्रिया, अवलोकन भ्रमण गरिनेछ । समस्याहरुको समाधानको लागि नियमित पत्राचार तथा प्रतिवेदन आदान-प्रदान गरिनेछ । जिल्लाको वन क्षेत्रको संरक्षण, व्यवस्थापन, सदुपयोग तथा विकासको लागि विभिन्न सरोकारवालाहरुले खेल्नु पर्ने भूमिकालाई निम्न अनुसार उल्लेख गरिएको छ ।

तालिका नं. ५१: समन्वय योजना

| क्र.सं. | समन्वयको क्षेत्रहरु | निकाय, संस्था तथा कार्यालयहरु | समन्वयको तरिका |
|---|---|---|---|
| १ | वन अतिक्रमण नियन्त्रण | प्रदेश वन मन्त्रालय तथा वन निर्देशनालय | अतिक्रमण कार्यदल बैठक, अनौपचारिक अनुरोध, स्थलगत अवलोकन भ्रमण, स्थानीय निकायहरु सँग अन्तरक्रिया बैठक, सामुदायिक वन उपभोक्ता समुहहरुसँग छलफल आदि। |
| | | जिल्ला समन्वय समिति | |
| | | सा.व. उपभोक्ता महासंघ, जिल्ला शाखा | |
| | | सामुदायिक वन उपभोक्ता समुहहरु | |
| | | जिल्ला प्रशासन कार्यालय | |
| | | जिल्ला प्रहरी कार्यालय | |
| | | ससस्त्र प्रहरी वल | |
| | | राजनीतिक दलहरु | |
| | | नागरिक समाज | |
| २ | वन डढेलो नियन्त्रण | प्रदेश वन मन्त्रालय तथा वन निर्देशनालय | अनुगमन मुल्याङ्कन बारेमा सामुदायिक वन स्तर अन्तरक्रीया गोष्ठी |
| | | जिल्ला वन क्षेत्र समन्वय समिति | |
| | | सा.व. उपभोक्ता महासंघ, जिल्ला शाखा | जिल्ला स्तर समन्वय गोष्ठी |
| | | सामुदायिक वन उपभोक्ता समुहहरु | |
| | | जिल्ला प्रशासन कार्यालय | वन डढेलो नियन्त्रण |

| क्र.सं. | समन्वयको क्षेत्रहरु | निकाय, संस्था तथा कार्यालयहरु | समन्वयको तरिका |
|---|---|---|---|
| | | प्राकृतिक श्रोत द्वन्द रुपान्तरण केन्द्र नेपाल | (सुराकी तथा स्वयं सेवक परिचालन) |
| | | जिल्ला प्रहरी कार्यालय | |
| | | ससस्त्र प्रहरी वल | |
| | | राजनीतिक दलहरु | |
| | | नागरिक समाज | |
| ३ | वन विकास कार्यक्रमहरु संचालन (वृक्षारोपण, नर्सरी निर्माण, बिरुवा उत्पादन) | जिल्ला समन्वय समिति | जिल्ला समन्वय समितिको समिक्षा वैठक तथा डिभिजन वन कार्यालयको समिक्षा वैठकहरुमा प्रगति प्रस्तुत । |
| | | महिला विकास कार्यालय | जिल्ला स्थित कार्यालयहरुको कार्यालय प्रमुखहरुसँग अनौपचारिक छलफल तथा समन्वय । |
| | | कृषि ज्ञान केन्द्र | डिभिजन वन कार्यालयमा डिभिजनल वन अधिकृतको संयोजकत्वमा वैठक । |
| | | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | प्रमुख जिल्ला अधिकारीलाई चौमासिक रुपमा प्रगतिको संक्षिप्त मौखिक प्रस्तुति । |
| | | सामुदायिक वन उपभोक्ता महासंघ | |
| | | सामुदायिक वन उपभोक्ता समुहहरु | |
| | | निजी वन समुहहरु | फेकोफन लगायत अन्य संघ संस्थाहरुसँग स्थलगत छलफल तथा डिभिजन वन कार्यालयमा चौमासिक रुपमा छलफल । |
| | | धार्मिक वन समुहहरु | |
| | | स्थानीय गैर सरकारी संस्थाहरु | |
| | | गा.पा. को कार्यालयहरु | |
| | | उच्च मूल्य कृषि बस्तु विकास आयोजना | |
| ४ | वन व्यवस्थापन (सरकारद्वारा व्यवस्थित वन) | जिल्ला समन्वय समिति | जिल्ला समन्वय समितिलाई सरकारद्धारा व्यवस्थित वनको व्यवस्थापन तथा संरक्षणको बारेमा जानकारी । |
| | | स्थानीय गैर सरकारी संस्थाहरु | |
| | | नागरिक समाज | स्थानीय प्रसार माध्यमहरुबाट वन व्यवस्थापन तथा वन संरक्षणबारे जानकारी । |
| | | | |
| ५ | फिल्ड स्तरमा समस्या समाधान तथा वन क्षेत्रको कार्यक्रमहरु अनुगमन | प्रदेश वन मन्त्रालय तथा वन निर्देशनालय | वार्षिक कार्यक्रम अनुसारको कार्यक्रम फिल्डस्तरमा गर्ने र फिल्डस्तरमा नै समिक्षा गर्ने । |
| | | जिल्ला समन्वय समिती | जिल्ला समन्वय समितिको सदस्यहरुलाई फिल्डस्तरमा अनुगमनमा समावेश गर्ने । |

| क.सं. | समन्वयको क्षेत्रहरु | निकाय, संस्था तथा कार्यालयहरु | समन्वयको तरिका |
|---|---|---|---|
| | | | फिल्ड स्तरका कार्यालयहरुलाई फिल्डको समस्या समाधान गर्नको लागि पृष्ठपोषण कार्य गर्ने । |

## २४.२ वन तथा भू-संरक्षण विभागले खेल्नु पर्ने भूमिका

जैविक विविधताको दृष्टिकोणले अति महत्वपूर्ण एवं सम्बेदनशिल रहेको पहाडी तथा उच्च पहाडी क्षेत्रमा रहेको वन जंगलहरुको सबै सरोकारवालाहरुको सहभागितामा दिगो व्यवस्थापन गरी स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रमा टेवा पुर्याउन, वन क्षेत्रको उत्पादकत्वमा अभिबृद्धी गर्न, जैविक विविधताको संरक्षण र सम्बर्द्धन गरी स्थानीय जनताको जीविकोपार्जनमा सुधार ल्याउन र स्थानीय रुपमा बढ्दो वन पैदावारको मागलाई न्यायोचित तरिकाले आपूर्तिमा गराउन सघाउ पुगोस् भन्ने उद्देश्यले डिभिजन वन कार्यालयबाट तयार गरिएको यो कार्य योजना कार्यान्वयनको लागि आवश्यक पर्ने स्रोत साधनको लागि वन तथा भू-संरक्षण विभागबाट उपलब्ध हुन सक्ने स्रोत साधनहरु उक्त विभागबाट उपलब्ध गराईदिने र मन्त्रालय तथा सहयोगी आयोजना/परियोजनाबाट उपलब्ध गराउनु पर्ने वा उपलब्ध हुनसक्ने स्रोत साधन एवं सहयोगको लागि वन तथा वातावरण मन्त्रालयमा पहल गर्नुपर्ने देखिन्छ। विभागिय स्तरबाट गर्नु पर्ने यस कार्य योजनाका कार्यक्रमहरुको स्थलगत अनुगमन मूल्याङ्कन आवधिक रुपमा गरी डिभिजन वन कार्यालयलाई सुझाव दिने । कार्यक्रम सञ्चालन गर्दा आई परेका नीतिगत बाधा अड्चन हटाउन प्रदेश वन तथा वातावरण मन्त्रालयमा आवश्यक पहल गरिनेछ ।

## २४.३ प्रदेश वन मन्त्रालय र प्रदेश वन निर्देशनालयले खेल्नु पर्ने भूमिका

यो कार्य योजनाका कार्यक्रमहरु सञ्चालन गर्न डिभिजन वन कार्यालयलाई आवश्यक पर्ने स्रोत साधन उपलब्ध गराई दिनको लागि सम्वन्धित प्रदेश अन्तर्गत पर्ने सम्बद्ध सरकारी निकाय र सहयोगी आयोजना/परियोजनाहरुसँग समन्वय गराई दिने । वन व्यवस्थापन कार्ययोजनाको आवधिक स्थलगत अनुगमन गरी डिभिजन वन कार्यालयलाई सुझाव दिने । कार्ययोजना कार्यान्वयनमा संलग्न हुने वन प्राविधिक कर्मचारीहरुको क्षमता अभिबृद्धि गर्न प्राविधिक ज्ञानसिपको लागि तालिम, गोष्ठी, अध्ययन भ्रमणको लागि वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र र सहयोगी आयोजना/परियोजनाहरुसँग समन्वय गरी पहल गरि दिने । वन व्यवस्थापन कार्ययोजना स्वीकृत गर्न तथा कार्यान्वयन गर्न प्रदेश वन तथा वातावरण मन्त्रालयमा पहल गरी दिने । देशको सङ्घीय संरचना अनुसार व्यवस्था हुने संरचना अनुसार कार्ययोजना कार्यान्वयन हुँदै जानेछ ।

## २४.४ वन तथा वातावरण मन्त्रालयले खेल्नु पर्ने भूमिका

कार्ययोजना कार्यान्वयनको लागि डिभिजन वन कार्यालयलाई आवश्यक पर्ने स्रोत साधनको व्यवस्था गरि दिने तथा सो श्रोत साधनहरु समयमा उपलब्ध गराई दिने । कार्यान्वयनका क्रममा आई पर्ने कानूनी र नीतिगत समस्या मध्ये मन्त्रालयस्तरबाट समाधान हुन सक्ने समस्या मन्त्रालयबाट समयमा समाधान गरी दिने र सरकारको स्तरबाट समाधान गर्नु पर्ने समस्या नेपाल सरकारसँग पहल गरी दिने । वन अतिक्रमण तथा वन पैदावार चोरी निकासी र वन्यजन्तुको चोरी शिकार नियन्त्रण गर्न समस्याको प्रकृति हेरी सुरक्षा निकायको सहयोग समेत आवश्यक पर्ने हुनाले त्यसको लागि नेपाल सरकार र सम्बद्ध मन्त्रालयहरुसँग समन्वय गरी सहयोगको ब्यवस्था मिलाई दिने ।

# भाग २५

## योजना कार्यान्वयन गर्न आवश्यक श्रोत तथा जनशक्ती

### २५.१ जनशक्ति व्यवस्थापन

यस कार्ययोजनामा उल्लेखित कार्यक्रमहरू प्रभावकारी रुपले संचालन गर्नको लागि स्थानीय तह अनुसारका सव डिभिजन वन कार्यालयको व्यवस्थापन गरी आवश्यक जनशक्ति उपलब्ध हुने अपेक्षा गरिएको छ । साथै योजना अवधिका कार्यक्रमहरुको संचालन गर्न आवश्यक जनशक्ति, साधन र स्रोतको व्यवस्था बागमती प्रदेश सरकार, वन तथा वातावरण मन्त्रालय तथा अन्य सरकारी निकायबाट उपलब्ध हुने अपेक्षा गरिएको छ । कर्मचारीलाई आवश्यक पर्ने विभिन्न किसिमका तालिमहरू दिई कार्य दक्षता र मानवीय क्षमता विकासका लागि डिभिजन वन कार्यालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले आवश्यकता अनुसारका तालिम कार्यक्रमहरू सञ्चालन गर्ने छन् ।

- कर्मचारीहरुलाई खटिएको फिल्डमा बसी काम गर्न आवश्यक पूर्वाधारको निर्माण र मर्मत, आधारभूत भौतिक सुविधाको व्यवस्था र अनुकूल वातावरणको सृजना गरिनेछ । यो कार्ययोजना कार्यान्वयन गर्दा प्रचलित आर्थिक प्रशासन सम्बन्धी कानून, नेपाल सरकारको मितव्ययिता र सुशासन निर्देशिका अनुसार कार्य सञ्चालन गरिनेछ ।
- यस कार्ययोजनामा उल्लेख भएका कार्यक्रमहरू संचालन गर्न आवश्यक बजेट वन तथा वातावरण मन्त्रालय एवं संघिय वन तथा वातावरण मन्त्रालय र वन तथा भू-संरक्षण विभागबाट समेत उपलब्ध हुने अपेक्षा गरिएको छ ।

### २५.२ कार्यक्रम तथा बजेट व्यवस्थापन

यस पञ्चवर्षीय वन व्यवस्थापन कार्ययोजना कार्यान्वयनको लागि यस योजनाले निर्दिष्ट गरेको वार्षिक बजेट र कार्यक्रम तलव, भत्ता र प्रशासनिक खर्च बाहेक अनुमान गरिएको छ । प्रस्ताव गरिएको बजेट बागमती प्रदेश सरकारको नीति र कार्यक्रम मार्फत केन्द्रीय तथा स्थानीय तहबाट निकासा गरी खर्च वा लगानी गरिने छ । विगतमा कार्यक्रम संचालन गर्दा प्राप्त अनुभव तथा मौजुदा स्रोत र साधनलाई ध्यानमा राखी आगामी ५ वर्षमा देहायका कार्यक्रम संचालन गर्ने लक्ष्य राखिएको छ । कार्यक्रम अन्तर्गतका कृयाकलाप सम्बन्धी विस्तृत विवरण तालिका नं. ५२ मा उल्लेख उल्लेख गरिएको छ ।

तालिका नं. ५२: आगामी ५ वर्षमा गरिने प्रस्तावित कार्यक्रम

| क्र.सं. | आ.व. / कार्यक्रम/क्रियाकलाप | इकाई | २०८२/०८३ वार्षिक लक्ष्य | | २०८३/०८४ वार्षिक लक्ष्य | | २०८४/०८५ वार्षिक लक्ष्य | | २०८५/०८६ वार्षिक लक्ष्य | | २०८६/०८७ वार्षिक लक्ष्य | | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | बजेट(लाख) | परिमाण | बजेट(लाख) | परिमाण | बजेट(लाख) | परिमाण | बजेट(लाख) | परिमाण | बजेट(लाख) | |
| **राष्ट्रिय वन संरक्षण तथा व्यवस्थापन कार्यक्रम** | | | | | | | | | | | | | |
| **१. सामुदायिक वन विकास कार्यक्रम** | | | | | | | | | | | | | |
| १.१ | सामुदायिक वनमा थिनिंग कार्यको लागि सहयोग | हेक्टर | २५ | २.५ | २५ | २.५ | २५ | २.५ | २५ | २.५ | २५ | २.५ | |
| १.२ | सा.व. को वन सम्बर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन कार्ययोजना तयारी | प्याकेज | ३ | ९.० | ५ | १५.० | ५ | १५.० | ५ | १५.० | १५ | १५.० | |
| १.३ | सामुदायिक वनमा वन व्यवस्थापन स्थलगत अभ्यास/कोचिङ | प्याकेज | १४ | १.४ | १४ | १.४ | १४ | १.४ | १४ | १.४ | १४ | १.४ | |
| १.४ | बिगतमा शुरु भएका हैसियत बिग्रेका वन क्षेत्रको पुनारोत्पादन प्रबर्द्धन तथा संरक्षणको निरन्तरता रु. (७५ हजार प्रति हेक्टर) | प्याकेज | ६ | ४.५ | ६ | ४.५ | ६ | ४.५ | ६ | ४.५ | ६ | ४.५ | |
| १.५ | सामुदायिक वन कार्ययोजना पुनरावलोकन | वटा | ५० | १५. | ५५ | १६.५ | ५५ | १६.५ | ५५ | १६.५ | ६० | १८. | |
| १.६ | हैसियत बिग्रेको वन क्षेत्रमा पुनरोत्पादन प्रवर्द्धन तथा संरक्षण | हेक्टर | ५ | १०. | ५ | १०. | ५ | १०. | ५ | १०. | ५ | १०. | |
| १.७ | जिल्ला वन अतिक्रमण सम्बन्धी कार्ययोजना तयारी र कार्यान्वयन | प्याकेज | १ | ३. | १ | ३. | १ | ३. | १ | ३००. | १ | ३. | |
| **२. कबुलियती वन विकास कार्यक्रम** | | | | | | | | | | | | | |
| २.१ | कबुलियती वन समुहको विधान तथा कार्ययोजना पुनरावलोकन (जीविकोपार्जन सुधार योजना समेत मध्यवर्ती क्षेत्रमा समेत-एउटै क्लष्टरमा) | वटा | २० | २.० | २० | २.० | २० | २.० | २० | २.० | २० | २.० | |
| **३. निजि तथा कृषि वन कार्यक्रम** | | | | | | | | | | | | | |
| ३.१ | निजि जग्गामा उच्च मूल्य भएका फलफुल (मेकाडामिया र पिकानट समेतका बिरुवा खरिद तथा वितरण) | प्याकेज | १ | ३.० | १ | ३.५ | १ | ४.० | १ | ४.५ | १ | ५.० | |
| **४. जैविक विविधता संरक्षण तथा व्यवस्थापन कार्यक्रम** | | | | | | | | | | | | | |
| ४.१ | मानव वन्यजन्तु द्वन्द न्युनिकरंका लागि वैकल्पिक खेति अन्तर्गत उपयुक्त प्रजाति रोपन | प्याकेज | १ | १.५० | १ | २.०० | १ | २.५० | १ | ३.०० | १ | ३.५० | |
| ४.२ | सालकको वासस्थान संरक्षण र विकास | प्याकेट | १ | १.० | १ | १.० | १ | १.० | १ | १.० | १ | १.० | |

